विविध धर्म

तुलसीनाथ घिमिरे

विविध धर्म

तुलसीनाथ घिमिरे

विविध धर्म

तुलसीनाथ घिमिरे

प्रकाशक	: लेखक स्वयम्
संस्करण	: पहिलो, (महाशिवरात्रि, २०७०), १००० प्रति
सर्वाधिकार	: लेखकमा
आवरण/सज्जा	: वसन्तराज अज्ञात
मुद्रण	: किशोर अफसेट प्रेस, काठमाडौं
मूल्य	: रू.२५०।- (US $ 8.00 विदेशमा)

ISBN : 978-9937-2-7720-4

Bibidh Dharma
by *Tulsi Nath Ghimire*

नानु सरिता भट्टव्यूमा सादर समर्पण।

[illegible]

२०६३।०६।२६

पितामही

~~मातामह~~ गीताकुमारी

तथा

पितामह भाष्कर शर्माप्रति

समर्पित !

प्राक्कथन

प्रत्येक समय, निमेषमा मानिसले कर्म गरेकै हुन्छ । श्रीमद्भागवत गीतामा श्रीकृष्णले भनेझैं एक क्षण पनि मानिस कर्म नगरी बस्न सक्दैन ।

न ही कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत्,
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ।
(गीता, अध्याय ३, श्लोक ५) ।

त्यस्तै कर्म गर्ने गर तर फलको आशा नगर । हुन पनि राम्रो र नराम्रो कामको फल यसै जन्ममा मिल्दछ । यसैले नराम्रा भावना तर्क-बितर्क सोचिरहनुभन्दा राम्रै सोचविचार राख्ने मन भयो । बालक अवस्थामा प्रभाव पारिएका कुरा मनमा रहिरहँदो रहेछ । आफ्ना माता-पिता, दिदी, दाजु र समाजले नै मानिआएको धर्मप्रति म पनि संलग्न हुँदै गएँ । पाँच वर्षकै उमेरमा व्रतबन्ध हुनु र नित्य गायत्री मन्त्र जप्ने आदि कार्यमा रहँदा राम्रै प्रभाव पऱ्यो । आफ्ना पुर्खाद्वारा मानिँदै आएको वैदिक सनातन धर्म हो तापनि उमेर छिप्पिँदै दुई-चार अक्षर अध्ययन गर्न थालेपछि आफ्नै गाउँघर र नेपालमा भ्रमण गर्दा धेरै किसिमका धर्महरू देखिए भने अन्य दस-बाह्र मुलुक घुम्दा त धेरै धर्महरू देखें, सुनें र तिनीहरूमा संलग्न पनि भएँ । अध्ययन गर्दै जाँदा विभिन्न धर्मावलम्बीहरूको मत नमिली आ-आफ्नै धर्म ठूलो र कमजोरलाई बाध्यात्मक तरिका, लोभ, लालच, डर, त्रासबाट धर्म परिवर्तन गराउँदै लगेको पनि पाएँ । अद्यापि यो क्रम चलिरहेकै छ । धर्मकै कारण विश्वमा ठूला ठूला युद्ध भए र लाखौँलाख प्राणीले ज्यान समेत गुमाए । तैपनि धर्मबाट सुख, आनन्द र आत्मशान्ति

लिन सकेका छैनन् । सम्पूर्ण धर्मले सम्पूर्ण प्राणीलाई एकै ठान्दछ र अन्त्यमा जीवात्मा, परमात्मामा मिल्नु हो भन्ने चेतना हामीमा छैन ।

सम्पूर्ण धर्मप्रति श्रद्धा समर्पण गर्दै **'विविध धर्म'** नामक किताब तयार गर्न सम्बन्धित धर्मका किताब, लेख आदि जुटाउने क्रममा धेरै मित्रहरूसँग सम्बन्ध हुन गयो । आफ्नै सम्धीज्यू श्री भोजराज न्यौपाने तथा सम्धिनी सरला न्यौपानेज्यूबाट पाएको सहयोगप्रति उहाँहरूमा आभार व्यक्त गर्दछु । आफ्नै छरछिमेकी मित्रहरू ढकलध्वज थापा, कीर्तिनाथ सुवेदी, घनानाथ पौडेल, हरि शर्मा पौडेल, सुरेन्द्र तिवारी, अणुराज भेटवाल, म्हेपी काठमाडौँस्थित नानक मठका प्रमुख समेतले आवश्यक किताबहरू तथा लेख-रचना उपलब्ध गराई दिनुभएकोमा उहाँहरूप्रति धन्यवाद व्यक्त गर्दै सदा यस्तै आत्मीयताको आशा राख्दै सहयोगको प्रशंसा गर्दछु ।

मैले लेखनकार्यमा लागि यो चौथो कृति तयार हुँदासम्म सम्पूर्ण किताबहरू अध्ययन गरी थपघट आदि समेत गर्दै अमूल्य सुझाव तथा सामग्री दिँदै दिग्दर्शन गर्नुहुने विद्वान्, प्राज्ञ विष्णु प्रभातज्यू समक्ष सदा नतमस्तक छु र उहाँको उन्नतिको कामना गर्दछु । त्यस्तै यो **विविध धर्म** किताबको आद्योपान्त अध्ययन गरी सरसल्लाह र सुझाव दिनुहुने मित्र पत्रकार आनन्दराम आचार्य र रामचन्द्र रंघालीज्यूमा विशेष आभार व्यक्त गर्दछु । मेरा सम्पूर्ण कृतिहरूको पाण्डुलिपिको अक्षर कोट्याइ अझै शब्दहरूसमेत मिलाई कम्प्युटर टङ्कण तथा साजसज्जा गर्नुहुने वसन्तराज अज्ञात सधैँ मेरो हृदयमा रहनुहुनेछ ।

अन्त्यमा, सम्पूर्ण सहयोगी इष्टमित्र, भाइबन्धु, कुटुम्बहरूमा सम्झना राख्दै यस किताबमा कुनै त्रुटी हुन गएको भए त्यसका लागि क्षमा प्रार्थी छु र सल्लाह-सुझाव मिलेमा अन्य संस्करणहरूमा सँच्याउने नै छु । धन्यवाद ।

२०७० माघ

तुलसीनाथ घिमिरे

विषयक्रम

१.	वैदिक सनातन धर्म	९
२.	निखिलेश्वर	३२
३.	कृपालुजी महाराज	५२
४.	श्री कृष्णप्रणामी धर्म	५८
५.	ब्रह्मकुमारी : ॐ शान्ति सम्प्रदाय	६८
६	बौद्ध धर्म र सिद्धार्थ गौतम	७४
७.	आत्मज्ञान	८४
८.	सन्त कबिर	९२
९.	गुरू नानक	१०१
१०.	महावीर वर्द्धमान	११०
११.	ओशो : रजनीश	१२९
१२.	जिसस क्राइस्ट	१५२
१३.	सिरडी साइबाबा	१६९
१४.	पुट्टपर्ती साइबाबा	१७९
१५.	पैगम्बर मुहम्मद	१८८
१६.	बहाई मत	२०२

वैदिक सनातन धर्म

वैदिक सनातन धर्मको सुरुआत नदी किनाराहरूमा बसी कृषि कार्यबाट जीविका गर्न थालेपछि अर्थात् फिरन्ते जातिबाट सुधार भई एकै थलोमा बसोबास गर्न थालेपछि भएको हो । समाज सङ्गठित भएर अघि बढ्न थालेपछि परिचालनका लागि नियमहरू बन्दै जाँदा धर्म पैदा भएको मानिन्छ । आफूहरूलाई दुःख आइपर्ने बाढी, सुख्खा, पहिरो, भुइँचालो, चट्याङ आदि प्राकृतिक विपत्ति र हिंस्रक जन्तुबाट बँच्न नै साझा धार्मिक भावना उत्पन्न भएको मानिन्छ ।

रातमा केही नदेखिने, सूर्योदयपछि देखिने र प्राणी, रूख-बिरुवा आदिमा घाम, हुरी-बतास, आगो आदिको प्रभावको ज्ञानबाट तिनलाई मानमर्यादा गर्दा यी प्राकृतिक तत्त्व सूर्य, चन्द्र, पृथ्वी, हावा, पानी, अग्नि र हिंस्रक जन्तुहरू पनि खुसी हुन्छन् भनी तिनीहरूलाई खुसी पार्न पूजाआजाको सुरुआत भयो । सनातन धर्म या हिन्दू धर्म इसापूर्व दोस्रो सहस्राब्दीको बीचमा आर्यहरूद्वारा दक्षिण एसिया (भारत)बाट सुरु भएको भनी धर्मको इतिहासमा से. तोकारेवले भने तापनि हाम्रै हिमवत् खण्ड- धार्मिक तथा कर्मकाण्डीय हिसाबले नेपाललाई पनि भरतवर्षभित्र नै पर्दछ भन्ने गरिएको छ, तर यसको अर्थ भारत देश भन्नेचाहिँ होइन)को सिन्ध, ब्रह्मपुत्र, गङ्गा, कालीगण्डकी र नेपालका

सप्तकोशी, सप्तगण्डकी आदि नदीले बनाएका उर्वर भूमिमा बस्ने जाति-प्रजातिबाट वैदिक सनातन धर्मको सुरुआत भएको हुनुपर्दछ ।

हिन्दू ग्रन्थहरूको अध्ययनबाट सत्य, त्रेता, द्वापर र कलियुगको जानकारी हामी पाउँछौं । तोयनाथ पञ्चाङ्गमा पनि वि.सं. २०७० मा कलिगत संवत् ५११३ र सृष्टितोगताब्दा १,९५,५८,८५,११३ उल्लेख छ । सत्य युगमा नै वेदको उत्पत्ति भएकाले वैदिक काल भनिन्छ । वेदमा पनि ऋग्वेद प्रथम हो । ऋग्वेदका करिब ३०० श्लोकहरूले केवल इन्द्रको मात्र स्तुतिगान गरेका छन् । इन्द्र नै पानी र बज्रका देवता भएकाले ठीक ठीक मात्रामा पानी पार्न र चट्याङको भयबाट मुक्त हुन उनको पूजाआजा हुन्छ । द्वापर युगमा विष्णुका आठौं अवतार श्रीकृष्णले इन्द्रको पूजा बर्जित गरेपछि ठूलो वर्षा गराई संसार जलमग्न गराउँदा गोवर्द्धन पर्वत उठाई गाई तथा यदु वंशको रक्षा गरेको कथा श्रीमद्भागवत महापुराणको दशम स्कन्धको २४ अध्यायदेखि २७ अध्यायसम्म उल्लेख छ ।

हामी हिन्दूहरू ब्रह्मा, विष्णु, महेश्वर, इन्द्र र देवीहरूको पूजाआजा गर्दछौं भने पितृलाई श्राद्ध, तर्पण र भूत प्रेत, आदिलाई पूजा गर्दछौं । यसैगरी आगो पनि ज्यादै महत्त्वको वस्तु हुँदा वेदका करिब २०० श्लोकहरूमा अग्निको स्तुति गरिएको छ । त्यस्तै सोम पनि एक देवता मानिएको छ । सोम वनस्पतिको रसबाट तयार गरिएको मादक पेय पदार्थ हो र यज्ञयज्ञादिमा देवतालाई खुसी बनाउन स्वादिष्ट पेय पदार्थका रूपमा यो चढाइन्थ्यो ।

इसापूर्व पहिलो शताब्दीमा नै भारतवर्षमा आर्यहरू विकसित भइसकेका थिए । आर्यहरूमा खास गरी ब्राह्मण जाति बढी पढ्न जान्ने भए र निकै बुद्धिमान तथा चतुर निस्के । समाजमा जहिले पनि बाठाटाठाकै राज हुने हुँदा यिनले अन्य जातिमाथि राज गर्दै

आए । व्यक्ति र परिवार मिलेर समाज बन्यो र समाजबाट गाउँ, सहर हुँदै राष्ट्र बन्न गयो । देश सञ्चालनमा नियम, कानुन आदिको आवश्यकता पर्ने हुँदा समाजका बाठा अगुवाले नियम, कानुन बनाए । इसापूर्व प्रथम सहस्राब्दीमा नै विकसित आर्यहरूले भारत वर्षमा रहेका अन्य जातिहरूलाई शोषण गर्ने, काममा लगाउने गर्दा त्यसै समयका मनु ऋषिले **मनुस्मृति** लेखे र एकै तप्काका मानिसहरूमा पनि जाति प्रथाको सुरुआत गराए । अद्यापि यो प्रथा करिब करिब कायमै छ । त्यसै कालदेखि ब्राह्मणहरूले क्षत्रीय राजाहरू र धनीवर्गहरूमा यज्ञयज्ञादि गराउने, देवताको डर देखाई दान धर्म गर्न लगाउने र आफ्नो मानमर्यादा कायम गर्दै आए ।

यसै समयमा नै पुनर्जन्म, पाप, धर्म आदिको प्रचार भयो । मानिसलाई पापको डरले नराम्रो काम गर्नबाट धेरै हदसम्म रोकियो पनि । मानिस सोच्न सक्ने प्राणी भएकाले एकै जातको आधिपत्य, व्यवहार आदिबाट असन्तुष्ट हुनु स्वाभाविकै हो । मानिसले आ-आफ्नो क्षेत्रका छुट्टाछुट्टै किसिमका देवता आदि मान्न थालेकाले विभिन्न धर्मका मतहरू पनि सुरु हुनु नौलो कुरा भएन । यस्तै इसापूर्व पाँचौँ शताब्दीमा आएर बौद्ध धर्म र जैन धर्म सुरु भयो । बौद्ध धर्म हिन्दूको सनातन धर्मभन्दा निकै सजिलो र साधारण व्यक्तिले पनि बुझ्न सक्ने भयो । यसको प्रचारप्रसार प्रशस्त हुँदा वैदिक सनातन धर्म र बौद्ध धर्म सँगसँगै जान सकेनन् । बौद्ध धर्मका गुम्बा, मठ बन्न थाले । जैन धर्म पनि करिब बौद्ध धर्म जस्तै थियो । जैन धर्मका प्रवर्द्धक क्षत्रीय कुलका महावीर थिए । देशका शासक र लडाकुवर्ग नै त्यस धर्ममा जान धेरै प्रेरित हुन थाले । वैदिक सनातन धर्मको यज्ञयज्ञादि धार्मिक कार्य ज्यादै जटिल र शुद्धाशुद्धि मन्त्रोच्चारण हुनुपर्ने भएकाले गर्दा र समय पनि धेरै लाग्ने हुँदा साधारण मानिसले यज्ञयज्ञादि गराउन सक्दैनथे ।

वैदिक सनातन धर्मका ज्ञाता ऋषिहरूले मात्र धार्मिक कार्य गराउन सक्ने भएकाले विभिन्न सम्प्रदायहरूले छुट्टाछुट्टै परिभाषा गर्ने नै भए । समयक्रममा वैदिक सनातन धर्मावलम्बीहरूले पनि ठूला ठूला मन्दिरहरू निर्माण गर्न सुरु गरे । मन्दिरभित्र विभिन्न देवदेवीको मूर्ति स्थापना गर्न लागे । सबैजसो देवताका स्त्रीहरू पनि थिए । जस्तै विष्णु भगवान्को लक्ष्मी, शिवको पार्वती आदि । यी देवदेवीको रथयात्रा, यिनका गाथा लीला समेटेर कृष्ण चरित्र, रामायण आदि कथा रचिए र जनसाधारणमा त्यसको राम्रो छाप पर्न सुरु गऱ्यो । यसरी देवदेवीको आराधनाबाट धर्म बन्दै गयो ।

वैदिक कालमा मन्दिर र देवता आदिका मूर्ति थिएनन् । त्यस समय गुरुहरूको महत्त्व ज्यादै थियो । उनीहरूको काम यज्ञयज्ञादि गराउने, पढ्ने, पढाउने हुन्थ्यो । भगवान्लाई खुसी पार्न यज्ञयज्ञादि गर्ने, देवताबाट दु:ख पीर परेकाको लागि सुख-शान्ति दिलाउन यिनै गुरुले देवीदेवताको आह्वान गरी देवता र सर्वसाधारणको मध्यस्थता गराउने गर्दथे । यसो गर्दा गरिबले पनि धनी हुन लक्ष्मीको पूजा गर्ने, युद्ध जित्न देवी जगाउने आदि गर्दै सबै किसिमका समस्या समाधान गर्न बेग्लाबेग्लै देवदेवीको मन्दिर स्थापना हुँदै गएर हालसम्म पनि नयाँ नयाँ देवदेवी, जस्तै सन्तोषी माता, मङ्गलादेवी, ब्रह्मकुमारी आदिको सृष्टि भएको छ । लक्ष्मी, सरस्वती, गणेश, काली, भैरव आदिको पूजा गर्ने प्रचलन अद्यापि छ । यसै गरी अठारौँ शताब्दीमा देवदेवी खुसी पार्न नरबलि दिने प्रथा बढेर गयो । हरिश्चन्द्रको यज्ञमा बलि दिनलाई बाबुले माइलो छोरा बेचेको कथा आउँदछ । काठमाडौँको नरदेवीलाई मानिसका मासुको धूप र हरिसिद्धीलाई पुजारीले गुप्त रूपमा नरबलि दिन्छन् भन्ने किम्बदन्ती छँदै छ ।

हिन्दूहरूमा धेरै सम्प्रदायको उदय भए पनि मुख्य गरी वैष्णव

(विष्णुलाई भगवान् मान्ने) र शैव (शिवलाई भगवान् मान्ने) धेरै छन् । पुरुष प्रधान देवताहरूको प्रभावले हिन्दू जातिमा नारीहरू उपेक्षित बन्न पुगे। बहुविवाह तथा सती प्रथाको समेत प्रादुर्भाव भयो । पन्ध्रौं शताब्दीमा गएर कबिर पैदा भए र उनको मतानुसार जातपात, अन्धविश्वास, ईश्वर आदिको पूजाभन्दा आफ्नै आत्माशुद्धि गर्न र कसैलाई पनि दुःख आदि नदिन प्रचार गरे र भारत वर्षमा हिन्दू र मुसलमानबीच एकता बनाउन ठूलो प्रयत्न गरे । यसै समयमा मुसलमान शासकको हिन्दूमाथि अत्याचार बढ्दै जाँदा सिख सम्प्रदायको विकास भयो । यसका संस्थापक सिखगुरु नानकदेव थिए । यिनी कबिरको दर्शन र वेदान्त दर्शनबाट ज्यादै प्रभावित थिए । पञ्जाब राज्य सिख धर्म र विश्व प्रसिद्ध स्वर्ण मन्दिरले प्रख्यात छ । भारतमा वैदिक सनातन धर्मलाई क्षति पुऱ्याउने मुसलमान, अङ्ग्रेज र अन्य विरोधीहरूसँग यिनै वैदिक सनातन सम्प्रदायका मानिसहरू जुध्दै आए ।

अन्य धर्मलाई समेत मान्यता दिँदै र सबै समूहसँग मित्रवत् व्यवहार गर्दै आए । वैदिक सनातन धर्मको उत्पत्तिबारे गीताको सार सङ्क्षेपमा यसो भनिएको छ– त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पयेत् ... अर्थात् यस संसारमा हामीले केही पनि बनाउन सकेका छैनौं । सम्पूर्ण चीज यसै संसारबाट प्राप्त गरेका छौं । यहाँकै कृपाबाट प्राप्त वस्तु यहाँलाई नै समर्पण गर्दछु ।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ।।
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ।।

(गीता, अध्याय ४, श्लोक ८)

भावार्थ : जब जब धर्मको नाश हुन्छ अथवा अन्याय, अत्याचार बढेर सज्जन, निःस्वार्थी, कमजोर व्यक्तिहरू शक्तिशाली दुष्टबाट दुःख पाउँदछन् त्यस बखत त्यस्ता प्राणीको रक्षार्थ म जन्मन्छु ।

वास्तवमा यस संसारमा हामीले ईश्वर भनौं या प्रकृतिबाट प्राप्त वस्तुहरू प्रयोग गरेका छौं । यसरी कसैको हानी नोक्सानी नगरी मानव मात्रको कल्याण र सकेसम्म सबैको हित चाहँदाचाहँदै पनि नियम, कानुन विपरीत दुर्जनबाट दुःख पाएमा सोको प्रतिकार गर्न उभिने अदृष्य शक्ति सत्ता नै ईश्वर हुन् । हामीलाई सनातन वैदिक धर्मले यही सिकाउँछ । विश्व बन्धुत्वको उपदेश वैदिक सनातन धर्मले दिन्छ । मानव जाति भनौं या प्राणी मात्रको कल्याणमा विशेष जोड दिए तापनि समस्त जीवन र निर्जीवको कल्याणसमेत चाहन्छ । जस्तै :

द्यौः शान्तिरन्तरिक्ष ठं शान्तिः पृथिवी शान्तिः
रापः शान्तिः रोषधयः शान्तिः ।।
वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्म शान्तिः सर्व ठं शान्तिः ।
शान्तिरेवशान्ति सामाशान्तिरेधि ।। (वेद : ३६।१७)

यो षडङ्ग रुद्रिको स्वस्ति प्रार्थनाको मन्त्र हो ।

यसको भावार्थमा स्वर्ग, आकाश, पृथ्वी, जल, औषधी, सम्पूर्ण देवगण र परमात्माले सम्पूर्ण जगत्लाई शान्ति प्रदान गरून्, सबैतिर शान्ति नै शान्ति व्याप्त होस् । शान्तिले हामीलाई पनि परम शान्ति प्रदान गरून् । वैदिक सनातन धर्मले जीवनप्रतिको आध्यात्मिक दृष्टिकोण, स्वच्छ चरित्र, परिस्कृत व्यवहार, सशक्त मस्तिष्क र करुणामय भावना जगाउँदछ । यस्तै वैदिक सनातन धर्मको संस्थापक व्यक्ति कोही पनि छैन । बौद्ध धर्मको स्थापना बुद्धले, क्रिश्चियन

धर्मको स्थापना क्राइष्टले, इस्लाम धर्मको स्थापना मोहम्मदले र कबिरपन्थ धर्मको स्थापना कबिरले गर्नुभयो ।

सनातन वैदिक धर्मको संस्थापक सम्पूर्ण जनता हुन् । वैदिक सनातन धर्मका स्रोतहरू पनि विभिन्न छन् । कुनै एक व्यक्तिमाथि भर पर्नु पर्दैन । धर्मको स्रोत नै स्वयं प्रकृति, समाज र शाश्वत सत्य हो । कुनै पनि व्यक्ति आफ्नो आध्यात्मिक अनुभूतिद्वारा परमात्मालाई साक्षात्कार गर्न सक्छ । धेरै लामो समय तपस्या गरेर पूर्णता प्राप्त गरेका ऋषिहरूले आफ्नो हृदयमा शाश्वत सत्य सुने र त्यही सुनिएका कुराबाट नै श्रुति स्मृति बन्न पुगे । वैदिक सनातन धर्मग्रन्थअनुसार भगवान् विष्णुको नाभीबाट कमल उत्पन्न भयो । त्यसै कमलबाट ब्रह्माजी उत्पन्न हुनुभयो । यो सम्पूर्ण सृष्टिको मूल कारण भगवान् श्रीहरि हुनुहुन्छ । उहाँ आनन्दस्वरूप हुनुहुन्छ । आनन्दमा नै सृष्टिको रचना, परिपालन गर्नुहुन्छ । आफूले सिर्जिएको सृष्टिको रक्षार्थ कहिले आफै र कहिले आफ्नै अंश कलाहरूलाई पठाई हेरविचार गर्नुहुन्छ । यो सृष्टिको पनि अन्त्य हुन्छ । ब्रह्माजीको पनि आयु सकिन्छ । हजारपटक सत्य, त्रेता, द्वापर, कलियुग बितेपछि ब्रह्माजीको एकदिन हुन्छ । त्यति नै समय रात हुन्छ । रातमा सम्पूर्ण सृष्टिलाई आफैभित्र समेटेर सुत्नुहुन्छ । दिनमा पुनः सृष्टि सुरु गर्नुहुन्छ । यसरी दिनरातको हिसाबले ३६० रात र ३६० दिन पूरा भएपछि ब्रह्माजीको एक अहोरात्र हुन्छ । यस्तो एक अहोरात्रमा २८-२८ वटा मनु र इन्द्रहरू बितिसक्दछन् । यस्ता ३६० अहोरात्र बितेपछि ब्रह्माको एक वर्ष हुन्छ र यसै अवधिको १०० वर्षलाई ब्रह्माजीको आयु मानिएको छ । यसरी ब्रह्माजी पनि १०० वर्षपछि प्रभु हरिमा लीन हुनुहुन्छ । ब्रह्माजी यसरी प्रभुमा लीन भएपछि श्रीहरिको दिन बितेर रात सुरु हुने हुँदा भगवान् अनन्त शक्तिहरूसहित

सम्पूर्ण सृष्टिलाई आफैमा समेटेर योग निद्रामा शयन गर्नुहुन्छ । त्यति नै समयको शयनपछि भगवान् प्रातःकालमा जागा हुने समयमा श्रीहरिको अनुपम पराक्रमका गाथाहरूको गानले भगवान्लाई जागा गराउँछन् । श्री भगवान् जागा भएर अर्को सृष्टिको शुभारम्भ हुने बेलामा श्रुतिहरूले भगवान्को स्वरूप र उहाँको सम्पूर्ण गाथाको मङ्गलमय शब्दले जागा गराउँदछन् । यही श्रीहरिको स्तुति वेद हो ।

श्री नारायणको श्वासबाट ॐको आविष्कार भयो । ॐको पाँच मात्रा लगाई ॐकारबाट ऋग्वेद उकारबाट यजुर्वेद, मकारबाट सामवेद र अर्ध मात्राकारबाट अथर्ववेद प्रादुर्भाव भए । यी चार वेदका ४ उपवेदमा आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद र स्थापत्य वेद बने । यिनै ८ वेदबाट न्याय, पातञ्जल, मीमांसा, वैशेषिक, साङ्ख्य र वेदान्तशास्त्र बने । नौ व्याकरण, एक्काइस स्मृति र अनेक उपनिषद्हरू बने ।

श्री परमात्मा हरिको मुखबाट वेदको उच्चारण भयो । वेदहरूमा ऋग्वेद, सामवेद, यजुर्वेद मुख्य हुन् र अथर्ववेदपछि बनेको हो । त्यसैले त्यसमा अवैदिक मत मिसिएको छ । तर पनि चारै वेद वैदिक सनातन धर्मको मूलस्रोत मानिन्छ । वेदहरूले नै मनुष्य जातिलाई सर्वोपरि सत्यको शिक्षा दिन्छन् र सर्वोत्तम कल्याणको उपाय देखाउँछन् । परमात्मा परमेश्वर श्री हरिको मुखारविन्दबाट प्रादुर्भाव भएका वाणीहरू सत्य, शाश्वत मानिन्छ । वेदमा मन्त्रहरू, कर्मकाण्डको व्याख्या, आरण्यक (वानप्रस्थ), उपनिषद्हरू छन् । वेदका उपनिषद्हरू धेरै सङ्ख्यामा छन् । यीमध्ये ईश, केन, ऐतरेय, तैतिरीय, श्वेताश्वतर कौषीतकि, मुण्डक, कठ, प्रश्न, छान्दोग्य, माण्डुक र बृहदारण्यकलाई महत्त्वपूर्ण मानिन्छ । मानिसहरूको आध्यात्मिक अनुभूतिपूर्ण नहुनाले ऋषिमुनिहरूको ध्यान-योगबाट अन्तस्करणमा सत्यको प्रकाश पैदा भयो । यसरी प्रकाशित सत्य

श्रुतिहरूमा समावेश भयो र यसरी प्राप्त नयाँ ज्ञानलाई वेदमा समावेश गर्दै लगियो । श्रुति नै पुराण कथाको मूल स्रोत हो । श्रुतिहरूभित्र नै स्मृतिहरू पर्दछन् । स्मृतिहरू मानिसले रचना गरेका हुँदा सामाजिक जीवनलाई सुख र आनन्दी बनाउन यसैबाट विधान, नियम, कानुन बनाई समाज सञ्चालन हुँदै आयो । वैदिक सनातन धर्मावलम्बीहरूको समाजलाई समय समयमा नियमित मार्ग प्रदर्शन गर्ने ऋषिहरूले समाजको आवश्यकता अनुसार यी नियम कानुन परिवर्तन गर्दै आएका छन् र नयाँ नयाँ धर्मशास्त्रहरूको रचना गर्ने अनुमतिले गर्दा वैदिक सनातन धर्म ज्यादै उदार हुन पुगेको छ ।

श्रुति र स्मृतिको ज्यादै राम्रो सम्बन्ध छ । यी दुईलाई अलग्याउन मिल्दैन । यस्तै स्मृति बाहेकका अन्य स्रोतहरूमा इतिहास, पुराण, आगम तथा धर्म-दर्शनहरू पर्दछन् । यसैले श्रुति र स्मृति आत्मा र शरीर हुन् भने पौराणिक इतिहास, महाकाव्य, पुराण आदि शरीरका अवयव जस्तै हुन् । रामायण र महाभारत दुई महाकाव्यहरू इतिहास हुन् । स्मृतिकारहरू मनु, याज्ञवल्क्य र पराशर हुन् । रामायणका रचनाकार वाल्मीकि हुन् भने महाभारतका रचयिता श्री वेदव्यास हुन् । वेदव्यासद्वारा लिखित अन्य पुराणमा ब्रह्म पुराण, पद्म पुराण, विष्णु पुराण, शिव पुराण, लिङ्ग पुराण, गरूड पुराण, नारद पुराण, भागवत पुराण, अग्नि पुराण, स्कन्द पुराण, कुर्म पुराण, भविष्य पुराण, ब्रह्मवैवर्त पुराण, मार्कण्डेय पुराण, वामन पुराण र वराह पुराण समेत १८ छन् । यी १८ पुराणहरूमा जम्मा ४,०९,९०० (चार लाख नौ हजार नौ सय) श्लोकहरू छन् भने वाल्मीकि ऋषिद्वारा रचित रामायणमा पुगनपुग २४,००० (चौबीस हजार) र महाभारतमा एक लाख श्लोकहरू छन् । सृष्टिकालदेखिका ऋषिहरूमा सबभन्दा बढी लेख्ने वेदव्यास नै हुन् । उपपुराणहरूमा, शिव पुराण,

देवीभागवत, कालिका पुराण, नृसिंह पुराण, विष्णु धर्मोत्तर पुराण, सूर्य पुराण आदि छन् ।

पुराणहरू ब्रह्मा, विष्णु र शिव सम्बन्धी मात्र हुन्छन् । १८ पुराणहरूको ६-६ भाग लगाइँदा ब्रह्मासम्बन्धी ब्रह्म, ब्रह्मवैवर्त, ब्रह्माण्ड, मार्कण्डेय, भविष्य र वामन पुराणहरू, विष्णु सम्बन्धी विष्णु, भागवत, नारदीय, गरूड, पद्म, वराह पुराण र शिवसम्बन्धी वायु, लिङ्ग, स्कन्ध, अग्नि, मत्स्य र कुर्म पुराणहरू हुन् । वेदमा रहेका मन्त्रहरू, कर्मकाण्डको व्याख्या, वानप्रस्थ र उपनिषद्हरूको अध्ययन केही केहीले मात्र प्रयोगमा ल्याउन सक्ने हुँदा अन्य साधारण व्यक्तिहरूले ऐतिहासिक र पुराणका कथाहरूको माध्यमले र यिनै कथा पुराणमा रहेका पात्रहरू जस्तै राम-लक्ष्मण, सीता, श्रीकृष्ण, अर्जुन, युधिष्ठिर, गार्गी, कपिल आदिका आचरणगाथामा रमाउँदै धर्मको रक्षा र आनन्दी जीवन बिताएका छन् । यदि वैदिक सनातन धर्मका यी आचारविचार आदिको पालन नगरी आ-आफ्नो समाज, रीतिथिति कायम गर्न सकिएन भने वैदिक सनातन धर्मको पनि नाश भई प्राचीन रोमन र ग्रिक धर्मझैं लोप भएर जानेछ । ऐतिहासिक कथाहरू भने सम्पूर्ण काल र समयमा मानिसको चरित्र, नैतिक, धर्म पालना गराउन सरल किसिमबाट रचिएका छन् । महाभारतकै कथाबाट गीता उत्पत्ति भएको छ । महाभारतको युद्धभूमिमा सबै आफ्ना हजुरबा, मामा, काका आदि देखेर अर्जुनले युद्ध नै नगर्ने अवस्थामा पुग्दा साक्षात् श्रीकृष्ण भगवान्ले अर्जुनलाई उपदेश गरी युद्धमा होम्नुभएको छ । गीता उपनिषद्हरूको निचोड पनि हो । गीताका भिन्दाभिन्दै अध्यायमा भिन्नभिन्न उपदेश विषाद योग, साङ्ख्य योग, कर्मसंन्यास, ज्ञान-विज्ञान योग, अक्षर ब्रह्मयोग, राजगुह्य योग, विभूति नाम योग, विश्वरूप दर्शन योग, भक्तियोग, क्षेत्र-क्षेत्रज्ञ

विभाग योग, त्रिगुण योग, पुरुषोत्तम योग, दैवासुर सम्पत्ति विभाग योग, श्रद्धात्रय विभाग र मोक्ष संन्यास योगबाट अर्जुनलाई उपदेश भएको छ । श्रीकृष्ण भगवान्ले अर्जुनलाई उपदेश गर्दागर्दै स्वर्गको पनि क्षणिक सुख भनी गीताको अध्याय ९ को २१औँ श्लोकमा भन्नुहुन्छ : ते तं भुक्त्वा स्वर्गलोकं विशालं, क्षीणेपुण्ये मर्त्यलोकं विशन्ति । एवं त्रयी धर्म मनुप्रपन्ना गतागतं काम कामालभन्ते । अर्थात् वेदत्रयी धर्मद्वारा सकाम गर्ने मनुष्यहरू पुण्यकर्मको फल भोग्न स्वर्ग पुग्दछन् र धर्मको अवधि समाप्त भएपछि पुनः पृथ्वीलोकमा जन्म लिन फर्कन्छन् । यदि स्वर्गमा पनि कर्मच्यूत भएमा पृथ्वीमा खस्दछन् । पाप-धर्म बराबर भएकाहरू मनुष्ययोनीमा जन्म लिएर आउँदछन् । यसर्थ हे अर्जुन- सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज । अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुःचः - भनी अध्याय १८ को ६६औँ श्लोकमा भन्नुहुन्छ । तिमी आफ्नो कर्तव्याकर्तव्य नैतिक, सामाजिक र कुलाचारमा भएको, तिमीले जानेर गर्दै आएका सम्पूर्ण धर्म मेरै जिम्मामा छाडेर केवल मेरो शरणमा पर ध यसरी शरण परेपछि तिमीबाट जे जति अधर्म हुन्छ ती सबैबाट छुट्कारा दिई तिमीलाई मोक्ष दिलाउँछु । यसैले यस श्लोकका अनुसार योगी, संन्यासी, महापुरुष आदि सबै यज्ञ, धर्म, दान, तप, जाति धर्म, देश धर्म छोडेर भगवान्को शरणागत हुन्छन् । यसै गीताबाट अर्जुनले आफूलाई आवश्यक सम्पूर्ण ज्ञान पाई १८ अध्यायको ७३ श्लोकमा भन्नुहुन्छ :

नस्टो मोहःस्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत ।
स्थितोऽस्मि गत सन्देहः करिश्ये वचनं तव ।।

अब यहाँ श्रीकृष्ण भगवान्को दिव्य उपदेशका सम्पूर्ण कुराको सम्झना भएकाले अर्जुनको शङ्का निवारण भई मोह नष्ट भइसकेकाले

म हजुरले भन्नुभएको सम्पूर्ण कार्य गर्न तयार छु भनी गाण्डिव धनु उठाई युद्धमा होमिए ।

यदि श्रीकृष्ण भगवान्ले आफै सारथि भई अर्जुनको रथ हाँकी रणभूमिमा गई अन्यायी, अत्याचारी, पापीलाई नष्ट नगरेको भए अधर्मले संसार व्याप्त गर्दथ्यो । यसैले धर्म रक्षार्थ श्रीपरमात्मा बेला बेलामा विभिन्न रूपमा प्रादुर्भाव हुनुभएको हामी पाउँदछौं । परमात्माको असङ्ख्य रूप अवतार भए तापनि तीमध्ये मत्स्य (माछा), कुर्म (कछुवा), बराह (बँदेल), नरसिंह, वामन (पुड्को), परशुराम, राम, कृष्ण, बुद्धको अवतार लिई सक्नुभएको छ । अब अन्तिम कल्की रूपचाहिँ भगवान्को भविष्यवाणी हो ।

हाम्रो वैदिक सनातन धर्ममा श्रुति, स्मृति, इतिहास, वेद, पुराणसँगै आगम र दर्शन पनि पर्न आउने कुरामाथि भनिएको छ । आगम शब्दले तन्त्रशास्त्रलाई बुझाउँछ । ईश्वरको प्रार्थना, पूजा गर्ने विधि, पूजा गर्नेले पालना गर्नुपर्ने आचरण आदि हुने हुँदा यसलाई साधनाशास्त्र पनि भन्दछन् । यसका पनि धेरै शाखाहरू हुँदा मुख्य विष्णु, शिव र शक्ति पर्न आउँदछन् । यसैबाट हिन्दूहरूमा विष्णुको आराधना गर्ने वैष्णववाद, शिवको आराधना गर्ने शैववाद र शक्तिको उपासना गर्ने शाक्तवाद जस्ता महत्त्वपूर्ण मत उत्पत्ति भएका छन् । त्यसैले शाक्त आगमहरू अर्थात् तन्त्रहरू परमेश्वरलाई जगत्की माताको रूपमा, देवीको कुनै रूप र नाममा स्तुति गर्दछन् र तन्त्र विधिद्वारा देवदेवीलाई आह्वान गर्दछन् । यसरी आगमभित्र तन्त्र, मानसिक अनुशासन, मन्दिर वा मूर्ति निर्माण गर्दा अपनाइने विधि र धार्मिक चलन पर्छन् । यिनीहरू पनि श्रुतिमा आधारित छन् ।

सनातन धर्म-दर्शनमा मुख्य न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा र वेदान्त रहेका छन् । यी दर्शनलाई न्याय-वैशेषिक,

साङ्ख्य योग, मीमांसा वेदान्त गरी तीन भागमा बाँडिएको छ । यी दर्शनका प्रवर्तकमा न्यायका अक्षपाद गौतम ऋषि, वैशेषिकका कणाद, साङ्ख्यका कपिल, योगका पतञ्जली, मीमांसाका जैमिनि तथा वेदान्तका बादरायण हुन् । वदरिकाश्रममा रही ज्ञान प्राप्त गरेका हुनाले वेदव्यासलाई नै वादरायण भनिएको हो र उनको शरीर कालो हुनाले कृष्ण र द्वीपमा जन्मेकाले द्वैपायन पनि भन्दछन् । अब त यी दर्शनहरूमध्ये योगको पतञ्जली र वेदान्त मात्र यस भूमिमा रहेको पाउँदछौं । श्रीमद्भागवत महापुराणको तृतीय स्कन्धको अध्याय २१ देखि अध्याय ३३ सम्म कर्दम ऋषि र उनकी पत्नी देवाहूतिको जन्म, कर्दम ऋषिसँग विवाह, नौ पुत्री र कपिलदेवको जन्म र कपिलदेवबाट आमा देवाहूतिलाई साङ्ख्य योगको वर्णन गरेको पाउँदछौं भने पतञ्जली योगको आजकल भारतवर्षको हरिद्वारमा रहने योगी रामदेवले धेरै प्रचारप्रसार गरेका छन् । गीता प्रामाणिक धर्मशास्त्रमध्ये एक हो भने अन्य दुईमा उपनिषद्हरू तथा ब्रह्मसूत्र पर्न आउँदछन् । ब्रह्मसूत्रका रचयिता श्री वादरायणले उपनिषद्मा रहेका उपदेशहरूलाई मिलाएर ब्रह्मसूत्रको रचना गरेका हुन् ।

वेद नै मुख्य धर्मशास्त्र हो । यो ज्यादै गहन विषय हुँदा अन्य धेरै आचारसंहिताहरू निस्के । त्यस्तै साम्प्रदायिक धर्मशास्त्र र धेरै दार्शनिक मतहरू हुँदा दक्षिण एसिया धार्मिक प्रयोगको भूमि बन्न गएको छ । वैदिक सनातन धर्ममा सबै जातजाति एकै किसिमको धर्म अँगाली हिँड्नुपर्ने बाध्यता छैन । यस धर्मभित्र उच्चतमदेखि निम्नतमसम्मका विभिन्न प्रकारका विश्वास र देवीदेवता पाउन सक्छौं । सबै किसिमका धर्मको उद्देश्य मानवलाई पूर्ण बनाउनु हो । प्रत्येकलाई ईश्वरको अनुभूति गराउँदै, राजनैतिक, सामाजिक संस्थाहरू विकास गराउँदै, मानवको उच्च विचार, सच्चरित्र, तीक्ष्ण

बुद्धि, अनुशासनका नियमहरूको पालना गर्दै अन्ततोगत्वा पूर्ण, मुक्त र ईश्वरजस्तै बनी मोक्ष प्राप्त गराउनु हो ।

साथै वैदिक सनातन धर्मको सर्वोपरि गुण नै सबै धर्महरूलाई आफ्नै धर्म सरह देख्नु हो । यस धर्मले हामी मात्र धर्मावलम्बी भनी कहिल्यै भन्दैन र आफ्नो धर्मको जोडदार प्रचार पनि गर्दैन तथा अरूलाई करकाप गरी लोभ-मोह देखाई अर्काको धर्म परिवर्तन पनि गराउँदैन । यसले आफ्नो धर्मको अवस्थालाई स्पष्ट पार्दै इच्छुक अनुयायीहरूलाई आत्मसात् गर्दछ र अन्य धर्महरूलाई खराब, झूटो या भ्रम पैदा गराउने भनी कहिल्यै भन्दैन । विश्वका सबै धर्म, भाषा, जीवन पद्धति जान्न खोज्ने विद्वान्हरू सुरुदेखि नै फेला पर्दै आएका छन् । त्यसैले अन्य धर्ममा रहनेहरूले पनि वैदिक सनातन धर्मको अध्ययन गर्ने गरेको प्रशस्त भेटिन्छ । दुई-तीन सय वर्ष अघिदेखि विश्वमा वैदिक सनातन धर्मको व्यापक प्रचारप्रसार हुँदै आएको छ । भारत र नेपालका (केही मात्रामा) विद्वान्हरूले युरोप, अमेरिका जस्ता मुलुकहरूमा पनि हिन्दू मन्दिर आदि निर्माण गरी सनातन धर्म फैलाएका छन् । रामचन्द्र भगवान्का गुरु वशिष्ठ ऋषिले तयार गरेको योग हाल मेडिटेसनको रूपमा विश्वभर फैलिएको छ । तर करकाप, लोभ, मोह देखाएर प्रचार गरिएको भने छैन ।

प्राचीन समयको भारतवर्ष जसको उत्तरखण्ड नेपालमा ऋषि मुनिहरूका तपस्थल थिए । तपस्यारत ऋषिहरू वाल्मीकि वेदव्यास, याज्ञवल्क्य, मनु, यस्तै गृत्समद, विश्वामित्र, भृगु, कर्दम, कपिल, वामदेव, अत्रि, आत्रेय, भारद्वाज, कण्व, दुर्वासा, मार्कण्डेय आदिका दिग्दर्शन तथा महर्षि च्यवन र हरिश्चन्द्र, पृथु, भगीरथ, दशरथ, रामचन्द्र, ययाति, दुष्यन्त, रन्तिदेव, अक्रुर, पुरूरवा, परीक्षित, युधिष्ठिर, ध्रुव, भरत, दक्ष प्रजापति, जनक, शिबी आदि राजाहरूबाट भए

गरेका कार्यबाट वैदिक सनातन धर्मको विकास हुँदै आएको छ । विद्वान् विदूषिहरूबाट नै सनातन धर्म अघि बढेको देखिन्छ । विभिन्न समयमा भारत वर्षमा हिन्दू धर्म नमान्ने राजाहरूले राज्य गर्दा र वैदिक सनातन धर्ममा पनि विभिन्न मत प्रकट हुँदै जाँदा यस धर्मको रक्षार्थ विभिन्न विद्वान् पैदा भए । शङ्कराचार्य, रामानन्द, माधवाचार्य, बल्लभाचार्य, वाल्मीकि, व्यास र यस्तै सायण, कबिर, एकनाथ, तुकाराम, नानक, चैतन्य, रामानुज, तुलसीदास आदिको प्रयासबाट वैदिक सनातन धर्मको विकास र रक्षा हुँदै आएको छ ।

वैदिक सनातन धर्मको उत्थानमा लाग्ने नेपालका योगी, स्वामी, संन्यासी आदि प्रशस्तै पाउन सकिन्छ । जस्तै खेमराज केशवशरणज्यू ज्यादै राम्रो प्रवचन दिनुहुन्छ भने उहाँ भारतको आसाम र अन्य भागमा पनि प्रख्यात हुनुको साथै अमेरिकामा पनि बारम्बार भागवत प्रवचन र अन्य वैदिक धर्मकै विभिन्न विषयमा प्रवचन दिन गइरहनुहुन्छ । उहाँले पनि वैष्णव धर्मका चेलाहरू बनाउनुहुन्छ । त्यस्तै अर्का रामानन्द गिरी पशुपति क्षेत्रको शङ्कराचार्य मठमा रहनुहुन्छ र उहाँ पनि कृपालुजी महाराजकै किसिमबाट वेद, गीता, इसोपनिषद्, भागवत र अन्य धर्म ग्रन्थका उपमा दिँदै प्रवचन गर्नुहुन्छ । उहाँ र खेमराज केशवशरण समेतले देवघाटमा वटुकहरूलाई शिक्षा दिने प्रबन्ध गर्नुभएको छ । काठमाडौँ पशुपति विकास क्षेत्रमा सञ्चालन भएको वेद विद्याश्रमभर्फ वटुकहरूलाई खान, बस्नको प्रबन्ध समेत गरी भव्य मठमन्दिर र धर्मशालाहरू निर्माण गराउनु भएको छ । शङ्कराचार्य मठ, काठमाडौँमा धेरैजसो प्रवचन रामानन्द गिरीज्यूको हुन्छ भने दीर्घराज घिमिरेद्वारा भएको गीता प्रवचन हालसम्मकै विस्तृत तवरको रह्यो । ती प्रवचनको विस्तृत सङ्कलन गरी तीन-चार खण्डको गीता किताब तयार भइसकेको

छ । त्यस्तै कमलनयनाचार्यले साँखु नजिक भव्य धार्मिक स्थलको विकास गर्नुभएको छ । यद्यपि उहाँ धेरैजसो मण्डिखाटारमा रहनुहुन्छ । त्यस्तै श्यामप्रसाद भण्डारीले पाँचमाने, काठमाडौं नजिक ठूलो मन्दिर र भवन निर्माण गराइरहनुभएको छ र धार्मिक किताबहरू पनि लेख्नुभएको छ । पञ्चायतकालका योगी नरहरिनाथले पनि नेपाल अधिराज्यकै भ्रमण गरी धार्मिक, ऐतिहासिक ग्रन्थ तयार गर्नु भई धेरै ठाउँमा कोटी होम गराई परमधाम प्रस्थान गर्नुभयो । शिवपुरी बाबाको अनन्त यात्राबारेको किताब हेर्न लायक छ । उहाँको जीवनीबाट धेरै धार्मिक शिक्षा मिल्दछ ।

तत्कालीन श्री ५ को सरकारको सचिवसम्म भइसक्नु भएका राधारमण, नरकान्त अधिकारी, शिवगोपाल रिसालले पनि धार्मिक ग्रन्थहरू लेख्नुभएको छ भने रिसालज्यूले त खप्तड बाबाको बारेमा धेरै लेख्नुभएको छ । भारतमा जन्मिएर शरीर विज्ञानका डाक्टर भएका व्यक्ति पछि खप्तड बाबा भई डोटी जिल्लाको खप्तड लेकमा रहनुभएका योगीले **धर्म विज्ञान, विचार विज्ञान** आदि महत्त्वपूर्ण किताबहरू लेख्नुभएको छ । यसभन्दा धेरैअघि नै भानुभक्तले रामायणको नेपालीमा अनुवाद गरी नेपाली समाजलाई ज्यादै ठूलो गुन लगाउनुभएको छ । त्यस्तै वासुदेव भट्टराईले २०२० सालमा श्रीमद्भागवत महापुराणलाई नेपालीमा अनुवाद गर्नुभएको छ । धार्मिक ग्रन्थहरू छपाई प्रचारप्रसार गर्ने कार्य नेपाल प्रज्ञा-प्रतिष्ठानबाट पनि हुँदै आएको छ । यहाँबाट नै प्रकाशित भएको रेवतीरमणानन्दको **'भगवान् शङ्कर'** भन्ने किताबाट धेरै धार्मिक ज्ञान लिन सक्छौं । सरकारी नोकरीमा नै रहेका र सचिवसमेत भई दुई तीन वर्ष अघि परलोक भइसकेका मदनप्रसाद अर्ज्यालले पनि गीता, रुद्री, चण्डी र अन्य धार्मिक किताबहरूको नेपालीमा अनुवाद गरी लेख्नुभएको छ ।

सचिवबाट निवृत्तिपश्चात् संवैधानिक नियुक्ति पाई हाल वृद्ध जीवन बिताइरहनु भएका रामचन्द्र पौडेल 'रंघाली' ले हालै मात्र वेदस्तुतिको बहुतै मार्मिक किसिमको व्याख्या किताब निकाल्नुभएको छ र अन्य धार्मिक दुई किताब प्रकाशित भइसकेको साथै धार्मिक प्रवचन कार्यमा संलग्न हुनुहुन्छ । यसै किसिमको **वेदान्त शास्त्रको निचोड** नामक किताब त्रिभुवन विश्वविद्यालयका प्राध्यापक सुरेन्द्रप्रसाद पौड्यालले लेख्नुभएको छ । यस्तै वैदिक सनातन धर्म र दर्शनको डी.एस. शर्माको **हिन्दू धर्मको क ख ग** (A primer of Hinduism) भन्ने किताबका अनुवादक प्राध्यापक कुलशेखर शर्माज्यूको किताब राम्ररी बुझेर अध्ययन गर्न सकेमा ठूलो उपलब्धि र ज्ञान प्राप्त गर्न सकिन्छ । अखण्ड ज्योति बाबा स्वामी श्री कमलनयनले भक्तपुरको छालिङमा सबभन्दा ठूलो शालिग्रामको स्थापना, पञ्चलक्ष्मी (श्री महालक्ष्मी, श्री सम्पदलक्ष्मी, श्री भोगलक्ष्मी, श्री ज्ञानलक्ष्मी र श्री मोक्षलक्ष्मी) को मन्दिर स्थापना, वटुकहरूको अध्ययनार्थ खान बस्न समेतको प्रबन्धसहित सत्संग भवन बनाउनुभएको छ । नवलपरासी नजिक त्रिवेणीको गजेन्द्र मोक्षधाममा विविध निर्माण तथा समय समयमा यज्ञादि, बागलुङको कुडुले फेदीमा बड्कटेश्वर मन्दिर र बेनीको गलेश्वर मन्दिरमा सत्संग भवन, वेद विद्याश्रम तथा अन्नदानको प्रबन्ध छ । मुस्ताङको कागबेनी, रानीपौवा र जोमसोममा नै पनि धर्मशाला तथा अन्नदान क्षेत्र आदिको निर्माण गराउनुभएको छ । कमलनयनले २०६० सालमा नेपालका १३१ स्थानहरूमा एकै समयमा महायज्ञहरू गराउनुभयो । भारत वर्षको ३३२ स्थानहरूमा एकै समयमा महायज्ञ सम्पन्न गराउनुभयो । २०६२ सालमा भारतको हरिद्वारमा १००८ शालिग्रामहरूलाई सवा लाख गाईको दूध धाराले स्नान गराउनुभयो । यसरी धर्मको उत्थान र वटुकहरूलाई आवासीय

अध्ययनको व्यवस्था गर्नुभएको छ । विभिन्न निर्माण कार्य गर्न, विद्यालय सञ्चालन गर्न, होम यज्ञादि आदि धार्मिक कार्य गर्न ट्रस्टकै स्थापना भएको छ । जसमा डा. भोला रिजालसहितका विद्वान् तथा धनीमानी व्यक्तिहरूको कार्यकारिणी परिषद् गठन भएको छ ।

यसरी वैदिक सनातन धर्म तथा दर्शन सम्बन्धी किताबहरू लेखन कार्य गर्ने र वेद वेदाङ्ग अध्ययनार्थ पाठशाला, देवमन्दिर, सत्संग भवन आदि निर्माण गर्ने गराउने अन्य धेरै-धेरै विद्वान्-विदुषीहरू छन् । उहाँहरूको योगदानबाट नेपालमा धर्म-दर्शनको दिनहुँ उत्थान भइरहेको छ ।

वैदिक सनातन धर्मका प्रवर्तकहरू हरेक क्षेत्रमा पाउन सकिन्छ । देवदेवीलाई आराधना गरेर होस् या तन्त्रमन्त्रबाट वशीभूत गराई आफ्नो र समाजको उन्नति गराएको उदाहरण धेरै नै पाउन सकिन्छ । नेपालका जामन गुभाजु जसले भारतबाट आएका एक जना तान्त्रिकले मानिसको मुटु छुट्टै राखेर चटक देखाएको ठाउँमा चील बनेर आई मुटु लिएर उडे । उसलाई मानिस ब्यूँताउन मुटुको आवश्यकता परेको र जामन गुभाजुले लगेको थाहा पाई जामन गुभाजु खोज्दै उसको घरमा पुग्दा श्रीमतीले चुलाको मुखभित्र खुट्टा घुसारी आगो बालेर खाना पकाउन लागेको देखेर श्रीमती त यस्ती छन् भने श्रीमान्को कसरी कल्पना गर्ने भन्ने लागेछ । नरम भावले उनको श्रीमान्को जानकारी माग्दा स्वयम्भुमा बाख्रा चराउन गएको बताइन् । खोज्दै जाँदा विष्णुमतीको किनारामा खुट्टाले पारिपट्टिको रूख लर्काई वारीपट्टि ल्याई बाख्रालाई स्याउला ख्वाएको देखेछ । यसरी उसको अभिमान तोडी आइन्दा नेपाल नपस्ने कबोल गराई मुटु फिर्ता दिएछन् । जामन गुभाजुकै साथी लम्भकर्ण भट्ट हुन् र यिनी पनि ज्यादै ठूला तान्त्रिक हुन् । यिनले सीतापाइला नजिक

आदेश्वरमा गाउँलेलाई खानेपानीको दुःख पर्दा बनाइदिएको सानो पँधेरोको पानीबाट सयौँ जन्तीलाई भोज खुवाउन पुग्थ्यो । त्यो पँधेरो मैले पनि देखें । नेपालमा रातको पहिलो प्रहरपछि अन्तिम प्रहरको बीचमा मानिस हिँडडुल गर्दैनथे, कारण यस किसिमका तान्त्रिक धेरै टाढा जान परेमा बाटो पट्याई घण्टौँ घण्टाको बाटो मिनेटमा पार गर्दा त्यस अवस्थामा थिचिएर मानिसको मृत्यु हुने किंवदन्ती थियो भने हिँड्न नहुने समयलाई बेलुका तोपले हिँड्न बन्द र बिहानी पखको तोपले बाटो खुल्ने चलन मैले नै भोगेको छु । किराँत, लिच्छवि, मल्ल, कालका राजाहरू समेत तलेजु भवानीसँग पासा खेल्दथे र पृथ्वीनारायण शाहलाई गोरखनाथ बाबाले दही ओकलेर खान दिँदा नखाई खुट्टामा मात्र पर्दा उनले टेकेको जति स्थान उनको राज्य हुने वर पाएको भनाई छ ।

नेपालमा अनिकाल पर्दा यहाँका तान्त्रिकले आसाम भारतको गुहाटीबाट मत्स्येन्द्रनाथलाई काठमाडौँ ल्याएको र पानी परेको, पशुपतिनाथ क्षेत्रमा रहेको भुवनेश्वरीमा आफ्नै पुत्रलाई बलि दिन लागदा बन्धुदत्त आचार्यले बचाएको कुरा हाल त्रिशूल जात्रामा देखाइन्छ । महाकाल भैरव आकाशमा उड्दा तान्त्रिक विधिले टुँडिखेल नजिक स्थापना गरेको र दक्षिणकालीको मूर्ति प्रतिस्थापन गर्दा पर्न गएको बिघ्नबाधा तान्त्रिक साधनाबाट साम्य गराएको भनाई अझै सुनिन्छ । रातमा बोक्सीहरूले पीपलको रूख नै बोकेर हिँड्ने, हत्केलामा बत्ती बाल्ने, तन्त्रमन्त्रले टुना मोहनी लगाउने, कामजरो र अन्य रोग झारफुकले निको पार्ने, पानी मन्त्रेर खुवाई व्यथा निको पार्ने, धामीझाँक्री आदिका चलन आज पनि नेपालमा प्रशस्त छन् । यी सबै तन्त्रविद्याका प्रभाव हुन् । २०७० साल भाद्र २९ गते शनिबारका दिन ललितपुरमा तान्त्रिक विधिअनुसार दसमहाविद्या पूजा सम्पन्न गरिएको छ ।

ललितपुरस्थित पूर्णचण्डी मन्दिरमा कमला, पुल्चोकमा तारा, नकहिलमा भुवनेश्वरी, बगलामुखीमा बगला, धुम्बहालमा धुमावती, स्वंठमा मातङ्गी, मामदुगल्लीमा छिन्नमस्ता, चकबहिलमा त्रिपुरसुन्दरी, तःबहालमा काली र बालुखामा भैरवीको पूजा गरिएको थियो । दिव्यदेव पन्तले राणाहरूसँग जुवा खेल्दा सिंहदरबारको कैलाशकुटबाट पाँचौं तल्ला तल चोकमा कौडा खसाल्दा चौका (चार ठाडा) परेर जुवा जितेको घटना ताजै मान्नुपर्दछ । धनशमशेरले टुँडिखेलबाट भीमसेन थापाको खप्पर लगेका र त्यसैबाट आफ्नो बैठकमा पर्यटकहरूलाई पनि भीमसेन थापा घोडामा हिँडेको देखाउँदथे भनिन्थ्यो । उहाँ ठूला तान्त्रिक हुनुहुन्थ्यो र तन्त्र विद्याका धेरै किताबहरू पनि लेख्नुभएको छ ।

यसरी देवीदेवतालाई तन्त्रमन्त्र, ध्यान, योगबाट रिझाई वरदान पाउने र आफू अनुकूल समय र आपतविपदमा, कर्मकाण्ड, शुभ-अशुभ कार्यमा पूजाआजा, तन्त्रमन्त्र आदि शक्तिद्वारा शुभ कार्यहरू गरिन्छ । समाज, व्यक्तिको उत्थान र सदुपयोग कार्यमा मात्र तन्त्रमन्त्र प्रयोग गरिन्छ र यही नै वैदिक सनातन धर्मको लक्षण हो । त्यसैले भारतबाट आएको चटकी (तान्त्रिक)ले नराम्रो कार्य गरी पैसा कमाउन खोज्दा नेपालबाट भाग्नुपर्ने तुल्याइएको हो । अथर्ववेद नै तन्त्रविद्याको शास्त्र मानिन्छ । नेपालको जुम्लामा लक्ष्यहोम लगाउँदा दाजुले मन्त्रबाट अग्नि उत्पन्न गराउँदा दाजुलाई यज्ञ मण्डपमा आचार्य बनाइयो भने भाइले मन्त्रद्वारा नै आवश्यक जल (पानी) नजिकै उत्पन्न गरेकाले उनलाई पनि राजाले नयाँपानीय (न्यौपाने) बनाए । यसैले आचार्य र न्यौपाने सहोदर दाजुभाइ हुँदा आजपर्यन्त सगोत्री छन् ।

श्री पशुपतिनाथको दैनिक पूजाआजा, नित्य नैमित्तिक उपासना आदि कार्य वैदिक परम्पराअनुसार र तान्त्रिक विधिअनुसार मिश्रित

रूपमा गरिन्छ । दक्षिण भारतका भट्ट ल्याई यहाँ नेपालको परम्परा र पद्धतिको दीक्षा दिई पूजाहरू गर्ने गरिन्छ । यो प्रथा शङ्कराचार्य नेपालमा आई चलाएको भन्ने भनाई छ । पशुपति क्षेत्रकै भैरवका साथै पशुपतिनाथको शक्तिका रूपमा रहेकी वत्सला देवीको पूजाआजा पनि तान्त्रिक विधिबाट हुन्छ । वत्सलालाई तान्त्रिक विधिबाट कर्माचार्यहरूले पूजा गर्दछन् । यसै पाशुपत क्षेत्रका मातृका र उन्मत्त, कीर्तिमुख, आकाश तथा हेमन्त भैरव र तुलजा, राजराजेश्वरी, मनमानेश्वरी, बज्रेश्वरी, जयबागेश्वरी, भुवनेश्वरी र महामाया गुह्येश्वरीको पूजाआजा पनि तान्त्रिक विधिबाट दीक्षित देव ब्राह्मण र कर्माचार्यहरूबाट गर्ने प्रचलन छ ।

भगवान्को मुखारवृन्दबाट वेद प्रकट भएको र वेदलाई ईश्वर प्रणित र अपौरूषेय मानिएकोले अनादि भन्ने पनि गरिन्छ । यसरी वेदबाट तन्त्रमन्त्र प्राप्त भए । महादेवबाट उच्चारण भएका शब्दहरू पछि आएर शब्द र अर्थमा छुट्टिए । जस्तै संस्कृत व्याकरणको अै, उण्, लृ, लृक आदि महेश्वरको मुखारवृन्दबाट उच्चारण भएको सूत्र भनी कौमुदीमा पढ्दछौं । यसैले तन्त्रमा वर्णन भएका शब्दहरू नै वेदका ऋचाहरू हुन् । अथर्ववेदलाई नै तन्त्रशास्त्रको मूल आधार मानिन्छ र बौद्ध धर्मको प्रवर्तक पनि अथर्ववेद हो । वेदहरूमा नै उमा, लक्ष्मी, पृथ्वी, दुर्गा, इन्द्राणी, उषा रात्रि आदि देवीहरू उल्लेख छन् । यसैले तन्त्र विद्या प्राचीनकालदेखि नै चलिआएको हो ।

शिवले नै आफ्नो रूप ईशान, तत्पुरुष, अघोर, सद्योजात, वामदेव र कालाग्नि रूद्रको रूप ग्रहण गर्नुभएको छ । उहाँ नै एक मात्र परब्रह्म परमात्मा हुनुहुन्छ । आफ्नी शक्ति उमालाई पनि कामेश्वरी, शिद्धेश्वरी, निशेश्वरी, कुब्जेश्वरी, पूर्णेश्वरी र बज्रेश्वरी गरी ६ रूपमा विभक्त गर्नुभएको छ ।

शिव नै हिमालयमा रहनुहुनाले हिमालयकै पुत्री पार्वतीसँग विवाह हुन गएको छ र हिमाली मुलुक मानसरोवर चीनमा पर्ने हुँदा चीन, भारत, नेपाल र मङ्गोलियनहरूमा शैव धर्म प्रचलनमा आएको छ । यसैमा बुद्धधर्म पर्ने हुँदा बज्रयान, महायान आदि शाक्य बुद्ध हुँदै तन्त्रमन्त्र समावेश भई आएका छन् । वैदिक सनातन धर्म तथा बौद्ध धर्मावलम्बीमा पनि जन्मदेखि मृत्युपर्यन्त तन्त्रमन्त्रबाट नै कार्य गरिन्छ । दसैंमा नवदुर्गा, विवाहमा मातृका पूजा र अन्य कर्मकाण्ड पनि तन्त्रमन्त्रबाट सम्पन्न गरिन्छ ।

लिच्छवि कालका मानदेवले विजयेश्वरीको मन्दिर तान्त्रिक विधिद्वारा स्थापना गरेका हुन् भने स्वस्थानी व्रतकथामा महादेवकी प्रिया सती अग्निमा प्रवेश गरी प्राण त्यागिसकेको शरीर बोकिहिँड्दा नेपालका विभिन्न स्थानमा अङ्ग पतन हुँदा गुह्येश्वरी, गोकर्ण, कोटेश्वर शक्तिपीठ नै स्थापना भई विभिन्न व्यक्तिले ती ती क्षेत्रमा तप, व्रत, आराधना गरी, शक्ति तथा मोक्ष प्राप्त गरेको भन्ने भनाइ पाइन्छ । पशुपतिनाथकै पूजा उपासनामा शिवका मस्तकमा श्रीविद्या राज राजेश्वरी, महात्रिपुरसुन्दरी भगवतीको अर्चना गरिन्छ । नेपालमा तन्त्रविद्याकै माध्यमले ब्राह्मी माहेश्वरी, कौमारी, वैष्णवी, इन्द्राणी, बाराही, चामुण्डा र महालक्ष्मी गरी अष्टमातृका स्थापना गरी पूजाआजा हुन्छ । त्यस्तै भैरव, खड्गयोगिनी, बज्रयोगिनी, हरिसिद्धी, भद्रकाली, कामेश्वरी, रक्तकाली, नरदेवी, महाकाली, म्हेपी, शोभाभगवती, पचलीभैरव, टीकाभैरव, बाघभैरव, छिन्नमस्ता, बगलामुखी, सङ्कटा आदिको तन्त्रविद्याद्वारा नै कर्माचार्य, गुभाजु र अन्य जातिहरूबाट पूजाआजा हुन्छ भने गोरखनाथको पूजा कानफट्टाहरूबाट हुन्छ र मनकामनाको पूजाआजा मगर जातिबाट हुन्छ । भैरव र अन्य देवीहरू, विभिन्न स्थानका कोटहरूमा मौलो राखी तन्त्र विद्या र

अन्य मन्त्रोच्चारणबाट बलि दिइन्छ । नेपालका सबै जाति-प्रजातिमा नै तन्त्रमन्त्रको पूर्ण मात्रामा छाप परेको पाइन्छ । हाल पनि नेपालमा तन्त्रविद्याका पुरुष-स्त्रीहरू, कर्माचार्य, गुभाजु, जोशी आदि साधनारत छन् र ब्राह्मणहरूमा पनि गोरखाका मास्टर बाजेको नामबाट प्रख्यात इतिहासकार तथा तन्त्रविद्याका ज्ञाता दण्डपाणी अर्ज्यालज्यूले श्रीयन्त्रको निर्माणविधि र दसमहाविद्याबारे पुस्तक लेख्नुभएको छ । साथै उपत्यकाको तीनै सहरमा जीवित कुमारीको तन्त्रमन्त्र विधिविधानबाट पूजाआजा र त्रिदेवीसहित तन्त्रमन्त्रद्वारा स्थापित गणेश, नारायण, विभिन्न शक्तिपीठका देवदेवीको पनि तन्त्रमन्त्रद्वारा पूजाआजा गरी रथयात्रा गरिन्छ । तन्त्रमन्त्रबाट पूजाआजा हुने देवदेवीहरूलाई अन्य तरिकाबाट पनि पाठ जप गरी फूल, अक्षता, चन्दन, धूप, दीप गरेर पूजाआजा गरिन्छ । देवदेवीलाई खुसी पारी उनीहरूको कृपा प्राप्त गर्नु जीवनलाई आनन्दमय बनाई मोक्ष प्राप्त गर्नु हो तापनि कोही तान्त्रिक सिद्धि प्राप्तिपछि शक्तिशाली बनेर अणिमा, महिमा, लघिमा, गरिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्व अर्थात् क्रमशः सबभन्दा सानो हुनु, सबभन्दा ठूलो हुनु, सबभन्दा हलुका हुनु, सबभन्दा गह्रौं हुनु, चाहेका स्थानहरूमा पुग्नु, चाहेको कुरा पाउनु सबैको मालिक हुनु र सबलाई वशमा पार्नु हो । यस्तो कार्य गर्दा अन्यले बाधाअड्चन गर्न लागेमा मारण, मोहन, स्तम्भन, उच्चाटन, विद्वेषण र वशीकरण आदि कार्यलाई रोकावट गर्न सक्दछन् ।

यसरी देवदेवीको उपासना गरी सिद्धी प्राप्त गर्ने श्री निखिलेश्वरका अनुयायीहरू पनि नेपालमा प्रशस्त हुनुले अब त्यस बारेमा केही प्रकाश पार्ने कोसिस गर्दछु ।■

निखिलेश्वर

श्री निखिलेश्वर बाबाको जन्म सन् १९३५ अप्रिल २१ का दिन बिहान १० बजेर २१ मिनेट जाँदाको शुभमुहूर्तमा भएको हो । उनको जन्मस्थान भारतको जोधपुरस्थित फलोदी गाउँमा भएको हो । उनी जन्मनुभन्दा एक हप्ता अघि उनकी आमा रूपादेवीले सपनामा भगवान् नारायण देखिन् । नारायणले म तिम्रो घरमा बच्चाको रूपमा जन्म लिनेछु र बालकको नाम नारायण राख्नू भनेछन् । त्यसैले उनको बालक अवस्थाको नाम नारायण राखियो । बालक २७ दिनको हुँदा उनलाई आमाले कोठामा सुताई आफू घाममा बस्न बाहिर आइन् । केही समयपश्चात् कोठामा जाँदा बालकको शिर नजिक फँणा फिँजाएर सर्प बसेको देखी उनी आत्तिएर कराइन् । बालक रुन थालेपछि सर्प त्यहाँबाट अन्यत्र लाग्यो । उनको आमाले त्यस सर्पलाई 'रक्षा गर बासुकी !' समेत भनिन् । बालकको पालनपोषण उनको मामाघरमा भयो । मामाघर उनको जन्मघर फलोदीबाट ६ किलोमिटर टाढा तोर्डिया गाउँमा थियो । मामा राम सखु धर्मपरायण र आयुर्वेदका अध्येता थिए । मामासँग रहँदा बालक नारायण पाठ पूजामा रमाउन थाले । उनले वेदको मन्त्रोच्चारण गरेको सुन्दा सम्पूर्ण श्रोता आश्चर्य मान्दै यो बालक भविष्यमा ठूलो

धर्मपरायण व्यक्ति हुने छ भनी भविष्यवाणी गर्दथे । उनलाई गाउँघरका सबले माया ममता गर्ने नै भए । गाउँघरमा केही घटना, कोही बिरामी परेको थाहा पाउनासाथ त्यहाँ पुगेर मद्दत गर्थे । यसैले गाउँघरमा उनको अर्को नाम 'साधु बालक' रहन गयो । उनको बालक अवस्थैदेखिका साथी श्री पिताम्बरदत्त शास्त्री जो ठूला विद्वान् पनि हुन्, उनीद्वारा लिखित पूर्णमद किताबमा नारायणका हात पाउका चिह्न अध्ययन गरी १६ कलाले युक्त व्यक्ति हुन् भनी उल्लेख गरेका छन् । नारायण सानै उमेरदेखि भविष्यमा हुने घटना, हस्तरेखा हेरेर फलादेश गर्दथे ।

बाह्र वर्षको उमेरमा उनको विवाह जोधपुरबाट ७० कि.मि. टाढा रोहट गाउँका प्रतापचन्द्रकी पुत्री भगवतीदेवीसँग सुसम्पन्न भयो । उनी पनि धार्मिक भावनाकी हुँदा धेरै समय पूजापाठमा व्यस्त हुन्थिन् । नारायणको पनि जपपाठ सहित पढाइ चल्दै थियो । एकपटक उनी पूजापाठमा रहेको अवस्थामा तीन-चार घण्टा नै समाधिमा निश्चल रहेको देखी उनका साथी डराएका पनि थिए । उनको यस्तो अवस्था थाहा पाई पिताजीले त्यसो नगर्न सम्झाउनु पनि भयो तर उनले योग गर्न छाडेनन् । यस समयमा यिनले डक्टरेट गरिसकेका थिए र उनको नाम डा. माली भएको थियो । एकपटक गाउँमा आगलागी भई घरभित्रको बच्चा निकाल्न नसकी बाबुआमा रोएको सुनेर नारायण आगाको लप्काबाट भित्र पसी बालकको उद्धार गरे र उनी केही जले । १५ दिन अस्पतालमा औषधोपचार पछि ठीक भएर घर फर्के । उनमा बिस्तारै संसार, घर परिवार, मातापिता, स्त्री आदि परिवारदेखि टाढा रही ईश्वरको तपस्या, ध्यान गरी नवीन फलिभूत गर्ने लक्ष्यका साथ माता, पिता तथा यौवना स्त्रीलाई समेत सम्झाई उनीहरूकै वचन लिई घर

परिवार त्याग गरी अनन्तको यात्रामा निस्के । एकपटक आफ्नी आमा बिरामी भई अस्पतालमा भर्ना गर्दा एउटी अपरिचित नर्सको भविष्यवाणी गर्दै उनको घरमा उनका पतिलाई मार्न आएको उनको प्रेमीलाई सम्झाउन पठाई प्राण रक्षा गराए र भारत टुक्रिई पाकिस्तान बन्ने पनि पहिले नै भविष्यवाणी गरे । उनको भविष्यवाणीको प्रभावबाट उनको ख्याति बढ्दै जाँदा दिनमा सयौँ व्यक्ति उनी समक्ष आउन थाले । यसरी अन्यको भविष्य मात्र हेरेर सन्तुष्टि नमिली आफ्नो जीवनको सार्थकताको खोजीमा लाग्ने विचारमा थिए । एकदिन बिहान घुमेर आउँदा उनले सर्प कुल्चन पुगे तर त्यसले केही नगरी गयो र यत्तिकैमा एकजना सिद्ध पुरुषसँग भेट भयो । उनले नारायणको नाम नै उच्चारण गरी– "यस संसारमा तिमीले धेरैको उद्धार गर्नु छ, गृहत्याग गरी हिमालयको बाटो समात !" भनिसकेका थिए । उनी घरबाट साधारण धोती, भोटो लगाई निस्के ।

घुम्दै उनी गुजरात पुगे । त्यहाँको जङ्गलमा स्वामी पूर्णानन्दसँग भेट भयो । पूर्णानन्द केही खाँदैनथिए । हप्ता दिनसम्म उनीसँग रही सेवा गर्दा पनि स्वामीको मार्गदर्शन नपाउँदा त्यहाँबाट उनी प्रस्थान गरे । डा. मालीको त्यसपछि एक अनाम अघोरीसँग भेट भयो । अघोरी बाबा मानिसलाई देख्नासाथ धुमधाम गाली गर्दै चित्कार्थे । उनको अगाडि पर्दा आज अवश्यै ज्यान जाने भयो भन्ने लागेको थियो । तर म अगाडि उभिएर मलाई हेरिरहे । मैले पनि हेरिरहेँ । अनि मलाई सँगै बसाए तर दस मिनेट जति उनको अगाडि बस्दा दस वर्ष बितेसरह भयो । अब उनको अनुहार बदलिँदै करुणा मूर्तिमा परिणत भयो । त्यसपछि यिनीसँग म चार महिनासँगै बसेँ । यिनीबाट तन्त्र साधनाको साधारण ज्ञान मिल्यो । ६-७ वर्षपछि भेट हुँदा सँगै रहन आग्रह गरेका थिए । एक रात मलाई

मसानमा लगी बीचमा राखेर तन्त्र पाठ गर्दै मसान जगाए । विभिन्न किसिमका भूत, प्रेत, पिसाच डरलाग्दो तरिकाले म समक्ष नाच्न थाले । म ज्यादै आत्तिएकोले यो कार्य बन्द गरी अघोरीले आफ्नो छाप्रोमा लगे । पाँच-सात दिन डरले गर्दा ज्वरो नै आयो । तर यसको फाइदा मेरो हृदयबाट डर सदाको लागि भाग्यो । उनी त्यहीँ बसाउन चाहन्थे तर मेरो लक्ष्य अर्कै हुँदा उनीसँग बिदा भई त्यहाँबाट हिँडें ।

बाबा नारायणजी भन्दछन्– म अघोरी बाबालाई छाडेकै दिन आबु पुगें त्यहाँको तलाउ बजार आदिले मलाई आकर्षित गर्न सकेन । त्यहाँबाट म गोमुख आश्रम हुँदै वशिष्ठ आश्रम गएँ । त्यहाँ ५-६ जना सन्तहरूसँग भेट भयो । उनीहरूले मलाई योगेश्वर नन्दजीसम्म पुग्न ज्यादै कठिन तथा हिंस्रक जन्तु भएको मार्ग जानुपर्ने बताए । म करिब भयमुक्त भइसकेकोले बडो कष्टसाथ योगेश्वर नन्दजीको आश्रम पुगें । आश्रमको कुनामा ध्यानरत योगीले ध्यान समाधिपछि मलाई हेरे । म नमस्कार गरिरहेको थिएँ । आँखैका इशाराले मलाई बस भने । त्यहाँ मैले महिना दिन जति स्वामीजीको सेवा गर्न पाएँ । योगेश्वरले आँखा नझिम्काई घण्टौं हेर्न सक्दथे । ध्यान गर्दागर्दै अलप हुन्थे र अदृश्य अवस्थामा पनि मलाई उपदेश दिन्थे । यस अवधिमा मलाई जप, ध्यान, योग गर्न सिकाए । उनको इष्टदेव शालिग्राम भएको बताउँदै आफ्नो इष्टदेव अगाडि राखी ध्यान गर्नुपर्नेबारे सिकाए । उनको शरीरमा लगौंटी मात्र थियो भने करिब एक वर्ग फिटको सानो रातो झोला थियो । मेरो धोती फाटेको देखी त्यसै झोलाबाट नयाँ धोती झिकेर दिए । झोलाबाटै खाना झिकी मलाई खुवाए । मेरो कलम भाँचिँदा त्यही झोलाबाट दिएको राम्रो कलम अद्यापि छ । स्नान गर्न जाँदा त्यही झोलाबाट लोटा झिकेर लग्दथे ।

मेरो सेवाकै अवस्थामा उनी लगभग १८० वर्ष भएको जानकारी मिल्यो । उनले नै वायव्यीय मुद्राको ज्ञान, कुण्डलीनीको दर्शन सहित एकस्थ ध्यानमुद्रा सिकाए । लगभग महिना दिनपछि मलाई जाऊ भनी बिदा दिए । त्यस बखत म ज्यादै हुँक्कहुँक्क गरी रोएँ र उनको शरणागत भई भुइँमा सुती प्रणाम गर्दा मलाई टाउकोमा हात राखी उठाएर एक इष्टदेव शालिग्राम दिए । बिदा हुने समयमा दुवैको हेराहेर मात्र भयो । यत्तिकैमा उनी अन्तरध्यान भए । म आबुको मार्गतर्फ लागें । त्यसको सात वर्षपछि जाडो महिनाको समयको रातको निद्रामा अचानक मैले उनको दर्शन पाएँ र मलाई बोलाइरहेको दृष्टिले म छक्क परेको थिएँ तर पनि भोलिपल्टै उनलाई भेट्न बाटो लागें । यस्तो जाडोमा आबुतर्फ जान लाग्दा श्रीमती चकित परिन् । आबुबाट हिँडेको लगभग रातको एक बजे त्यहाँ पुगें । स्वामीज्यू कुटी बाहिर पल्टिरहेका थिए । मलाई आइपुग्यौ ? बस भन्दै प्रभुपाद पनि आउँदै होला भने । त्यसै समय गेरुवस्त्रधारी तीस-बत्तीस वर्षको तेजश्वी युवक आइपुगे र गुरुको चरणतर्फ पलेटी कसी बसे । मैले परिचय दिनै नपाई तपाईं नारायणजी हैन ? भने । मैले हो भनें । स्वामीजीको ध्यान भङ्ग भयो । उनले आफ्नो जीर्ण शरीर त्याग्न चार दिनदेखि सङ्घर्ष गर्दै रहेको कुरा भन्दै मलाई उनको दायाँतर्फ बस्न लगाए । बायाँतर्फ प्रभुपाद बसेका थिए । हामी दुवैलाई आफूसँगै लैजान नमिल्ने गुह्यानी ज्ञान दिए । रातभर यो ज्ञान दिएपछि आफ्नै अगाडि प्रथम, द्वितीय चरण गराए । अन्तिम चरण उनकै भष्म खरानी अगाडि गर्नुपर्ने हुँदा सूर्योदय हुने समयमा उनी ब्रह्मलीन भए ।

म ज्यादै रोएँ भने प्रभुपादको हृदय वज्र रहेछ । आफ्नो दुःख लुकाएर राख्न सक्दा रहेछन् । स्वामीजीकै आज्ञाअनुसार प्रभुपादले

दाहसंस्कार गरे । साधनाको तेस्रो तथा अन्तिम चरण भष्म अगाडि पूरा गर्‍यौं। पाँचौं दिनमा स्वामीजीको भष्म लिई मानसरोवरमा विसर्जन गर्न प्रभुपाद हिँडे । त्यसपछि प्रभुपादसँग भेट नभए तापनि स्वामीजीबाट सङ्केत मिलिरहन्छ । स्वामीजीबाट उसै समय धेरै अगाडि आशीर्वाद पाएर हरिद्वार गई १५ दिन भागीरथी गङ्गामा रहें । ऋषिकेशमा जाँदासमेत मनमा शान्ति मिलेन ।

किकर बाबासँग भेट :

त्यसै दिन लक्ष्मण झुलाबाट राम मन्दिर दर्शन गरेर फर्कंदा सेतै कपाल भएका करिब ७५-८० वर्षका वृद्धसँग भेट भयो । उनी जङ्गलतर्फ लागे । म पनि पछिपछि गएँ । आठ-दस मिनेटपछि कुटीमा पुगें । लिपपोत गरेको सफा छाप्रो छ । कुटीको आकर्षणले नै उनी ठूलो आध्यात्मिक विद्वान् जस्तो लाग्यो । आफ्नो नाम र परिचय दिएर बस्न आज्ञा मागें । स्वीकृति दिए । मैले आफ्नो जीवनको उद्देश्य बताएँ । उनले धेरै बेरपछि आफू साधारण मानिस भएको बताए । मैले पनि हजुर जत्तिकै मलाई बनाई दिनोस्, हजुरको सेवामा यहाँ नै रहन्छु भनें । उनले बस्न स्वीकृति दिए । बिहान-बेलुका गरेका पाठ स्त्रोत्रका श्लोकहरू कहिल्यै सुनेको थिइनँ । उनकै सहयोगबाट यी सबै करिब पाँच सय संस्कृत श्लोक लेखें । त्यसैबाट उहाँ प्रकाण्ड ज्योतिष विद्वान् रहेको भन्ने थाहा भयो । उनले नै मलाई गर्भकुण्डली, प्राणकुण्डली र जन्मकुण्डलीबारे राम्रोसँग शिक्षा दिए । जन्मकुण्डलीबाट नै अन्य दुई कुण्डली जान्ने विधि समेतको शिक्षा पाएँ । उनी हस्तरेखाको ज्ञाता रहेछन् र हस्तरेखाबाट नै मानिसको घरको ठेगाना भनिदिन्थे । म त्यसै कुटीमा रहँदै गर्दा अर्का एक जना ६०-६५ वर्ष जतिका शङ्कर भन्ने अलि कुप्रा र

ख्याउटे खालका व्यक्ति आई स्वामीजीलाई नमस्कार गरे । स्वामीजीले उनको वृद्ध अवस्था देखी कस्तो बूढो देखिएको भनी अफसोच गरे । भोलिपल्ट बिहान उनलाई दाल, रोटी बनाउन भनी कुटीबाट निस्किए । हामी दुईले स्नान कर्म सकी दाल रोटी तयार गरेको धेरैपछि एउटा दुई फिट जति लामो आलो लहरो हातमा लिई आइपुगे । खान बस्दा शङ्करको दालको कचौरामा त्यो लहरो धेरै बेर घोटेर बाँकी टुक्रा फ्यालिदिए । शङ्करलाई त्यो सबै दाल खान भने । खानापछि भान्छाको सफाइ काम सकेर स्वामीको सङ्केतले घुम्न निस्कें । त्यो दाल खाएपछि तीन-चार घण्टा घुम्नुपर्ने रहेछ क्यार । करिब चार घण्टापछि शङ्करलाई कुटी नजिक भेट्दा उसको मुखको चाउरी हटी, आँखीभौं, कपाल एकदम कालो र शङ्कर उज्ज्वल वयस्क जस्तै देखें । बेलुका ६ बजेतिर किकर स्वामीजी र शङ्कर बाहिर जान लाग्दा म पनि सँगै जान खोजें तर मलाई आशीर्वाद दिएर कुटीमै बस्न भने । म त्यस रात कुटीभित्र पसिन, बाहिरै सुतें । भोलिपल्ट बिहान त्यो दालमा घोटेर फालेको टुक्रा तीन-चार घण्टासम्म खोज्दा पनि फेला परेन । त्यो लहरोबारे स्वामीजीसँग सोधनी गर्न नसकेकोमा ठूलो पश्चाताप छ । त्यहाँबाट दस दिन हरिद्वारमा बिताएँ । एक दिन गङ्गा तटमा घुम्दाघुम्दै ज्यादै थकाइ लाग्यो र नजिकैको फराकिलो ढुङ्गामा पल्टें, निदाएछु । निद्रामा एक साधुले गङ्गाको उद्गमस्थानतर्फ लाग्न भने । ब्यूँझेर घडी हेर्दा रातको दुई बजेको रहेछ । मैले निकै बेर गङ्गामा स्नान गरें । मनमा अलि आनन्द आयो । अब सपनाको आदेशअनुसार गङ्गाको उद्गमतर्फ हिँडें । दुई-तीन दिनमा यसो गाउँबाट पिठो मागी रोटी खान्थें । यसरी जाँदा जाँदा गङ्गोत्री नजिक पुगें । त्यहाँ एक नागा बाबासँग भेट भयो । उनी मङ्गतडा गाउँको शिवालयमा बसेका रहेछन् ।

करिब ८० वर्षका छन् । उनको चम्किलो आँखाबाट नै ठूला सिद्ध हुन् भनी छुट्याउन सकिन्छ । गाउँबाट करिब एक मिल टाढाको महादेवस्थानमा पुगेर मैले त्यहाँ रहन आज्ञा मागें । बेलुका बिहान साधुलाई भेट्न गाउँले आउँदा रहेछन् । पहिलेकै दिन साँझ गाउँलेहरूले मलाई बाबाको कुटीबाट केही हराए तँलाई छाड्दैनौंसम्म भने । गाउँले सबले योगीलाई नागाबाबा भन्दा रहेछन् । धेरै नबोल्ने सबलाई छोटो उत्तर दिने । म त्यहाँ बसेको पाँचौं दिन बिहान नित्यकर्मपछि आँखा चिम्लेर शिवालयमा बसेर सश्वर चन्द्रशेखरको पाठ गरिरहेको थिएँ । साधुबाबालाई त मेरो अगाडि देखें । मलाई हेरेर राम्रो पाठ गर्दा रहेछौ भनी पुनः पाठ गर्न लगाए । उनले मेरो बारेमा मलाई हेरेर नै सबै जानिसकेका रहेछन् । घरमा आमा धेरै बिरामी छिन्, तिमी यसरी भड्केर हिँड्ने ? भनी गाली गर्दै आफ्नो बूढी औंला देखाए । मैले टेलिभिजन हेरेजस्तै आफ्नो घर, श्रीमती, छोरो समेतलाई अगाडि देखें । आमा नारायण, नारायण भनी पुकारी रहनुभएको छ । म ज्यादै अत्तालिएर रुँदै घर फर्कन सुरु गर्दा नरोऊ, तिम्री आमा मर्दिनन्, सब ठीक हुन्छ भनी बताए । आमालाई १०३ डिग्रीभन्दा बढी ज्वरो छ । बेलुकीपख नागा बाबालाई ज्यादै ज्वरो आयो । म रातभर कुरेर बाबाको समेत पीर बोकेर रुँदै गर्दा बिहानीपख बाबालाई पनि ज्वरोले छोड्यो । उहाँले बूढीऔंला हेर त भनेर देखाउनुभयो । आमा त उठेर बस्नुभएको छ । बिहान आमालाई हेर्न आउने र औषधोपचार गर्न आउने चिकित्सक समेत आश्चर्यमा परे । नागाबाबाले आमाको व्यथा आफूमा सारेको कुरा बताए । म त्यहाँ करिब तीन महिना बसें । बेला बेलामा घरको सब हालखबर हेर्दछु । म बाबाको चरणमा परें । उनले मलाई नख-दर्पणादिखण्ड, विभूति ज्ञान, श्वाससाधना क्रिया, वीर्य सञ्चयबाट

रसास्वादन विद्या, अरूले गोप्य कुरा लेखेको हेर्दै नहेरी भन्न सकिने विद्या सिकाए । एक दिन मलाई बाटामा हिँड्दा सर्पले डसेर मरणासन्न अवस्थामा उनी समक्ष पुग्दा आफ्नो औँला मलाई चुसाई वीषको डाहा हटाएर ठीक पारे ।

एकपटक उनी ध्यानमा मग्न थिए । पछि मैले पनि ब्रह्मानन्द रस पिउन सक्छु भनी सोधेको मात्र थिएँ हुँकार गर्दै मेरो छातीमा लात्ताले हाने । तब मैले सम्पूर्ण विश्व चराचर देखेँ। दुई मिनेटपछि फेरि जस्ताको तस्तै भएँ । यो विद्या सिक्न आग्रह गर्दा अहिले त्यो अवस्थामा पुगेका छैनौँ, पछि अर्कोपटक सिकाउँला भन्दै तिमीलाई तिम्रो गुरुले बोलाइरहनुभएको छ, तुरुन्त गइहाल भने । कुन दिशातर्फ जाऊँ भन्दा तिमी जाऊ आफै जाने दिशा निर्दिष्ट हुन्छ भने । म आफ्नो झोला, धोती, रुमाल लिई उनलाई नतमस्तक भई चरणमा पर्दा उनले उठाई गङ्गा किनारसम्म पुऱ्याई म फेरि एकपटक भेट्छु जाऊ भने । गङ्गाको किनारै किनार अज्ञात स्थलतर्फ हिँड्दै जाँदा माता भैरवीसँग भेट भयो । **भैरवी माता** बङ्गाली महिला हुन् । एघार वर्षको उमेरमा विवाह भएको थियो । विवाहको केही दिनपछि नै पतिको मृत्यु भयो । त्यसपछि उनमा वैराग्य जाग्यो र आफ्नो गुरुबाट धेरै तन्त्रविद्या प्राप्त गरिन् । उनी कालीको भक्त थिइन् । सम्पूर्ण गाउँले भैरवी माताको सत्संगमा आउँथे । उनी करिब ७० वर्षकी थिइन् र बीस वर्षदेखि फलफूलहरू मात्र ग्रहण गर्दै आएकी थिइन् ।

नजिकै एक ब्राह्मणको घरमा बसी बिहान बेलुका म पनि भैरवी माताको सत्संगमा जान्थेँ । एकदिन उनले मलाई सत्संगकै समयमा इसारालै बोलाइन् र अझै गुरु बनाएका छैनौ ? भनी सोधिन् । मैले योग्य गुरु नै फेला पार्न सकेको छैन भनेँ । उनले योग्य शिष्य पाउन पो गाह्रो हुन्छ भनिन् । त्यसपछि त्यो रातभर

निदाउनै सकिनँ म अझै योग्य शिष्य बन्न नसकेकोमा । माताले मलाई शिष्य हुन गुरुको सम्पूर्ण राम्रा-नराम्रा कुराको यकिन नगरी गुरु आदेश पालन गर्नुपर्ने शिक्षा दिइन् । एकदिन सत्संगमा पनि गइनँ तर माता भैरवीले भोलि तीन बजेतिर आउन खबर पठाइन् । म पुग्दा माताको साधना कक्षबाट ध्वनि आइरहेको थियो । कालीको ध्यान गर्दै रहिछन् । म साधना कक्षमा जाँदा धूप आरतीले कोठा अँध्यारो जस्तै थियो । माताले मलाई बसाली आँखा बन्द गरी उर्द्धस्थ गर्न लगाइन् र मेरो शिरमा हात राखिन् । मेरो हृदयमा एक ज्योति पस्यो । चराचर विश्व देख्न थालें र विश्व नै ममा व्याप्त छ र म त्यसैमा समाहित छु । केही बेरपछि मेरो शिरबाट माताले हात झिक्नासाथ पहिलेकै अवस्थामा आएँ । माताले के देख्यौ ? भन्दा मैले अँ मात्र भनें । माताले यही प्रकृया नै दोस्रो साधनामा हुन्छ तर तेस्रो चरणको कार्य गुरुले सिकाउनुहुन्छ भनिन् । करिब २० दिनपछि घरबेटी ब्राह्मणसँग बिदा लिई माताकहाँ बिदा हुन पुगें । उनले "गुरुदक्षिणा दिँदैनौ ?" भनिन् । म उनको चरणमा समर्पित भएँ । यसै अवस्थामा उनको हात काँधमा पर्दा तीन-चार घण्टा बित्यो । विराट शून्य अवस्थामा पुगें । मलाई उठाई हातमा अद्भूत मणि दिई आशीर्वाद दिएर उनी ध्यानस्थ भइन् । माताको असीम कृपा र मणि प्राप्त गरी बिदा भएर म त्यहाँबाट हिँडें ।

काठमाडौँ आगमन

निखिलेश्वर नेपालमा पनि आएका थिए । माता भैरवीसँगको भेटपछि काठमाडौँ पुगें । नेपाल तान्त्रिक विद्याको महत्त्वपूर्ण स्थान हो । काठमाडौँको दक्षिणकाली नै सिद्धप्रदायक देवी पर्दछिन् भने पशुपतिनाथको मन्दिरको बारे मजस्ताले वर्णन गर्न सक्दिनँ ।

पशुपतिनाथ क्षेत्रमा सुन बनाउन सक्ने बाबा रहनुहुन्छ । एकपटक उनलाई भेट्न आवश्यक छ भनी गुरुभाइ सत्यानन्दले भनी उहाँ समक्ष पुग्ने मार्ग समेत बताएका थिए । त्यसै अनुरूप भगवान् श्री पशुपतिनाथ पुगी बागमतीमा स्नान गरी भुर्भुजा बाबा भेट्न बागमती तरेर जङ्गलर्फ लागें । दर्शनार्थीहरूले म बागमती पारिको जङ्गलतर्फ लाग्दा त्यता नजाऊ सिद्धबाबाको बाघले खान्छ, किन व्यर्थ जिन्दगी गुमाउँछौ ? सम्म भने । म हाँस्दै सत्यानन्दले रूखका बोक्रा खुर्की कुटीमा पुग्ने बाटो बनाएको पत्ता लगाउँदै गएँ । ज्यादै घनाजङ्गलको भागमा साधारण स्याउलाले छाएको कुटीमा पुगें । ढोका उघारै छ । घामका किरण कुटीभित्र छानाबाट पनि पसेको छ । लिपपोत गरेको वरपर राम्रो वातावरण छ । कुटीभित्र समाधिस्थ एक जना ज्यादै दुब्ला, पातला, शरीरमा कम्मर तल केवल सानो वस्त्र मात्र लगाएका हेर्दै तपस्वी जस्ता बाबा देखें । मनमनै नमस्कार गरें । दिउँसो करिब ११ बजे बाबा नजिक पुगेको थिएँ । बेलुका पाँच बजिसक्दा पनि बाबा समाधिमा नै लीन थिए । समाधिबाट उठाउने या समाधि तोड्ने श्राङ विद्या मलाई आउँथ्यो । तर प्रयोग गर्दा समाधिपछि श्राप दिन सक्छन् या मलाई विपरीत कार्य गर्न सक्छन् तापनि धेरै सयम कुर्दाको ग्लानिले गर्दा **श्राङ विद्या** प्रयोग गरें । उहाँको आँखा खुल्यो । मलाई ठूला ठूला आँखाले एकोहोरो हेर्न लाग्नुभयो । म नतमस्तक भएर निहुरी मात्र रहें । श्रापको डरले ज्यादै कठिन हुँदै आयो । यस्तै तीन-चार मिनेटपछि क्रोधले कराउँदै मलाई गइहाल्, यहाँ बाघ आएर तँलाई मार्दछ भन्न लागे । म नतमस्तक भई निहुरी रहें । पुनः गइहाल् भने । त्यसपछि तँ को होस् ? भनी सोधे । मैले प्रभुमा सबै ज्ञान छ, मेरो बारेमा के बताउनु ? हजुर क्षमा पाऊँ, म माथि कृपा होस् मात्र भनें । उनले समाधि भङ्ग गर्ने

विद्या कहाँबाट जानिस् ? भन्दै तँलाई तेरो गुरुभाइ सत्यानन्दले पठायो होला हैन ? त्यो अभागी त्यसै फर्क्यो, तँ पनि केही पाउँदैनस् । जा ! भने । भूर्भुजा बाबाको क्रोध शान्त हुँदै गएको थियो । मैले विनम्र भावमा हात जोड्दै मेरो भाग्यमा हजुरलाई गुरु बनाउने सौभाग्य छैन भने त के गरूँ ? तर प्रभुबाट अवश्य मलाई शिष्य बनाउनुहुन्छ भन्दै लम्पसार परें । तँ धेरै बाठो रहिछस् । बस्, अब तेरो विद्या प्रयोग नगर्नू, म समाधि पूरा गर्दछु भनी कुटीभित्र पसे ।

साँझ पऱ्यो । उज्यालो भयो । बागमती गएर स्नान गरी पशुपतिनाथको ध्यान जप गरी आउँदा अझै समाधिस्थ थिए । यसै तरिकाले दुई दिन बित्यो । मलाई जा भन्ने आदेश पनि नहुँदा ज्यानकै पर्वाह नगरी श्राङ विद्या जप्न थालें । दस मिनेटपछि पुनः तेरो विद्या प्रयोग गरिस् भनी कराउनुभयो । मैले बालकझैं ४८ घण्टा बितिसकेको भय, त्रास, अनिदो आदि हुँदा बुद्धिले काम गरेन, क्षमाप्रार्थी छु भन्दै हजुरबाट यस पापको जस्तोसुकै सजाय निगाह भए पनि शिरोधार्य गर्दछु भनें । साथै बालक जस्तोसुकै उल्लु भए पनि माताको वात्सल्य माया पाउँदछ नै भनें । बाबाले अब सुकेका दाउरा खोजी ल्याउन भने । दाउरा सल्काउँदै एक टुक्रा फलाम माग्नुभयो । जनैको साँचो झिकेर दिएँ । यसलाई आगोमा रातो पारी सानो सिसीको झोल धागोले छर्केर मन्त्रोच्चारण गरी सुनमा परिणत गर्ने कार्य गरे । मलाई यो सुनको भएको बताउँदै मलाई एक्लै बस्न दे ! बेलुका ५ बजेतिर आइज ! भन्दै साँचो हातमा राखिदिए । काठमाडौं साथीकहाँ आई हिजो अस्ति कामले गर्दा आउन नपाएको कुरा गर्दै खानपिनपछि दिउँसो बाँडाकहाँ साँचो जँचाउन लाँदा निख्खर छापावाला सुन रहेछ । बेलुकीपख साथीलाई अझै काम विशेषले चार-पाँच दिन पनि बित्न सक्छ, चिन्ता नगर्नू

भनी भूर्भुजा बाबाको कुटीतर्फ लागें । कुटी खाली रहेछ । ओछ्याउनेलाई बाहिर सफा गरी बसें । यसरी अघि चार-पाँच दिन रहँदा पनि कुटी सफा र पानी छर्की पवित्र गराउँथे । बाबा लम्कँदै आइपुगे । मैले दण्डवत गरें । फेरि किन आइस् ? जा ! म आराम गर्दछु भनी कुटीभित्र गई सुत्नुभयो । म त अलमल्लमा परेर किंकर्तव्यविमूढ भएँ । बिस्तारै कुटीमा पसी बाबाको पाउ नजिक बसी पाउ दबाउन थालें । बाबा बिस्तारै निद्रामा घुर्न थाले । रातको एघार बजिसकेछ । अब मनमा कुभावना आयो । बाबा नजिक दुई-चार ससाना सिसीमा द्रव पदार्थ र सिद्ध सुतबाहेक एक लोटा मात्र थियो । यो शिद्ध सुत र द्रव पदार्थ लिई गएमा हज्जारौं मन सुन बनाउन सक्छु जस्तो लाग्यो । यसै समय भूर्भुजा बाबाले मलाई सम्बोधन गर्दै नारायण यो धागो र द्रव मागेको भए हुन्थ्यो भन्दै लौ लिएर जा भने मेरो हृदयमा वाणतुल्य बिझ्यो । डाँको छाडेर रुँदै पापीको घरको अन्न पेटमा परेकोले यो भावना आएको सम्झें । अब कुटीबाट रुँदै बागमतीतर्फ लागें । बाबा पनि पछिपछि आएका रहेछन् । बागमती किनारामा मेरो गर्धन समाउँदै चोर्ने विचारबाट अब आत्महत्या गर्नेमा पुगिस् भन्दा म बाबाको पाउ समाती रुन थालें । बाबाको दुवै पाउ आँसुले भिजे । मलाई टाउकोमा हात राखेर उठाई आइज भनी सँगै कुटीमा लगेपछि मर्ने इच्छा छाड् म तेरो लागि विद्या सिकाउँछु र तेरो शरीरमा मेरो र तेरो गुरु सच्चिदानन्दको हक छ भने । रातभर सिद्ध सुतबाट सुन बनाउने मन्त्र सिकाई मलाई नै प्रयोग विधि गर्न लगाई निपुण बनाए । त्यस घटनापछि उनकै आश्रममा पन्ध्र दिन बसें । उनले जानेका सम्पूर्ण मन्त्र विद्या सिकाए । मलाई मित्र सरह व्यवहार गर्न लागे । काम्य साधनाबाट धेरै पटक उनको दर्शन र कुराकानी गरेको छु ।

यसपछि पनि नारायणले धेरै तान्त्रिक योगीसँग ज्ञान सिके । पागल बाबासँग महावला साधना सिके । यसबाट पचास मनको भार गुलाफको फूलझैं उचाल्न सकिन्छ । गोरखबाबासँग धेरै टाढाको वस्तु आफ्ना नजिक ल्याउने जस्ता अद्भूत तन्त्रहरू सिके । एक जना आयुर्वेदाचार्य सीताराम स्वामीसँग आफ्नो तान्त्रिक विद्या सिकाई आयुर्वेद विद्या पूरै सिके । सीताराम स्वामीले मोहिनी मन्त्र आफ्नै सालीमा लगाउँदा सालीले पिछा गर्दा उनी र उनकै परिवारको आग्रहमा आफै गएर छुटाए । यसरी उनीसँग विद्या साटफेर गरे । उनले गोप्य गरिराखेको आयुर्वेदका असी पाना जतिको हस्तलिखित ग्रन्थ मलाई दिँदै उनको मृत्युको दुई वर्षपछि मात्र प्रकट गर्नु भनी दिएको हस्तलिखित किताब छाप्ने विचारले उनकै नाममा राखेको कुरा नारायणजी बताउँछन् ।

त्यस्तै एकपटक कुनै गाउँमा बसेको बेला बिहान मन्दिर घुम्न जाँदा बिरामीबाट भरखर उठेको अवस्था हुँदा बेहोस भएछन् । आँखा खोल्दा एक अघोरीबाबा त्रिजटाधारी (उसको जगल्टा तीन भाग गरेर कोरेको थियो) देखे । उसको रूप र शरीर भयानक थियो । जतिसुकै डर भए तापनि बिस्तारै मन्दिरमा पुगेर हेर्दा भयङ्कर भैरव मूर्ति रहेछ । भैरवको स्तुति गरिसक्दा अगाडि आएर अपवित्र मानिसले भैरव स्तुति गर्ने भनी नानाभाँती गाली गरेर उक्साउन खोज्दा पनि स्वामी धैर्यसाथ सावधान भएछन् । तर जब ऊ मार्न नै आयो तब 'शत्रु स्तम्भन-तन्त्र' प्रयोग गर्दा बोल्नै नसकी लड्यो । लडे पनि लेखेर गल्ती स्वीकार्‍यो । अन्य साथीहरूको आग्रह समेतले बिस्तारै शान्त गरें । यो मन्त्र ज्यादै सङ्कट नआई प्रयोग गर्न हुँदैन । पछि अघोरीसँग घनिष्ठता भयो । एकपटक जिउँदै बाख्रालाई भुइँमा फड्कारेर मारेको देख्दा म ज्यादै डराएँ । अब उसैले

तन्त्रविद्याद्वारा घाउहरूमा लेप लगाई ठीक गरे । उनले वशीकरण तन्त्र, मोहन, आकर्षण, आपत्ति उद्धारक बटुक, शत्रु स्तम्भन, गति स्तम्भन, क्षुधा स्तम्भन आदि धेरै तन्त्रको ज्ञान दिए । मलाई छाड्न चाहँदैन थिए । तर मेरो अर्कै लक्ष्य हुँदा बल्लबल्ल रुँदै बिदा भयौं र बिदा हुँदा उनले मलाई रतिराज गुटिका दिए जुन ज्यादै उपयोगी सिद्ध तन्त्र विद्या हो ।

हरिओम बाबासँग साधना प्राप्त

एक दिन घुम्दै हिँड्दा नारायणले हरिओम बाबालाई भेटे । उनको मानसरोवर जाने काम हुँदा म पनि सँगै जाने भएँ । नारायणजी हरिओम बाबाको जीवनी बताउँछन् । उनको जन्म उत्तर प्रदेश काशीको छेउछाउ गाउँमा भएको हो । उनी तेह्र-चौध वर्षकै उमेरमा घर छाडेर हिँडेका ब्राह्मण हालसम्म पनि घर फर्केका छैनन् । हिमालय नै उनको घर हो । हिमालयको प्रत्येक कन्दरा, ऋषिहरूको बासस्थान सम्पूर्ण घुमेका छन् । उनी ज्यादै दयालु भावनाका बाबा हुन् र खुसी भएको अवस्थामा आफूले जानेका तन्त्र ज्ञान तथा अन्य विद्या मात्र नदिएर शरीरमा भएका सम्पूर्ण वस्त्र आदि दिन तयार हुन्छन् । तर उनी रिसाएमा मानिसको इहलीला समाप्त पारिदिन पनि बेर लाग्दैन । रिसमा उनको अगाडि जे छ त्यसले हिर्काउँछन् । उनले हानेर भएका घाउका खतहरू शरीरका धेरै ठाउँमा छ तर उनले दिएको शिक्षाका अगाडि यी घाउका खतहरू केही पनि होइनन् ।

उनका हजारौँ साधु सन्त साथी थिए भने साथमा जहिले पनि पाँच-छ जना हुन्थे । हरिओमबाबाले आफ्नो जीवनकालमा दस हजार शिवलिङ्ग स्थापना गर्ने व्रत लिएका थिए । हिमालयबाट गाउँतर्फ झर्दा शिवलिङ्ग स्थापना गर्दै रहने, चन्दा सहयोगबाट

मन्दिरहरू पनि निर्माण गर्ने र आफ्नै सुरमा र एकान्तमा रहँदा ज्यादै मीठो स्वरले शिवताण्डवस्तोत्र पाठ गर्ने गर्दथे । नारायणजीले ओमबाबाबाट प्रत्यक्ष शिवदर्शन मिलेको प्रसङ्ग सुनाए- एकदिन बिहान नित्यकर्म पछि उनी भद्रासनमा बसी मलाई सँगै राखेर ध्यान गर्न लगाए । मलाई पनि आफूसँगै कैलाश मानसरोवर पुऱ्याई ध्यानमग्न शिवजीको दर्शन गराए । यस्तो गरेको अर्को क्षणमा नै मलाई आफ्नो गर्धनमा समातेर तानेको जस्तो भान हुँदा आँखा खोलेर हेर्दा ॐ बाबासँगै बसेको पाएँ ध्यानमा हुँदाकै स्थानमा । मेरो आग्रहमा उनले मलाई उर्द्धलोकको यात्रा गर्ने शिक्षा दिए । जहिले पनि साधारण व्यक्ति सन्तजस्तै चुपचाप रहन सल्लाह दिन्थे र सुख र आनन्दले रहने हो भने केही नजान्ने सीधासादा बन्नुपर्छ भन्दथे । बाबाको कृपाबाट मैले संसार भ्रमण र कुन ठाउँमा कुन वस्तुको मोल कुन समयमा कति छ भन्ने ज्ञान प्राप्त गरेको छु । एक-दुई व्यक्तिको अगाडि यो ज्ञान प्रयोग गर्दा दिन, रात, बिहान, बेलुका साहु महाजन विभिन्न स्थानमा विभिन्न वस्तुको मूल्य जान्न आएर मलाई पूजापाठ जप तप, आराम तथा सयन गर्ने समय समेत नपाउँदा धेरै मिहिनेतबाट यस्तो जानकारी गराउन छाडें । हिमालयका केही ठाउँ छाडेर संसारका सबै ठाउँ अपवित्र बनेका छन् । पृथ्वीका प्रत्येक जसो ठाउँमा मृत शरीरहरू गाडिएका, जलाइएका, मासु गलेर गएका, कङ्काल रहेको कारणले गर्दा अपवित्र स्थानमा ध्यान गर्न नहुने भनी उनी आशनमा ध्यानस्थ हुँदाहुँदै जमिनमाथि हावामा ध्यानस्थ भएको धेरै पटक मैले नै देखेको छु भन्दछन् । उनले यो शून्य साधना मलाई पनि सिकाए । बाबा कलकत्तामा कालीचरणमा रहेको समयमा एकजना महाजनले बाबाले पुरानो धोती लगाएको देखेर सबैको सामुन्ने बाबालाई म भोलि दुई थान नयाँ धोती दिन्छु

भनिदियो । भोलिपल्ट सन्तको सामुन्ने धोती बाबालाई दिँदै लौ नयाँ धोती पहिरिनुस् भनी सबको मुखमा हेरी हाँस्यो । तर बाबाले ती धोती परतिर फ्याँकिदिए । त्यसैबखत आकाश तर्फबाट धोती, कुर्ता र सुरुवाल झर्दै बाबाको अगाडि ठूलो खात बन्यो । बाबा आश्रमभित्र ढोका बन्द गरेर बसे । महाजनले माफ माग्दै ज्यादै रोइकराई गर्दा पनि ढोका खोलेनन् र त्यसको दुई-चार दिनपछि कलकत्ता छाडे । एकपटक हरिओमबाबासँग महाभारतको प्रसङ्गमा कुरा हुँदा मैले त्यो भयङ्कर नरसंहार युद्ध भएको होला र ! भनें । बाबाले सत्य घटना हो र त्यस समय अर्जुनलाई श्रीकृष्ण भगवानले सुनाउनुभएको अठार अध्याय गीता हावामा गुन्जेकै छ । ती शब्द हजारौँ हजार वर्षमा पनि नासिँदैनन् भने । मलाई नजिक बोलाई मेरो आँखा स्पर्श गरी दिव्य चक्षु प्रदान गर्नासाथ मैले पनि सम्पूर्ण महाभारत र गीता सुनें। पछि आँखा खुल्दा बाबाकै अगाडि रहेछु । ओमबाबाका त्यस समय सम्पूर्ण केश, आँखीभौँ सेतै भइसकेका थिए । करिब १२० वर्ष जतिका भए पनि प्रशस्त फूर्तिला, तेजिला, मुखमा मसिना दाँत थिए । मभन्दा अझै छिटो उकालो चढ्दथे । उहाँमा धेरै-धेरै विषयमा ज्ञान थियो । ओमबाबा आफू अगाडिका मानिसको मनका कुरा र धेरै टाढाको मानिसको मनको कुरा जान्दथे । अहिले युरोप अमेरिकामा परमाणु विज्ञानको अनुसन्धान भइरहेको छ । तन्त्र, साधना आदि अब गोप्य छैनन् । दृढ निश्चय, आत्मबल, योग साधना गर्न सके सबै व्यक्ति सफल हुन सक्दछन् ।

गएको फेब्रुअरीमा दिल्लीमा भेट भएका चक्षुण्ण मुखेश्वर स्वामीले यसै शक्तिका माध्यमले धेरै व्यक्तिको अगाडि दस मनको ढुङ्गा फोरेर देखाइदिएका थिए भने नेत्रभेदन शक्तिबाट धेरै टाढाको घरमा बन्द गरेको सिक्री खोलेर देखाइदिएका थिए । हरिओम

बाबासँग नारायणजी मानसरोवर जाँदा बाटामा हात माडेर गुलाफको बास्ना, कहिले कस्तुरीको बास्ना सुँघाउँथे । उनले यस्ता चमत्कारी कार्य समाजमा नगर्न सल्लाह दिन्थे । अहङ्कारबाट मुक्त नभई यस्तो विद्या प्रयोग गर्नु हुँदैन भन्दथे । मनसरोवरको यात्रापछि उनी आफ्ना गुरुको समाधिस्थ स्थान मुडीभाटीमा बस्न थाले र धेरैजसो समय यहाँ आइरहन्थे । यस आश्रमको खर्च उनले नै बेहोर्दथे । यसै आश्रम नजिक गुफामा धेरै पटक चार चार महिनासम्म बिनाखाना अलप हुन्थे । हरिओम बाबा सिद्ध गुफामा प्रवेश गर्ने दिनमा मसमेत उनका अन्य चार-पाँच शिष्यलाई आशीर्वाद दिई गुफामा प्रवेश गरेका थिए ।

सिद्धाश्रममा प्रवेश

हरिओम बाबासँग छुट्टिएर हिँडेको महिनौँ दिनसम्म पनि डा. नारायणदत्त श्रीमालीलाई शान्ति नमिली भड्की रहेको बताइन्छ । त्यस्तैमा एक बिहान हरिओम बाबाको ध्यानमा संलग्न भए, पछि गुरुको दर्शन मिल्यो र किन मेरो सम्झना आयो भनी सोधनी भयो । म आफू भड्की रहेको सम्पूर्ण वृत्तान्त अनुरोध गरेपछि भोलि यसै समय तिमीलाई एक साधुले भेट्ने छन् । उनैसँग जानु अब चाँडै गुरु पनि भेट्ने छौ भन्ने आज्ञा भयो । समाधि खुल्दा ज्यादै खुसी भएँ र भोलिको प्रतीक्षामा रहेँ । त्यस रात राम्रोसँग निदाएँ । दोस्रो दिन हरिओम बाबाले भनेझैँ त्यसै स्थानमा करिब पचास-पचपन्न वर्षका साधु भेट भए । गुरुजीले हिँड्नोस् भनेर अगाडि लागे । म पछिपछि उनलाई भेट्टाउन र कुरा गर्न लम्किरहेछु । बल्ल बल्ल नजिक पुगेर सोधेका कुराको पनि जवाफ नदिई हिँडिरहे । म पनि चुपचाप नै पछि लागेँ । बिहान करिब साढे तीन बजे आश्रम नजिक पुग्यौँ । ठाउँ ज्यादै रमाइलो थियो । म यताउति हेर्दै थिएँ । यत्तिकैमा

मलाई लिई जाने योगी कता लागे, देख्नै सकिनँ । नजिकै नदी हुँदा राम्रोसँग नुहाएँ । सन्ध्या बन्धन गर्दै जाँदा करिब राम्रै उज्यालो भइसकेको थियो । मानिसहरूको चहलपहल पनि देखिन थाल्यो । मलाई यहाँसम्म ल्याउने सन्यासीजीलाई भने अझै देख्न सकेको छैन । लगभग ९ बजेतिर मलाई बोलावट आयो । करिब एक फर्लाङ् पर लगी कुटी नजिक उभ्याए । मेरो साथको झोला त्यहीं राख्न लगाई कुटीभित्र जाने अनुमति दिए । भित्र पस्दा ज्यादै सुन्दर र अद्भुत दृश्य देखेँ । शीतल प्रकाश छरिएको, बीच भागमा परमहंस स्वामी सच्चिनानन्द बसेका छन् । उनका आँखा चम्किला छन् । वृद्ध भए पनि ज्यादै तेजिला र अग्ला कदका छन् । उनको गर्धनमाथि चारैतर्फ तेज पुञ्ज चम्किएको छ । म नतमस्तक भई हात जोडेर उनको मुखमा हेरिरहेको थिएँ । मलाई औंलाको इसारा ले बस्न भने । मैले मनमनै उनलाई शाष्टाङ्ग दण्डवत गरेँ, आफ्नो जीवन र आजसम्मको अथाह प्रयास सफल भएको अनुभूति गरेँ । कुटीको वरपर दृष्टि दिँदा बायाँतर्फ एक साधु समाधिस्थ थिए । मेरो मन अब गुरुतर्फ नै लाग्यो । त्यस दर्शनले भट्किएको आत्मा सफल भएको अनुभूति पाएँ । अब आफूले गुरुको साक्षात्कारबाट ब्रह्म साक्षात्कार गर्न सक्छु र यस संसारमा गुरुबाट जेसुकै प्राप्त गर्न सकिन्छ म गुरुवन्दनामा रमाउन थालेँ । त्यसपछि मलाई बीस दिनसम्म गुरुभाइ दिव्यानन्दबाट दिनको बीस घण्टा जति दीक्षा, ज्ञान दिइयो । त्यस समय उहाँ र म दुई जना मात्र हुन्थ्यौं । एक्काइसौं दिनमा म गुरुबाट दीक्षित हुन योग्य छ छैन अघिल्लो बेलुका मेरो परीक्षा लिएर दीक्षा दिइयो । गुरु सच्चिदानन्दज्यूबाट सहस्र दल कमल स्थापना गरी कुण्डलिनी छोएर मेरो शरीरमा शक्ति सञ्चार गराई मेरो मस्तिष्कमा हात राख्दा मैले आफ्नो जीवनको परम लक्ष्य पूर्ण भएको सम्झिरहेँ ।

त्यसपछि म ६ महिनासम्म त्यही नै रहें । त्यस अवधिमा पाएका ज्ञान, शिक्षा, योग आदि नै मेरो जीवनको श्रेय सम्झन्छु । त्यसपछि गुरुजीबाट लोककल्याणका निमित्त गृहस्थाश्रममै रहेर कार्य गर्दा तिम्रो उद्धार हुनेछ भन्ने आज्ञाले त्यहाँबाट जोधपुर आई गृहस्थाश्रममा रहें । उनको सर्वज्ञानबाट मनुष्यले ज्ञान, बुद्धि र रोगादिबाट लाभ पाइरहे । गुरुको आज्ञानुसार तन्त्र मन्त्र र ज्योतिष विद्याका किताबहरू लेखे । एकपटक भूर्भुजा बाबाको प्रयत्नले दस दिनसम्म तान्त्रिक, मान्त्रिक योगीहरूको सम्मलेन हुँदा घण्टौंसम्मको छलफलपछि नारायणदत्त श्रीमालीको सभापतित्वमा सम्मेलन चल्यो । भारतका प्रख्यात तान्त्रिक मान्त्रिक गरी करिब चार सय साधुसन्त अघोरी बाबाहरू सहभागी थिए । प्रवेशद्वारबाट नै प्रबुद्ध व्यक्तित्व मात्र भित्र पस्न सम्भव भियो । सम्पूर्ण जसो उनका कुनै न कुनै प्रकारका गुरु थिए । सच्चिदानन्द पनि यी शिष्यको तारिफ गर्दथे । त्यस तान्त्रिक सम्मेलनमा त्रिजटाधारी अघोरी बाबाले नै डा. नारायणदत्त श्रीमाली नै विश्वस्वामी सच्चिदानन्दजीका प्रिय शिष्य निखिलेश्वरानन्द हुन् भन्ने रहस्योद्घाटन गरे । स्वामी निखिलेश्वरानन्दले यो पवित्र भूमि हिमालय क्षेत्रको सम्पूर्ण भाग आफ्ना पाउले छोएका थिए र भद्रशीला नदीबाट सुरु भएको सिद्धाश्रममा उनले मात्र प्रवेश दिलाउन सक्थे । सम्पूर्ण सच्चा योगी, तान्त्रिक, अघोरी आदिलाई सिद्धाश्रम प्रवेश मार्ग सरल होस् भनी सिद्धाश्रम द्वारमा सात अष्टोत्तर मुडी सिद्ध पीठ स्थापना गराएका थिए ।

उनले ज्ञानी, अज्ञानी, गरिब, धनी, रोगी, निरोगी आदि आफूमा विश्वास राख्ने सम्पूर्णको उद्धार गरी सन् १९९८ मा ६३ वर्षको उमेरमा नश्वर शरीर त्यागे । वि.सं. २०६८ को जनगणनाअनुसार नेपाल अधिराज्यमा वैदिक सनातन धर्मावलम्बी ८१.३४ प्रतिशत देखिन्छ ।■

कृपालुजी महाराज

मनुष्य ज्यादै नै अनौठो प्राणी हो । साठी वर्षको उमेर पार गरूञ्जेल सनातन वैदिक धर्ममा वर्जित गरिएका वस्तुहरू आनन्दपूर्वक निसङ्कोच ग्रहण गर्दै आउनुभएका चन्द्रविनोद चालिसे हाल दिनहुँ बिहान पितृतर्पण, वेद तथा श्रीमद्भागवत महापुराणको एक-दुई अध्याय, अग्निहोत्र आदि कार्य प्रतिदिन गर्नुहुन्छ । उहाँ वैदिक धर्मले वर्जित गरिएका खाद्य तथा पेय पदार्थ ग्रहण गर्नुहुन्न । उहाँको गलामा रुद्राक्ष र तुलसीको माला लर्केको हुन्छ । यसरी चरित्रमा आएको परिवर्तन देख्दा उहाँको इतिहास कोट्याउन मन लाग्दछ–

धर्मको यथार्थ ज्ञान ममा छैन, तापनि मेरा आफ्नै बहिनी ज्वाइँ चन्द्रविनोद चालिसे २०६० सालदेखि वैदिक सनातन धर्मका जगत्गुरु निम्बार्काचार्यको वैष्णवधर्म-दर्शनमा पूर्ण रूपले समर्पित हुनुभएको छ । चन्द्रविनोद चालिसेका बाह्र-तेह्र पुस्ता नै बालुवाटार (हाल रसियन राजदूतावासको वरपर) मा बस्दै आउनुभएको छ । उहाँका बाजे भुवनेश्वर बाँसबारी महाराजगञ्जमा सर्नुभएको हो । २०१२ सालमा मेरी बहिनी भवानीको चन्द्रविनोद चालिसेसँग वैवाहिक सम्बन्ध स्थापनापछि सो घरमा मेरो उठबस सुरु भयो । ज्वाइँका पिता तेजनाथ चालिसे श्री ३ मोहनशमशेर जबरा र अन्य राणा खलककहाँ धार्मिक कर्मकाण्डमा संलग्न हुनुहुन्थ्यो । सोको असर चन्द्रविनोदमा

पनि परेको थियो । २००७ सालमा राणा शासन अस्त भए पनि तेजनाथ चालिसेमा उनीहरू पुनः शासनमा आउने दृढ विश्वास थियो । घर खर्च र पासा खेल्नमा धन खर्चदै जान छाड्नुभएन । २०१५ सालको आम निर्वाचनपछि प्रधानमन्त्रीमा विश्वेश्वरप्रसाद कोइरालाको आगमनपछि भने राणा शासनको अन्त्य भएको स्वीकार्दै घर परिवार सम्पूर्ण त्यागी तेजनाथ चालिसे वि.सं. २०१६ मा आसामतर्फ लाग्नुभयो । चन्द्रविनोदलाई प्राथमिक विद्यालयको शिक्षकको वेतनबाट घर व्यवहार सञ्चालन गर्न ज्यादै कठिन हुँदा आफ्ना पिताको खोजीमा २०१९ सालमा आसामतर्फ जानुभयो । त्यहाँ पनि शिक्षकको पेशासहित राजनीतिमा प्रवेश गरी आसाम प्रदेशको कोक्राझार जिल्लाको मालिभित्ताको हेडम्यान पञ्च हुन पुग्नुभयो । भारतीय काङ्ग्रेसको सक्रिय सदस्य भई दस वर्षसम्म काम गर्नुभयो । काउन्सिलमा दुईपटक जित्नुभयो । त्यसै काममा संलग्न हुँदा असम राज्यमा भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीको कान्छा छोरा सञ्जय गान्धी आवतजावत गर्दा चन्द्रविनोद चालिसेसँग राम्रो परिचय भयो । करिब पन्ध्र-बीस वर्ष बडो आनन्द, ऐशआराममा सम्पूर्ण घर परिवारसहित रजगज गर्नुभयो । तत्कालीन असम गोर्खा सम्मेलनको महामन्त्री भई दस वर्षसम्म काम गर्नुभयो ।

असममा बोडो र उल्फाको आन्दोलनबाट पीडित भई वि.सं. २०४३ मा पुनः काठमाडौँ फर्किएपछि हाल सम्पूर्ण परिवारसहित धापासी हाइटमा स्थायी बसोबास गर्दै आउनुभएको छ । काठमाडौँ फर्केपछि पनि नेपाली काङ्ग्रेसमा संलग्न भएर २०४६ सालको जनआन्दोलनमा सक्रियरूपमा भाग लिई धापासी, काठमाडौँको नेपाली काङ्ग्रेस इकाईको अध्यक्ष भई २०४७ मा काठमाडौँ जिल्ला कार्य समितिको सदस्य र २०४८ मा नेपाली काङ्ग्रेसको महाअधिवेशन प्रतिनिधिमा समेत निर्वाचित हुनुभयो । जिल्ला कार्य समितिको

सहसचिवसम्म पुगी नेपाली काङ्ग्रेस विभाजनपछि सक्रिय राजनीतिबाट पन्छिई आध्यात्मिक चिन्तकको रूपमा समर्पित भई जगत्गुरु श्री कृपालुजी महाराजको सामिप्यमा भगवत प्राप्तिको मार्ग पहिल्याउँदै २०६० सालमा निम्बार्काचार्य वैष्णव दीक्षा ग्रहण गर्नुभयो । यसरी आएको परिवर्तनले म अचम्ममा छु ।

वैदिक सनातन धर्मका वैष्णवगुरु रामानुजाचार्य, माधवाचार्य, वल्लभाचार्य र निम्बार्काचार्य आदि हुन् । यस पृथ्वीमण्डलबाट करिब पाँच हजार वर्ष पहिले श्रीकृष्ण भगवान्को स्वधाम प्रस्थानपश्चात् श्री निम्बार्काचार्यको प्रादुर्भाव भयो । कृष्णप्रणामी धर्मका अनुयायी पं. कृष्णप्रसाद सापकोटाद्वारा लिखित **ब्रह्मक्षेत्र बृहत् तत्त्वबोध** सङ्ग्रहमा रामानुजाचार्यको जन्म वि.सं. १०७२, निम्बार्काचार्य (निमानुज) स्वामीको जन्म वि.सं. १२१९, माधवाचार्यको वि.सं. १२९६ र वल्लभाचार्यको जन्म फेला नपरेको उल्लेख छ । उनीहरू राधाकृष्णको परम भक्त थिए । राम, कृष्ण भन्नु नै विष्णु भगवान्को रूप हुँदा उनकै गुणगानले भागवत गुञ्जित छ । श्रीमद्भागवत नै श्रीकृष्णको चरित्रले भरिएको छ । वैष्णव धर्म ग्रहण गर्नु नै श्रीकृष्णलाई मान्नु हो । महाकवि लक्ष्मीप्रसाद देवकोटाले पनि आर्यघाटबाट 'आखिर श्रीकृष्ण रहेछ एक' भन्ने उद्गार गरेका छन् । यस वैष्णव धर्मको दीक्षा ग्रहण गर्ने व्यक्तिहरू तुलसीको माला ग्रहण गर्दछन् । दायाँ हातको पाखुरामा चक्र र देब्रे हातको पाखुरामा चन्दनले रूखको छाप लगाउँछन् । गोपी चन्दनको उर्ध्वपुण्डरिका (ठाडो रातो टीका) लगाई नाकमाथि दुई आँखाको बीचमा श्यामबिन्दी कालो टीका (वृन्दावनमा श्यामबिन्दी पाइन्छ भने दक्षिण भारतको ज्योतिर्लिङ्ग नागेश्वरको नजिक रहेको गोपी तलाउको माटो नै गोपी-चन्दन हो) श्रीकृष्ण भगवान् स्वधाम जानुअघि आफ्ना प्रिय

उनैमा तनमन दिई लीला वर्णनमा रमाउने गोपिनीहरूलाई श्रीकृष्णबाट नै भिल्लहरू सृष्टि गरी गोपिनीहरूलाई आक्रमण गर्न जाँदा गोपिनीहरू लीन भएको तलाउ नै गोपी तलाउ हो । त्यसै तलाउको माटोबाट गोपी चन्दन बन्दछ । निम्बार्काचार्य मतका अनुयायीहरू आफ्ना शरीरका अङ्गहरूको बाह्र स्थानमा विष्णु सहस्रनामका जस्तै केशवाय नमः माधवाय नमः आदि मन्त्रहरूले पूजा गर्दछन् । बिहान नित्य स्नान, तर्पणादि र अग्निहोत्र गर्दछन् । श्रीकृष्ण भगवान्लाई खाना अर्पण गरी प्रसाद मानेर खानामा तुलसीपत्र राखी ग्रहण गर्दछन् ।

अन्य कुनै सम्प्रदायका वैष्णवहरू बीचमा लामो मसिनो गोपी-चन्दन लगाई दायाँ बायाँ त्रिशुल आकारको मोटो सेतो टीका नाकसम्म लगाउँछन् र अन्य सम्प्रदायले छोएको पानी पनि ग्रहण नगरी दायाँ बायाँ पाखुरामा चक्र, शङ्खको आकार छाप बनाउँछन् । वैष्णव सम्प्रदाय दस थरीका छन्– १. श्री वैष्णव (रामानुजाचार्य/रामानन्दी) २. निमानुज अथवा निम्बार्काचार्य ३. विष्णु श्याम ४. माधवाचार्य ५. वल्लभाचार्य ६. राधास्वामी ७. गौलीय वैष्णव ८. राधावल्लभ ९. स्वामीनारायण १०. राधेराधे (श्रीकृपालुजी महाराज) वैष्णव धर्म अनुयायीहरूको खाना सात्विक हुन्छ । लसुन, प्याजसमेत खाँदैनन् । वैदिक सनातन धर्मका अनुयायीहरू वैष्णव र शिवमार्गी नै हुन् । "वैष्णवा नाम यथाशम्भो..." भन्ने श्लोक नै छ । श्री महादेवका साक्षात् गुरु श्रीराम हुन् भने श्रीराम पनि शिवभक्त हुन् । श्रीलङ्का विजय गर्न जाँदा श्रीरामले स्थापना गरेको 'रामेश्वर' लिङ्ग र मन्दिर दक्षिणी भारतको समुद्र तटमा छ ।

जगत्गुरु श्री कृपालुजी महाराज निधारमा ठाडो रातो टीका र श्याम बिन्दी (कालो सानो टीका) लगाउँछन् । यो टीका निम्बार्काचार्य मतको मानिन्छ तापनि उनको प्रेमरस सिद्धान्तको किताब अध्ययन

गर्दा सबै वैष्णव मत र अन्य धर्मप्रति पनि आदर भाव रहेको पाइन्छ । साथै भगवान्का सम्पूर्ण अवतारलाई बराबर देख्नुपर्दछ भन्दछन् । यस संसारमा रहेका समस्त नरनारी आदि आनन्द प्राप्तिकै लागि काम गरिरहेका छन् । उनी उदाहरण दिँदै भन्दछन्– "चोरलाई चोर्न आनन्द आउँछ तर पनि उसको सामान चोरी भएमा दुःख मान्दछ । दुष्टहरू अन्यलाई दुःख दिँदा आनन्द मान्दछन् तर अन्यले दुःख दिँदा दुःखी नै हुन्छन् । त्यसैले स्थायी आनन्द त भगवान्को लीला अध्ययन, गान र कीर्तनले मात्र सम्भव छ ।"

जगत्गुरु श्री कृपालुजी महाराजको जन्म ई.सं. १९२२ मा शरद पूर्णिमाको दिन भारतको उत्तर प्रदेश प्रतापगढ जिल्लाको मनगढ गाउँमा भएको हो । यो मनगढ गाउँ लखनउबाट १७१ किलोमिटर टाढा छ भने इलाहाबादबाट केवल ६६ किलोमिटरमा पर्दछ । उनी ब्राह्मण थिए । उनको प्रारम्भिक शिक्षा आफ्नै गाउँको स्कुल कुण्डामा भयो । पछि इन्दौर, चित्रकुट र बनारसमा अध्ययन गरे । विद्यार्थी जीवनमा नै उनी चित्रकुट नजिकको जङ्गलमा र वृन्दावन जङ्गलमा ध्यानरत थिए । तीस-बत्तीस वर्षकै उमेरमा वेद, पुराण आदि सम्पूर्ण धर्मशास्त्र र व्याकरण आदिमा पारङ्गत बनेका थिए । उनी भारतका नानक, महावीर वर्द्धमान आदि जस्ता विद्वान्मा पर्दछन् । तेत्तीस वर्षकै उमेरमा चित्रकुटमा विशाल शास्त्रार्थ सम्मेलन गराए । धर्मशास्त्रका विद्वान्हरूबाट उनलाई प्रकाण्ड विद्वान् भएको घोषणा गरियो । त्यसपछि भारतका प्रख्यात पाँच सयभन्दा बढी विद्वान्हरूको विद्वत् मण्डलीले बनारसको शास्त्रार्थमा उनलाई प्रश्न गर्दा सम्पूर्ण विद्वान्लाई सन्तुष्ट गराई पाँचौं जगत्गुरुको पद प्राप्त गरे र त्यस्तै निखिल उपाधिले समेत विभूषित भए । नेपालमा पनि आफ्ना भक्तहरूको सङ्ख्या दिनानुदिन बढ्दै गएको देखी सुविधायुक्त श्यामाश्याम धामको निर्माण गराई

आफैले वि.सं. २०६२ असोज ८ मा नेपालको भक्तपुर, ठिमी, अरनिको राजमार्ग ६८८/१ मा उद्घाटन गरे । यस्ता किसिमका ध्यान शिविरहरू नेपालका विभिन्न सहरहरू– धरान, इलाम, विराटनगर, गाईघाट, वीरगञ्ज, पोखरा, बुटवल, नेपालगञ्ज, बागलुङ, स्याङ्जा, गुल्मी आदि स्थानहरूमा छन् । आफ्नो सिद्धान्तको प्रचारप्रसार गर्न गराउन शिक्षा दिलाई निपुण गराउन श्यामाश्यामा धाम मध्यपुर ठिमीमा रहने हरिदासलाई (कृपालुजीले राखिदिनुभएको नाम) मनगढमा लगे । उनकै छोरीबाट शिक्षा दिलाउँदा पैंतालीस दिनसम्म केही पनि सम्झन नसकी कृपालुजीको पाउ समाती आफू ज्यादै मूर्ख भएको कुरा आफै बताउँदै रोएर नेपाल फर्कन खोज्दा उनीबाट पन्ध्र दिन अध्ययन गराउँदा हरिदासजी पूर्ण शिक्षित भएको प्रसङ्ग धेरै अनुयायीले सुनाउँदछन् । हुन पनि हरिदासजी गुरुकै प्रवचन जस्तै गरी श्रीमद्भागवत, वेद, गीता, उपनिषद् आदिका विभिन्न श्लोकहरू कण्ठस्थ सुनाउँदै विभिन्न उपमाबाट बुझ्ने गरी विरोधाभासपूर्ण कुरालाई पनि समन्वयात्मक तरिकाबाट प्रवचन दिन्छन् । वैदिक धर्म तथा विभिन्न गुरुहरूको मत र सिद्धान्तमा एकै विषयमा पनि मतमतान्तर भएका कुरालाई मिलाएर बेजोड प्रवचन दिन्छन् । यसरी सनातन वैदिक धर्मको उत्थानमा श्री कृपालुजी महाराज र उनका चेलाचेलीहरूबाट ज्यादै उच्च खालको प्रचारप्रसार हुँदै आएको छ । भारतको मनगढमा हजारौँ भक्तहरू छन् भने त्यस्तै भारतको दिल्ली, मथुरा, वृन्दावन, चित्रकुट आदि स्थानमा धाम र हज्जारौँ हजार भक्तजनहरू छन् । उनी सङ्कीर्तनमा ज्यादै महत्त्व दिँदै भक्ति विनामोक्ष सम्भव छैन भन्ने सिद्धान्तको प्रचार उनको प्रवचनमा पाइन्छ ।

२०७० साल कात्तिक २९ गते श्री कृपालुजी महाराज ब्रह्मलीन भए ।■

श्री कृष्णप्रणामी धर्म

महामती प्राणनाथका शिष्य पन्ना नरेश श्री छत्रसाल हुन् । राजालाई भगवान्को लीला हेर्ने अभिलाषा हुँदा यस विश्वमा, ब्रह्मा, विष्णु, महेश्वरसहित ॐकार, प्रणव ब्रह्म, आदिनारायण समेत बनेको बताइन्छ । निजानन्दाचार्य श्री देवचन्द्रजीको बारेमा अलि बढी जान्न किताब र व्यक्तिको खोजीमा लाग्दा काठमाडौंको धर्मस्थली गाविस ग्राम सेवा उच्च मा.वि. का शिक्षक अणुराज भेटवाल पनि यसै सम्प्रदायका हुँदा उनीबाट प्राप्त ब्रह्मदेव- बृहत् तत्त्वबोध सङ्ग्रहको अध्ययन गर्न पाएँ । त्यस धर्मप्रतिको लेख आदि आफ्नै टोलका मेरा साथी श्री रामकुमार तिवारीका छोरा श्री सुरेन्द्र तिवारीले पनि उपलब्ध गराए र नेपाल प्रज्ञा-प्रतिष्ठानका दर्शन विभाग प्रमुख, प्राज्ञ विष्णु प्रभातजीबाट पनि यसबारेमा थप जानकारी पाएँ ।

संवत् १६३८ साल आश्विन शुक्ल चतुर्दशीको मध्यरातमा सुन्दरसखी प्रकट भए । बाल्यकालदेखि नै धर्मकार्यमा आस्था राख्ने उनी तेह्र वर्षको उमेरमा गृहत्याग गरी साधुसन्तको सङ्गत गर्दै मठमन्दिरमा रहन थाले । पछि उनको नाम देवचन्द्र राखियो । मारबाड देशका ब्राह्मण कुलमा द्वापरको अन्त्य र कलियुगको प्रथम चरणमा तिनले आफ्नो सम्प्रदाय खोल्ने छन् र उनैले सबको

पापहरण गरी मुक्ति प्रदान गर्ने छन् भन्ने भविष्यवाणी अनुसार नै सिन्धु र मरूस्थलका बीचको उमरकोट गाउँमा पिता मतु मेहता र माता कुँवर बाईका कोखबाट श्री देवचन्द्रजीको जन्म भयो भनी 'ब्रह्मदेव- बृहत् तत्त्वबोध सङ्ग्रहमा श्री कृष्णप्रणामीका अनुयायी पं. कृष्णप्रसाद सापकोटा लेख्दछन् र सम्पूर्ण कुरुक्षेत्रको युद्ध आदि विष्णु भगवान्को खेल हो, कृष्णजीको होइन भन्दछन् ।

श्री देवचन्द्रजी प्राणनाथभन्दा सैँतीस वर्ष पहिला जन्मेकोले देवचन्द्रजी नै कृष्णप्रणामी सम्प्रदायका प्रणेता हुन् भनिन्छ र देवचन्द्रजीले कबिरको जस्तै पशु बलिको ज्यादै निन्दा गर्दछन् । म को हुँ ? मेरो जन्म किन भयो ? यो दृश्यमान जगत् के हो ? यसका रचयिता कहाँ रहन्छन् भन्ने आफ्नो जिज्ञासा शान्त गर्न नौ वर्ष भारतका पवित्र धर्मस्थलहरू घुम्दै सौराष्ट्र गुजरातको जामनगर पुगे । त्यहाँ विभिन्न धार्मिक स्थान, सन्त महन्तको सत्संग गर्दै श्रीकृष्ण मन्दिर पुगी कानजी भट्टसँग रही भागवत श्रवण गरे । चौध वर्षसम्म श्रीमद्भागवत महापुराणको ज्ञान हासिल गरे । जस्तोसुकै बिघ्नबाधा आइपर्दा पनि पूर्णरूपेण श्रीकृष्ण भगवान्को शरणागत हुँदा उनलाई परमहंश श्री कृष्णको दर्शन प्राप्त भएको बताइन्छ । श्रीकृष्ण भगवान्बाट नै आफ्नो सम्पूर्ण जिज्ञासाको उत्तर मिलेको, पातालदेखि ब्रह्मलोकसम्मको ज्ञान पाएको, यस संसारको सृष्टि स्थिति, प्रलयको ज्ञान प्रभुबाट प्राप्त गरी यो मोहरूपी संसार चक्र हो भन्दछन् । श्रीकृष्ण भगवान्बाट तारतम ज्ञान दिई, सोको मन्त्र समेत प्राप्त गरी यस मर्त्यलोकमा धर्म प्रचार गर्न लगाई श्री कृष्ण भगवान्बाट षोडसाक्षर मन्त्र प्राप्त गरेको बताउँछन् । यसरी ज्ञान प्राप्तिपछि निजानन्द आचार्य श्री देवचन्द्रजीले ब्रह्मात्माको ज्ञान फैलाउन थाले । उनले इ.सं. १६३० मा 'नवनतपुरी धाम' नामक धर्मपीठ स्थापना गरे । यो धर्मपीठमा

हालसम्म नै धार्मिक अनुयायीहरू धर्मार्थ आउँदछन् । यो धर्मपिठ स्थापनामा त्यस समयका त्यहाँका मन्त्री केशव रायका सुपुत्र श्री हेमराजको ठूलो हात छ । पछि तिनै देवचन्द्र प्राणनाथको नामले प्रसिद्ध भए ।

वैदिक सनातन धर्म हिन्दू-दर्शनको एक शाखाकै रूपमा कृष्णप्रणामी मतको परिचय बोकी दक्षिण एसियामा फैलिएको छ । यसका प्रणेता महामति प्राणनाथ हुन् । उनको जन्म वि.सं. १६७५ आश्विन कृष्ण चतुर्दशीका दिन भएको हो । उनको माता धनबाई र पिता केशव राय ठाकुर हुन् । उनी भारतको गुजरात राज्यको जामनगरमा माता पिताका काइँलो छोरा हुन् । उनको बाल्यकालको नाम हेमराज हो, पछि गएर प्राणनाथको नामले प्रसिद्ध भए । उनको जन्मकालमा पिता केशव राय जामनगर राज्यमा मन्त्री थिए । त्यस अवस्थामा पनि भारतमा धर्मको सङ्घर्ष चलिरहेको थियो । मुसलमानहरू हिन्दूहरूलाई बलजरुती मुस्लिम बनाउँदथे । अकबर र शाहनशाहले हिन्दू मुस्लिमको समन्वय गराई शान्तिपूर्वक देशमा शासन चलाए तापनि औरङ्गजेब कट्टर मुस्लिम धर्मावलम्बी हुँदा गरिब, असहाय तथा सर्वसाधारण हिन्दू र अन्य धर्मावलम्बीको खोइरो खनाइ नै भएको छ । यस्तैमा प्राणनाथले हिन्दू, मुस्लिम, ईसाइ, यहुदी र बुद्ध आदि मतलाई समान रूपले व्यवहारमा ल्याउन प्रयत्न गरे । कबिर, नानक, महावीर जस्तै प्राणनाथ पनि जातपात धर्म आदि कट्टरपन्थीका विरोधी नै थिए । प्राणनाथका गुरु देवचन्द्र हुन् । उनी निजानन्द सम्प्रदायका थिए । १७१२ मा निजानन्दको निधनपछि प्राणनाथले नै यस धर्मको उत्थान गरे । प्राणनाथको चिन्तन, मनन, तीष्ण बुद्धिको प्रशंसा गर्दै उनलाई महान् विद्वान् भन्ने अर्थमा नै 'महामति' सम्मानबाट विभूषित गरियो । शिख धर्मका

गुरु नानक र क्रिस्चियन धर्मका इसुले जस्तै प्राणनाथले पनि सन् १७०० तिर अरब मुलुकहरूको भ्रमण गरी मुस्लिम ईसाइ यहुदी आदि धर्म-दर्शनको विस्तृत अध्ययन गरे । यसै ज्ञानको प्रभावले उनले धेरै राजा, महाराजाहरूलाई शिष्य बनाए । यसरी जामनगरमा नवतनपुरी धाम, सुरतमा महामङ्गलपुरी धाम तथा पन्नामा पद्मावतीपुरी धाम स्थापना गरे । तीनैवटा धार्मिक स्थान प्रसिद्ध छन् । उनको मृत्युपर्यन्त पनि यो कृष्णप्रणामी धर्म फैलिरहेको छ । युरोप अमेरिका र क्यानडामा समेत मन्दिर र धर्मकर्ताहरू सक्रिय छन् । अध्ययन पश्चात् उनले अन्य धर्मका पनि कुरीति र कट्टरताका विषय हटाई भक्ति साहित्यको विकास गर्नुपर्ने खाँचो दर्शाए । यसमा उनलाई जथाभावी राज्यकोषको धन खर्च गरेको आरोपमा एक वर्षसम्म जेलमा राखियो । यसै अवधिमा जेलभित्र उनले श्रीरास, प्रकाश, षढरितु र कलश नामका चारवटा पुस्तक लेखे । तिनै ग्रन्थहरूबाट उनको मत भारतमा पाँचौं सन्त मत हुन पुग्यो र हजारौं हजार व्यक्ति यस कृष्णप्रणामी मतमा रम्न थाले । उनको मतमा सर्व धर्म समानताको भाव छ । उनले सबै धर्मावलम्बीलाई समान रूपमा व्यवहार गर्नुको साथै जातपातमा विश्वास गर्दैनथे । सबै मानिस एकै हुन् भन्ने भावनामा कबिर र नानक समानका भन्न मिल्दछ । प्राणनाथ पुरेतहरूले गराउने कर्मकाण्डका विरोधी भए पनि कृष्णप्रमाणी मतका व्यक्तिहरू पूजाआजा गर्दछन् । सबै धर्मको लक्ष्य आत्मसन्तुष्टि, मोक्ष प्राप्त गर्नु रहेको हुँदा प्राणनाथको पनि यही विचार पाउँदछौं । आपसको मेलमिलाप, कुरीति, कुप्रथाको अन्त, अहिंसा र समाजको उत्थानमा नै उनको उपदेश पाइन्छ । उनी पनि ईश्वरको अस्तित्वलाई स्वीकार्दछन् । दान, पुण्य, व्रत, तीर्थ आदिको महत्त्वलाई स्वीकार्छन् । माथि उल्लेख

गरिएका चारवटा कृतिबाहेक अन्य सत्रवटा रचना सङ्कलित 'कुलजम स्वरूप' सम्पूर्णले मान्ने ग्रन्थ हो । उनका ग्रन्थहरू अध्ययन गर्दा धार्मिक कलह, जातीय विभेद त्यागी सहअस्तित्व, समभाव र सहकार्यमा लाग्नु नै उत्तम मार्ग हो भन्ने सन्देश दिएको पाइन्छ ।

कृष्णप्रणामीको अर्थ नै कृष्णलाई मान्नुको अर्थ लिएर सबैलाई प्रणाम, आदर, सम्मान गर्नु नै प्रणामी सम्प्रदायको व्यवहार मानिन्छ । कृष्णलाई मात्र ईश्वर मान्ने यो सम्प्रदाय पूजाआजाको सट्टा, सद्भाव, प्रेम, सहयोग, सहअस्तित्वमा बढी विश्वास राख्दछ । सच्चितानन्द रूपाय विष्णोपत्यादी हेतवे, तापत्रय विनाशाय श्रीकृष्णाय वयम् नमः भन्ने भागवतको प्रथम श्लोक नै प्राणनाथको मूल मन्त्र हो । कृष्ण भगवान् एक हुन् र इसा, बुद्ध आदि अन्य पनि कृष्णकै अर्को नाम हो । उनको लीला द्वैत-अद्वैत भन्दै साकार-निराकार, शारीरिक-मानसिक, एकल-सामूहिक, लौकिक तथा अलौकिक भाव तथा कृष्णका बाललीला, रसलीला र जागनी लीला गरी तीन रूपको वर्णन गर्दछन् । यसरी जागनी लीलाबाट ज्ञान र वैराग्य प्राप्त गरी मोक्ष हुने कुरा बताइन्छ । प्राणनाथ पञ्चतत्त्वमा मन, बुद्धि र अहङ्कारलाई जोडेर अष्टावरणको धारणा अघि सार्दछन् । ब्रह्मको रूपमा क्षर, अक्षर र अक्षरातीत भनी नाशवान, अविनाशी र सच्चिदानन्दको वर्णन भएको छ । त्यस्तै आत्माको पनि तीन रूप-आत्मा, जीवात्मा र परमात्माको रूप, उल्लेख गरेको पाइन्छ । जनक र राजा पृथुले गृहस्थमा नै रही विदेह प्राप्त गरेकाले जोगी, सन्यासी भई गेरू वस्त्र लगाइरहन आवश्यक छैन भन्ने धारणा उनको छ ।

करिब दुई सय वर्ष अघिदेखि नै यो धर्म नेपालमा फैलिएको र काठमाडौँको डिल्लीबजार, गोठाटार आदि स्थानमा यस धर्मका संस्थाहरू रहे पनि प्राणनाथको कृति, लेख रचनाको प्रचारप्रसार

भएको पाइँदैन । नेपालका अन्य स्थान पूर्वी नेपालको आठराई र काभ्रेमा पनि पुराना मन्दिर छन् । त्यस्तै ताप्लेजुङ, इलाम, झापा, कास्की र नेपालबाट दार्जीलिङ पसेका जानकीदत्त सुब्बा र रामदास अधिकारीले निर्माण गराएका आश्रम पुराना भइसकेका छन् र नेपालकै केही साहित्यिक व्यक्तिहरू पनि यस कृष्णप्रणामी धर्म, संस्कृति र दर्शनको वृद्धिका निम्ति लागिपरेका छन् । कृष्णप्रणामी सेवा समितिमा आबद्ध व्यक्तिहरू महामति प्राणनाथकै मतानुसार गीताको कर्मयोगमा विश्वास राख्दछन् । श्रीकृष्णले गीतामा दिएको कर्मयोगको उपदेश अनुसार कुनै पनि मानिस विनाकर्म एक निमेष पनि बस्न नसक्ने हुँदा मनमा नचाहिँदो कल्पना गर्नुभन्दा आफ्नो र समाजको विकासमा योगदान पुऱ्याउनु नै सच्चा धर्म सम्झी मठ, मन्दिर, वृद्धाश्रम, परोपकार आदि कार्य गर्न कृष्णप्रणामी अनुयायीहरू लागिपरेका पाइन्छन् । पूर्वाञ्चलको सिम्लेमा देवीप्रसाद उप्रेतीले स्थापना गरेको प्रणामी विद्यालय हाल उच्च माध्यमिक विद्यालय भएको छ ।

अहिले एक्काइसौँ शताब्दीमा पनि नेपाल जस्तो अल्पविकसित देश, त्यस्तै मङ्गोलिया र एसियाका अल्पविकसित देशहरूमा युरोप जस्ता समृद्ध देशहरूले भोकानाङ्गा जनताको धर्म परिवर्तन गराउन वर्षेनी अर्बौं डलर खर्च गरेर आफ्नो धर्मलाई विक्रीमा राख्नु सट्टा सर्वे भवन्तु सुखिनको भावनाले सम्पूर्ण धर्मलाई समान दृष्टिले हेरी समाजको विकृति हटाउन मद्दत पुऱ्याउनुमा नै सबैको कल्याण छ र हालसम्मका सम्पूर्ण धर्मका अनुयायीले श्री प्राणनाथज्यूकै भावना अनुसार चलेमा विश्वको कल्याण प्रबर्द्धन हुनेछ ।

उनले नै निजानन्द देवचन्द्रजीको सिद्धान्त तथा ब्रह्मज्ञानको अनुसरण गर्दै 'तारतम सागर' ग्रन्थ तयार गरे । यसै ग्रन्थको माध्यमले धर्म प्रचार गर्दै धेरै देश भ्रमण गरे । उनकै उपदेशबाट

धेरैले आत्मज्ञान प्राप्त गरे । तारतम ग्रन्थ नै कृष्णप्रणामी धर्म-दर्शनको विशिष्ट सङ्ग्रह हो । निजानन्दाचार्य श्री देवचन्द्रजी महाराज र महामति प्राणनाथका सम्पूर्ण जीवनी भएको ग्रन्थलाई 'वीतक' भन्दछन् । यस कृष्णप्रणामी सम्प्रदायका आज धेरै वीतक, पद्य-गद्य साहित्य प्रकाशित छन् ।

तारतम सागर ग्रन्थ रास, प्रकाश, षट्ऋतु, कलश, सनन्ध, कीर्तन, खुलासा, खिलवत, परिक्रमा, सागर, सिनगार, सिन्धी, मारफत सागर, कयाम तनामा आदि चौध अवान्तर ग्रन्थको सङ्ग्रह हो । यसमा कूल १८७५८ चौपाई सङ्कलित छन् । यही विशाल ग्रन्थमा नै कृष्णप्रणामी धर्मको सिद्धान्त, दर्शन, साधना, पद्धतिका साथै परब्रह्म परमलोक धाम, स्वरूप, नाम एवं प्रभुका लीलाहरूको वर्णन छ । यसमा विभिन्न आडम्बरी धर्मबाट मुक्त भई शुद्ध स्वरूपले सम्पूर्ण समाजको उद्धार गर्न प्रेरित गरिएको छ । यसमा पनि भगवान्मा प्रेम गर्नु नै ठूलो धर्म मानिन्छ । तारतम ज्ञानद्वारा नै आत्मा, परमात्मा र परमधाम प्राप्त हुन्छ । प्रेम-लक्षण भक्तिले अनुभूति हुन्छ । यो नश्वर शरीर, यो ब्रह्माण्डका सात लोकसम्मको परिवर्तनशीलता सहित समस्त क्षर ब्रह्माण्डको जानकारीबाट अविनाशी धामसम्मको यावत रूपमा सम्झन सक्नु नै तारतम ज्ञान भनिन्छ । यो संसार सञ्चालनको महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने विभिन्न देवदेवीदेखि साक्षात् नारायणसम्म सम्पूर्ण व्यष्टि-समष्टि नै परमात्माको क्षर रूप हो । यस सम्पूर्ण ब्रह्माण्डलाई क्षरब्रह्म भनिन्छ भने यस्ता अनन्त ब्रह्माण्डको रेखदेख गर्ने भगवान्लाई अक्षर ब्रह्म भन्दछन् । यसैमा प्रणव ब्रह्म, गोलोक धाम, केवल ब्रह्म, सत्य स्वरूप आदि पर्दछन् । अक्षर ब्रह्मको कार्यका लागि प्रेरणा एवं निर्देशन दिनुहुने परमात्माको मूल स्वरूप 'अक्षरात परतः

पर' नै अक्षरातीत, उत्तम पुरुष, परम सत्य आदि शब्दद्वारा निर्दिष्ट गरिएको छ । कृष्णप्रणामी सम्प्रदायमा उनलाई नै श्री कृष्णजी अथवा श्री राजजी नामबाट पुकारिन्छ ।

ब्रह्मका तीन स्वरूप जस्तै चेतनाको पनि तीन स्वरूप जीव सृष्टि, ईश्वरीय सृष्टि र ब्रह्म सृष्टि छन् । जीव सृष्टिको कार्यक्षेत्र क्षर जगत् हो । उनको सम्बन्ध पनि क्षर ब्रह्म अर्थात् भगवान् नारायण र अल्प क्षर विभूतिहरू साथ हुन्छ । ईश्वर सृष्टिको सम्बन्ध अक्षर ब्रह्मसँग हुन्छ । ब्रह्म सृष्टिको मूल सम्बन्ध अक्षरातीत ब्रह्म श्री कृष्णजी अर्थात् राजजीसँग हुन्छ । जीव सृष्टि नश्वर शरीरको खेल हो र ब्रह्मात्माले त्यसलाई जगत्को खेल देख्नुहुन्छ । जीव सृष्टिमा यो नश्वर शरीर प्रिय हुन्छ । उसलाई परमात्माको याद नै हुँदैन । जब कि ब्रह्म या ईश्वरले विश्वको यात्रा गर्दै आनन्द लिन्छन् । यी पनि मायामोहको वशमा परी आफ्ना स्वामी परमात्मामै लीन हुन्छन् । यिनैलाई जागा गराउन तारतम ज्ञान अवतरण भयो । यसैद्वारा जागृत भएर हृदयमा प्रेम प्रकट हुन्छ । प्रेमबाट नै परमेश्वरको अनुभूति हुन्छ । प्रेम नै ब्रह्माको स्वरूप हो । परमात्माप्रति अनन्य भक्ति भाव हुनुपर्दछ । ईश्वर सृष्टि ब्रह्मको ऐश्वर्य लीलाका पात्र हुन् एवं ब्रह्मसृष्टि नै प्रेम लीलाका पात्र हुन् । उहाँ नै नश्वर जगत्को खेल हेर्न समुद्रको जल कमलमा रहनुहुन्छ । जागृत होऊ यसैबाट भगवान् कृष्ण प्राप्त हुनेछ । यही नै कृष्णप्रणामी धर्मको सार हो ।

कृष्णप्रणामी धर्मका अनुयायीहरूका पूजा, पाठ, ध्यान, चिन्तन, सत्संग आदि नित्य कर्म हुन् । यस धर्मका अनुयायीहरूलाई सुन्दरसाथ भन्दछन् र यिनीहरूको कर्तव्य आ-आफ्ना समूह मिली मन्दिर निर्माण गर्नु हो । सार्वजनिक मन्दिर तथा घरैमा पनि सिंहासनमा परमात्माको

प्रतीक स्वरूप उनको वाङ्मय- **तारतम सागर** ग्रन्थको किताबलाई वस्त्र मुकुट, वंशी, हार आदिले सजाएर राख्दछन् । शास्त्रमा वर्णन गरेअनुसार अष्ट-विग्रहमध्ये वाङ्मय-विग्रहको उपासना सर्वश्रेष्ठ मानिन्छ । यो ग्रन्थको पूजा नै ज्ञानको पूजा हो । यसैले जन्मदेखि मरणपर्यन्त विभिन्न अवसरमा तारतम पाठ पारायण गरिन्छ । सुन्दरसाथले नियमित रूपमा मन्दिर जानुपर्छ र तारतम सागरको कमसेकम पाँच चौपाई पाठ गर्नुपर्दछ । परिस्थिति अनुरूप दैनिक, साप्ताहिक या पाक्षिक रूपमा सत्संगमा भाग लिन पुग्दछन् । तीर्थस्थानका साथ विभिन्न क्षेत्रका मन्दिरमा विभिन्न सुअवसरमा उत्सव मनाउँदछन् ।

सुन्दरसाथले वर्ण जात-जाति नभनी एकै समूहमा रही एकले अर्कोलाई प्रणाम गर्दछन् । दुवैतर्फबाट यो कार्य हुन्छ । सूर्तीजन्य पदार्थ, मादक पदार्थ, मांस सेवन पूर्णरूपमा निषेधित छ । धेरै कर्मकाण्ड गर्नु साटो प्रेमपूर्ण भक्तिद्वारा पूर्ण ब्रह्म परमात्माको उपासना गर्नु धर्म हो । महात्मा अथवा यिनका अनुयायीको पार्थीव शरीरलाई समाधीमा राख्दछन् ताकि पछि शिष्यहरूले त्यहाँ प्रार्थना गर्न सकून् ।

कृष्णप्रणामी धर्मका अनुयायी सम्पूर्ण भारत, नेपाल र विभिन्न देशमा फैलिएका छन् । हाल आठ सयभन्दा बढी मन्दिर तथा सेवा केन्द्रहरूले परोपकारी कार्य गरिरहेका छन् । धार्मिक कार्यका अलावा शिक्षा एवं स्वास्थ्य उपचारको कार्य पनि गर्दछन् । प्राथमिक विद्यालयदेखि महाविद्यालयसम्म सञ्चालनमा छन् प्राकृतिक प्रकोप, भूकम्प, बाढी पीडित, सुक्खाका समयमा कृष्णप्रणामी अनुयायीहरू सक्दो सेवा गर्दछन् । विभिन्न गौशाला र अनाथाश्रममा पनि सेवा गरेकै छन् । हाल विदेशका आठ सय केन्द्रमा जामनगर, सुरत एवं

पन्नामा रहने विभिन्न विद्वान् साधु सन्तहरूले प्रवचन आदि कार्यक्रम गर्दछन् । अन्य धार्मिक स्थानमा हरियाणाको कर्नाला भिवानी, उत्तर प्रेदशको शेरपुर, मटिहारी, मलिहावाद विहारमा गङ्गापुर, पश्चिम बङ्गालमा कालिम्पोङ र गुजरातमा भरोडा आदि विशेष स्थान हुन् । यसप्रकार परब्रह्म परमात्माको भक्तिसाथ प्रेम, शान्ति, एकता र सद्भावना सन्देश दिने निजानन्दाचार्य श्री देवचन्द्रजी महाराज एवं महामति श्री प्राणनाथजीको निर्देशन चरितार्थ हुँदै विभिन्न क्षेत्रमा फैलिएको छ ।

कृष्णप्रणामी धर्मका अनुयायीहरू पनि अनेक महापुरुषद्वारा विभिन्न समयमा आज्ञा उपदेश आदिबाट मानव कल्याण आत्मा, परमात्माको ज्ञान दिलाउन आत्मा नै सत्य, सनातन हो र परमात्मा पनि सत्य सनातन हुनुहुन्छ भन्दछन् । यसरी आत्मा-परमात्मा तथा उनको शाश्वत सनातन सम्बन्धको ज्ञान विभिन्न समयमा विभिन्न स्वामी, महाराज, सन्त महन्तले दिँदै आएका छन् । यसैले यस संसारमा विभिन्न धार्मिक मतहरू एवं सम्प्रदाय कायम रहेका छन् । यी सम्पूर्णको लक्ष्य नै मनुष्य जीवन सार्थक बनाउनुमा रहेको छ । कृष्णप्रणामी धर्मका प्रवर्तक निजानन्दाचार्य श्री देवचन्द्रजी महाराज पनि संसारका सम्पूर्ण मानवमा भाइचाराको भावनाबाट आत्मा-परमात्मा पहिचान गराई सबैको कल्याण गर्नु नै मुख्य धर्म हो भन्नुहुन्छ । इति ।■

ब्रह्मकुमारी : ॐ शान्ति सम्प्रदाय

ओमशान्ति धर्मका अनुयायी बालाजु, वनस्थली, पावर हाउस नजिक रहनुहुने हरि शर्मा वर्षौं अघिदेखि नै माउन्ट आबुमा आवतजावत गर्नुहुन्छ भने कलङ्कीका निवासी मेरा मित्र भगतसिं रानाभाट हरि शर्माभन्दा पनि पहिलादेखि यस धर्ममा आबद्ध छन् । हरि शर्माले म बसेको वनस्थली क्षेत्रका धेरै बन्धुहरूलाई यस धर्मको प्रशिक्षण दिलाई (काठमाडौँ ज्याठामा रहेको ओमशान्ति भवन) ब्रह्मकुमारी तथा ब्रह्मकुमार बनाई भारतको माउन्ट आबुमा पुऱ्याउन सहयोग गरे । यस धर्मको अनुयायी भई हरि शर्माले आफ्नो जीवन सार्थक बनाउँदै र सम्पूर्ण अभक्ष माछा, मासु परित्याग गरी आनन्दले जीवन यापन गर्दै छन् । उनले मलाई पनि ओम शान्तिमा संलग्न हुन अनुरोध गर्दै आएका छन् तापनि मेरो उमेर र अनुकूलताले सो अवसर प्राप्त गर्न सकेको छैन ।

वैदिक सनातन धर्मकै एक अङ्गमा ग्रहण गर्नयोग्य ब्रह्मकुमारी ॐ शान्ति धर्मका संस्थापक हीरा जवाहरातका प्रसिद्ध व्यापारी लेखराज हुन् । उनको जन्म सन् १८७७ मा तत्कालीन भारतको पन्जाब सिन्ध प्रदेशमा भएको हो । व्यापारकै सिलसिलामा रहँदा साठी वर्षको उमेरमा अर्थात् सन् १९३७ मा दिव्य ज्योति प्राप्त

भयो । त्यस अवस्थामा चतुर्भुज नारायण तथा शिवस्वरूप भगवान्को दिव्यदर्शन प्राप्त भयो । उनी शिवका परम भक्त भई ईश्वरीय शक्ति प्राप्त गरेकोले उनलाई आफ्ना अनुयायीहरूले शिवका ज्योतिर्लिङ्ग जस्तै पशुपतिनाथ, अमरनाथ, विश्वनाथ, सोमनाथ, पारसनाथ, रामेश्वर, त्रयम्बबकेश्वर, महाकालेश्वर, नागेश्वर, मनकामेश्वर, ओमकारेश्वर, विश्वेश्वर, पापकटेश्वर, गोपेश्वर आदि शिवलिङ्गलाई प्रतिमाको रूपमा गणना गर्दछन् ।

भारत स्वतन्त्र हुँदा लेखराजको जन्मस्थल पन्जाब सिन्ध प्रदेश पाकिस्तानतर्फ पर्न गयो । उनी भगवान् शिवका परमभक्त थिए र अनुयायीहरूले उनलाई शिवस्वरूप मानेका हुँदा करिब १५० ओम मण्डलीका नामबाट महिलाहरू लिई भारतको माउन्ट आबुमा रहन थाले ।

पन्जाबको सिन्ध प्रदेशमा नै उनले शिवस्वरूप भगवान्को भक्त भई आफ्नो सम्पूर्ण धन सम्पत्ति धार्मिक क्षेत्रमा समर्पण गरिसकेका थिए । उनका अनुयायीहरू स्त्री जातिलाई दादी ब्रह्मकुमारी र पुरुष जातिलाई दादा ब्रह्मकुमार शब्दले सम्बोधन गर्दछन् । लेखराजलाई 'प्रजापिता ब्रह्म दादा लेखराज' भनिन्छ । प्रजापिता ब्रह्मले आफ्नै कालमा यस धर्मको धेरै प्रचारप्रसार गरे । यस धर्ममा दादी तथा दादाहरू ब्रह्मचर्यमा रहन्छन् । मन, वचन तथा कर्मले नै ब्रह्मचर्यमा लीन भएर प्रजापिता ब्रह्मको स्मरण गर्नु नै परम धर्म मानिन्छ । दादी तथा दादाहरूमा विवाह सम्बन्धी भावना नै उत्पन्न हुन नदिई योगमा लीन गरिन्छ । प्रजापिताले माउन्ट आबुमा हजारौँ एकड जमिनमा कृषि कार्य, गौ पालन र भवनहरू निर्माण गर्न लगाए । उनले मानवहित, परोपकार, अहिंसामा जोड दिई मानवलाई गीताको ज्ञानसहित जीवन मुक्तिको मार्ग देखाए । यस उद्देश्य प्राप्त गर्न

उनका अनुयायीहरूले प्रजापिता ब्रह्मकुमारी विश्व विद्यालयको स्थापना गरी ॐ (ओम्) शान्ति मार्ग अँगाल्ने पढाइ सुरु गराएका छन् । सन् १९६९ मा उनी अव्यक्त भए । माउन्ट आबुको प्रजापिता ब्रह्मकुमारी ईश्वरीय विश्व विद्यालयमा हजारौँ विद्यार्थीहरू अध्ययन गर्दछन् । विद्याका लागि खान-बस्न राम्रो प्रबन्ध छ । घर, परिवार तथा राष्ट्र सञ्चालन गर्ने विद्याको समेत ज्ञान दिइन्छ । यहाँ करिब चालीस हजार मानिस अटाउने विना पिलरको एउटै सभा कक्ष छ । स्वर्गको नामकरण गरिएका (जस्तै : व्योम, स्वर्गलोक, स्त्री दशालय, त्रिदिवम आदि) भवनहरू छन् । व्यक्तिहरूको योग्यता, पद, क्षमता आदि अनुसार पाहुनाको रूपमा डबल बेडसहित वातानुकूलित कक्षहरू निःशुल्क बस्न दिइन्छ । यसै संस्थाद्वारा उत्पादित करिब दुई ट्रक तरकारी एकै दिनमा खपत हुन्छ । यसै संस्थामा पालिएका गाईहरूको दूध, दही, घीउ आदि निःशुल्क खानामा प्रयोग हुन्छ । यहाँको सम्पूर्ण कार्यको सञ्चालन बडो आश्चर्यजनक छ । यहाँ कोही पनि पदीय कार्यकर्ता र काम अह्राउनुपर्ने व्यक्तिहरू देखिँदैनन् । नेपालबाट नै करोडपति पिताका एक्लो छोरा यस संस्थामा स्वयंसेवकको रूपमा जीवन बिताइरहेछन् । यस संस्थामा इच्छानुसार चन्दा प्राप्त भइरहेछ । यस संस्थामा रहेका दादी, दादाहरू विद्वान्, इन्जिनीयर, चार्टर एकाउन्टेन्ट तथा अन्य योग्यताका डाक्टर, प्रोफेसर आदि पनि प्रशस्त छन् ।

सन् २०१२ अक्टोबर ४-१२ मा प्लाटिनम जयन्ती मनाइयो । १३७ राष्ट्रमा रहेका ८७०० संस्थाका ब्रह्मकुमार र ब्रह्मकुमारी माउन्ट आबुमा उपस्थित हुँदा यस पवित्र माउन्ट आबु नै देदिप्यमान भएको थियो । यस संस्थाका ब्रह्मकुमारी सर्वश्री दादी मातेश्वरी जगदम्बा सरस्वती, प्रकाशमणि, मनमोहिनी जानकी, हृदय मोहिनी,

रत्न मोहनी र दादा ब्रह्मकुमार सर्वश्री नीर अबि, बृजमोहन र रमेश शाहजस्ता महान् विदुषी तथा विद्वान्हरूबाट प्रवचन गरी जयन्ती मनाइएको थियो । यस कार्यको शुभ उपलक्ष्यमा भारत र नेपालका राष्ट्रपति, भारतका विभिन्न राज्यका मुख्य मन्त्रीहरू तथा जगत्गुरु शङ्कराचार्यहरू र धार्मिक संस्थाका विद्वान्हरूले शुभकामना पठाएका थिए ।

ब्रह्मकुमारी ईश्वरीय विद्यालयबाट नै विश्वभरका अनुयायीहरूले आध्यात्मिक विकास गरिरहेका छन् । मनुष्यलाई नै देवता सरह बन्न यस विद्यालयमा नै नैतिक शिक्षा, सदाचार, अनुशासन तथा आध्यात्मिक शिक्षा दिई मानिसहरूलाई पापाचार, अत्याचार, दुराचार तथा भ्रष्टाचारको नाश गराई विश्वभरका कुरीति, दूषित संस्कार, खराब सोचको अन्त्य गराई स्वर्णिम संसारको स्थापनार्थ कार्य गर्नु नै यस विद्यालयको लक्ष्य रहेको छ ।

वि.सं. १९९४ देखि माउन्ट आबुमा स्थापना भएको यस विश्वविद्यालयले आध्यात्मिक ज्ञान र सहज राजयोग साधनाको प्रशिक्षण दिने गर्दछ । वि.सं. २०३७ सालदेखि यो विश्व विद्यालय संयुक्त राष्ट्र सङ्घको सूचना विभागमा गैरसरकारी संस्था (एनजीओ) को रूपमा रजिष्टर्ड भएको छ । साथै इकोसोक, युनिसेफ, युनेस्कोको समेत सल्लाहकार सदस्य रहेको छ । यसले अन्तर्राष्ट्रिय शान्ति वर्ष २०४३ र अन्य वर्षहरूमा विश्वस्तरमा शान्तिका लागि गर्दै आएको महत्त्वपूर्ण योगदान अनुरूप विभिन्न शान्ति पदक (पीस मेडल) प्राप्त गर्नुका साथै पाँचवटा राष्ट्रिय तथा एक अन्तर्राष्ट्रिय शान्तिदूत पुरस्कारबाट समेत सम्मानित भएको छ ।

नेपालमा वि.सं. २०२३ सालदेखि यस विश्व विद्यालयले आफ्नो सेवा शुभारम्भ गरी काठमाडौँ, विराटनगर, धरान, जनकपुर, वीरगञ्ज,

नारायणगढ, पोखरा, भैरहवा, दाङ, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर लगायत विभिन्न स्थानहरूमा सेवा केन्द्र सञ्चालन गर्दै आध्यात्मिक, नैतिक तथा चेतनाको सन्देश दिँदै आएको छ । यो संस्था २०४५ साल फागुनदेखि नेपाल सरकारको गृह मन्त्रालयअन्तर्गत प्र.जि.अ. कार्यालयमा **ब्रह्मकुमारी राजयोग सेवा केन्द्र**को नामबाट रजिष्टर्ड भएको छ । हाल यो केन्द्र नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म करिब दुई सय सेवा स्थल तथा उपसेवा स्थल पाँच सयभन्दा बढी गीता पाठशाला र त्यति नै सङ्ख्यामा एकाइ कक्षाहरू सञ्चालनमा रहेका छन् ।

रचयिता र उहाँको रचना

त्रिमूर्ति परमात्मा शिव नै त्रिदेवका रचयिता हुन् । उहाँ ब्रह्माद्वारा सत्ययुगी सृष्टिको स्थापना, शङ्करद्वारा आसुरी दुनियाँको विनाश र विष्णुद्वारा नयाँ दैवी सृष्टिको पालना गराउने करन करावानहार हुन् । ब्रह्मद्वारा स्थापना ! विष्णुद्वारा पालना ! शङ्करद्वारा विनाश ! –यी तीन शक्तिको एकत्व ॐ (ओम्) बनेको हो र त्यसले शान्तिको सन्देश दिन्छ भन्ने धारणा ओमशान्तिमा पाइन्छ ।

शिव र शङ्करमा अन्तर

ज्योतिर्विन्दु परमात्मा शिव रचयिता हुनुहुन्छ भने शङ्कर उहाँको रचना हो । शिव परमधाम निवासी हुनुहुन्छ भने शङ्कर सूक्ष्मलोकवासी हुनुहुन्छ । शिव र शङ्कर एक होइनन् । त्यसैले हरएक धार्मिक ग्रन्थहरूका चित्रमा पनि शङ्करलाई तपस्यामा बसेको देखाइन्छ । शिवलाई सर्वधर्मका आत्माहरू कुनै न कुनै रूपमा याद गर्दछन् । शङ्करलाई नेपाल र भारतका निवासीहरू

मात्र मान्दछन् । शिव विश्व कल्याणकारी छन् भने शङ्कर विनाशकारी । शिवलाई याद गर्नाले नै पाप काटिन्छ तर शङ्करलाई याद गर्नाले पाप काटिँदैन ।

सबैभन्दा माथि निराकारी दुनियाँ छ जहाँ सारा विश्वका आत्माहरू परमपिता शिव, ब्रह्मा, विष्णु र शङ्करका आत्माहरू रहन्छन् । यसलाई परमधाम, निर्वाणधाम र ब्रह्मलोक पनि भनिन्छ । यहाँ सृष्टि चक्र पूरा भइसकेपछि आत्माहरू विश्राम गर्दछन् । बीचमा शङ्करपुरी, विष्णुपुरी, ब्रह्मापुरी छन् । जहाँ सूक्ष्म आकारी देवताहरू रहन्छन् । सूर्य-चन्द्रमा, ताराहरूको तल साकार लोकमा शरीरधारी मनुष्यात्माहरू सुख-दुःखको खेल खेल्दछन् ।

सृष्टि चक्र

सृष्टि कल्पको आयु ५ हजार वर्ष हुन्छ । यसमा चार युग सत्ययुग, त्रेतायुग, द्वापरयुग र कलीयुग छन् । प्रत्येक युगको आयु १२५० वर्ष छ, कली र सत्ययुगबीचको समयलाई सङ्गमयुग भनिन्छ । यस युगमा परमात्मा पिता शिव अवतरित भएर सत्युगी दैवी सृष्टिको पुनर्स्थापना गर्नुहुन्छ । यो कल्प हरेक ५ हजार वर्षपश्चात् जस्ताको तस्तै पुनरावृत्त हुन्छ । हामी अर्थात् स्वयं तपाईं ५ हजार वर्ष पहिले यसै स्थानमा, यसै समय, यसै प्रकारले आउनुभएको थियो, अहिले फेरि आउनुभएको छ र हरेक ५ हजार वर्षपछि पनि आउँदै रहनु हुनेछ ।■

बौद्ध धर्म र सिद्धार्थ गौतम

२५५६ वर्ष अघि नेपालको कपिलवस्तुमा राजा शुद्धोधन शाक्य र मायादेवीका पुत्रका रूपमा सिद्धार्थ गौतमको जन्म भएको हो । उनको जन्म हुनासाथ ब्रह्मवेत्ता महर्षि असितले यो देदिप्यमान बालकले राजकाज चलाएमा चक्रवर्ति राजा हुनेछ अन्यथा यिनी विश्व प्रसिद्ध बुद्धधर्मका प्रणेता हुनेछन् भनी भविष्यवाणी गरेका थिए । राजा शुद्धोधनलाई तुरुन्तै छोराले राजकाज नगरी योगी, संन्यासी भएर जाला भन्ने चिन्ता पर्न सुरु भयो । सर्वार्थ सिद्ध उनको सुरुको नाम हो र पछि उनलाई सिद्धार्थ भनियो । उनी जन्मेको सातौँ दिनमा नै उनकी आमाको मृत्युले गर्दा शुद्धोधन झनै बढी चिन्तित भए । उनको पालनपोषण सानी आमा अथवा शुद्धोधनकी अर्की रानी प्रजापती गौतमीले गरिन् । राजकुलका बालक शुक्ल पक्षका चन्द्रमाझैँ छिटो छिटो बढ्दै गए । उनले सोह्र वर्षकै उमेरमा वैदिक विद्या र क्षेत्रीय राजधर्म ग्रहण गरिसकेका थिए । त्यसै उमेरमा उनको देवदहकी राजाका छोरी यशोधरासँग विवाह भयो । महर्षि असितको वाणी राजाको हृदयमा गढेको हुँदा बाल्यकालदेखि नै सिद्धार्थलाई सम्पूर्ण भोग विलासका चीजले अलमल्याउने प्रयास गरियो । यसरी भोगविलासमा फसाउँदा त्यस्ता कार्यबाट उन्मुक्त हुन खोज्नु पनि नौलो कुरा होइन ।

जस्तै खसी पालेर अन्न मात्र खुवाइरहने हो भनेपछि उसले रूखको बोक्रा खान चाहन्छ । त्यस्तै सिद्धार्थ गौतम पनि भोगविलासबाट वाक्क भए । दरबारको चारघेराबाट बाहिर के छ सो पनि हेर्न जान्न मन लाग्यो । विद्वान् भइसकेकाले सम्पूर्ण संसारको जानकारी राख्न खोज्नु कुनै नौलो कुरा थिएन । उनी एकदिन आफै दरबारबाट निस्के । नजिकै एक जना कमजोर वृद्ध मानिस देखे । अर्को ठाउँमा बिरामी मानिस आर्तनादले रोइरहेको देखे र मरेको मानिस जलाउन लागेको पनि देखे । यसैबाट उनले मानिस कमजोर, वृद्ध, रोगी, बिरामी, हुनेदेखि मृत्युसम्मका कुरा बुझे ।

सांसारिक दुःख, कष्टबाट मुक्त हुन उनले धेरै अध्ययन गरिसकेका थिए । साथै धेरै ज्ञानी, विद्वान्हरूको पनि सङ्गत गरे । कसैबाट र कुनै धर्मग्रन्थ, नीतिशास्त्रबाट उनको इच्छा अनुसारको निर्वाण अथवा मुक्ति मार्ग पाउन सकेनन् । त्यस अवस्थामा सायद आफ्नै देशमा पनि सामाजिक अवस्था दयनीय थियो । दास प्रथा तथा धनीमानीबाट गरिबमाथि हुने अन्याय, अत्याचार पनि उनले देखे । उनले यी सबै प्रश्नको उत्तर खोज्न राजकीय सुखसयल, मोजमस्ती, अधिकार, राज्य, स्त्री, पुत्र, माता, पिता, परिवार, समाज सबलाई त्यागी २९ वर्षको उमेरमा ७ दिनको छोरा राहुल र सुत्केरी श्रीमतीलाई आधारातमा छाडी दरबारबाट छन्दकका साथ घोडा चढी रातभरमा उनी कपिलवस्तु राज्य, कोलीय राज्य र रामग्रामराज्य पार गरी बिहानीपख अनोमा नदी (गोरखपुर) पुगी सारथि र घोडा फिर्ता गरिदिए । त्यहाँबाट उनी हिँड्दै विद्वान्, धार्मिक व्यक्ति, योगी, फकिरको सङ्गत र आफ्नो लक्ष्य प्राप्तिको प्रश्न सोध्दै हिँड्न थाले । सिद्धार्थ आफै योगी जस्ता भइसकेका थिए । बाटामा आचार्य रामपुतहरूका आश्रमबाट यिनका पछि पाँच जना भद्र पनि सँगै

हिँडेका थिए तपस्याका निमित्त । जाँदा जाँदा भारतको गया नजिक उरूबिल्ब नाम गरेको गाउँमा पुगे । त्यसको नजिक जङ्गलमा निरन्जरा नाम गरेको नदी किनारामा पीपलको रूखमुनि पदमासन कसी तपस्या सुरु गरे । खानपिन सब त्यागी तपस्या गर्दागर्दा उनी कङ्काल भइसकेका थिए । पीपलको रूखमुनि हाड-छाला मात्र भएको एउटा कङ्काल शरीरका रौँ समेत झरेर केवल ज्यादै नजिकबाट देख्न सकिने बिस्तारै चलेको मन्द सासको स्वरूप मात्र देख्न सकिन्थ्यो । यसै तरहले करिब ६ वर्ष तपस्यामा लीन हुँदा उनी विरक्तिन पुगेको, वृद्ध अवस्था, दुःख कष्ट, रोग आदिबारे सम्झन पुगे । अब आफ्नै अवस्थाबाट यसको समाधान अझै पाउन नसकी व्यर्थै तपस्या, ज्ञान, तर्क-वितर्क आदि दार्शनिक खोजी किन गरिरहने भन्ने विचार गर्दागर्दै उरूबिल्ब गाउँका नारीहरूले गीत गाउँदै हिँडेको आवाज उनको कानमा पुग्यो । गीत यस्तो थियो– "विपञ्ची (सारङ्गी) को तार खुकुलो नगर, खुकुलो नगर, नत्र आवाज आउँदैन, ज्यादै धेरै पनि नकस, चुँडिन बेर लाग्दैन ।" यो आवाज कानभित्र पस्नासाथ उनले निश्चय गरे ज्यादै धेरै तार कसेमा इहलीला समाप्त हुने आशयले शरीरमा कम्पन आयो । अनि उनी उठे । अनसन भङ्ग गरी नदीमा गई स्नान गरे । उनको त्यस्तो कार्यदेखि सँगै आएका पाँचै जना ब्रह्मचारी साथीहरूले अब यिनी पतित भए भनी सिद्धार्थलाई एक्लै छाडी बनारसको नजिक मृगदावनतर्फ हिँडे । तैपनि उनको उत्साह भङ्ग भएन । निरञ्जराका तटमा नै घुम्न थाले । भिक्षादानबाट प्राण रक्षा गर्दै हिँड्दा तिनै उरूबिल्बका ग्रामीण नारीहरूको गीतको स्वर मनमा आइरहन्थ्यो र ज्यादै कडा तपस्या छाडी मध्यम मार्ग अपनाउन थाले । एकपटक वैशाख पूर्णिमाको राती उरूबिल्बकी एक यौवना सुजाताले पुत्र प्राप्तिको

आशाले वनदेवताको पूजाआजा गरी आफ्नो व्रतको पायस (खिर) सिद्धार्थलाई खुवाएर गइन् । पायसको प्रभावले स्वस्थ भै अब आफ्नो लक्ष्य प्राप्त नगरी उठ्ने छैन भनी निश्चयका साथ पुनः पीपलको रूखमुनि पदमासन कसी तपस्यारत भए । मनमा भने वासना, तृष्णा, क्षोभ, लोभ आदि उठ्न थाल्यो । यसलाई साम्य गर्दै तपस्यामा लीन हुँदा सिद्धार्थमा कम्पन सुरु भयो । उनी ज्यादै दृढ अटल रहँदा अनौठो अनुभवले शरीर रोमाञ्चित भयो तर उनी शान्त नै रही रहे । उनको अग्निपरीक्षा समाप्तिपछि हृदयको भित्र र शरीर बाहिर प्रकाश पुञ्जन भयो । अब उनी राजकुमार सिद्धार्थबाट सम्यक सम्बोधी प्राप्त बुद्ध भइसकेका थिए र आफूले खोजेको जवाफ आफै पाइसकेका थिए । उनी त्यहाँबाट बिस्तारै विचरण गर्न थाले । उनी यसपछि ती पाँचजना ब्रह्मचारी भएको स्थान सारनाथ पुगे । त्यस अवस्थामा पनि ती पाँच जना पञ्चभद्रीय बुद्धसँग नबोल्ने विचारमा थिए । बुद्धको अनुहारको तेज देख्दा भने उनीहरूले राम्रो सत्कार गरे । उनको उपदेश सुनी पाँचैजना बुद्धसँगै बुद्धधर्मको प्रचारमा सँगसँगै हिँडे ।

बुद्धको मुख्य उपदेशमा दुई अतिबाट बच्नु रहेको छ । पहिलो हो- अतिसय विलास र अतिसय विषय सुख । दोस्रो अतिसय उपवास र तप पनि दुःख पाउने बाटो मात्र हो । यी दुवै कार्य छाडेर बुद्ध मध्यम मार्ग अपनाउने उपदेश गर्दछन् । यसका आठ मार्ग बताउँछन्– १. सम्यक दृष्टि, २. सम्यक सङ्कल्प, ३. सम्यक वाणी, ४. सम्यक कर्म, ५. सम्यक आजीविका, ६. सम्यक व्यायाम, उद्योग, ७. सम्यक विचार, सोच र ८. सम्यक योग, ध्यान ।

अब बुद्धसहित पाँचै जना सारनाथका प्रत्येक घर घर गई यस धर्मको प्रचार-प्रसार गर्न थाले । यसैलाई **धर्मचक्र प्रवर्तन** भनिन्छ ।

बुद्ध र शिष्यहरूबाट सरल भाषामा सर्वसाधारण व्यक्तिलाई यो धर्ममा लाग्न प्रेरित गर्दा सम्पूर्ण समाज यसमा लागे । साथै आर्य विद्वान्हरू पनि यसैमा समावेश भए । ज्यादै थोरै समयमा नै ज्यादै धेरै जनमानस यस धर्ममा लागे । धेरै नै आफ्ना अनुयायी भएकाले अब जतातै धर्म प्रचार गर्न सङ्घ बन्यो । धर्म प्रचारक सङ्घका सम्पूर्ण अनुयायीलाई बुद्धले राम्रोसँग शिक्षित बनाए । विभिन्न नगर, गाउँघरमा प्रचार हुँदै गयो । धेरै राजा, रजौटाहरू पनि बुद्धधर्म जान्न उत्सुक भई उनीहरूलाई निमन्त्रणा समेत गर्न थाले । यसरी उनीहरूको धर्म प्रचारबाट राजा शुद्धोधन नै आफ्नो छोरा लिन पुगे । कपिलवस्तुमा बुद्ध प्रवेश गर्दा पिताम्बर भेषमा हातमा भिक्षा पात्र लिई खाली खुट्टाले हिँडेका युवराज देख्दा सम्पूर्ण जनतामा अश्रुधारा बग्न लाग्यो । राजदरबारको छुट्टै भवनमा रहेकी आफ्नी धर्मपत्नी यशोधरा र छोरा राहुललाई भेट्न आफ्ना शिष्य सारिपुत्त र मौद्गल्यायनका साथ कक्षमा गए । यशोधराले बुद्धलाई देख्नासाथ सहस्र्र धारा आँसु बगाउँदै आफ्ना पुत्र राहुललाई "तिम्रा बाबा उनै हुन्" भनी चिनाइन् । बुद्धले आफ्ना शिष्य सारिपुत्तलाई छोरा राहुललाई 'प्रवज्या' दिन अह्राए । केही दिनमा नै धर्म प्रचारको लागि शिष्यसहित भ्रमण सुरु गरिहाले । यसको तीन वर्षपछि शुद्धोधनको पनि मृत्यु भयो । त्यसपछि दरबारका रानी, यशोधरा र धेरै बुद्धमार्गी बैशालीमा बुद्धलाई भेट्न पुगे । सबै जना यही धर्ममा लाग्ने हुँदा बाध्य भई बुद्धले भिक्षु र भिक्षुणीको छुट्टाछुट्टै सङ्घ खोले । सङ्घको नियम ज्यादै कडा थियो । ब्रह्मचर्यमा रहनुपर्ने, भिक्षा गरी एक छाक खानुपर्ने, झूटो बोल्न नहुने आदि ८ सम्यक पालना गर्नुपर्ने थियो । उनीहरू पनि सबै नियम पालना गर्दै धर्म प्रचार-प्रसारतिर लागे । बुद्धले पनि ४५ वर्षसम्म कहिले आफ्नै जन्म भएको कपिलवस्तु

राज्य, कहिले भारतका अन्य राज्यमा आफ्ना उपदेश सुनाइहिँडे र ८० वर्षको उमेरमा इ.सं. ४८८ पूर्वमा यस संसारबाट बिदा भए ।

बुद्धको निर्वाणपछि विभिन्न राष्ट्रका प्रतिनिधिहरूलाई बुद्धका अस्तुको ८ भाग लगाइदिए । त्यसैको एक-एकवटा स्तूप निर्माण भयो । त्यसपछि बुद्धधर्मले चीन, तिब्बत, श्रीलङ्का, मङ्गोलिया, जापान तथा मध्य एसिया जतातै प्रभाव पार्दै गयो ।

बुद्धधर्म सुरु हुनुभन्दा पहिला हिन्दू धर्मका कट्टर पुरोहितबाट ज्यादै कडा कर्मकाण्ड, यज्ञ गराउने र धनीमानी राजखलक आदिले मात्र यज्ञ गर्न सक्ने र जातिपातिको प्रथाले गर्दा जनसाधारणले चाहेर पनि यज्ञ आदि गर्न नसक्ने अवस्था थियो । ब्राह्मण, पुरोहितद्वारा गरिने हेलत्व आदिबाट परम्परागत, सनातन धर्म सङ्कटमा पर्न गइसकेको अवस्थामा बुद्धधर्म मौलाउने राम्रो अवसर मिल्यो । हिन्दू धर्मभित्र नै रहेको तर प्रकाश राम्रोसँग नपरेका उनै पाँच उपदेश नै मुख्य हुन् । जस्तै प्राणीको हत्या नगर्नु, अर्काको धनको लोभ लालच नगर्नु, परस्त्री गमन नगर्नु, झूटो नबोल्नु र मध्यपान निषेध । सुरुमा सङ्घभित्र दासहरू, सैनिकहरू, अपराधीहरू र ऋणीका लागि बन्देज थियो । पछि धेरै संशोधन हुँदै धर्म अध्ययन गर्न र बुद्धधर्म अँगाल्न एउटा छोरा या छोरीलाई गुम्बा पठाउने चलन आयो ।

भारतमा विभिन्न शासकहरूले शासन गर्दा मौर्य वंशको पालामा आएर हिन्दू ब्राह्मणहरूलाई भरोसा नगरी बुद्धधर्मलाई राजकीय धर्म बनाउन पुगे । यसै वंशका तेस्रा शासक अशोकले पनि जनजाति माथि नियन्त्रण गर्न र युद्धबाट सफल हुन कठिन परेकोले बुद्धधर्म अपनाउन पुगेको भनाई छ । बुद्धधर्मले कहिले पनि सनातन धर्मप्रति विद्रोह नगरी सबै जातजातिलाई समावेश गराए । यस धर्ममा पनि पुनर्जन्म, धर्मात्मा स्वर्ग, पापी नरक जाने कुरा आउँदछ । यसैबाट

पछि पञ्चेन लामा, दलाई लामा बुद्धधर्मका व्याख्याता हुन आए । पछि त झन् बुद्धको पूजाआजा सुरु भयो । बुद्ध धेरै भए । यसमध्ये शाक्यमुनि (गौतम बुद्ध), मैत्रेय (भावी बुद्ध), वज्रपाणी, मञ्जुश्री, अभिताभ (स्वर्गका शासक इन्द्रजस्तै) मुख्य हुन् । बुद्धधर्मको मुख्य ग्रन्थ त्रिपिटक हो । जुन संस्कृत भाषाबाट नेपाली भाषामा लेखिएको छ ।

त्रिपिटकमा– १. विनय पिटक, जसमा सङ्घसम्बन्धी नियमहरू, भिक्षु, भिक्षुणीमा हुनुपर्ने आचरण, पालना गर्नुपर्ने नियम आदि छन् २. सूत्र पिटक, यसमा बुद्धका वाणी तथा गौतम बुद्धले ठाउँ ठाउँमा दिएका प्रवचन, छलफल छन् ३. अभिधम्म पिटक यो आध्यात्मिक विचारहरूको सङ्ग्रह हो । त्यस समयमा भाषा तथा यातायातको सुविधा विश्वभर भएको भए बुद्धधर्म विभिन्न अन्य सबै जाति र समाजका धर्ममा कुनै न कुनै रूपले सम्मिश्रण हुन पुग्थ्यो । गौतम बुद्धपछि यस संसारमा क्राइष्ट र पैगम्बर महम्मदको उदय भएको हो । सन् १९५० मा श्रीलङ्कामा विश्व बौद्धको सङ्घ स्थापना भयो । यसको मुख्यालय श्रीलङ्का, बर्मा हुँदै हाल थाइल्याण्डमा छ ।

नागार्जुन

नागार्जुनको जन्म इ.सं.को प्रारम्भमा भएको मानिन्छ । दक्षिण भारतका धनी, ब्राह्मण कुलमा उनको जन्म भएको हो । उनका परिवारहरू ज्यादै धर्मात्मा थिए । नागार्जुनको जन्म हुँदा साथ उनको भविष्य र जन्मलग्न थाहा लिन ज्योतिषी तथा भविष्यवेत्ताहरू निमन्त्रित गरियो । तिनीहरूबाट नागार्जुनको आयु सात दिन मात्र भएको र भगवान्को प्रार्थना, पूजा, दान आदिबाट सात वर्षसम्म बाँच्न सक्ने भविष्यवाणि गरे । सोही अनुसारको कार्य हुँदा नागार्जुनको

मृत्यु टच्यो । धार्मिक विश्वासका मातापिता हुँदा पुत्रको मृत्यु वियोग देख्न नपरोस् भनी सात वर्षका नहुँदै आफन्तका साथ तीर्थाटन पठाए । उनीहरू घुम्दै प्रसिद्ध बुद्ध तीर्थनालन्दा पुगे । त्यहाँ बुद्ध विहारका प्रमुख सराहा थिए । सराहाका गुरु कृतिका हुन् । कृतिका गौतम बुद्धका पुत्र राहुलका शिष्य थिए । बुद्ध धर्मका प्रख्यात व्यक्तित्व सराहा हुन् । नागार्जुनलाई देख्नासाथ सराहा प्रभावित भए । सराहाले नै नागार्जुनलाई प्रवज्या लिन लगाई भिक्षु श्रीमन्त बनाए । अब नागार्जुनको आयु लम्बिई ६ सय वर्षसम्म बाँच्न सक्ने भए । सराहाबाट नै तान्त्रिक बुद्धिजमको सशक्त धार प्रादुर्भाव भई उनीबाट नै पछि तिलोपा, नरोपा, मारेप्पपा, मिलारेपा आदि बुद्ध धर्मका तान्त्रिक गुरुहरू भए । बुद्धद्वारा प्रतिपादित अनित्यताको सिद्धान्त, मध्यमार्गको कार्यशैली, विशिष्टता र शून्यताको दर्शन बुद्धको निर्वाणपछि ४०० वर्षसम्म पनि बुद्धका अनुयायीहरूले बुझ्न गाह्रो भयो । त्यस बारेमा नागार्जुनले गहन अध्ययन गरे । यसरी नागार्जुनले अध्ययन गरी लेखेका 'महा मध्यकारिका' नै बुद्ध दर्शनको महत्त्वपूर्ण व्याख्या मानिन्छ ।

बुद्धधर्ममा भएका कथा अनुसार प्रज्ञा-पारमिताका सूत्रहरू बुझ्न नसकी भिक्षु आनन्दले भविष्यको लागि सुरक्षित राखिदिन नागलोकका राजालाई जिम्मा दिएका थिए । नागार्जुन श्रीमन्तका प्रवचनहरू सुन्न आएका नागहरू उनको प्रवचनबाट खुसी भई उनलाई नागलोक पुऱ्याई धेरै उपहार सहित पारमिताका सूत्रहरू समेत दिए । श्रीमन्त नागलोक पुगेका हुँदा नै नागार्जुन भए । बुद्धको ज्ञान फैलाउन उनी नागार्जुन भएका हुन् । नागार्जुनको जन्मस्थान दक्षिण भारत मानिन्छ । नेपालमा पनि नागार्जुन भन्ने स्थल त छ तर नागार्जुन दक्षिण भारतमा नै जन्मेका हुन् ।

यसरी बुद्ध धर्मका व्याख्याता नागार्जुन धेरै समय नालन्दामा रही बुद्ध धर्मसम्बन्धी प्रशस्त अध्ययन गर्न सकिने नालन्दा विश्वविद्यालय स्थापना गरे । गौतम बुद्धको दर्शनका व्याख्याता नागार्जुनले नेपालको नागार्जुन वनमा तीसौँ वर्षसम्म गहन साधना गरी परम सत्य बुझ्न र संसारलाई बुझाउने काम गरेका थिए । यसै नागार्जुन वनमा आज ओशो तपोपन अवस्थित छ भनी स्वामी अरुण आनन्द भन्नुहुन्छ ।

'आर्यजगतका महाविभूतिहरू' का लेखक मङ्गलकुमार नेपालका अनुसार पनि नागार्जुन बारेमा निम्न विवरण पाइन्छ –

बुद्धधर्मको अनुयायीमा मगधका मौर्यवंशी राजाहरू बाहेक नागार्जुन पनि एक हुन् । यिनको जन्म र समय पनि हिन्दू धर्मकै याज्ञवल्क्य र शङ्कराचार्यको समयलाई लिइन्छ । वेदव्यासझैँ यिनले पनि धेरै क्षेत्रमा योगदान पुऱ्याएका छन् । यिनी भारत वर्षकै हुन् र कुषाण सम्राट कनिष्कका समकालीन हुन् । यिनको जन्मस्थान कोशल हो । यिनको वर्णन चीनका यायावरी विद्वान् स्वाङ चाङले चिनियाँ भाषाको आफ्नो आलेखमा गरेका यिनको सम्बन्ध सालीवाहन राजासँग रहेको थियो ।

नागार्जुन बुद्धधर्मको 'महायान' शाखाका पथप्रवर्तक हुन् जुन पथ शाक्यमुनि गौतम बुद्धको हो । हालसम्म नेपाल, भारत, चीन, जापान, कोरिया, श्रीलङ्कामा यो प्रचलित छ । यिनी रसायन शास्त्रका महान् विद्वान् थिए । साथै यिनले धातु विज्ञान, लौहशास्त्र, यन्त्रहरूका आविष्कार, जनन विज्ञान, आयुर्वेद र तन्त्र सम्बन्धी महत्त्वपूर्ण ग्रन्थहरू समेत लेखेका छन् । बुद्धधर्ममा गौतम बुद्धपछि उनैको नाम आउँछ । महायानी बौद्धमार्गीहरू 'बोधिसत्व'को रूपमा यिनको स्तुति पाठ गर्दछन् । यिनी शून्यवादका प्रवर्तक दर्शनशास्त्री पनि हुन् ।

महाबोधिसत्व अवलोकितेश्वरका निर्देशनमा यिनी नालन्दा (भारत)को बिहारमा प्रवेश गरेको भनाइ छ । एकपटक भारतको नालन्दामा अनिकाल पर्दा यिनले कुनै टाढाको टापुमा रहेका विद्वान्बाट सिद्धि प्राप्त गरी धातुबाट सुन बनाउने विधि सिकेर आई अनिकालबाट जनतालाई बचाएका थिए । भारतको धेरै ठाउँमा बुद्धको चैत्य बनाई ताम्रपत्रहरूमा त्रिपिटक लेखी चैत्यभित्र राखेको उल्लेख छ । यिनले अर्हतयान, पन्चेक बुद्धयान, सम्यक् बुद्धयानमध्ये सम्यक बुद्धयानको प्रवर्द्धन गरी अन्य यानलाई हिनयान भने । महायानका विद्वान् यिनी शून्यवादका विचारक हुन् । यद्यपि हिन्दू शास्त्रको शून्यवादसँग उनी सम्बद्ध रहेको पाइन्छ । यसैले गर्दा बुद्ध दर्शन र हिन्दू दर्शनमा विवाद हुन गएको छैन । संवत् २०६८ को जनगणना अनुसार नेपाल अधिराज्यमा बुद्धधर्म मान्नेको सङ्ख्या ९ प्रतिशत छ ।■

आत्मज्ञान

महाराजजी प्रेमपाल सिंह रावतको जन्म डिसेम्बर १०, १९५७ मा भारतको हरिद्वार नजिक गङ्गा किनारको सानो गाउँ कनखालमा भएको हो । श्री हंसजी महाराजका चौथो छोरा हुन् । प्रेमपाल सिंह रावतको जेठो दाजु सतपाल (बाल भगवान्) को जन्म सन १९५१ मा भएको हो भने माइला दाजु महिपाल (भोलेजी) सन् १९५३ र साइँला दाजु धर्मपाल (राजाजी) को जन्म सन् १९५५ हो । एउटी छोरी सावित्रीको उत्तर प्रदेशको पहाडी भेगमा विवाह भयो । श्री हंसजी महाराजका दुई श्रीमतीसँगै पहाडी इलाकामा नै शिक्षक भई बस्दथे । कनखलमा छोरा प्रेमपाल जन्मेको खबर पाएर सब कार्य छाडी तुरुन्तै घर फर्किए । प्रेमपालका पिता हंसजी महाराज ठूला विद्वान् थिए । उनी पहाडी इलाकामा शान्तिको सन्देश दिँदै सभा भाषण (शान्ति मार्गको) गर्दै धेरै भाग घुमे ।

कान्छा छोरा प्रेमपाल सिंह रावत तीन हप्ता मात्रका थिए सम्पूर्ण बालबच्चाको राम्रो शिक्षाको लागि हरिद्वारमा गतिला स्कुल नहुँदा देहरादुनबाट २५ माइल उत्तर जहाँ राम्रा स्कुल र शिक्षक थिए, त्यहाँ सरे । त्यहाँ पनि उनको घर कम्पाउण्डमा पाल कसी विद्यार्थीहरू रहन्थे । तीन-चार महिनाको फरकमा तीन हप्ता जति

नै उनी पहाडी इलाकामा प्रवचनका लागि जान्थे । उनको शान्तिसम्बन्धी धार्मिक प्रवचनले गर्दा धेरै व्यक्तिहरू देहरादुन आउँथे र उनको घर नै धार्मिक आश्रम जस्तै बन्दथ्यो । बालक अवस्थादेखि नै प्रेमपाल सिंह रावत ज्यादै तीक्ष्ण बुद्धिका थिए । आधुनिक संसार तथा सामानहरूको जिज्ञासु थिए । त्यहाँ शिक्षक तथा विद्यार्थीबीच ज्ञान-बुद्धिको बहसमा जोड दिइन्थ्यो । उनलाई एकजना सरदार (शिख) ले जहिले पनि गुलाफको रातो फूल दिन्थे । ती सरदारले ती बालक प्रेमपाल सन्त तुकराम जस्तै हुन् भनी भविष्यवाणी नै गरेका थिए । यो कुरा थाहा पाएर पिता हंसजी महाराजले सानो बच्चा छोरालाई 'तिमी सन्त हौ ?' भनी सोध्दा टाउको हल्लाई 'हो' भन्दथे । भारत वर्षमा सन्तको अर्थ न जोगी न संन्यासी हो । भारतीयहरू जस्तै कबिर, नानक, मीरा, तुलसीदास, सुरदास, तुकराम, ब्रह्मानन्द आदिका जीवनको भजन गर्दछन् किनकि उनीहरूलाई भगवान्का भक्त भनी जानेको हुँदा आठ वर्षकै उमेरमा उनले भनेको वाणी यस्तो छ– "सम्पूर्ण मानवहरूको धर्म नै सर्वोच्च आनन्दमा मिल्नु हो । जस्तो सबैका लागि सूर्य एक छन् र चन्द्रमा, आगो तथा खाने कुराहरू पनि एकै हुन् भने आनन्दमा मिल्नु पनि सबैका लागि एकै कुरा हो । ६ वर्षको उमेरमा उनले भने– "तिमी धेरै कुराबाट प्रशंसित हुने छौ तर यो कुरा तिमी सम्झन सक्छौ, कसले यस्तो हुने बनायो ?" उनी ८ वर्षको हुँदा पिता श्री हंसजी महाराजको १८ जुलाई १९६६ मा मृत्यु भयो र आमाले उनलाई बाँकी शिक्षा दिईन् । पिताको मृत्युको १३ दिनपछि उनलाई प्रेमनगर आश्रमको शिक्षकमा विशेष समारोहका बीच धरन आनन्दले पगरी पहिराए ।

आफ्ना पिताको मृत्युको बाह्रौं दिनमा ८ वर्षका बालकले सबैलाई रुन कराउन रोक्दै भने– "तपाईंहरू जो बाबालाई प्रेम

गर्नुहुन्छ, उहाँ त तपाईंहरू सँगै हुनुहुन्छ । तपाईंहरूको हृदयबाट कसैले उहाँलाई हटाउन सक्तैनन् । त्यसैगरी सोही दिन हरिद्वारमा नै बालक प्रेमपालले भने– "जब गुरु महाराजजी यहाँ हुनुहुन्थ्यो उहाँ जहिले पनि तपाईंहरू प्रत्येकलाई ज्ञानको ज्योति दिइरहनुहुन्थ्यो । मेरो आत्मामा गुरु महाराजजी रहनुभएकोले यो कार्य म गर्दै छु । अघिल्ला दिनमा पनि हरिद्वारको आश्रममा भने– "हामीले विश्वभर ज्ञान फैलाउनु छ । यसरी ज्ञान फैलाउँदा सम्पूर्णलाई कल्याण हुन्छ । हामीले समय खेर जान नदिई अन्तिम साससम्म पनि अरूको भलाइ गर्नुपर्दछ ।

उनी देहरादुनको सेन्ट जोसेफ स्कुलको ५ कक्षामा अध्ययन गर्दा दस वर्षका मात्र थिए । एक शनिबार बाल योगेश्वरजीसँग धार्मिक विषयमा छलफल हुँदा उनले विश्वमा मैले आत्मज्ञानको शान्ति सन्देश पुऱ्याउनका लागि अङ्ग्रेजी भाषा सिक्दैछु । यो कुरा जनवरी ७, १९६८ को नवभारत टाइम्स, मुम्बईमा प्रकाशित भएको थियो । त्यसै उमेरमा बाल योगेश्वर धनी, गरिब, उच्च खानदानका परिवार र गरिबलाई समान ठान्दथे र सबैको हृदय एकै देख्दथे । १९७१ नोभेम्बर ८ मा १३ वर्षको मात्र हुँदा दिल्लीमा प्रवचन दिँदा प्रेमपालले भने– "मानिस आनन्द खोज्दै एक ठाउँबाट अर्को, अर्को ठाउँबाट अर्को गर्दै धेरै स्थानमा घुम्दा पनि आनन्द पाउन सक्दैन । तर यो आनन्द आफ्नै हृदय भित्र बस्दछ । यो कुरा किन मानवले जान्दैन ?"

त्यसै साल १३ वर्षकै उमेरमा उनी बेलायत जान लाग्दा माताजीले पढाइ सकेपछि विवाहपश्चात् बेलायत पठाउने कुरा सम्झाउँदा उनले मानेनन् । आमाले श्री बिहारी सिं जो श्रीमान्कै साथी जस्तै थिए उनैको साथ लगाई सम्पूर्ण आवश्यक खर्चसमेतको

बन्दोबस्त गरी छोरालाई बिदा गरिन् । ७० को दशक युरोपियन मुलुक हिप्पी युगमा थियो । जवान केटाहरू नै लामा लामा कपाल पाल्ने, लागू पदार्थ खाने र आनन्दको खोजीमा एसियाका विभिन्न मुलुकहरूमा र पूर्वीय दर्शनमा पनि प्रशस्त लागेका थिए । अमेरिकाले भियतनामसँग गरेको युद्धले पनि शान्तिको खोजीमा ती युवा पूर्वीय दर्शनमा आकर्षित भएका थिए । त्यस सयममा १३ वर्षे सन्त महाराज बेलायत जाँदा बेलायतको हिथ्रो विमानस्थलदेखि नै युवा तथा बुद्धिजीवीले उनको भव्य स्वागत गरे । बेलायतका अधिनमा भारत हुँदा प्रेमपाल सिंह रावतको इलाका देहरादुनमा प्रशस्त बेलायती पनि थिए । उनीहरू प्रेमपालको तीक्ष्ण बुद्धिबारे ज्ञाता थिए र उनीहरूले नै यो भ्रमणको आयोजना गरेका थिए । सन्त महाराजको प्रवचनमा प्रशस्त मानिस उपस्थित भई एकाग्र मनले प्रवचन सुन्दथे । महाराजजीले नोभेम्बर ३, १९७१ मा बेलायतको लण्डनमा प्रवचनको समयमा भने– "म साँच्चै इमानदारीका साथ भन्दछु कि तिम्रो दिमागमा एक कप पानी जति प्रेम छ भने त्यो प्रेम महासागरको सम्पूर्ण जल एकातिर र तिम्रो वास्तविक एक कप प्रेम अर्कोतर्फ राखी जोखेर हेरेमा एक कप नै धेरै हुन्छ ।

हुन त प्रेमपाल सिंह रावतको तीक्ष्ण बुद्धि ३ वर्षकै उमेरमा देखिइ सकेको थियो । उनको शान्ति सन्देश नै जिज्ञासुको लागि ज्यादै सरल छ । सुखमय जीवन बिताउन शान्तिको आवश्यकता पर्दछ भने त्यो शान्ति बाहिर खोजेर पाइने होइन त्यो आफ्नै हृदयमा लुकेर बसेको छ र हामीले पाउनासाथ जीवन सुखमय हुन्छ । यो सन्देश तीन वर्षकै उमेरमा मानिसलाई सुनाएका थिए र चार वर्षको उमेर हुँदा सार्वजनिक कार्यक्रममा नै सुनाएका थिए र यो कुरा पत्रिपत्रिकामा प्रकाशित समेत भयो । श्री प्रेमपाल सिंह रावत

शान्ति सन्देशको प्रवचन मात्र गर्ने नभई ज्ञानको माध्यमबाट जिज्ञासुको हृदयमा शान्तिको अनुभव गराउँछन् । यति गर्न नसकेसम्म आफ्नो सन्देश अधुरो ठान्दछन् । उनले धेरै उदाहरण दिँदै मानिसमा चार किसिमले ज्ञान प्राप्त गर्ने क्रियाबाट शान्ति मिल्न सम्भव छ भन्दछन् । जस्तै तिर्खाएको व्यक्तिले पानी पिउँनासाथ सन्तुष्टि पाउँदछ तर कुन किसिमको सन्तुष्टि प्राप्त गऱ्यो -शब्दमा व्यक्त गर्न सक्तैन । यस किसिमको प्रवचन, क्यासेट, भिडियो, डीभीडीबाट ९० भन्दा बढी देशमा र ७० भन्दा बढी भाषामा प्रचार-प्रसार भएको छ । काठमाडौँको सामाखुसीमा पनि भव्य प्रचवन गृह छ । उनी हेलिकप्टरबाट समेत प्रवचन दिन आए । उनी गेरूवस्त्र तथा पूजाआजामा विश्वास गर्दैनन्, आरामदायी सुट नै लगाउँछन् ।

एकपटक नयाँ दिल्लीको जवाहरलाल नेहरू रङ्गशालामा एक लाख तीस हजारभन्दा बढी श्रद्धालुको बीचमा प्रवचन दिँदै भने– "यस रङ्गशाला क्षेत्रभित्र रहेका बत्तीहरूमध्ये एउटा मात्र बत्ती निभ्दा धेरैलाई असर पर्दछ भन्दै पृथ्वीलाई रङ्गशाला र चीम (बत्ती) लाई मानिस बनाई उदाहरण दिए । जब प्रत्येक मानिसमा शान्तिको दीप हृदयमा बल्दछ तब विश्व शान्तिमय बन्न सम्भव छ ।" अर्कोपटक भारतको आग्राको कार्यक्रममा "तपाईंको हृदयले शान्ति पाउन तपाईंलाई बोलाइरहेछ तर तपाईं सुन्न सक्नुहुन्न, हृदयको भाषा बुझ्न सक्नुहुन्न । आफ्नो हृदयको भाषा सिक्नुपर्दछ । यदि तपाईं बुझ्न र सिक्न सक्नुहुन्न भने म समक्ष आउनु होस् तपाईंको हृदयको अक्षर अक्षर र शब्द शब्द सिकाउन, बुझाउन तत्पर छु" भने ।

लण्डनको रोयल एलबर्ट हल, अस्ट्रेलिया सिड्नीको ओपेरा हल, न्यूयोर्कको लिङ्कन सेन्टरसहित विश्वका ठूला ठूला विश्वविद्यालय र हलहरूमा प्रवचनको कार्यक्रममा उनले भने– "जुन कुरा तपाईंले

खोज्नुभएको छ त्यो तपाईं भित्रै छ । यो नयाँ कुरा हो त ? होइन, के यो पुरानो कुरा हो ? हो । अन्तिम दिनसम्म यो कुरा भन्दै जानेछु । जब तपाईंले ज्ञानको अभ्यासबाट आफूभित्रको शान्ति सन्देश फेला पार्नुहुन्छ । त्यस समय यो सृष्टिकर्तालाई धन्यवाद दिँदै जीवनको सार्थकता बुझ्नुहुन्छ । यस्तै कार्यक्रममा एक जनाले श्री प्रेमपालज्यूलाई सोधेछन्- के तपाईंलाई सृष्टिकर्तामाथि विश्वास छ ? उसलाई देखाउन सक्नुहुन्छ ? उनले– "तपाईंलाई बाँच्नको निमित्त सास फेराउने नै सृष्टिकर्ता हो । यदि तपाईंले नै यो कार्य गर्नुहुने भए पहिले नै बिर्सेर मृत्युवरण गरिसक्नुहुन्थ्यो । तपाईंको होस भएको समयको त कुरै छाडौं तपाईं बेहोस भएको समय, सल्यक्रिया आदि उपचारको क्रममा बेहोस पारिएको अवस्थामा र सबै रात र दिनमा निदाएको समयमा पनि तपाईंलाई सास फेराएर उसले बचाइरहेको हुन्छ । यो नै सृष्टिकर्ता हो ।" भनी जवाफ दिएछन् ।

जे काम तिमी गर्दछौ त्यसैमा एकचित्त होऊ । काम एकातिर र मन अर्कोतिर नगर । तिमी भगवान्को जप गरिरहेका छौ तर मन अर्कै संसारमा छ । त्यस्तै जीवनको लक्ष्य प्राप्त गर्न पनि त्यसैतर्फ मात्र लाग । जस्तैः मोटर, बयलगाडा, जहाज सञ्चालन गर्नेहरू आफ्नो गन्तव्यमा पुग्न निरन्तर अगाडि बढ्दछन् र पछाडि फर्कदैनन् । त्यस्तै तिमी पनि ईश्वर प्राप्त गर्न चाहन्छौ भने उनैको मात्र ध्यान गर ! ध्यानमा रहँदा अन्यत्र मन नडुलाऊ ! परमात्मा, परमानन्द प्राप्त गर्न त्यसैमा मात्र मन लगाऊ । जब एकपटक परमानन्द प्राप्त गर्ने छौ तिमी जीवनभर त्यसैमा रमाउने छौ । तिमी राम, कृष्ण, नानक, कबिर आदि महापुरुषको तस्बिर आफ्नो अगाडि राखी पूजा गर्दछौ, भक्ति गर्दछौ, तर प्राप्त गर्न सक्दैनौ । एकाग्र चित्तले श्रद्धासाथ उनीहरूलाई पाउन भक्ति गर त उनीहरू नै

तिमीलाई भेट्न आउँछन् । तिमीलाई आनन्दरूपी धनको जरुरत छ भने आनन्द तिम्रै मनभित्र छ । यो आनन्द धनबाट प्राप्त हुने होइन, धनबाट प्राप्त गर्ने आनन्द एकपछि अर्को थपिँदै जान्छ इच्छा कहिल्यै पूरा हुँदैन । त्यसैले तिमी जन्मँदै तिम्रो आत्मामा परमात्मा रहनुभएको छ । परमात्माका साथ अवश्य लक्ष्मी पनि सँगै रहन्छिन् । तिमीलाई लक्ष्मीले सम्हाली नसक्नु धन दिए तिमी झन् दुःखी हुने छौ । यो धन जोगाउने चिन्ता, कर तिर्ने चिन्ता, आदि चिन्तै चिन्ताले सकिने छौ । जब तिमीले परमात्मा भेट्टाउँदछौ अन्य लोभ आफै हराएर जान्छ । धनको के कुरा जब तिमी बुद्ध हुँदै जान्छौ तिम्रो कानले, आँखा, हात, खुट्टा आदिले काम गर्न छाड्दछन् । तर आनन्द लिने शक्ति प्राप्त भएपछि तिमी रहुञ्जेल आनन्द भइरहन्छ ।

प्रेमपाल रावत भन्नुहुन्छ– "तपाईं जुन नदीमा नुहाई पाप नाश गर्न चाहनुहुन्छ ती सब नदीहरू फोहर ढल बनिसके । कलियुगमा राम, कृष्ण आदि मन्दिरमा भगवान् चोरी हुने डरले पुजारीले ढोकामा ताल्चा लगाउँछन् । जब सच्चा भगवान्लाई कसले चोर्न सक्दछ ? सारा रूख, बगैँचा, आदि चहार्दै फलफूल खाने हनुमानजीको मूर्ति एकै ठाउँमा अडिने गरी राखिएको छ । त्यसैले तिमी आफ्नो आत्माभित्रका परमात्मा चिन, जान र आनन्द प्राप्त गर । परमात्मा नै तिम्रो हृदयमा हुनुहुन्छ । यो जानेर शान्ति लेऊ ।"

प्रेमपाल रावत महाराज 'मनुष्य जीवन' भन्ने आफ्नो किताबमा भन्नुहुन्छ– "मनुष्य जीव नै सबभन्दा भाग्यशाली जीवन हो र यस जीवनको लक्ष्य नै आनन्द र शान्ति प्राप्त गर्नु हो । यसका लागि गुरुबाट आत्मज्ञान प्राप्त गरी जीवन सार्थक बनाउन सकिन्छ ।"

सबभन्दा ठूलो उपहार नै मनुष्य जीवन पाउनु हो । आफ्नो स्वर्ग आफैमा खोज र सबभन्दा पहिला आफूलाई आफै जान भन्दै

उनले ज्ञानको बत्ती बालेर अघि बढ, आफू भलो त संसार भलो भन्ने ज्ञान दिनुभएको छ । यी कुरा जान्न सकेमा यस संसारमा सुख, शान्ति, आनन्द र ज्ञान प्राप्त गरी परमात्मामा मिल्ने छौं । उनले जीवन उज्ज्वल बनाउने विभिन्न कथा र कविताहरू प्रशस्तै लेखेका छन् । बारम्बार मनुष्य जीवन पाइने होइन । आफ्नो हृदय खोलेर हेर । तिमी दुःखको खाडलमा नभई यो हंसरूपी श्वास-प्रश्वास लिई संसार भ्रमण गरिरहेछौ । तिम्रो जीवनभित्र कस्तो राम्रो आनन्द छ, त्यसलाई अनुभव गर्दै जीवन सफल पार । एकपटक मात्र होइन जबसम्म तिमी जीवित रहन्छौ प्रत्येक पलमा शान्तिको अनुभव गर ।

कुनै एक जनाले उनलाई पत्र लेख्दै भनेछ– "महाराजजी म कुन रामलाई चिन्न कोसिस गरूँ ? एकजना राम दशरथका छोरा हुन् । एक राम मेरै हृदयभित्र छन् । मेरो मात्र नभई नेपाल, भारत, पाकिस्तान, युरोप, अमेरिका आदि संसाभर रहेका प्राणीमा छन् । त्यति मात्र नभई धनी, गरिब, ठूला, साना, चोर, उल्लु, सन्त, महन्त, राजा, रङ्क, सबका हृदयमा समान भावले रहेका छन् ।"

उनले जवाफ दिएछन्– "जबसम्म तिमी बाँच्दछौ तबसम्म हृदयमा श्री राम रहिरहन्छन् र तिमीले सास फेर्न छाडेपछि उनले पनि तिमीलाई छाड्दछन् ।हामी सब माटाका भाँडा हौं जबसम्म यसभित्र परमेश्वर रहनुहुन्छ, उनले नै विभिन्न किसिमले हामीलाई खुवाउनुहुन्छ, नचाउनुहुन्छ, डुलाउनुहुन्छ, भुलाउनुहुन्छ । जुन दिन हामीभित्रका भगवान्ले छाड्नुहुन्छ हामी माटोमा नै मिल्दछौं । त्यस्तै तिमी श्रद्धाका साथ तिम्रै हृदयस्थित स्वर्ग खोज अब तिमीभित्र, बाहिर, देश, विदेश, जतातै तिम्रो श्वास-प्रश्वासमा पाउन सक्छौ । यही अनुभव गर्न सक्नु नै परमात्मा प्राप्त गर्नु हो ।"■

सन्त कबिर

सन्त कबिरको जन्म वि.सं. १४५६ (तदनुसार सन् १३९९) मा भएको हो । नेपालमा पनि कबिरको जन्म दिवस २०६९ आषाढ १३ गते मनाइएको थियो । भारतको बनारसस्थित लहरतारा छेउ रोइरहेको बेसहारा बालकलाई ससुरालीबाट फर्कदै गरेका मुसलमान दम्पति निरू र निमाले फेला पारेका हुन् । साँझको समय थियो । एकान्त स्थानमा रोइरहेको बालक देख्दा निरूको श्रीमती निमाको मनमा अल्लाहले आफूलाई सुम्पेको ठानी तुरुन्तै ग्रहण गरिन् । निसन्तान जोडी हुँदा दुवै जना ज्यादै आनन्दित भए । उनीहरू ज्यादै गरिब परिवारका थिए । निरू एक जुलाहा (कपडा बुन्ने मानिस) हुन् । अल्लाहले उनीहरूकै लागि कृपादृष्टि गरेको सम्झी त्यो बालकको ज्यादै राम्रो स्याहारसुसार गरे । बालकको नामकरण गर्न मुसलमान धर्मका ठूला ठूला ९९ अल्लाहको नामबाट छानी अल्लाह कबिर नामकरण गरे । उनी शुक्ल पक्षको चन्द्रमा झैं बढ्दै गए । निरू र निमाले अध्ययनार्थ मुसलमान धर्मावलम्बी मौलबीहरू समक्ष अनुरोध गर्दा बेवारिसे र बेजातको भन्दै इन्कार गरे भने हिन्दू गुरुहरूले निमा र निरूको कुरै नसुनी झपारे ।

सन्त कबिरको कलिलो मनमा यसको असर ज्यादै नराम्रोसँग गड्यो । बालकले बली दिएको पनि देख्न पुगे । बालक कबिरलाई

बाबु निरूले पण्डितहरू समक्ष मन्दिरमा र मौलबीहरूसँग मस्जिद लैजाँदा दुवै तर्फबाट ज्यादै अपमान व्यहोरे । त्यसपछि बालकले दुवै धर्मावलम्बीहरू माथि नराम्रो दृष्टिले हेर्न थाले । बनारसमै अलि ठूलो भएपछि कबिर घरको कामकाज र साधारण व्यापारमा संलग्न भए । यस्तै एकपटक उनी एक जना रामानन्द भन्ने गुरुले धार्मिक ग्रन्थका मन्त्र सहित योग गरिरहेको स्थानमा पुगे । कबिरले कुन तरह र के कस्तो प्रभावले ती रामानन्दलाई आफ्नो गुरु बनाउन पुगे । बडो अचम्म छ । रामानन्दजीबाट उनले मन्त्र पनि ग्रहण गरे । पछि कबिरले आफ्नै घरलाई कबिर मठ बनाए । आफ्ना माता-पिताको मृत्युपछि कब्रस्थान बनाए । कबिरको घर स्कुलमा परिणत भयो । त्यस स्कुलमा अध्ययन गर्नेले छात्रवृत्तिसमेत पाउँदछन् ।

मुसलमान मातापिताबाट हुर्किबढेका कबिरले हिन्दू गुरुबाट योग मन्त्र सिक्नु, हिन्दूहरूको तन्त्रमन्त्रको ज्ञान पनि सिक्नु र सन्त, महन्त, योगी आदि सम्पूर्ण धर्मसम्बन्धी अध्ययन स्थल बनारसमा रहने सन्तहरूबाट सम्पूर्ण विद्या जान्न सुन्न इच्छा गर्ने हुँदा सबै किसिमका धर्म अवलम्बन गरे । यसरी मुख्यतया हिन्दू र मुसलमान धर्मको ज्ञाता हुँदा यी दुई जातिको धर्मबाट नै झैझगडा भइरहने हुँदा कबिरले यी दुवै मत र अझै विश्व मानवहरूलाई धर्मद्वारा नै एकत्रित गर्ने मार्ग समाए । गुरु नानकका समकालीन हुँदा दुवैको मत मिल्ने किसिमको भयो । पन्ध्रौं शताब्दीका कबिरले त्यसै समय जातपात, अन्धविश्वास, देवदेवीको पूजा र ज्यादै अप्ठेरा धार्मिक अनुष्ठानको विरोधमा शङ्खनाद नै गरे । विदेशी विरुद्ध एक भई युद्ध छेड्न समेत सम्पूर्ण भारतीयहरूलाई आह्वान गरे । यसरी कबिर पन्थको नयाँ सम्प्रदाय नै बनाउन सफल भए ।

कबिरको मतबारे कबिर ग्रन्थ 'बिजक'को समेत अनुवाद गरिसक्नुभएका नेत्रबहादुर थापा कबिरको ज्ञान धर्मबारे यसरी भन्नुहुन्छ– "यस संसारमा कबिरको आगमनभन्दा पहिलेदेखि नै भारतमा मुगलको शासन चल्दा हिन्दू धर्मलाई निर्मूल नै गर्न खोजे र धेरैको निर्मम हत्या समेत गरे । पुनः सैयद र लोही वंशका शासकले पनि यस्तै हैरानी गराए । खाली धार्मिक झैझगडाले गर्दा भारतमा विभिन्न राज्यहरू खडा हुन गए । यसले गर्दा प्रान्तीय भाषाहरूको पनि विकास भई हिन्दू धर्ममा केही राहत महसुस हुन थाल्यो । यस्तैमा हिन्दू धर्मका विद्वान्, विदुषी जस्तै माधवाचार्य, बल्लभाचार्य, रामानन्द, कबिर, ज्ञानेश्वरी, मिराबाई, तुकाराम, एकनाथ, नानक, चैतन्य आदिका विचारले गर्दा हिन्दूहरूको वर्णाव्यवस्था पनि खुकुलो हुँदै गयो । हिन्दूहरूको छुवाछूत, जाति प्रथा र मुसलमानको धर्ममा पनि ज्यादै कट्टरपना र कुसंस्कारको समस्या थियो र यिनै विकारहरूलाई हटाई दुवै धर्ममा सामञ्जस्य लाई मेलमिलाप गराउन कबिर, दादु, नानकहरूले ज्यादै महत्त्वपूर्ण भूमिका खेले । कबिरले हिन्दू धर्म शास्त्र र मुसलमानको सम्पूर्ण धर्मकर्म जानेका हुँदा यिनमा रहेका कुप्रथा बली, हलाहल आदिको विपक्षमा विचारप्रवाह गरे ।

सम्पूर्ण धर्मका राम्रा कुराहरू कबिर ग्रन्थमा राखिएका छन् । यतिसम्मकी वेद, उपनिषद्, पुराणहरू, बाइबल आदि सबको ज्ञान कबिरमा छ । उनको 'पारख ज्ञान' ले आत्मचिन्तन गर, आत्माले ठीक सम्झेको कार्य मात्र गर भनेको छ । उनी हिन्दू कर्मकाण्ड, मुसलमानको नमाज, क्रिस्चियनको बाइबलका साथै धेरै प्रथाको विरोध गर्दथे जुन कुरा समाजका प्रत्येकलाई मान्य भएन । मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च आदिमा खोजेर देवता मिल्दैनन्, आफैभित्र खोज भन्दथे । यसैले उनको सबै धर्मावलम्बीप्रति राम्रो भावना

थियो । यस्तै कबिरको धार्मिक ग्रन्थ 'बिजक'को बारेमा सर्वोच्च अदालतका न्यायाधीश वासुदेव शर्मा भन्नुहुन्छ– "बिजक सन्त कबिरको क्रान्तिकारी दर्शन हो । कबिरले नचाहिँदो रूढिवाद विरुद्ध सङ्घर्ष नै गरे । आफ्नो चेतन स्वरूपलाई बुझी अन्य भ्रममा नपर भन्दै कबिरको पारख सिद्धान्त मनुष्यको सत्मार्गका लागि आपसमा प्रेमभाव बढाउने मुख्य कुरा हो । ध्यान, तप, व्रत आदिले शरीरलाई दुःख दिनुभन्दा आत्मा जान्न कोसिस गर" भन्दथे ।

सन्त कबिरले ब्राह्मणको कर्मकाण्ड र मुसलमानको कुरान सबलाई एकत्रित गरी 'साझा पथ' निर्माण गरेका छन् । मठ, मन्दिरमा र भगवान्मा चित्त लगाउने सुफी विचारलाई एकै स्थानमा राखेर "आत्मा चिन" भनेका छन् । कबिरको विचारको मुख्य ग्रन्थ विजकलाई पाँचौं शिख गुरु अर्जुनदेवले एकत्रित गरी 'गुरुग्रन्थ सहिब' तयार गरेका हुन् ।

कबिर ठूला कवि पनि थिए । उनको कविता ज्यादै सुन्दर, भर्खर पलाएका मुनाजस्ता हृदय छुने र धेरै कविताहरू उपदेशात्मक र नराम्रो विचारलाई व्यङ्ग्यात्मक तवरले प्रहार गर्ने खालका छन् । धेरै कविताहरू हिन्दीमा लेखिएका र धेरै उपमाहरू, अवधि, व्रज र भोजपुरी शब्दहरूबाट सिँगारिएका छन् । जनमानसमा प्रभाव पर्ने र अन्य धार्मिक ग्रन्थमा भएका बली, हिंसा तथा अन्धविश्वासलाई आघात पुग्ने गरी व्यङ्ग्यात्मक तरिकाले समेत प्रहार गरिएको छ । पचासौं वर्षसम्म उनका कविताहरू प्रत्येक धर्मका मानवहरू गाउँथे र उदाहरण स्वरूप भन्दथे । यी कविताहरूको प्रभाव धार्मिक सन्त, गरिबदास र राधास्वामीमा समेत परेको थियो । उनका कविताहरूमा सच्चाइका मालाहरू उनिएका छन् । साधारण बोलीचालीमा पनि धेरै उदाहरण दिइन्थ्यो । आज पनि कबिरका

कविता, गीत, दोहा, संस्कृत श्लोकहरू मानिसहरूको साथी बनेका छन् । यिनै, श्लोक, दोहा, कविता र कबिरवचनका फिल्म, ससाना डकुमेन्ट्री हिन्दी र उर्दू भाषामा बनाइएका छन् भने आनन्द गान्धी फिल्ममा कबिरका प्रशस्त वचनहरू छन् । कबिरलाई हिन्दी र उर्दू भाषाका विशेषज्ञ नै मान्नुपर्दछ ।

सन्त कबिरको मत कबिरको 'बिजक' नामको किताबमा अध्ययन गर्न सक्छौँ । सन्त कबिरको विचार उल्लेखित प्रशस्त किताबहरू बजारमा पाउन सक्छौँ । काठमाडौँ बानेश्वरस्थित कबिर सत्संग आश्रमको पुस्तकालय र सन्त कबिर पन्थी विद्वान्हरूबाट पनि उनको बारेमा जान्न बुझ्न सक्छौँ । साथै ललितपुर जावलाखेलमा समेत सत्संग आश्रम छ । कबिर पन्थीहरूको सङ्ख्या मध्य तथा उत्तर प्रदेशमा प्रशस्त छ । दसौँ वर्ष अगाडि नै भारत वर्षमा यस मतका अनुयायी करिब ९६ लाख थिए भने भारत बाहेक अन्य मुलुकहरूमा करिब आठ लाख पचास हजार जति थिए । उनले नै तयार गरेको विजक, सखिग्रन्थ, कबिर ग्रन्थ र अनुराग सागर हुन् । वैदिक सनातन धर्मको मुख्य ग्रन्थ श्रीमद्भागवत महापुराण भनेझैँ कबिरको मुख्य ग्रन्थ नै **विजक** हो । यसको नेपालीमा अनुवाद बालाजु, नेपालटारका नेत्रबहादुर थापा र उहाँका साइँला भाइ लीलाबहादुर थापाले गर्नुभएको छ । लीलाबहादुर थापा वि.सं. १९९६ तिर नै कबिर मतमा लाग्नुभएको र उनले तयार गर्नुभएको 'विजक' विस्तृत रूपमा नेपालीमा बुझ्न योग्य छ ।

बिजक

बिजक नामकरणको अर्थ नेपालीमा अर्थ मन्त्रालय अन्तर्गत कर विभागमा साहु, महाजन तथा व्यापारीहरूबाट प्रयोग हुने (पेश

हुने) विवरण नै बिजक हो अर्थात् किनमेल हुँदाको वस्तुको विवरण मूल्य नै बिजक हो । यहाँ सन्त कबिरले पनि मानिसको मुख्य धर्म के हो ? के कस्तो कुरालाई धर्म भनिन्छ ? आदिलाई जानीबुझी, आफ्नो मनले पारख गरी जीवनलाई परमात्मामा लगाउने बाटो देखाउने ग्रन्थलाई बिजकको नाम दिएका छन् । समस्त कबिर पन्थीहरू यसै बिजक ग्रन्थमा रहेका कबिरका वाणी, वचन, दोहा, कविता, श्लोक आदिलाई परम धार्मिक ग्रन्थ मानी आफ्नो आत्मालाई परमात्मामा मिलन गराउँदछन् । यस ग्रन्थको हिन्दी, बङ्गाली, उर्दू र भारतवर्षका सबै भाषाहरूमा र विदेशी भाषाहरूमा समेत प्रकाशित भएको छ र अझै अरू भाषाहरूमा पनि प्रकाशित हुने अवस्थामा छ ।

आधुनिक संसार दिनहुँ बदलिँदै छ । विभिन्न प्रकारका शिक्षा, विज्ञान आदिले गर्दा वैदिक, सनातन धर्मका तेत्तीसकोटी देवी-देवता, देवताका पनि पाँच मुख, धेरै हात खुट्टा, रावणको १० टाउका, विश्वरूप, आदि हालको विज्ञान र बुद्धिको क्षमता भन्दा ज्यादै उच्च तहको हजारौँ हजार वर्ष अघिका वैदिक सनातन दर्शन, बुद्धधर्मले देखाएको मार्ग यस धर्मभन्दा धेरैपछि प्रादुर्भाव भएको कुरानमा भएका धर्मसम्बन्धी विश्वास र ईसाई धर्मका बारेमा जनमानसमा विश्वास घट्दै गएको र आ-आफ्नै धर्महरूका आडमा वैदिक धर्मका पण्डित, कुरान आदिका व्याख्याता मौलवीहरू र क्रिश्चियन धर्मका पादरीहरूबाट धर्मको नाममा समाजमा फैलाएका कुकृत्य, झैझगडा, धर्म, वर्ण आदिको युद्धबाट विक्षिप्त मानिसहरूलाई राम्रो बाटोबाट जीवन सुधार्न र जनकल्याण गर्न सन्त कबिरबाट बिजक ग्रन्थ तयार गरिएको छ । मानिसले आफै चिन्तन, मनन गरी ज्ञान प्राप्त गर्ने ज्यादै राम्रो मार्ग हो । यसलै अन्य धर्ममा भएका कुरीति, कुसंस्कारहरूलाई आलोचना गर्दछ । सन्त कबिरको ज्ञान प्राप्ति

पछि उनले त्यस समयसम्म चलिआएका सम्पूर्ण धर्मशास्त्रहरूको राम्रा राम्रा वाणी, विचार ग्रहण गरी आफ्नो छुट्टै विचार, आदर्श, ज्ञान र धर्मको विकास गरे ।

बिजक ग्रन्थको पहिलो खण्डमा ब्रह्मा, विष्णु, महेश्वरको प्रादुर्भाव, पृथ्वीबारे जानकारी गराउँदै यी तीन देवता नै कल्पनाका देवता हुन् भनिएको छ र मानिस आफैले सृष्टि गरेको भन्दै पृथ्वीको प्रलय आदि कल्पनाका कुरा हुन् भनिएको छ । ब्रह्माजीलाई रजोगुणीको संज्ञा दिँदै उनैले वेदको रचना गरे, कसैकसैको भनाईमा ब्रह्माले वेदका ऋचा सङ्कलन गरी ऋग्, यजु, साम र अथर्व वेद विभाजन गरे । चौध लोक, चौध विद्या बने । यिनैको आधारमा अर्थ, धर्म, काम र मोक्षको जानकारी मानिसमा गराई अनेक अनुष्ठानमा प्रवेश भए । यस संसारको र मानव आदि सबथोकको मुख्य व्यवस्थापक यिनै तीन देवता हुँदा कर्म, भक्ति र योगमा मनुष्यलाई लगाए । यसरी ऋषिहरूले दर्शन, न्यायशास्त्र आदि रचना गरी सम्पूर्ण मानिस जातिलाई बन्धनमा राखी संसार सञ्चालन गरे । मानिसको जातजाति विभाजन गरी आपसमा वैमनष्य पैदा गराए आदि आदि उल्लेख छ । आफ्नो स्वच्छ चिन्तनले मनको पारख गरी हेरेमा माथिका सबै कुरा कल्पना मात्र हुन् भनी सन्त कबिर भन्दछन् । दान, जप, तीर्थ, उपासना आदि सत्य पारख नभएसम्म त्यसै त्यसै समाप्त हुन्छन् । यस्तैमा नेपाली पद्यमा उनी भन्दछन्–

भ्रान्तिमा जग मस्केर, आवागमन पर्दछन्
पाई मानवको जन्म, किन विक्षिप्त बन्दछन् ।।

नेपालमा सन्त कबिर पन्थको विकास राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालादेखि भएको हो । सर्वप्रथम नेपाली मूलकी एक महिला काशीबाट उपत्यकामा प्रवेश गरिन् । उनी कबिर वाणी

भजनहरू ज्यादै राम्रोसँग गाउँथिन् । उनी भारतबाट आउँदा उनको साथमा एउटा पुरानो विणा थियो । उनी बाग्मती नदी किनारको एउटा पाटीमा बस्थिन् । उनको दैनिकी विणा बजाई कबिर भजन गाउनु मात्र हो । नित्य बाग्मती स्नान गर्न जाने प्रेमनैनामा सो कबिर भजन दिनहुँ सुन्दा ज्यादै आकर्षण बढ्न गयो । पछि उनका सुपुत्र सन्तशरण साहेबजी नै हुन पुगे । काशीबाट आएकी महिलालाई कोही माईबज्यै कोही माई साहेब भनी सम्बोधन गर्न लागे । त्यसैबखत उनी पाल्पामा समेत पुगेर विणा बजाई गाउँदा धेरै कबिरपन्थी बन्दै गए । यसै पन्थका अनुयायीहरूले मूल बीज, बिजक त्रिजा, निर्णय सार, कबिर परिचय, वैराग्य शतक आदि धेरै किताबहरू झिकाई भक्तहरूलाई वितरण गरे । यसरी दिनानुदिन कबिर पन्थीहरू बढ्दै गए । कबिर धर्मको मुख्य पथ नै अहिंसा हो । काठमाडौंमा प्रशस्त देवदेवी पूजाआजा गर्ने र धेरै मन्दिरहरूमा बलीको प्रथा हुँदा यी धर्मावलम्बीहरूले श्री ३ जुद्धशमशेर समक्ष कबिर धर्म म्लेक्ष धर्म हो र यसलाई नेपालमा प्रचारप्रसार गर्न दिन हुँदैन भनी लिखित उजुरी नै दर्ता गराए । राणाहरू समक्ष आवतजावत भएका व्यक्तिका सन्तानहरू पनि कबिर पन्थीहरू हुँदा श्री ३ जुद्धशमशेरले धेरै जना जासुस छाडी सत्यतथ्य के हो पत्ता लगाउन लगाए । आखिर कबिर पन्थी धर्म ज्यादै उपयोगी ठहर भयो । विक्रम संवत् १९८९ सालमा यस धर्मलाई प्रचारप्रसार गर्न छुट दिइयो । साथै श्री ३ जुद्धले यस धर्मका विद्वान्लाई दरबारमा बोलाई बडो आदर र भक्तिसाथ कबिर वाणी सुने । त्यसपछि दरबारियाहरू पनि प्रशस्तै कबिर पन्थी भए । जुद्धशमशेरकी बुहारीले नै लगनखेल ललितपुरमा कबिर पन्थी साहेबहरू बस्न निजी मठ बनाइन् । तत्कालीन रानी रत्नराज्य बानेश्वर, काठमाडौंमा मठ स्थापनार्थ रकम सहयोग भयो । संवत्

१९९५ सालतिर नै जुद्धशमशेरले प्रेमराज पौड्याललाई 'बिजक' को नेपाली भाषामा अनुवाद गर्न आदेश भएको थियो । सन्त कबिरको मूल किताब 'बिजक'का केही वाणीहरू यस्ता छन् :

सुखिया सब संसार है, खाने और सोवे
दुखिया दास कबिर है, जागे अरू रोवे ।।

मै रावौ यही जगतको भोको रोवै न कोय
भोको रोवै सो जना, जो शब्द विलेकी होय

हांसे हांसे कंत न पाइया, जिन पाया तिन रोय
हांसी खेला पिव मिलै, कौन दुहागिन होय ।।

हाँसी हाँसीकन कसैले पनि प्रभु प्राप्त गर्न सकेनन् । जसले प्राप्त गरे रोएर नै प्राप्त गरे अन्यथा हाँसेर नै प्रभु प्राप्त भएमा त ज्यादै सुख हुन्थ्यो ।■

गुरू नानक

गुरु नानकको जन्म सन् १४६९ अप्रिल १५ मा भएको हो । उनको जन्मस्थान हालको पाकिस्तानको करतपुरमा पर्दछ । उनी पन्जाबको खत्री परिवारमा बाबु कालु मेहता र आमा तृप्ताबाट जन्मेका थिए । लाहोर नजिकैको गाउँ राइभोइडी तलबान्दी उनको जन्मस्थल हो र त्यसलाई नानक जन्मस्थान भनी संरक्षण गरिएको छ । पिताको वास्तविक नाम कल्याण चन्द्रदास वेदी हो तापनि गाउँघरमा कालु मेहताकै नामले चिनिन्छ । नानकको दिदी बिबी नानकी पनि धार्मिक क्षेत्रमा नाम कमाएकी नारीमा पर्दछिन् । गुरु नानकले सुलाखानीसँग विवाह गरी बटाला गए । सुल्तानपुर सहरमा विवाह भोज भयो । उनका श्रीचन्द र लक्ष्मीचन्द भन्ने दुई पुत्र भए । विवाहपश्चात् नै उनी सुल्तानपुर लोहारका गभरनर शैलत खाँ लोदीकहाँ काम गर्न थाले, उनी त्यहाँ आफ्नी दिदी-भिनाजुकहाँ बस्दथे । नानकले भारतीय (हातले बुनेको) कपडा लगाउन थाल्दा केवल सोह्र वर्षका थिए । हुने बिरुवाको चिल्लो पात भनेझैं आफ्नो देशको संस्कृति, धर्म आदिको बचावट र विकास गर्न धार्मिक गाना, गीत समेत गाउँदै हिँड्दा उनमा स्वदेशभक्ति सबल बन्यो । पाँच वर्षकै उमेरमा देववाणीहरू बोल्दथे । सात वर्षको उमेरमा पिता

कालुले गाउँघरको चलनअनुसार स्कुलमा भर्ना गरिदिएका थिए । गुरुको अगाडि सुन्दै नसुनेका र देख्दै नदेखेका वस्तुहरूको बारेमा समेत ठीकठीक किसिमले जवाफ दिन्थे । यतिसम्मकी पर्सियन अथवा अरेबियन हिसाबहरू सजिलै समाधान गरेर गुरुलाई नै चकित पार्थे । एकपटक उनको गाउँ राई बुलारमा सानै बालक अवस्थामा घाम तपाउन बाहिर सुताइरहेको बेला शिरमा विषालु कोब्रा सर्पले नै रक्षा गरेको पनि घरपरिवारले देखेका थिए ।

गुरु नानकले आफ्नो आत्मवृत्तान्त लेखेका छन्, जसलाई अचेल **जन्मसखी** भन्दछन् (जीवन गणित) र भाइ गुरु दासले त्यो आत्मवृत्तान्तलाई जस्ताको तस्तै पुनर्लेखन गरे । तर यो पुनर्लेखन व्यवसायी लेखन्दासबाट लेखिएकाले गुरु नानकले लेखेको आत्मवृत्तान्तको मनसाय, उद्देश्य तथा विचार राम्रोसँग प्रकट भएको देखिँदैन र सक्कल वृत्तान्तका धेरै कुरा छाडिएका छन् । पछि यी दुवैलाई मिलाई पुनर्लेखन भयो । यसमा नानक बच्चा हुँदा उनलाई नहेरिकनै ज्योतिषले भविष्यवाणी गरेको उल्लेख छ । पछि ती ज्योतिषले नानकलाई भेटेपछि नमस्कार गरेर पूजा वन्दना गरी थपडी बजाउँदै भने कि यस किसिमको बालक उनले आज पर्यन्त देखेका थिएनन् । एकपटक गुरु नानक स्नान गर्न गएको बेला नदीमा नै अलप भए । उनी डुबेको आशङ्काले एकजना पुरुष पनि भित्र पसे । ज्यादै गहिरो नदी भएको हुँदा उनी पौंधसम्म पुग्न सकेनन् र ठूलो खिन्नताका साथ फर्किए । दुई दिनसम्म कोसिस गर्दा पनि फेला पर्न नसकेकाले गाउँले सबैले गुरु नानक जीवित छैनन् भनी ज्यादै चिन्ता गरे । तेस्रो दिनमा नानक अचानक जादु गरेझैं नदीबाट निस्किए । गाउँका सबैमा सुखको अनुभूति भयो । त्यहाँको सम्पूर्ण समाजमा गुरु नानकले आफूले देवतासँग प्रशस्त

वार्ता गरेको र उनले आफू मुसलमान अथवा हिन्दू नभएको बताएको उल्लेख गरे ।

स्थानीय जमिनदार र गुरु नानककी दिदी बिबी नानकीले पहिलो पटक गुरु नानक देवता हुन् भनी स्वीकारे । उनीहरूले उनलाई अझै अध्ययन गर्न र भ्रमण गर्न आग्रह गरे । सिख परम्पराका अनुसार तीस वर्षकै उमेरमा उनी भविष्य द्रष्टा र देवताझैं भए ।

सर्वप्रथम उनी अरुणाचल प्रदेश पार गरेर ल्हासा पुगे । उनी भुटानबाट तिब्बतको सामहुराङ हुँदै ताबाङघाटीबाट ल्हासा पसेका थिए । ल्हासाबाट फर्कंदा प्रसिद्ध साम्यक् गुम्बा प्रवेश गरे । सो गुम्बामा उनले केही समय ध्यान पनि गरे ।

सन् १५०० मा ईश्वरबाट वरदान पाएपछि उनी आफ्ना मुख्य अनुयायी भाइ मरदानाका साथ भारतका सम्पूर्ण जसो हिन्दू, मुसलमान, बौद्धमार्गी, जैन मार्गी, सुफी तथा योगीहरूका अखडाहरूमा घुम्न थाले । विभिन्न धर्मावलम्बी जस्तै, धार्मिक, फिरङ्गा, विभिन्न जाति र समूहसँग भेट गरे । उनको भ्रमणलाई सिख भाषामा उदासी भनिन्छ । यसमा गुरु नानकले सर्वप्रथम पूर्वी भारतवर्षको भ्रमणमा ६ वर्ष बिताई आफ्नो घर फर्किए । उनले सुल्तानपुरबाट भ्रमण सुरु गरी आफ्नो गाउँ तालबन्दीमा गई माता पितासँग भेट गरे र भ्रमणको विस्तृत वर्णन सुनाए । माता पिताले अब यसरी नडुली हामी वृद्धहरूको हेरचाह गरी घरमै बस्न आग्रह गरे । तर उनले यस कलियुगको तापले भड्की रहेका जनमानसलाई भगवान्को वाणी सुनाएर दुःखदर्द हरी प्रेम मार्गमा लगाउन र त्राण पाउन प्रतीक्षा गरिरहेका र भगवान्बाट मलाई तुरुन्त भ्रणममा गई भगवान्को सन्देश सुनाउन आकाशवाणी भएकाले जानु नै पर्ने बताए । माता-पिताको शुभ आशीर्वाद लिई उनी पुनः प्रस्थान गरे । पुरातन जन्मसखीअनुसार

(गुरु नानकको जीवन इतिहास-ज्योतिषले बताएअनुसार) उनी पाँचपटक भ्रमण गर्ने निश्चितताका साथ श्रीलङ्का, मक्का, बग्दाद, कामरूप कामक्षा (असाम) तासकन्द आदि धेरै स्थानको भ्रमण गरे । गुरुवाणीको प्रचार-प्रसार गर्दै भारत, बङ्गलादेश, पाकिस्तान, इरान, तिब्बत, नेपाल, भुटान, दक्षिण पश्चिम चीन, अफगानिस्तान, इराक, साउदी अरेबिया, इजिप्ट, इजरायल, जोडर्न, सिरिया, कजाकिस्तान, तुर्कमेनिस्तान, उज्बेकिस्तान, ताजकिस्तान र किर्गिस्तानसम्म भ्रमण गरे ।

गुरु नानकले सम्पूर्ण एसिया र चारपटकको विश्व भ्रमण सन् १५०० देखि पाँच वर्ष (भारत वर्षको मध्य तथा पूर्वी प्रान्तहरू, सन् १५०६ देखि १५०९ सम्म श्रीलङ्का सहित भारतवर्षका दक्षिण भागका सबै सहरहरू र धार्मिक क्षेत्र सन् १५१४ देखि १५१६ सम्ममा गरे । भारतको गङ्गा नदी किनाराका समतल भाग, विहार, नेपाल, ल्हासा, लद्दाख, तास्कन्द र पन्जाब हुँदै कास्मिर भ्रमण गरी फर्किए र अन्तिम चौथो भ्रमण- सन् १५१८ देखि १५२१ सम्म अरब मुलुकका धेरै सहरहरू घुमे ।

नानकदेव सिख धर्मका प्रवर्तक हुन् । उनले आफ्नो उत्तराधिकारी भाइ लेहनालाई तोके । सिख धर्मको गुरुग्रन्थ साहिबमा गुरुमुखीका आश्चर्यजनक देववाणीहरू रहेका छन् । साधारणतया यस्तो गुरु वचन प्रस्ट देखिन्छ : "सम्पूर्ण धर्महरूमा सर्वश्रेष्ठ धर्म नै एक मात्र 'Doer' डोर हो र यो संसार रहेसम्म अमर रहनेछ ।" एक मात्र ईश्वर आफू भएको कुरा अहम्वादी वचन भएको भन्ने शङ्का समेत उहाँका अनुयायीहरूलाई पर्न गयो जब ध्यान, गायन आदिलाई गुरुको हुकुम र भगवान्बाट प्राप्त वाणी हो भन्नु थाले । तब अनुयायीहरू पनि हट्दै जान लागे । स्वयम् भगवान् घोषणामा

शङ्का नै हुन गयो । डोर नै भगवान् भएको र उनी नै भगवान् भएको बताउँदा मानिसहरू बाउँठिन थाले । गुरु नानकले पनि सबलाई यस कुराको आत्मादेखि नै चिन्तन मनन गरी विचार गर्न भने । गुरु नानकका वाणी यसरी प्राप्त भएको छ –

१. जसलाई ज्यादै थोरै आवश्यकताले पुग्दछ त्यस्तालाई मद्दत गर ।
२. अपराध नगरी इमानदारीपूर्वक धन आर्जन गर ।
३. सम्पूर्ण समय भगवान्को नाम सुन स्मरण गर ।

गुरु नानकले सबभन्दा बढी जोड भगवान् पुज्न र ईश्वरको नाम जप्न दिन्छन् । मनमा विभिन्न नचाहिँदा कुरा सोच्नुभन्दा आफै सचेत भएर गुरुमुख हुनु राम्रो मार्ग हो । यस संसारमा ईश्वर एक मात्र हुनुहुन्छ भनी उहाँकै भजन, सेवा, जप, ध्यान गर्नु उपयुक्त हुन्छ । संसारका मानिसहरू विभिन्न धर्मका गुरु, पुरोहित, काजी, मुल्लाह, पादरीहरूको आआफ्नै धर्मका शोषण प्रविधि र आपसमा धर्मबाट नै खिचातानी भई के गर्ने के नगर्ने भन्ने भ्रममा परेका मानवहरूलाई गुरु नानक वाणीबाट ज्यादै राहत महसुस हुन थाल्यो र उनी संसारमा धर्म प्रचारको लागि घुम्न थाले । गुरु नानकभन्दा कबिर करिब ७० वर्ष जेठा थिए । कबिरले पूजाआजा, जातभातको विरुद्धमा सङ्घर्ष नै गरे । गुरु नानक पनि उनका उपदेश र वैदिक सनातन धर्मको वेदान्त दर्शनबाट धेरै प्रभावित भए । कट्टरवादी चिन्तन र धर्मको विरोधमा लागेका नानकले हिन्दू मुसलमानमा द्वेष, वैरभाव हटाई एकै बनाउन ठूलो प्रयत्न गरे । यसरी कबिर र नानकको मतबाट वैदिक सनातन धर्मलाई पनि पण्डित, पुरोहितबाट नचाहिँदो अन्धविश्वास र आफ्ना धर्ममा सुधार गर्नुपर्ने बाध्यता आइपऱ्यो भने अन्य धर्मावलम्बी र भारतमा शासन जमाएका अङ्ग्रेज

विरुद्धको सङ्घर्षमा भाग लिन सिख समुदाय नै (शिखसेनाकै रूपमा) ठूलो सङ्ख्यामा सैनिकमा परिणत भए । यसरी सिखहरूले सत्रौं शताब्दीसम्ममा भारतको उत्तराखण्ड पन्जाब र कास्मिरमा आधिपत्य जमाए । पन्जाबमा नै सिखहरूको विश्व प्रसिद्ध स्वर्ण मन्दिर छ । सिखहरू पनि बौद्ध धर्ममा जस्तै आफ्ना गुरु नानकको उत्तराधिकारीको सम्मान गर्दै गुरु मान्दछन् । आदि ग्रन्थको पूजा भजन गर्दै सिख एकतामा आबद्ध छन् । उनीहरू आफ्ना जातिहरू गरिब र माग्ने भएको हेर्न चाहँदैनन् । आफ्नो समाजको उन्नति र सिख धर्मको लागि आफ्नो आम्दानीको दसांश दान गर्दछन् र सिख गुरुद्वारामा सबै धर्मावलम्बीलाई प्रवेश खुला राख्दछन् । गुरु नानक सन् १५३९ सेप्टेम्बर २२ तारिखका दिन करिब साढे सत्तरी वर्षको उमेरमा यस पृथ्वीमण्डलबाट बिदा भए ।

सिखहरू आज पर्यन्त आफ्ना दसौं गुरुको वचन अनुसार कपाल, दाह्री जुँगा काट्दैनन्, कपालमा तलबार धारणा गरी फेटा गुथ्दछन् र हातमा बाला लगाउँदछन् ।

सिख धर्मको प्रचार-प्रसार उनकै समयमा भयो । विश्वका धर्मगुरुहरूमध्ये दोस्रा सबभन्दा बढी आफ्नै पाउले भ्रमण गर्नेमा उनी पर्दछन् । उनकै धर्म प्रचारप्रसार गर्न अवतरित भएका र दशमावतारमा गुरु गोविन्द सिंह पर्दछन् । बदरीकाश्रम जाँदा इच्छुक भक्तजन उनी अवतरित भएको स्थान पुग्न सक्दछन् ।

सन् १६९९ अप्रिल १४ (संवत् १७५६ वैशाख १ मा) गुरु गोविन्द सिंहले सिख धर्मको खालसा पन्थ तयार गरे । उनले अमृतवाणी तयार गरे । साथै यो अमृतवाणी तयार गर्दा फलामको भाँडामा पवित्र जल र गुलियो चिनी राखी तरबारले चलाउँदा प्राप्त भएको अमृतप्रसाद र पाँच वाणी : १. जपजी साहिब, २. जाप

साहिब, ३. त्वप्रसाद सवय्ये, ४. चौपाइ र ५. आनन्द साहिबको वाणी बिहान दिउँसो साँझ आदि समयमा जप गर्दछन् र यिनै पाँच वाणीमा भएका वचन नै ब्रह्मवाक्य सरह हुन् र यी बाहेक सिखहरूलाई अन्य धर्म ग्रहण गर्न मनाही छ ।

सिख धर्म भन्नु नै वैदिक सनातन धर्मको एक शाखा हो । यसले ॐकारलाई नै सम्पूर्ण विश्व, ब्रह्म या परमात्मा मान्दछ । जपजी साहिबको सुरु उच्चारण नै ॐ हो । गुरु तेजबहादुरले आफ्नै शिर छेदन गरी वैदिक सनातन धर्मको संरक्षण गरे भने गुरु गोविन्द सिंहका पिताजीले हिन्दूको तिलकचन्दन र यज्ञोपवित (जनै)को रक्षार्थ जीवन समर्पण गरे । यस सिख धर्मको कर्ममा बिहान उज्यालो नहुँदै स्नानादि पछि पञ्चवाणीको मन्त्रले जल र चिनीबाट अमृत तयार गरिन्छ । यसपछि जपजी साहिब प्रार्थना मन्त्रहरू पढिन्छ । जस्तै गुरु नानकको वाणी उनकै भाषामा :

ॐ सत्नाम करता पुरूख निरभउ निरबैर
अकाल मूरत अजुनी सै भंग गुरुप्रसाद ।।

भगवान्को दर्शन पाउन जप, पाठ, ध्यान गर्नुपदर्छ । ईश्वर सत्य सनातन छन् । यस्ता भगवान्, सोचेर, चुप लागेर, भोकै बसेर प्राप्त गर्न नसकिने हुँदा सच्चा दिलले, सत्य वचनले निःस्वार्थ जाप गर्नुपर्दछ । कुनै पनि पदार्थ, जीव आदिले आसक्ति विना पूर्व संस्कार अनुसार कर्म गरेमा ईश्वर प्राप्त हुन्छ ।

गुरु नानकको वाणीमा परब्रह्म परमेश्वर मन, वाणी, शब्द, स्पर्श आदिले पाई नसक्नु छन् र उनको दृष्टि परेमा यस संसारमा र मृत्युपर्यन्त पनि आनन्दै आनन्द मिल्दछ । परब्रह्मको जप, कीर्तन आदि विष्णुसहस्रनामझैं अनगिन्ती नामधारी भएकाले जुन नाममा होस् प्रभुको ध्यान गर । जपजी साहिबमा ३८ श्लोकहरूद्वारा गुरु नानकको

गुणगान गरिएको छ । गुरु नानकलाई समस्त संसारको पिता यस सृष्टि, स्थिति आदिको संरक्षणकर्ता, सम्पूर्ण प्राणीहरूको असल, खराब, कामको निगरानी गर्नुहुने भनी ज्यादै प्रशंसा गरिएको छ ।

यस संसारमा कति चक्रवर्ती राजा, महाराजा, धनीमानी र कति मानिस आए गए यसको लेखाजोखा छैन । तर नाङ्गै हात आए नाङ्गै गए । कोही पनि धन, स्त्री, पुत्र, सम्पत्ति, इष्टमित्र आदि नलिई एक्लै गए । यसैले तीर्थ, स्नान, दान, धर्मकर्म गरी वेद पुराण, भगवान्का गुणगान गर्नुपर्दछ । यसो गर्दा पृथ्वी, आकाश पनि खुसी हुन्छन् । हावाको भरमा जिएर तप गर्ने पनि यसै संसारमा छन् । प्रभुको श्रद्धा विना सब कुरा व्यर्थ छ । देव, दानव, भूत, प्रेत, शेषनाग आदि पनि हजुरको जप तप, पूजा, ध्यान गर्दछन् र अहिले पनि गरिरहेकै छन् । यस संसारको जलथल, आकाश आदि र यसमा भएका सृष्टि आदि निमेषमा नै अन्त गर्न सक्नुहुन्छ भने पुनः निमेषमा नै सृष्टि गर्न सक्नुहुन्छ । देव, दानव, भूत, प्रेत, ऋषि, मुनि र अन्य धर्मका धर्माचार्यहरू पनि प्रभुको आराधना र जयजयकार मनाउँछन् । पापीहरू नाश भइरहेका छन् भने धर्मात्माहरू खुसीसाथ भगवान् नाम जप्दै घुमिरहेका छन् । जो प्राणी श्रद्धासाथ भगवान्मा प्रस्तुत हुन्छ उसले मुक्ति प्राप्त गर्दछ भन्दै गुरु नानकको वाणीमा माछा सर्वकाल नुहाउँछ, गरिब धेरै उपवास गर्दछ, गधा सधैं घण्ट बजाउँछ तापनि मुक्ति पाउँदैनन् तर त्याग नै सच्चा धर्म हो भन्ने कुरा उल्लेख छ ।

गुरु गोविन्द सिंहबाट उच्चारण भएका चौपाइ (भजन) को १०० श्लोकको हरिदयाल सिंहले नेपालीमा अनुवाद गरेका छन् । उक्त श्लोकहरूमा गुरु नानक समक्ष प्रार्थना गरिएको छ, जस्तै : "एक ओम् ॐकार श्री वाहि गुरुजी की फताही ।। पातशाही १० कवियो वाच बेनती ।। चौपाइ ।

प्रार्थनाका श्लोकहरूमा गुरु नानकबाट हाम्रो रक्षा होस्, मनको इच्छा, पूरा गर्न ईश्वरको पाउमा मन जाओस् र भक्तको हेरविचार होस् । आफ्ना शत्रुको नाश होस्, परिवारमा सुख होस् भन्ने प्रार्थना गर्दै यो संसार, ब्रह्मा, विष्णु, महेश्वरसमेत उनले नै सृष्टि गरेको उल्लेख छ । गुरु गोविन्द सिंहले भागवत गीतामा अर्जुनले श्रीकृष्ण भगवान्लाई गरेको प्रार्थनाभन्दा पनि बढी गरेको पाइन्छ । प्रभु सम्पूर्ण देवीदेवताका पनि देव र इच्छाअनुसार वरदान दिनुहुने भनी प्रार्थना गर्दै धेरै-धेरै श्लोकहरूमा शत्रुको नाश होस् भन्ने भावना नै प्रयोग भएको पाउँदछौं । आनन्द साहिबको वाणीमा पनि १०८ श्लोक एवं प्रार्थनाका मन्त्रहरू उल्लेख छन् । सिख धर्मका गुरु अमर दासजी, अनन्दजीको वाणी, सुन्नु-पढ्नुले सारा रोग, शोक, मनको क्लेस हटी, सुख, शान्ति प्राप्त हुन्छ, भन्दछन् ।

गुरु नानकबाट रचिएका जपजी साहिब तथा गुरु गोविन्द सिंहबाट रचिएका गुरु नानकका प्रार्थनाहरूमा जाप साहिब, त्वप्रसाद सवय्ये, कवियो वाच बेनती, चौपाइ, शब्द हजारे आदि छन् भने बेलुका पाठ गर्ने 'रहल्हास' प्राणीहरूको रक्षा र गुरु गोविन्द सिंहका स्तुत्य, पराक्रम र दसवटै गुरुहरूले गरेका प्रार्थना आदि 'अमरदास'मा पाइन्छ । सुत्नु अघि प्रभु स्मरण र उहाँका लीलाहरूको मन्त्र जप्ने 'किरतन सोहिला'मा पाइन्छ । गुरु अर्जुनदेवले 'बारह माह माझ' मा यो चौरासी लाख जुनीमा भड्किएका जीवको उद्धार केवल रामनाम हो भनेका छन् ।

अन्त्यमा गुरु नानक भन्दछन्– जसले प्रभुको नाम जप्दछ देव मन्दिर, तीर्थ स्नान, दान कर्म गर्दछन् सम्पूर्ण दु:ख सागरबाट छुटी देवत्व प्राप्त गर्दछ । नानक तथा कबिर दुवै पूजाआजामा विश्वास गर्दैनन् ।■

महावीर वर्द्धमान

आजभन्दा २६१२ वर्ष अघि चैत्र शुक्ल त्रयोदशीका दिन राजकुमार वर्द्धमानको जन्म भयो । उनी वैशाली (भारत) का क्षेत्रीय राजा सिद्धार्थ र रानी त्रिशलाका कान्छा छोरा हुन् । उनको दाजु नन्दीवर्द्धन हुन् । जैन परम्परामा दाजु नन्दीको उल्लेख छैन । रानी त्रिशलाले महावीर वर्द्धमान गर्भमा रहँदा एक रात बिहानीपख सपनामा हात्ती, साँढे, सिंह, लक्ष्मी, चन्द्र, सूर्य आदि देखिन् । त्यो सपना रातमै राजालाई सुनाइन् र उनी बिहानीसम्म नै निदाइनन् । राजाले पनि रानीलाई ज्यादै शुभलक्षणका सपना देख्यौ भनी सुनाए । रानी अझै खुसी भइन् । भोलिपल्ट राजसभामा राजाले सचिवलाई बोलाएर स्वप्नको फल जान्ने विद्वान्हरूलाई बोलाउन पठाए । विद्वान्हरूको आगमन भयो । राजारानीले विद्वान्हरूको स्वागत सत्कार गर्दै आसनमा राखे । राजा सिद्धार्थले रानीले रातमा देखेको सपनाको आद्योपान्त ती विद्वान्हरूलाई सुनाई त्यसको फलबारे प्रश्न गरे । विद्वान्हरूले ज्योतिष शास्त्र आदिमा ज्यादै विचार गरेर राजकुमार चक्रवर्ती महाराज हुने छन् भनी फलादेश बताउँदै विद्वान् मण्डलीमा बहस जारी नै राखे । आफ्नो गर्भबाट जन्मने छोरो चक्रवर्ती हुने फलादेशले रानी ज्यादै प्रशन्न हुँदै थुप्रै प्रश्नहरू सोधिन् । यता राजा भने

आफ्नो देश गणतन्त्रमा नै राख्न र जनताको विकासमा ध्यान पुऱ्याउन चाहन्थे, कारण चक्रवर्ती महाराजालाई विश्व धेरुन कठिन पर्ने कुरा थाहा थियो र धेरैसम्म टिकाउ हुन्न भन्ने पनि थाहा थियो । गणतन्त्र हुँदा ससाना राज्य भई देश र जनताको उन्नति सम्भव हुनेमा उनी विश्वस्त थिए । यस किसिमको आफ्नो इच्छाअनुसार चलिरहेको गणतन्त्र छोराको पालामा गएर विघटन हुने वचनले राजा असमञ्जस्यमा परे ।

यत्तिकैमा विद्वान् भविष्यवाणीवेत्ता मध्येका प्रमुखले राजा रानी दुवैसमक्ष माफी माग्दै भने– "सरकार, ज्यादै सूक्ष्माति सूक्ष्म तवरबाट अध्ययन गर्दा जन्मने राजकुमार चक्रवर्ती राजा हुने देखिएन ।" यत्तिकैमा राजारानीको मुख कालो, नीलो हुँदै कौतूहलका साथ एकैपटक सोधे– "के हाम्रो राजकुमार चक्रवर्ती नहुने भयो ?" स्वप्न दर्शनका भविष्यवक्ता समेत रहेका विद्वान् ज्योतिषीले भने– "राजकुमारले यो वैशाली गणतन्त्र राज्यको नाम विश्व सामु आदर्श र मूल्यको चहक आफै बढाउने छन् । उनी चक्रवर्ती महाराज नभई अहिंसाका पुजारी, यशस्वी, धर्मका रक्षार्थी तथा महान् सूत्रकारका चक्रवर्ती हुनेछन् र वैशाली गणराज्यले मात्र नभई विश्वका प्राणीले यिनलाई साक्षात्कार भगवान् देख्नेछन् ।" त्यसपछि राजा रानी अझै बढी हर्षित भए । सभासद तथा यो खबर पाउने दरबारका सबै व्यक्ति ज्यादै प्रसन्न भए । आदेश बमोजिम विद्वान्हरूलाई मिष्ठान्न भोजन गराई नाना प्रकारका अलङ्कारहरू, मोती, पन्नाले सुशोभित गरी बिदा गरियो र सभासद् तथा अन्य दरबारीया कर्मचारीहरूले पनि भोजन ग्रहण गरे ।

यहाँ महावीर वर्द्धमान र वैशाली राज्यबारे पहिलो वर्णन गरौं । महावीरको जन्मकालमा भारतवर्षमा धेरै राज्य र राजाहरू थिए । तीमध्ये पूर्वी क्षेत्रमा राजतन्त्र र गणतन्त्र गरी दुई प्रमुख

राज्य व्यवस्था थियो । गणतन्त्रमा पनि लिच्छवि र मल्ल गरी दुई प्रमुख शासनपद्धति थिए । त्यसमा लिच्छवि गणतन्त्र बलियो तथा सम्पन्न थियो । त्यस समय लिच्छविहरूले राजसत्ता बलियो बनाउन नै गणतन्त्र स्थापना गरेका थिए । लिच्छवि गणतन्त्रका अधिपति महाराज चेतक भन्ने थिए । उनी ज्यादै बुद्धिमान र कुशल शासक हुँदा गणनायक परिषद्को अध्यक्ष थिए । विभिन्न राजाहरूले जतिसुकै युद्ध गरे पनि विजय लिच्छवि गणतन्त्रकै हुन्थ्यो । विदेह राज्यको राजधानी वैशाली हो । वैशालीका सहर तीन भागमा विभक्त थिए । पहिला भागको चौध हजार घरहरू स्वर्ण कलशयुक्त थिए । ती घरहरूमा धनीमानी उच्च वर्गका मानिस रहन्थे । मध्यभागमा पनि रजत (चाँदी) कलश युक्त चौध हजार घरहरूमा मध्यम वर्गका मानिस रहन्थे भने अन्तिम एक्काइस हजार घरहरूमा ताम्र कलशहरू थिए र त्यहाँ निम्न वर्गका मानिस रहन्थे । चेतक महाराजका पिताको नाम केक र आमाको नाम येशुमती थियो । चेतक अर्हत धर्मका अनुयायी थिए । ब्राह्मणको बस्ती ब्राह्मण कुण्डपुरम र क्षत्रीयहरूको बस्तीलाई क्षत्रीय कुण्डपुर भनिन्थ्यो । ब्रह्मणहरूका नायक ऋषभदत्त थिए भने क्षत्रीयहरूका नायक महावीरका पिता सिद्धार्थ थिए । त्यस समय त्यहाँ पार्श्व भगवान्को धर्म चलेको थियो र ब्राह्मण क्षत्रीय दुवै यस धर्मका अनुयायी थिए । क्षत्रीय कुलका मात्र महान् विद्वान् २४ जना महावीरहरू जैनधर्मका प्रवर्तक थिए । काल परिस्थिति परिवर्तन हुँदै जाँदा ब्राह्मणहरू श्रमण धर्म मान्न थाले । श्रमणको अर्थ हुन्छ श्रम अथवा पुरुषार्थ गर्नु । यस धर्मका उत्पत्तिकार ऋषभ देव हुन् । यस धर्मका उनी तेइसौँ स्थानमा पर्दछन् । उनी वाराणसीका राजकुमार हुन् । भगवान् पार्श्वले अहिंसा धर्मको प्रचार गरे । यसले गर्दा मानव जातिमा हिंसाको स्तर

घट्दै गयो र युद्ध अपराध घट्यो । श्रमजीवीहरू अहिंस्रक हुन्छन् र श्रमजीवी नै शान्तिका अग्रज हुन् । यसबाट सबै राज्यले अहिंसाकै बाटो रोजे पनि कालान्तरमा यो कुरा हराउँदै गएर अशान्ति, हिंसा बढ्दै जाँदाको समयमा धर्मरक्षार्थ महावीरको जन्म भएको मानिन्छ । चेतकका पिता केकले आफ्नी छोरी त्रिशलालाई सिद्धार्थसँग विवाह गरिदिँदा वैशालीको धेरै राम्रो उन्नति भयो । अर्को भनाइमा प्राचीनकालमा पोतनापुर नगरका राजा प्रजापति भन्ने थिए र प्रजापतिभन्दा पनि शक्तिशाली राजा अश्वग्रिव थिए । प्रजापति राजाका अचल र त्रिपृष्ठ भन्ने दुई छोरा थिए । एक दिन राजदरबारमा नाचगान चलिरहेको थियो । सम्पूर्ण राजसभा नाचगानमा मस्त रहेको अवस्थामा अश्वग्रिवका दूत त्यस सभामा पसे । राजा प्रजापतिले पनि नाचगान बन्द गराई दूतसँग कुरा गरी बिदा गरे । एक जना आई यत्रो नाचगान बन्द गराउने कार्य पिताबाट भएकोमा राजकुमार त्रिपृष्ठलाई त्यो दूतसँग ज्यादै रिस उठ्यो । राजकुमार दूतको पछि लागेर गई आइन्दा यसरी सभागृहमा नपस्न चेतावनी दिँदै गालीगलौज पनि गरे । अश्वग्रिवको दूतले राजकुमार त्रिपृष्ठबाट आफ्नो बेइज्जत गरिएको कुरा राजा समक्ष विन्ती गऱ्यो । अब राजाले पनि अर्को दूत पठाई अश्वग्रिवका किसानहरूलाई एउटा भयानक सिंहले आक्रान्त पारेकाले तुरुन्तै सिंह मार्न मानिस पठाउन समाचार पठाए । अघिल्लो दूतलाई अपमान गरेर यस्तो काम आइलाग्यो भनी प्रजापतिले राजकुमार त्रिपृष्ठसमेत भएको सभामा राखे । राजालाई यस विषयमा चिन्ता नगर्न अनुरोध गर्दै त्रिपृष्ठ सिंह मार्न जान आफै तयार भए । आफ्ना दाजु अचल सहित केही फौज लिई रथमा बसी त्रिपृष्ठ रथ हाँक्दै किसान रहेको इलाकामा गई आक्रान्तकारी सिंहको खोजी गरे । यत्तिकैमा भयानक सिंह गर्जदै राजकुमारतर्फ आयो । राजकुमार

त्रिपृष्ठले सिंहलाई एकलै गजदै आफूतर्फ आएको देखी आफू पनि सिंहजस्तै एक्लै लडाइँ गर्न कुनै हात हतियार नलिई रथबाट ओर्लेर सिंहतर्फ गए । राजकुमारलाई झम्टन लाग्दा सिंहको मुखभित्र हात हाली सिंहको मुख च्याती मारिदिए । किसानहरूलाई आनन्द साथ रहन र राजा अश्वग्रिवलाई सिंह मरेको खबर दिनू भन्दै आफ्नो दरबारतर्फ फर्के । यो कुरा सुनेर अश्वग्रिवको मनमा त्रास उत्पन्न भयो । अब आफ्नो राज्य पनि सुरक्षित देखेनन् । यिनै त्रिपृष्ठ कालान्तरमा भगवान् महावीर वर्द्धमान भई जन्म लिएको भन्ने उक्ति छ । पहिलो जन्ममा महान् योद्धा, बलशाली युवराज पछि अहिंसाका पुजारी, मानव धर्मका प्रखर विद्वान्, प्राणी मात्रको कल्याणार्थ राजकुलमा जन्म लिएको कुरा **महावीरको जीवन दर्शन** पुस्तिकामा उल्लेख छ ।

महावीर वर्द्धमान ज्यादै नम्र र सहनशीलताका पुजारी हुन् । कसैको पनि दुःख-दर्द उनका लागि सह्य हुँदैन । आमा त्रिशलाको गर्भमा रहँदा नै उनलाई माताप्रतिको अगाध मायाले गर्दा हलचल नगरी आनन्दले बस्न चाहन्थे । गर्भको बालक हलचल नगरेकोमा माता त्रिशलाले आफ्ना सुसारेसँग कुरा गरिन् । यो कुरा एक कान दुई कान हुँदै दरबारभित्र हल्लीखल्ली मच्चियो । राजा सिद्धार्थदेखि सम्पूर्ण दरबारिया र प्रजाहरूमा समेत निराशा छायो । यो कुरा महावीरले आमाकै गर्भभित्र थाहा पाई हलचल गर्न लागे । माता पनि बच्चा गर्भमा चलमलाउँदा पीडा सहँदै प्रसन्न हुन थालिन् । यो संसारको जस्तो परम्परा छ, त्यसमा रमाउन पर्ने कुराको ज्ञान पनि उनले प्राप्त गरे ।

महावीरलाई केहीपछि नै वानप्रस्थ गर्ने इच्छा जाग्यो तापनि मातापिताको आज्ञा विना वानप्रस्थ नजाने विचार गरे । उनी त्रिपृष्ठको जन्मपछि नन्दन नाम गरेका तपश्वीको जन्म बिताइसकेका थिए ।

त्यस जन्ममा उनी महिनाको एक पटक मात्र भोजन गर्दथे, त्यो पनि थोरै सात्विक । धेरै वर्षको तपस्यापश्चात् उनले सूक्ष्मद्वारा स्थूलमाथि विजय प्राप्त गरी चैतन्यको आवरणलाई क्षीण गर्दै प्रत्यक्ष ज्ञान प्राप्त गरेका थिए । उनी गर्भमा रहँदा आमाले ज्यादै नियम पालना गर्थिन् । छोरो धर्मसम्बन्धी चक्रवर्ती हुने कुरा थाहा पाइसकेकी थिइन् । बच्चालाई कुन तरहले सुख हुन्छ भन्ने चिन्ता सम्पूर्ण आमाहरूलाई हुन्छ, तापनि महारानी त्रिशलाले खानपानमा ज्यादै संयम अपनाइन् । धेरै पिरो, अमिलो, टर्रो, नुनिलो, सुक्खा आदि खान्नथिन् भने मनमा दु:ख, पीर, चिन्ता, राग, द्वेष, घृणाको भावना आउनै दिइनन् जुन बालकको मस्तिष्क तथा शारीरिक अवस्थामा ज्यादै हितकारी हुन्छ । दरबार नै सुगन्धित थियो । आमाको ख्याल र पुनर्जन्मको तपस्याले गर्दा महावीर साँच्चै विलक्षण प्रतिभा लिएर गर्भमा हुर्कदै थिए । जन्मपछि उनको श्वासमा सुगन्ध आउँथ्यो भने शारीरिक विकार थिएन । उनको रगत सेतो थियो । भगवान् स्वरूपको बच्चा रुँदै-रुँदैनथ्यो । दर्शनार्थ दिनहुँ हजारौँ व्यक्ति आउँदथे । श्रीकृष्ण जस्तै यिनी पनि मध्यरातमा जन्मेका थिए । बच्चा जन्मेपछि सर्वप्रथम राजा सिद्धार्थलाई सुनाउने धाईले विशेष उपहार र अन्य दरबारिया सबले उपहार पाए भने देशभर उत्सव मनाइएको थियो । गरिबहरूलाई अन्न, वस्त्र, नि:शुल्क बाँडियो र सहर गाउँका पसलहरू नै सुपथ मूल्यका बनाइए । राजकुमारको जन्मपछि दरबारमा र देशमा फलिफाप मात्र र सम्पूर्ण बालीनाली, दौलत आदिको वृद्धि हुँदै गएकोले नै बालकको नाम वर्द्धमान राखियो । साधारण अन्य बालकभन्दा वर्द्धमान ज्यादै छिटछिटो बढे तर खानपिन भने ज्यादै कम थियो । उनी ज्ञान तथा पराक्रमका रूपमा रहन थाले । आठ वर्षकै उमेरमा एकपटक बालकहरूसँग खेल्न गएको

अवस्थामा ज्यादै विषालु र भयङ्कर साँपलाई मारिदिए । क्षत्रीय कुलको सुच्याइँ, पराक्रम बच्चामा नै प्राप्त भइसकेको थियो । अन्य बच्चालाई जस्तै उनलाई पनि शिक्षा ग्रहणको लागि विद्यालय पढाइयो । उनी मातापिताको आज्ञापालक हुँदा सम्पूर्ण विद्याको ज्ञाता भए । साथीहरूसँग विद्यालयमा रमाउने उनका शिक्षकले सोधेका प्रत्येक प्रश्नको तुरुन्तै उत्तर दिन्थे । एक पटक विद्यार्थीको रूपमा इन्द्र आएर धेरै-धेरै प्रश्नहरू गर्दा सम्पूर्ण प्रश्नको उपयुक्त समाधान गरदिएकाले इन्द्रले शिक्षक समक्ष वर्द्धमान सम्पूर्ण विद्याका ज्ञाता भएको बताए । त्यसपछि शिक्षकको सल्लाहअनुसार विद्यालय आउन छाडे ।

राजकुमार वर्द्धमान युवावस्थामा प्रवेश गरेपछि उनको विवाह गर्ने निश्चय भयो । उनी मातृ तथा पितृभक्त हुँदा अन्तरमनमा वानप्रस्थ लिने इच्छा हुँदाहुँदै पनि मातापिताको इच्छानुसार कलिङ देशका राजा जितारीकी पुत्री राजकुमारी यशोदासँग विवाह भयो ।

जैन धर्म मुख्यतयाः चार प्रमुख सम्प्रदायमा विभक्त छन् । जस्तै १. दिगम्बर, २. श्वेताम्बर, ३. श्वेताम्बर स्थानकवासी र ४. श्वेताम्बर तेरापन्थ धर्म सङ्घ ।

दिगम्बर सम्प्रदायका मुनिहरू निर्वस्त्र विचरण गर्दछन् भने श्वेताम्बर सम्प्रदायका मुनिहरू मूर्तिपूजक छन् र श्वेत वस्त्र धारण गर्दछन् ।

श्वेताम्बर परम्पराअनुसार माता-पिताले उनको विवाहसम्बन्धी कुरा गर्दा वर्द्धमान मौन रहे । उनले कुनै राय प्रकट गर्न नसकेको अवस्थामा मौनम् सम्मति लक्षणम्लाई अँगालेर कुलधर्म, रीतिस्थिति अनुसार विवाह गरिदिए । दिगम्बर परम्पराको मतअनुसार कलिङका राजा जितारीले सिद्धार्थ समक्ष आफ्नी छोरी यशोदाको विवाह वर्द्धमानसँग

गर्न प्रस्ताव गरे । महावीर वर्द्धमानले नै विवाह गर्न इन्कार गरे । यसबाट कलिङ्का राजालाई ठूलो आघात परेकोले उदया गिरी पर्वतमा गई तपस्यामा लीन भए । त्यही नै बेला जितारीको मृत्यु भयो । यशोदा कुमारी पर्वतमा तपस्या गरी त्यहीं नै मृत्युवरण गरिन् । म आफै तीर्थाटनको सिलसिलामा भारतको भुवनेश्वर पुगेको छु । सम्राट अशोकले बुद्धत्व प्राप्त गर्नुअघि कलिङमा युद्ध हुँदा धेरै मानिसहरूको हत्या हुँदा बगेको रगतको खोलो त्यही हो भनी पथप्रदर्शकले युद्धभूमि भएको समतल जग्गा र खोला देखाए । त्यसैको आसपासमा रहेको उदयगिरि पर्वतमा गई ढुङ्गाको कोठा जस्तै एक पर्वतको अगाडि ठूलो जङ्गलमा जैन धर्मावलम्बीका दुई सेता सुन्दर मन्दिर देखेको छु ।

राजकुमार वर्द्धमान राजदरबार वृत्तमा नै रहन्थे । उनी राज वैभवबाट टाढै थिए । उनी आफ्नो आत्मचिन्तनमा मस्त हुन्थे । कुमारको धार्मिक चेतना विकास भइसकेर पनि ज्यादै कोमल हृदयका हुँदा माता, पिता बन्धु आदिबाट टाढा हुन रोकिन्थे । दरबारभित्र नै सात्विक भोजन र सादा जीवन व्यतित गरेको देख्दा सबैजसो आश्यर्च चकित नै हुन्थे ।

समय गतिशील छ र त्यो रोकिँदैन । राजकुमार पनि आजभोलि भन्दाभन्दै २८ वर्षका भए । माता, पिता, दाजु र सम्पूर्ण परिवार तथा राजाका आफन्त राजकुमारलाई राजकाज रणकौशलमा लगाउन ज्यादै उद्यत थिए । परन्तु आत्मामा धार्मिक भावना विकास भइसकेकाले उनी संन्यास नै लिन चाहन्थे । समयको गतिसँगै राजारानीले देह त्याग गरे । त्यस अवस्थामा पनि सारा आफन्त र प्रजा वर्गको जति पनि चिन्ता राजकुमारलाई परेन । शाश्वत सत्य, मृत्यु, जन्म, जरा, व्याधीलाई उनी साधारण प्रक्रिया ठान्दथे ।

मातापिताको जीवन रहुञ्जेल सँगै बस्ने प्रण गरेका वर्द्धमान अब दाजु नन्दिवर्द्धनको समक्ष गई दरबार त्याग्ने कुरा राखे । दाजुले ज्यादै बिलौना गरी आफू एक्लो हुने र मातापिताले पनि छाडी गएकाले भाइलाई सँगै रहन आग्रह गरे । कमलो मनका वर्द्धमान कसैलाई पनि चोट नपुऱ्याउने र मन नदुखाउने हुँदा मातापिताको मृत्युपछि दुई वर्षसम्म दाजुको आग्रहमा दरबारमा रहन मञ्जुर गरे । दुई वर्षमा उनले दरबारको धनसम्पत्ति धेरै दान गरे । हजारौँ हजार देशवासीहरूले लाभ लिए । दुई वर्ष बितेपछि आफ्ना दाजु नन्दिवर्द्धन र काका सुपार्श्वको अनुमतिबाट श्रमण-दीक्षा लिई महाभिनिष्क्रमणमा निस्कन तयार भए । हेमन्त ऋतु, कृष्णपक्ष दशमीको दिन तेस्रो शुभ मुहूर्तमा कुमारले दरबार त्याग गरे । दरबार त्याग्नुभन्दा पहिलेको दुई दिन उनी उपवासमा थिए । कुमारको वानप्रस्थको बिदाइका लागि सम्पूर्ण तयारी पूरा भएको थियो । दरबारमा माङ्गलिक धुन, मङ्गल पाठ-पूजा चलिरहेको थियो । त्यस्ता दानी, पराक्रमी राजकुमारको बिदाइ हेर्न सहरको मार्ग छेउ हजारौँ-हजार देशवासी शोकाकुल मुद्रामा नतमस्तक भई शान्त वातावरणमा उभिएका थिए । कुमार पाल्कीमा चढेर 'ज्ञातखण्ड' वनको बाटो मार्ग लिन आग्रह गरे । सम्पूर्ण देशवासी पछि लागे । आफ्नो देशको सिमानामा पुगेर सम्पूर्ण मानिसहरूलाई भने– "आफ्नो घर फर्की दाजु राजाको भलाइ चिताई देशको सेवा गर्न र मेलमिलाप गरी धर्म चर्यामा रहने सन्देश दिई पाल्की छोडी मोक्षको मार्गमा लागे । अब उनी एक्लै हिँड्दै आफ्नो मोक्षको बाटो पकडे । उनको मन एकत्रित र दृढ निश्चित थियो । उनले दरबारमा रहँदा नै सब व्यक्तिको लागि ढोका खुला गरिसकेका थिए । सुरक्षा गार्ड हटाइदिएका थिए । उनलाई कसैको भय त्रास छैदै थिएन । खाली साधनाको पथबाट

विचलित नहुन दृढ निश्चित भइसकेका थिए । त्यसैले उनलाई शरीरको पनि माया थिएन । उनी श्रामण (श्रमजीवी अवथा पुरुषार्थी) भइसकेका थिए । उनलाई भोक प्यास, बासस्थान आदिको चिन्ता थिएन । अब त शरीरको वस्त्र समेत त्याग गरिसकेका थिए । जाँदाजाँदै क्षत्रीय कुण्डपुर पार गरी ग्रामीण क्षेत्रको बाहिरी इलाकामा ध्यान गर्न लागे । एउटा गोठालाले गाईहरू धपाउँदै ल्याई उनी नजिक छाडेर घर गयो । पछि आउँदा त्यहाँ गाई थिएनन् । उसले वर्द्धमानलाई सोध्यो तर उनी चुपचाप ध्यानमग्न नै थिए । भोलिपल्ट पनि गोठालो गाई खोज्दै जाँदा उनकै अगाडि गाईहरू भेट्टायो । गोठालाले हिजो गाईहरू लुकाई आज लैजाने सुरमा रहेको अनुमान गरी गाई चोरको अभियोगमा गाउँले ल्याई पिट्न के लागेथ्यो त्यसै अवस्थामा नन्दिवर्द्धन (भाइ) त्यहाँ आइपुगी रोके । यो सबै थाहा पाएर पनि वर्द्धमानमा कुनै असर परेन । भाइले त्यहाँ नै सुरक्षाको प्रबन्ध मिलाइदिने आग्रह गरे । तर वर्द्धमानले सम्पूर्ण कुरा छाडिसकेकाले उनलाई सुरक्षाको जरूरत नपर्ने कुरा बताए । सम्पूर्ण विश्वका प्राणीबाट अभय प्राप्त गरी माया, मोह, डर, त्रासबाट मुक्ति पाइसकेका र उनी महावीर वर्द्धमान भइसकेको हुँदा सुरक्षाको कुनै मतलब नभएको निष्कर्ष निकाली राजा नन्दिवर्द्धन दाजुको सुरक्षा र बस्ने प्रबन्ध समेत नगरी हिँड्दा समाज र लोकोक्तिबाट कसरी मुक्त हुने भन्ने दु:ख पनि थियो । तर महावीर भाइको सोचाइभन्दा छुट्टै भइसकेका थिए । गोठालाहरूले अब उनी तपस्वी रहेछन् भनी राम्रै दृष्टिले हेर्न थाले । केही दिनपछि भगवान् महावीर त्यहाँबाट उत्तरतर्फको बाटो जाँदै थिए । गोठालाहरू आई त्यस मार्गको पर एकदम विषालु सर्प रहेको र उसले हेर्दा नै मानिस भष्म हुने कुराको जानकारी गराई अलि लामो मार्ग भए पनि अर्को मार्गबाट जान

अनुरोध गरे । तर महावीरले आफ्नो मार्ग छाडेनन् । जाँदाजाँदै उनी त्यही सर्पको अगाडि पुगे । सर्प देख्दा उनलाई केही भएन । सर्प आश्चर्यमा परी विषालु श्वासले प्रहार गऱ्यो । त्यसले पनि केही भएन । महावीर उभिइरहेका थिए । तेस्रो पटकको प्रयास पनि विफल भयो । बरु उनलाई विषधारी माथि करुणा जागृत भयो । विषधारी सर्पमा भने यो अद्भुत घटनाबाट क्रोधित हुँदै विष ओकली महावीरको शरीरमा छर्कन थाल्यो । यसबाट पनि उनलाई विषको असर परेन । सर्प क्रुद्ध हुँदै गयो भने महावीर झन् दयालु भए । सर्पले अब उनको पाउमा डस्यो । डसाइबाट रगतको साटो दूध बग्न थाल्यो । सर्पले उनलाई जीउभरि बेरिएर लडाउन कोसिस गऱ्यो, सकेन । आफ्नो सम्पूर्ण शक्तिबाट विमुख भएपछि महावीरको पाउमा शरण लियो । महावीरले उसलाई शान्त हुन भने । उनले त्यस सर्प जसको नाम चण्डकौशिक थियो उसको पूर्वजन्मबारे बोध गराउनुभयो । पहिला तिमी एक तपस्वी साधु थियौ । एक पटक तिमी डुलफिर गर्दा तिम्रो कुचाइबाट एउटी भ्यागुती मरी । त्यसको प्रायश्चित्त गर्न तिम्रो चेलाले धेरैपटक सम्झाए । उल्टै तिमी त्यस चेलालाई पनि कुट्न पछि लाग्दा एउटा लठ्ठामा टाउको ठोकिई मऱ्यौ । अर्को जन्ममा त्यसै तपस्वी साधुहरूको कुलपति भएर बस्यौ । त्यस बखत पनि तिमी ज्यादै क्रोधी रिसालु हुँदा तिम्रो नाम चण्डकौशिक रहन गयो । त्यस आश्रममा ठूलो बगैंचा थियो । फलफूल लटरम्म थिए । एक पटक श्वेताम्बरीका राजकुमार त्यहाँ आई आराम गरेर फलफूल टिप्न खोज्दा राजकुमारलाई मार्न हातमा बञ्चरो लिई अघि बढ्यौ । राजकुमार भाग्न लागे । तिमी दौडदै गर्दा चिप्लेर हातमा रहेको बञ्चरोले लागेर आफै मऱ्यौ । त्यसपछि तिमी अहिलेको दृष्टिविष चण्डकौशिक सर्प भएर जन्मियौ । वर्द्धमानले

यति भनेपछि सर्पलाई पनि पूर्वजन्मको स्मरण भयो । त्यसपछि त्यहीं नै महावीर समक्ष पन्ध्र दिन पर्यन्त उपवास बसी रह्यो र पन्ध्रौं दिनमा विषधारी सर्पको मृत्यु भयो । महावीर पनि त्यहाँबाट भोजनार्थ उत्तर वाचालातर्फ प्रस्थान गरे । नागसेनले उनलाई ज्यादै सत्कार गरी अर्पण गरेको खीर खाए । नागसेन ज्यादै खुसी भए । त्यसै अवस्थामा बाह्र वर्षदेखि हराइरहेकी छोरी आई पुग्दा झन् खुसी भए । महावीर त्यहाँबाट प्रस्थान गरी ध्यानको लागि जङ्गलतर्फ लागे । पन्ध्र-बीस या महिना दिनमा एकपटक आहार लिई बाँकी समय साधनामा नै रही महावीरको तपस्या बाह्र वर्ष छ महिना पन्ध्र दिन बिते र यस अवधिमा धेरै-धेरै दुःख झञ्झट आइपरे तापनि त्यसले उनलाई तृण जति पनि छुन सकेन ।

महावीर वर्द्धमानसँग जोडिएको अर्को एउटा प्रसङ्ग छ । साधनाको बाह्र वर्ष बित्दै थियो । उनी कौशाम्बीमा घुम्दै थिए । उनले श्रमण सुरु गरेदेखि नै अन्य व्यक्ति, समूह र त्यस अवस्थामा सञ्चालन भैरहेका कुप्रथामाथि पनि चिन्तित थिए । सयौं वर्षदेखि कौशाम्बी राज्यमा महिलाहरूमाथि अत्याचार चलिआएको थियो । महिला हक अधिकारबाट वञ्चित थिए । महिलाहरूलाई पिट्नु, दुःख दिनु, अङ्गभङ्ग गर्नु र ज्यान नै लिनु पनि साधारण व्यवहार मानिन्थ्यो । दासीका लागि उनीहरू बेचिन्थे । यस किसिमले महिलाहरूमाथि हुने ताडना रोकथामका लागि राज्यसँग ऐन, कानुन नभएको मात्र होइन राज्यले नै यस्ता जघन्य अपराधलाई प्रश्रय दिन्थ्यो । अभिजात वर्गले ज्याद ताडना दिन्थे ।

पौष कृष्ण प्रतिपदाका दिन महावीर वर्द्धमानले नारी हिंसा र शोषण विरुद्ध अभियान नै चलाउने सङ्कल्प गरे । उनको सङ्कल्प र कार्यले छ महिनाभित्र नै कौशाम्बीका जनमानसमा नारीप्रतिको

भेदभावमा आमूल परिवर्तन आयो । एकदिन उनी भोजनका लागि बस्तीमा प्रवेश गरे । जनसाधारण उनलाई भोजन गराउन तँछाड मछाड गर्न लागे । तर महावीर कसैको पनि आग्रह स्वीकार नगरी बस्तीबाट बाहिरिए । यो क्रम धेरै दिन चल्यो । कौशाम्बीका जनतामा महावीरमाथि दया तथा के कारणबाट भोजन ग्रहण नगरेको हो भन्ने बारे उत्सुकता, खैलाबैला र नैराश्यताले छोयो र जतातै यो खबर पुग्यो । एकदिन सहरका अमात्यकी स्त्रीले उनलाई भोजन गराउन निकै प्रयत्न गरिन् । अमात्यको घरमा भोजन स्वच्छ तथा राम्रो थियो तापनि उनले भोजन ग्रहण नगरी हिँडे । यो कुरा अमात्यकी श्रीमतीले अमात्यसँग गरिन् । अमात्यले महावीरले भोजन ग्रहण नगरेको महिनौं बितिसक्दा पनि थाहा नपाएकोमा पश्चाताप गर्दै अमात्यलाई आफ्नो देशका सम्पूर्ण राम्रा नराम्रा घटनाको जानकारी लिनु अत्यावश्यक, औपचारिक कार्य हुँदा पनि यस्तो ज्यादै संवेदनशील घटना हालसम्म थाहा नहुनुमा क्षोभ प्रकट गरिन् । अमात्यले यो बेहोरा बुझ्न र कारण पत्ता लगाउन गुप्तचरहरूलाई लगाए ।

त्यस देशका राजा सतानिकको मृगावती नाम गरेकी महारानी थिइन् । उनी महराज चेतककी छोरी हुन् । उनको धाईको नाम विजया थियो । विजया कामविशेषले अमात्यको घरमा जाँदा अमात्यकी श्रीमती नन्दाबाट यो घटना थाहा पाइन् । विजयाले यो कुरा बडामहारानीलाई बिन्ती गरिन् । बडामहारानी मृगावतीले यो कुरा राजा सतानिकसँग गरेपछि राजाले पनि तुरुन्तै अमात्यलाई बोलाए । यस घटनाले राजा, अमात्य र देशबासी नै अन्यौल र विचलित भए । महावीर यसरी तीन-चार महिना उपवासमा धेरै पटक रहे तापनि बस्तीमा भोजन ग्रहण नगरी घुम्नुहुन्थेन । भगवान् महावीरको तप पूरा गर्न र भोजन ग्रहण गराउन राजा प्रजा सबै प्रयत्नशील

थिए तर महावीर भ्रमण गर्दै विना भोजन फर्कन्थे । यसरी पाँच महिना पच्चीसौँ दिन भोजन ग्रहण नगरेका महावीर छब्बीसौँ दिन धनावत सेँठका घरमा पुगे । त्यहाँ खुट्टामा नेल लगाएकी मुडुली, तीन दिनदेखि भोकी एउटी केटी देखे । उनले राम्रो वचनले भनिन्-भन्ते मसँग अलिकति उमालेको दाल छ, ग्रहण गरिबक्सियोस् । तर यसपटक पनि महावीर उनीतर्फ हेर्दै ग्रहण नगरी हिँड्दा विचरी रुन थालिन् । यो देखेर महावीरले फर्केर गई त्यो दाल ग्रहण गरे । यो कुराको हल्ला देशभर फैलियो । राजा-रानी त्यस कुमारीलाई भेट्न गए । रानीले त्यो केटी महाराज दधी बाहनकी छोरी चन्दना हो भनी राजालाई बिन्ती गरिन् । राजाले चन्दनासँग बुझ्दा उनी बेचिएर यो नारकीय जीवन बिताइरहेको थाहा पाए । त्यस केटीलाई दासत्वबाट मुक्ति दिलाए । यो खबरले अमात्यदेखि देशभरका प्रबुद्ध र साधारण मानिसमा नराम्रो सन्देश पुग्यो र कौशाम्बी राज्यले नारीप्रति नम्रभाव राखी दास प्रथामा ठूलो धक्का पुऱ्यायो । समाज कल्याण र समाजको विकासका काम प्रशस्त हुन गएकाले भगवान् महावीर वर्द्धमानबाट त्यस समयको समाजमा जागृति ल्याउने ठूलो कार्य हुन गयो ।

महावीर वर्द्धमानले संयमका तेह्र वर्ष सात महिनाको साधना र ध्यानद्वारा वैशाख शुक्ल दशमीका दिन चौथो प्रहर विजय नामक मुहूर्तमा कैवल्य प्राप्त गरे । त्यस समय उनी उत्तरी जम्भियग्रामको पर ऋजुबाला नदीको उत्तरी किनारामा डुल्दै थिए । उनले निर्जल उपवास बसेको दुई दिनपछि सालको रूखमुनि गाई दुहुने आसनमा रही ध्यान गर्दा कैवल्य प्राप्त गरे । कैवल्य प्राप्त हुनासाथ भगवान् महावीरले प्रथम पटक प्रवचन गरेकोमा दुई थरी भनाइ छ । पहिलोमा उनले महाराज श्रेणिक र महारानी चेलणा नजिक भएको

समयमा प्रवचन दिएको कुरा छ । दोस्रो भनाइमा उनको पहिलो प्रवचनमा देवगणहरू मात्र भएकाले कोही पनि शिष्य (व्रती) भएनन् भन्ने छ ।

भगवान् महावीरको जीवन दर्शनका लेखक आचार्य तुलसीका अनुसार उनले सर्वप्रथम चतुरङ्ग मार्गको वर्णन गरे । यी हुन्- सम्यक दर्शन, ज्ञान, चरित्र र तप । जीव र अजीवको वर्णन गर्दै जीव आत्मा हो र शरीर छाडेपछि आत्माबाट परमात्मा हुन्छ । मुनि धर्म भनेको सम्पूर्ण प्राणीलाई आफू सरह समभावले देख्नु हो । भगवान् महावीर वर्द्धमानले विकासको दृष्टिले छ प्रकारका जीवको वर्णन गरेका छन् । जस्तैः खनिज, जल, हावा, अग्नि, वनस्पति कायिक र गतिशील । उनी अहिंसावादी हुँदा कुनै पनि जीवलाई नमार, दुःख नदेऊ, कसैमाथि शासन नगर, जीवलाई सेवक नबनाऊ भनी प्रवचन दिन्थे । उनको मुख्य उपदेश नै सबलाई समान देख्नु हो जसले गर्दा शाश्वत धर्मको विकास भई हिंसा रोकिन्छ, समानता हुन्छ भन्ने हो । कसैसँग नडराउनु, कसैलाई नतर्साउनु, घृणा नगर्नु, कुनै अवस्थामा पनि सुखी दुःखी नभई आफ्नो प्रशंसा गरिँदा, मान या अपमानमा एकै रहु र द्वन्द्वको अवस्थामा तटस्थ रहनु नै मानव धर्म हो । त्यस्तै सच्चरित्र हुनू, झूटो नबोल्नू, क्रोध नगर्नू, नडराउन र कौतूहल नहुनू भनी उपदेश गर्दै तृष्णा नै चोरी र दुःखको बीउ हुँदा अत्यावश्यक वस्तु मात्र प्रयोग गर्न उपदेश दिए । ब्रह्मचर्य नै परम्धर्मको लक्षण हुँदा यसका लागि बोली, दृष्टि, स्मृति र खाने पदार्थमा संयम रहन भन्दछन् । भगवान् अपरिग्रहको बारेमा प्रवचन दिँदै शब्द, रूप, रस, गन्ध र स्पर्शमा आशक्त नबन भन्दछन् । उनी मानवलाई हिँडाइदेखि सावधानी अपनाई कसैमाथि ईर्ष्या, द्वेष नलिई जीउको मलमूत्र त्यागमा पनि संयम हुन र शारीरिक, मानसिक

वाचिक आदि प्रवृत्तिलाई रोक्न प्रवचन दिन्छन् । उनले मुनि धर्म बाहेक गृहस्थले पनि घरमा रही मोक्ष प्राप्त गर्न सक्छ भन्दै गृहस्थीलाई ठूला-साना हिंसा, चोरी, असत्य कर्म नगर्न र एक नारी-पुरुषको दम्पती कर्म पालनामा जोड दिन्छन् । यसरी समाजलाई सुधारको मार्गमा लाग्न उत्प्रेरणा दिई मानवलाई पुरुषार्थी बनी जीवन यापन गर्न प्रवचन दिनु उनको धर्मकर्म बन्यो ।

वैशाख शुक्ल एकादशीकै दिन आत्माको अस्तित्व बारेमा मध्यपावापुरीको उद्यानमा दोस्रो प्रवचन दिए । त्यस समय त्यहाँ ठूलो यज्ञ चलिरहेको थियो र अनेकानेक विद्वान्हरूको माझ मुख्य विद्वान् इन्द्रमुनि गौतमलाई पाँच सय चेलासहित शिष्य बनाए । इन्द्रमुनि भगवान् महावीरको चेला भएको थाहा पाई अर्का विद्वान् अग्निभूति पनि भगवान् समक्ष आई आफूलाई प्रस्ट ज्ञान नभएको कर्मका बारेमा उपदेश सुन्नासाथ आफ्ना शिष्य र परिवारसहित भगवान्का चेला भए भने वायुभूतिलाई पनि जीवन र शरीरको भिन्नता, पञ्चभूतको अस्तित्वको प्रकाश पारे । सुधर्मालाई पुनर्जन्म, भण्डितलाई बन्ध र मोक्ष तथा मौर्य र अकम्पितलाई स्वर्ग र नरकबारे प्रवचन गरी चेला बनाए । यसैगरी मेतार्थलाई परलोकबारे बताए र प्रभासलाई निर्वाणबारे प्रवचन दिई सन्तुष्ट गराए । उनको आद्योपान्त प्रवचन सनातन धर्ममा आधारित रह्यो र समता र अहिंसा मुख्य विषय बने । बुद्ध र महावीरको प्रवचन धेरै कुरामा एकै छन् । यिनीहरूले सनातन धर्मलाई जोगाउन धेरै उपदेश दिए ।

भगवान् महावीर वर्द्धमानले धर्म प्रचार-प्रसार गर्न प्रवचन सङ्घ स्थापना गरे । उनी आत्मवादी र मानवतावादी थिए । उनले साधु, साध्वी, श्रावक र श्राविका गरी चारवटा धर्म प्रचारक सङ्घ स्थापना गरे । वर्द्धमान स्वयं तीर्थाङ्कर (प्रचारक) बन्दै धेरै बस्ती

घुमे । महावीर वर्द्धमानको सङ्घमा महासती चन्दनबाला साध्वी सङ्घको नेतृत्व गर्थिन् । प्रत्येक चारवटै सङ्घमा दर्शन, ज्ञान र चरित्रबारे प्रवचन हुन्थ्यो । ज्ञान विकासको कार्य उपाध्याय, गण व्यवस्थाको कार्य प्रवर्तक, धर्म प्रचार र सङ्घ विकासको कार्य गणछेदकले गर्दथे । गतिशील र धृति उत्पन्न गराउने कार्य स्थवीरको थियो । यसरी आज पनि जैन धर्म र सङ्गठन यसैगरी सञ्चालन भएका छन् । उसै बखत भगवान्का सङ्घहरूमा चौध हजार साधु र छत्तीस हजार साध्वीहरू थिए । नारी मुक्तिको अभियान नै सञ्चालन भएकाले साध्वीको सङ्ख्या धेरै हुन गयो । भगवान्ले समतामा जोड दिनुहुने हुँदा जातिपाती प्रथा थिएन तापनि एघारजना प्रमुख शिष्यहरू ब्राह्मण नै थिए र यिनका परिवारसहित चवालीस सय थिए । यी ब्राह्मणहरूमा इन्द्रभूति, अग्निभूति, वायुभूति, व्यक्त, सुधर्मा, मण्डित, मौर्य पुत्र, अकम्पित, अचल भ्राता, मेतार्थ र प्रभास हुन् । क्षत्रीयहरूमा पनि दशार्णपुर, सिन्धु-सौवीर, हस्तिनापुर र कौशाम्बीका महाराजा र रानी तथा अन्य सम्बन्धित परिवारहरू प्रशस्तै चेला चेलीहरू थिए भने यी बाहेक अन्य सबै ठूला, साना जातिका मानिसहरू चेला बन्दै गएका थिए । धर्म नै प्रधान भएको युगमा भगवान् महावीरको जन्म भएको थियो । अधर्मदेखि मानव डराउने हुँदा नीति-नियमको पालनामा उनले जोड दिए । यसै अवस्थामा एक जना वैभवशाली आनन्द भन्ने व्यक्ति महावीरसमक्ष चेला बन्न गए । उनको आफ्नो गृहस्थ व्यवहार सञ्चालन गरी धन आर्जन गर्न प्रशस्त खेतीपाती, गाईवस्तु, भैंडा-बाख्रा, नोकरचाकर थिए । महावीरको अहिंसा र समानता धर्म पालना गर्दा उनको व्यवहार नचल्ने देखी आनन्दलाई निम्न बमोजिम कार्य गरी धर्म पालना गर्न शिक्षा दिई चेला बनाए ।

"आनन्द तिमीले हजारौँ मानिससँग सङ्गत गर्नुपर्ने हुँदा कसैमाथि पनि निर्मम व्यवहार नगर । यही तिमो अहिंसा व्रत हुन्छ । गाईवस्तु, भैँडाबाखालाई पिट्ने, अपाङ्ग बनाउने, खान नदिने नगर । अहिंसा व्रत पालना गर्न पशु र मानव माथि समान व्यवहार गर । अब सत्यको व्रत पालना गर्दा ज्यादै धेरै व्यवसाय र मानव सम्पर्कमा आउने हुँदा नासो स्वीकार गर, झूटो साक्षी नबक र पशु, भूमि आदिको गलत मूल्याङ्कन नगर । यो सत्य व्रतको पालना गर्दा अरूलाई लगाएको झूटा आरोप, गोप्य कुरा प्रकाशित गर्ने, गलत सल्लाह दिने, कीर्ते कागज गर्ने जस्ता कार्य नगर । आचारसंहिता पालन गर्दा चोरीको माल नकिन, गलत नापतौल नगर र नक्कली माल र मिसावटी सामानको काम नगर । त्यसैगरी ब्रह्मचर्य पालना गर्न कामोत्तेजना हुने प्रवृत्तिबाट छुट्कारा लेऊ र भूमि, घर, सुनचाँदी, पशु, नोकरचाकर आदि आवश्यकताभन्दा बढी नराख ।"

उनले गरेको उपदेशबाट सन्तुष्ट भई सच्चा चेला बन्न पुगे । यसरी नै वर्द्धमानले हज्जारौँ हजार चेलाहरू बनाए । महावीरको सिद्धान्तभित्र धनको एकाधिकारको पनि भर्त्सना गरेको पाइन्छ । ज्यादै धनी हुनुमा पनि धेरै किसिमका हिंसाहरू जोडिएका हुन्छन् । त्यस्तै समानताको बारेमा उनी सम्पूर्ण प्राणी हात्तीदेखि भुसुनासम्मको आत्मा एकै हुन्छ भन्दथे । यसले गर्दा समाज एकै भएर चल्दछ र राग, द्वेष, घृणा आदि समाजबाट हटेर जान्छ । समाज स्वतन्त्र भई नयाँ नयाँ आविष्कार र नयाँ विचार गर्न सक्छ । समताले गर्दा नै आपसमा समन्वय हुन जान्छ । उनी समाजका सबैको विचार भावनालाई कदर गर्दथे । पुनर्जन्ममा विश्वास गर्दथे तर जुन जुन प्राणीको मृत्यु हुन्छ त्यही त्यही जाति या जीववंशमा जन्म हुँदैन भन्दथे । दुष्ट, पापी मानिसको अर्को जन्ममा हिंस्रक जनावर, कुकुर,

सुँगुर आदि योनीमा पनि जन्म हुन जान्छ भन्दथे । उनले कर्मको शक्तिलाई माने तापनि यसलाई सर्वोच्च शक्ति भनी स्वीकारेनन् । परनिर्भरतालाई स्वीकारेनन् । यसरी मानव सम्बन्धी सम्पूर्ण ज्ञान, सामाजिक व्यवहार आदि क्षेत्रको विकासमा नै उनको सिद्धान्त रहेको पाइन्छ । यसैले उनको विचारले त्यस समयमा समाज सुधारमा ज्यादै अहम् भूमिका खेल्यो र हाल पनि समाज उत्थानका लागि ज्यादै उपयोगी रहेको छ ।

भगवान् महावीर वर्द्धमान यस संसारमा रहेसम्म विभिन्न प्रदेश, गाउँ, इलाकाहरूमा घुम्दै आफ्नो सिद्धान्तको प्रवचन र इच्छुकको प्रश्न समाधान गर्दै चेला बनाउँदै रहे । अन्तिम समयमा पावा भन्ने स्थानमा पुगे । त्यहाँ उनलाई हस्तिपाल राजा सहित सम्पूर्णजसो मानिसले दर्शन गरे । उनले निर्वाणबारे ठूलो प्रवचन उपदेश दिए । उनी पद्मासनमा नै रहेर निर्वाण प्राप्त गरे । उनले निर्वाण प्राप्त गरेको दिन कार्तिक कृष्ण अमावस्य हो (तर गुजराती परम्परामा यो तिथि आश्विन कृष्ण अमावस्यमा पर्दछ) । त्यसबखत उनको उमेर बहत्तर वर्षको थियो । उनी निर्वाण हुँदा त्यस स्थानमा मल्ल र लिच्छवि गणराज्यहरूका अठार राजाहरू र प्रशस्त चेलाहरू थिए । उनको निर्वाणको खबरले दाजु नन्दिवर्धन र गौतम स्वामी पनि तुरुन्तै त्यस स्थलमा आए । नन्दिवर्धनले पनि कैवल्य प्राप्त गरे । उनले लेखेको भगवती सूत्र पाइन्छ ।■

ओशो : रजनीश

बाल्यकाल र स्कुल जीवन

११ डिसेम्बर १९३१ का दिन भारत मध्य प्रदेशको कुचबाडा गाउँमा रजनीशको जन्म भएको हो । बालककालको नाम चन्द्रमोहन जैन हो । उनका पिता बाबुलाल र माता सरस्वती हुन् । उनीहरू तेरापन्थी जैन धर्मावलम्बी थिए । उनी आफ्ना मामाघरमा जन्मेका हुन् । मामाघरका हजुरबा कपडा कोठीका मालिक हुन् । रजनीश बाबुआमाका एघारौँ सन्तानमा सबैभन्दा जेठा हुन् । बाबुआमाका धेरै बच्चाबच्ची हुँदा उनी सात वर्षको उमेरसम्म मामाघरमै बसे । मामाघरकी हजुरआमाले उनको पालनपोषण ज्यादै राम्रोसँग गरी उनलाई स्वतन्त्रसँग हुर्काइन् । पछि ओशो नामले प्रचलित भए । उनी सात वर्षको हुँदा हजुरबाको निधन भएपछि आफ्नो घर गडरबाडामा ल्याइयो । मामाघरका हजुरबाको निधनले उनको कलिलो हृदयमा नराम्रो असर परेको थियो । त्यस्तै केटाकेटी उमेरकी केटी साथीको मृत्युको असर र पन्ध्र वर्षको उमेरमा आफ्नै काकाको मृत्युको संस्कारमा समेत भाग लिँदा उनको जीवनमा परेको असर पछिसम्म रहन गयो । त्यसको असरले गर्दा स्कुलमा अध्ययनरत समयमा पनि गुरुले भनेको अनुशासनमा रहन सकेनन् र त्यस्तै

उरन्ठेउला साथीको सङ्गतले निडर र प्रस्टवक्ता हुन गए । ओशोलाई ईश्वरमाथि विश्वास थिएन र आफ्नो वक्तृत्वले अन्य व्यक्तिहरूलाई सोझै वशमा लिन सक्थे । उनी सामाजिक कार्य सँगसँगै भारतीय राष्ट्रिय सैनिक र राष्ट्रिय स्वयम्सेवकमा कार्यरत हुँदा त्यहाँको अनुशासनमा पनि रहन सकेनन् ।

कलेज प्रवेश

सन् १९५१ मा १९ वर्षको उमेरमा जवलपुरस्थित हितकारिणी कलेजमा प्रवेश भए तापनि एक जना शिक्षकसँगको विवादमा कलेज छाडी जवलपुरकै डी.एन.कलेजमा अध्ययन गर्न थाले । त्यहाँ पनि उनले विभिन्न कुरामा बहस गरी परीक्षामा मात्र संलग्न हुने गरी स्थानीय पत्रिकाको सहायक सम्पादक भई केही समय काम गरे । आफ्नै तेरापन्थी जैनद्वारा आयोजित धर्मको वार्षिक 'सर्वधर्म सम्मेलन'मा भाग लिई करिब सत्र वर्ष यस धर्मकार्यमा संलग्न भए । बाबुआमाले विवाह गरी घरव्यवहारमा रहने इच्छा देखाई सम्झाए । तर उनलाई एक्काइस वर्षकै उमेरमा जवलपुरको भानवर्तल बगैँचाको रूखमुनि ध्यानावस्थामा धार्मिक चेतना जागृत भएकाले विवाहको कुरामा ध्यान दिएनन् ।

सन् १९५५ मा जवलपुरको डी.एन. कलेजबाट बी.ए. पास भएपछि सन् १९५७ मा सागर विश्वविद्यालयबाट दर्शनशास्त्रमा डिस्टिङ्सनको अङ्कसाथ एम.ए. गरे । तुरुन्त नै उनी रामपुर संस्कृत कलेजमा शिक्षक भए । सन् १९५८ मा जवलपुरस्थित विद्यालयमा नै दर्शनशास्त्रका लेक्चरर भई १९६० मा प्रोफेसरमा पदोन्नति भए । अन्य समकक्षी लेक्चररको दाँजोमा उनी इमानदार तथा मिहिनेती हुँदा चाँडै नै प्रोफेसर भएका हुन् । विश्वविद्यालयकै

काम लिएर आचार्य रजनीशले सम्पूर्ण भारत वर्षमा सामाजिक कार्य र गान्धीबारे पनि प्रवचन दिँदै हिँडे । गान्धीजीको सिद्धान्तले कुनै हालतमा पनि गरिबी निवारण हुन सक्दैन भनी प्रवचन दिन्थे । गान्धीको विरोध गर्दै भारतको उन्नतिलाई समाजवाद, आधुनिक प्रविधि, परिवार नियोजनबारे कुरा उठाउँदथे । सनातन प्रवृत्तिको धार्मिक भावना अनुसारका कार्य गरेर भगवान्को आशीर्वादले देशको लागि आवश्यक अन्न तथा अन्य सामान पूर्ति हुन सक्दैन भनी प्रस्ट भन्दथे । उनको वक्तृत्वकलाले गर्दा धेरै अनुयायी पनि भए । साहु महाजनदेखि गरिबसम्मका सर्वसाधारण धेरैले उनलाई मन पराउँथे । उनको वक्तृत्वकला पुरानो सोचको आलोचना आदिले गर्दा उनको ख्याति बढ्दै गएर तीनदेखि दस दिनसम्मको ध्यान केन्द्र सञ्चालन र प्रवचन कार्यक्रम समेत राखी जीवन जागृति आन्दोलन नै सञ्चालन गरे । बेग्लै किसिमको विरोधाभाषपूर्ण प्रवचनले गर्दा विश्वविद्यालयकै अनुरोधमा सन् १९६६ मा प्राध्यापक पेसा त्यागे । त्यसपछि उनी स्वतन्त्र ढङ्गले बाँच्न, आनन्दले जीवन यापन गर्न, सम्भोगबाट नै मानिसहरू सर्वोच्चानन्द प्राप्त गरी उन्नति गर्न र यस कार्यमा जुनसुकै पुरुष नारी स्वतन्त्र हुन सक्छन् जस्ता प्रवचनले गर्दा भारतका धेरै धार्मिक गुरु, सन्त, महन्तले उनको आलोचना गरे । तर नवयुवक, युवती र आधुनिक विचारधाराका मानिस समाजमा धेरै थिए र तिनीहरूले रजनीशलाई रुचाए ।

सन् १९७० मा ओशो बम्बई गई त्यहाँ भव्य रूपमा योग गराउन सुरु गरे । त्यहाँ यिनका धेरै अनुयायीहरू भए । उनीहरू नयाँ धर्मका व्यक्ति जस्ता देखिन्थे र सुन्तला रङ्गका कपडा लगाउने, घाँटीमा लामैखालको रक्तचन्दनको गेडाको मालामा रजनीशको तस्बिर भएको लकेट लगाई यत्रतत्र घुमफिर गर्न लागे । एक

किसिमको नयाँ धर्मका अनुयायी हुन् भन्ने छुट्टिन्थे । सूर्यको किरणले फूलका कोपिला फुल्न मद्दत मिलेझैं यस किसिमको पहिरनले पनि मानिसमा आकर्षण बढ्न लाग्यो । धेरै अनुयायी हुँदा रजनीशलाई निजी सचिवको आवश्यकता परेकाले लक्ष्मी ठाकरसी कुरुवा, जो सर्वप्रथम रजनीशको चेली बनेकी थिइन्, उनी नै भइन् । लक्ष्मी जो ज्यादै धनी व्यक्ति थिइन् । उनको सम्पर्क भारतका ठूला ठूला नेता, नेहरू, गान्धी, मुरारजी जस्तासँग हुँदा उनले नै रकम सङ्कलन गरी मुम्बईमा आश्रम खोलियो । त्यहाँ रही ओशो प्रवचन दिन र धार्मिक योग पनि सुरु गराउन थाले । बृटिश सरकारको समयमा मुम्बईमा प्रशस्त युरोपियनहरू रहेको हुँदा उनीहरू नै धेरै चेला बने । अब ओशो पनि धेरै समय आश्रमभित्र नै रहन थाले । अब उनको नाम अगाडि भगवान् थपिई 'भगवान् श्री रजनीश' भए । मुम्बईमा चार वर्षसम्म रहेपछि उनको ख्याति युरोपका मुलुकहरूमा पनि फैलियो । मुम्बईको हावापानीले गर्दा ओशोलाई मधुमेय, दम तथा एलर्जी समेतको समस्या देखा पऱ्यो । उनले नयाँ आश्रम पुनामा सञ्चालन गरे । जवलपुरमा ओशो धर्म (योग) स्थापना गरेको एक्काइसौँ वार्षिकोत्सवको उपलक्ष्यमा सन् १९७४ मा पुनामा आश्रमको स्थापना भएको हो । यस कार्यमा ग्रिककी चेली मुक्ता क्याथरिनबाट प्रशस्त सहायता मिल्यो । ओशो पुनाको आश्रममा सन् १९७४ देखि १९८१ सम्म रहे । त्यहाँको आश्रमको जमिनै ६ एकडमा फैलिएको थियो । जसको क्षेत्रफल २४००० वर्ग मिटर हुन्छ । जुन आज पनि भारतभरिकै ओशोको केन्द्र बन्न पुगेको छ । समस्त भारत र अन्य मुलुकका चेलाचेलीको प्रमुख केन्द्र बन्न पुगेकोले त्यहाँबाट नै अडियो, भिडियो रेकर्ड उतपादन हुन्छ र ओशोको पोशाक, हीरामणिका सामान, सेरामिक्स र अर्गानिक कस्मेटिक्स समेत तयार गराई विश्वभर

पठाइन्छ । त्यहाँ थिएटर घर, सङ्गीत र विश्वका राम्रा राम्रा नाटकहरू पनि तयार गरिन्छन् ।

ओशोको प्रवचन, वाणीको लिथो गरी वितरण समेत गरिन्छ । बिस्तारै उक्त आश्रम र रजनीश ओशो मतको पुनामा नै निन्दा सुरु भयो । संन्यासी जस्ता व्यक्तिको उफ्री उफ्री बरबराउँदै गर्ने योग र पुरुष र स्त्रीको शारीरिक सम्बन्ध योगाश्रम र मनोथेरापीमा यौन क्रिया समेत हुने हल्लाले गर्दा ओशो मत बदनामी हुन पुग्यो ।

प्रत्येक दिन बिहान एक डेड घण्टा ओशोको प्रवचन हुन्छ । जिज्ञासु र अनुयायी चेला चेलीले प्रवचनपछि प्रश्न पनि गर्दछन् । ओशो तर्कपूर्ण जवाफ दिन्छन् । त्यहाँ ओशोका प्रवचन, दर्शनको हिन्दीका अतिरिक्त अन्य भारतीय भाषा र अङ्ग्रेजीमा उल्था गर्ने कार्य पनि हुन्छ । सन् १९८१ सम्मको सात वर्षको समयमा ओशोको दर्शन, धार्मिक योग, थेरापी आदि सञ्चालन भएको थियो । यस किसिमको क्रियाकलापमा नराम्रा याने मनोवेगका यौन क्रियाहरू चल्नु र ओशो नै सुरुका दिनमा यौनगुरु कहलिइसकेको हुँदा यो विषय नौलो पनि थिएन । थेरापी गर्दा आफ्नै समूहका व्यक्ति नराम्रो अवस्थामा फेला परे पनि । त्यस विषयमा समाजमा चलेका हल्ला र मिडियाले पनि अनेक लेख्न थाले । एउटा समूह उपद्रव कार्यमा नै उत्रियो । घण्टौंसम्म आश्रम स्थलमा हात हतियारसहित हुलदङ्गा भयो । सन् १९७९ मा आश्रमका अनुयायीले त्यस्तो पवित्र धार्मिक योगस्थलमा हुन गएको कुकृत्य र हुलदङ्गाको मिडियाद्वारा बचाउ पनि गरे । पुना आश्रममा योग सिकी दक्ष भएका व्यक्तिलाई मासिक तलब र निःशुल्क सेवा गर्ने व्यक्ति पनि बनाइयो । तर हिप्पी युगको नक्कल हुँदै पश्चिमा अनुयायीहरू भिसा विना आश्रममा रहने, आपसमा पुरुष पुरुष र स्त्री स्त्रीबीच समलिङ्गी यौनक्रियासमेत

सञ्चालन भए । सन् १९७७ को दशकमा गुजरातमा राम्रो आश्रम सञ्चालन गर्ने योजना बनाए पनि त्यो सफल भएन । आश्रमको गतिविधि र जनता पार्टीको मोरारजी सरकारबीच विवाद बढ्यो । आश्रममा आउने विदेशीको भिसामा प्रतिबन्ध लगाउनुका साथै आश्रमको क्रियाकलापमा कर मिन्हा भइरहेकोमा दसौं लाख डलर बराबर कर तिर्नुपर्ने भयो । पछि इन्दिरा गान्धीको पालामा पनि त्यो आश्रममा भारत विरोधी सी.आई.ए.को गतिविधि हुने गरेको र ओशो नै सी.आई.ए.का सदस्य भएको विश्वास गरियो ।

सन् १९८१ को समय पुना आश्रममा दैनिक तीस हजार अनुयायीको आगमन हुँदा करिब सबै नै युरोपियन र अमेरिकन हुन्थे । धेरै अनुयायी आगन्तुकहरूले ओशोको प्रवचन तरिका १९७० को दशकको भन्दा बदलिई शिक्षित इमानदार अनुयायीप्रति ध्यान नदिई अश्लील उखान, टुक्का जोडिएका प्रवचन जस्तो ठान्न थाले । त्यस्तो प्रतिक्रियाबाट १० अप्रिल १९८१ देखि ओशोले पुनः पन्ध्र वर्षपछि सर्वसाधारण सभा सम्मेलन र प्रवचनहरूमा भाग नलिई मौनधारणा गर्दै एकान्तमा गायन, अध्ययन, धार्मिक क्रियाकलापमा मात्र करिब साढे तीन वर्ष बिताए । त्यसै समयमा निजी सचिवमा योगलक्ष्मीको स्थानमा आनन्द शीला कार्यरत भइन् ।

ओशोको अमेरिका प्रस्थान

पुनाको गतिविधि अध्ययन गरिरहेको भारत सरकारका अधिकारीहरूले आश्रममा सुधार नआए ठूलै कारवाही गर्ने धम्की दिइरहेका थिए भने त्यस इलाकाको समाज पनि चिढिएकै थियो । शीलाले पुनाको आश्रम छाडी अमेरिका जान एक वर्षअघि नै सल्लाह दिएकी थिइन् तर ओशो भारत छाड्ने विचारमा थिएनन् । सन्

१९८१ मा पुनामा रहन ज्यादै नै खतरा देखी सन् १९८१ जुन १ मा पर्यटक भिसाबाट अमेरिका पसेका ओशो औषधोपचार गर्न भनी संयुक्त राज्य अमेरिकाको न्युजर्सीमा धेरै समय रहे । त्यसै वर्ष वसन्त ऋतुमा ओशोको अङ्गमा बढेको रोग निदानका लागि ठूला ठूला डाक्टरहरूबाट औषधी गराई खतराबाट मुक्त गर्न बेलायतबाट समेत इन्जेक्सन झिकाए । ओशोले विना भिसा अमेरिका बसे र वकिलको सल्लाह नलिई झूटा विवरण पेश गरेका थिए । पूर्व निजी सचिव लक्ष्मीले भारतमा गरेको लगानीमा चाहिँदो मात्रा प्रतिफल पाउन सकेकी थिइनन् ।

जुन १३, १९८१ मा शीलाका श्रीमान् स्वामी प्रेम चिनमाया (Marc Harris Silverman) ले अमेरिकाको ओरिगन र जिफरसनको बीच रान्चोमा ५० लाख डलरमा २६० वर्ग किलोमिटर समतल जमिन खरिद गरे र रान्चो रजनीश नामकरण गरी त्यहाँ २९ अगस्ट १९८१ मा सरे । एकै वर्षमा धेरै जग्गा प्रयोग गरेकोमा विवाद सृजना भयो । १९८२ मे महिनामा त्यसलाई रजनीश आश्रम सहर गराए तापनि त्यस बस्तीका व्यक्तिहरूले रजनीश आश्रमको तीतो अनुभव गरी आश्रम वरपरका व्यक्तिमा विवाद बढेकाले विभिन्न राज्यबाट शरणार्थीहरू ल्याई आफ्नो जनमत बढाएर पछि उनीहरूलाई राज्यकै रकमबाट फिर्ता पठाए ।

त्यस बस्तीको समाज अकस्मात बदलिएकाले सन् १९८४ को नोभेम्बरसम्म ओशोले प्रवचन दिन छाडी मौन रहे । सम्पूर्ण आफ्ना यौगिक कर्म र प्रवचन छाडेर निवृत्त जीवन बिताउन लागे । आफ्ना अनन्य चेला, आनन्दशीला र उनको हेरविचार गर्नेमा योग विवेक (Christine Woolf) सँग मात्र आवश्यक सरसल्लाह गर्दथे । त्यस समयको वातावरण अनुसार आनन्दको लागि

आश्रमभित्रकै जलक्रिडास्थलमा रमाउने, विना प्रवचन बस्ती वरपरको वातावरणको दिनहुँ बिस्तारै कार हाँकी निरीक्षण गर्दथे । तर उनले प्रयोगमा ल्याएका सयौँ रोल्स-वाइस कार देखेर रजनीशलाई अपराधीको दृष्टिले पनि हेर्दथे । उनी विश्वको सबभन्दा बढी कार राख्ने व्यक्तिमा परेका थिए भने उनका अनुयायीहरू भने वर्ष दिनका लागि छुट्टाछुट्टै प्रयोग गर्न ३६५ वटा कार पुऱ्याउने पक्षमा थिए ।

सन् १९८१ मा शीलालाई दिएको कानुनी अधिकार सीमित गराएकोमा धेरै चेलाहरूले ओशो आफू नै सर्वाधिकार सुसम्पन्न रहन खोजेको र शीलाको सम्पत्तिमा अधिकार जमाई निरङ्कुश हुन खोजेको शङ्काले रजनीशपुरम् छाडे । भिसा थपको समस्याले गर्दा पनि संन्यासीहरू अमेरिकन केटीहरू विवाह गरी बाहिर रहन थाले । सन् १९८१ तिर आश्रममा निवेदन गरेर बस्नेहरू पनि ओशोको कार्यमा चुप रहन थाले । यसरी तीन वर्षपछि जो रजनीशका धार्मिक नायकहरू थिए उनीहरू पनि रजनीशलाई छाड्दै हिँड्न थाले । ओशोले सन् १९९० मा रसायनिक हातहतियारको युद्धले अथवा ठूलो दैवी घटनाले ओरिगन राज्यमा ठूलो सङ्क्रमण हुनेछ भनी प्रचार गरे । ओशोले सन् १९६४ मा नै अब यो संसार तेस्रो युद्धको पर्खाइमा छ र विश्वका मानवको आत्महत्या रोक्न नयाँ विचार तथा धर्मका व्यक्तिहरू निर्माण गर्नुपर्ने भविष्यवाणी गरेका थिए । रजनीश संस्थाले १९८४ मा प्रकाशित गरेकै विज्ञप्ती अनुसार रजनीश धर्मको 'नोहा आर्क' ले नै संसारको महामारीबाट उत्पन्न सङ्कटबाट ओरिगन राज्यका सहर तथा अन्यको बचावट सम्भव छ भन्यो । १९८४ मा नै ओशोले विश्वमा दुई तिहाइ मानवहरू एड्सले मर्नेछन् भनी घोषणा गरेको कुरा शीलाले प्रचार-प्रसार गरेकी थिइन् ।

रजनीशका अनुयायी संन्यासीहरूलाई रबरका पञ्जा र यौन क्रिया रुचाउनेले कन्डोम प्रयोग गर्न, चुम्बन गर्दा ओशोको गीत गाउन भनी प्रचार गरिएको थियो जुन समयमा एड्सबाट बच्न यो तरिका प्रयोग गरिएको थिएन । रजनशीपुरका अनुयायीहरूलाई नाइट्रोअक्साइड सम्बन्धी तीनवटा किताबहरूको प्रभाव र आफूले पनि दन्त चिकित्सकबाट सो लिई प्रयोग गरिरहेको बताएका थिए । शीलाले पनि ओशोले दिनको ६० मिलिग्राम नाइट्रोअक्साइड लिने गरेको बताएकी थिइन्, तर ओशोलाई पत्रकारले यसबारे जिज्ञासा राख्दा इन्कार गरेका थिए । ओशोका संन्यासीहरू योगको आनन्दमा रमाउँदा नाइट्रोअक्साइड (हाँसो उठ्ने ग्याँस) प्रयोग गरिरहेका छन् कि भन्ने भान पर्न सक्छ ।

शीलाकै भलाइलाई ख्याल गरी पत्रकार समक्ष बोल्नुपर्ने र बुझाउनुपर्ने विचारमा ओशो उनको ख्याल गर्दै शिक्षा समेत दिन्थे । ओशोको जनसमक्ष मौनव्रतको समयमा शीला नै ओशोको पक्षमा बोल्थिन् । आश्रमभित्रका सङ्गठनमा आबद्ध व्यक्ति र नेतृत्व चयनको वादविवादमा पनि ओशो आफ्नी निजी सचिव शीलाको पक्षमा बोल्दथे । तर सन् १९८४ को वसन्तमा निजी अर्थात् भित्री बहस (बैठक)मा त्यहाँको (सङ्गठनभित्रको) मनमुटाव र ओशोका निजी आवासका सहयोगीले उनलाई खुलस्त पारे । उनीहरूले देवगीत (Charles Harey Newman) को निगरानी भएकोबारे सोधनी हुँदा भद्र तरिकाबाट उनीहरूको अगाडि बोलिन् । यसमा ओशोले आफ्नो घरभित्रका घटनाहरू सङ्घमा उठाउन नहुनेबारे घोषणा भैँ गरेर कोही पनि यस्तो कार्यमा संलग्न भए शीला यसको भागी हुनेछिन् भने । त्यसै सालको अक्टोबर ३० मा ओशोले आफ्नो मौनव्रत त्यागी अर्थात् सार्वजनिक स्थलमा प्रवचन दिँदै आफू सत्यमा रहेको बताए ।

जुलाई १९८५ मा गएर शीलाको विपक्षमा प्रवचन र प्रेसमा समेत प्रचार गरे । त्यसैले १६ सेप्टेम्बरमा शीला र उनका समर्थक समूह नै त्यो सङ्गठन छाडी युरोपतर्फ लागे । त्यसमा पनि ओशोले शीला र उनका नराम्रा समूहको गतिविधिको जानकारी गराउँदै सोको छानबिन गर्न भने । ओशोले यस विषयमा बुझ्दै नबुझी शीलामाथि ओशोको डाक्टरलाई मार्ने योजना बनाएको, पानीमा विष मिसाई सबलाई सखाप गर्ने योजनामा संलग्न भएकी, ओरिगनको समाज नै ध्वस्त गर्न जैविक ग्यास प्रयोग गर्ने योजना बनाएको आदि आरोप सहित सरकारी अधिकारीबाट छानबिनको माग गरे । त्यसमा अधिकारीहरूले उजुरी अनुसार नै पाए । ओशोले त्यसपछि आफू धार्मिक गुरु नभएको प्रचार गर्दै आफ्ना अनुयायी समेत नभएको देखाउन रजनीश धर्मका पाँच सय कपी किताबहरू ७८ पेजको रजनीश सिद्धान्त र शीलाका बारेमा भएका सबै प्रमाण डढाएर नष्ट गराए । आफू माथि लागेको आरोप थाहा पाई शीला फर्केर आई ओशोका धेरै गोप्य विद्युतीय सामान, टेप र आफूसँग भएका प्रमाणहरू राखी आफू निरपराध भएको प्रमाणहरू पेश गरिन् । तर अमेरिकाका अधिकारीहरूको खोज प्रयासबाट शीला र ओशो नै अनैतिक र उद्दण्ड कार्यमा संलग्न भएको प्रमाण फेला पारे । सम्पूर्ण अध्ययनबाट रजनीश औषधी सेवनबाट मर्न खोजेको पत्ता लाग्यो । अध्ययनबाट ओशो र उनका अनुयायीलाई अध्यागमनको नियम विपरीत रहेको पनि पाइयो । रजनीशका वकीलहरूले पनि उनको बचाउमा धेरै प्रमाण पेश गरे । अन्त्यमा अमेरिकी महान्यायाधीशको कार्यालयबाट दस वर्ष कैद र त्यसपछि पाँच वर्षसम्म अमेरिका विना आदेश पस्न नपाउने र चालीस हजार अमेरिकी डलर जरिवाना तिराउने फैसला गऱ्यो र त्यसअनुसार उनीहरूले जरिवाना पनि तिरे ।

अमेरिकाबाट फिर्ता

१९८५ नोभेम्बर १७ का दिन ओशो अमेरिकाबाट भारत फर्किए । दिल्ली विमानस्थलमा उनलाई अनुयायीहरूले भव्य स्वागत गरे । ओशोले अमेरिका विरुद्ध प्रवचन दिए– "अमेरिकीहरू वास्तवमा पूर्ण मानिस नभइसकेका अर्ध जनावर हुन् । उनीहरू शान्त भएर रहनुपर्दछ अन्यथा विश्वबाट नै त्यो मुलुकको अन्त्य हुनेछ ।" त्यसपछि उनी ६ हप्ता हिमाञ्चल प्रदेशमा बसे । उनका गैरभारतीय चेलाहरूको भिसा समाप्त भयो । केही उनीसहित काठमाडौं आए । केही हप्तापछि नै थुनामा पर्ने डरले काठमाडौंबाट वायुयानमा जेनेभाको लागि उडे । त्यहाँबाट स्टकहोम हुँदै बेलायतको हिथ्रो विमानस्थलमा अवतरण गर्न अनुमति नपाएकाले क्यानाडामा पुग्दा त्यहाँ पनि अवतरणको लागि अनुमति पाएनन् । वायुयानमा फ्यूल भर्न आएरल्यान्डको सानन् विमानस्थलमा अवतरण गरियो । त्यहाँ दुई हप्तासम्म लिमेरिक होटलमा चुपचाप विना प्रवचन र अन्यत्र घुम्न नपाउने गरी बस्न स्वीकृति दिइयो । त्यहाँबाट नै उरूग्वेमा एक वर्षसम्म बस्न सक्ने परिचय पत्र प्राप्त गरी मेड्रिड पुगे । त्यहाँ वायुयानलाई सुरक्षा साथ घेरिएर राखेपछि डाकारमा एक रात रहन स्वीकृति पाए । डाकारबाट मोन्टे भिडियो हुँदै उरूग्वे (दक्षिण अमेरिका) को पुन्टा डे स्टेको घरमा समूह नै बस्न थाले । त्यहाँ ओशोले सार्वजनिक स्थलमा प्रवचन दिए । उनलाई १९ जुनसम्म मात्र रहन अनुमति दिइयो । दुई हप्ताको लागि जमैकाको भिसा प्राप्त भए पनि किङ्गस्टन प्रहरीबाट बाह्र घण्टा भित्रमा यो देश छाड्न पर्ने भनी आदेश दिए । मेड्रिड विमानस्थलमा फ्यूल भरी ३० जुलाई १९८६ का दिन भारतको मुम्बई विमानस्थलमा वायुयान उत्रियो ।

सन् १९८७ जनवरीमा भारतको पुना आश्रममा रहन गए । प्रत्येक साँझ मात्र प्रवचन कार्यक्रम हुन्थ्यो । त्यहाँ पुनः आश्रम क्षेत्र ठूलो बनाई विभिन्न किसिमका थेरापी कार्य सुरु गरे । दस वर्षको अन्तरालपछि नयाँ किसिमका गुलाबजलमा स्नान आदि सुरु भए तापनि पश्चिमा विदेशीहरू खास थिएनन् । १९८५ देखिकै रातो सुन्तला रङको पोशाक र लकेटवाला लामा मालाको पहिरन यथावत चल्यो । साँझको योगमा लामो सेतो पहिरन र साँझमा शिक्षकले योग गराउँदा कालो गाउन लगाउँथे ।

सन् १९८७ मा उनी धेरै बिरामी भए । अमेरिकाको जेलमा रहँदा उनलाई विष प्रयोग गरिएकाले शरीर सहनै नसकिने गरी दुखेको हो भन्ने धारणा भए पनि उनलाई एचआईभी अथवा ज्यादै भइसकेको मधुमेहको रोग हुनसक्छ भनी अमेरिकी कानुनी सल्लाहकारको भनाइ रहेको छ । सन् १९८८ को सुरुमा ओशोले ध्यानमा बुद्धत्व प्राप्त गरे र डिसेम्बरमा ओशोले आफूलाई भगवान् श्री रजनीशको संज्ञा नदिन भने । सन् १९८९ फेब्रुअरीमा ओशो रजनीश र पछि ओशो मात्र हुन चाहे । उनको स्वास्थ्य दिन प्रतिदिन बिग्रँदै गएकाले उनको अन्तिम प्रवचन नै अप्रिल १९८९ को हुन गयो । त्यसपछि उनी शान्त रहन थाले । आफ्ना थोरै छानिएका अनुयायीहरूसँग मात्र रहन थाले । पछि एकदम थोरैसँग बेलुकाको सभामा रहन्थे । मृत्युको केही समय अघि एक अथवा धेरै अनुयायीहरूलाई साँझको बैठकमा सेतो कपडा लगाई आउन सल्लाह दिँदै उनलाई दुष्ट जादुगरले अशान्ति गराइरहेको बताए । ओशोले आफ्नो गल्ती भएको स्वीकार गरेको बारे अनुसन्धान गर्न खोज्दा ओशोको मृत्यु भइसकेको थियो ।

सन् १९९० जनवरी १९ का दिन ५८ वर्षको उमेरमा

हृदयघातबाट निधन भएको सूचना निकालियो । ओशोको लागि नयाँ निर्माण गरिएको पुना आश्रमको लाओ जु भवनमा उनको खरानी राखियो । उनको मृत्युको सम्झनामा ओशोको जन्म तथा मृत्यु कहिल्यै हुँदैन र उनी ११ डिसेम्बर १९३१ देखि १९९० जनवरी बीचमा पृथ्वीमाथिको ग्रहमा विचरण गरिरहेका थिए भनी अनुयायीहरू भन्दछन् ।

ओशोको प्रवचन ज्यादै राम्रा शब्दहरूले ख्याल ठट्टायुक्त आकर्षक तरिकाबाट सम्पूर्ण श्रोतावृन्दलाई मुग्ध गराउने किसिमको हुन्थ्यो । एकै विषयमा नभई साधारण व्यक्तिहरूको विचारभन्दा भिन्दै तरिका र विचार प्रवचनको सार निकाल्न कठिन हुन्थ्यो । साधारण जनमानसमा अपनाइने विचार भन्दा अलि अप्ठ्यारो किसिमको हुन्थ्यो । सुरु सुरुका प्रवचन प्रख्यात थिए तर हास्यात्मक र कुनै पनि गुणग्राही किसिको हुँदैनथ्यो । साधारण मानिसलाई प्रवचन ग्रहण गर्न कठिनाइ नै हुन्थ्यो ।

मुख्यतया ओशो विभिन्न धर्म सम्प्रदायका जस्तै जैन, हिन्दू, तान्त्रिक, तावो, क्रिस्चियन, बुद्धिज्मका साथै पूर्वीय दर्शन वेद उपनिषद्, गुरुग्रन्थ आदि सम्पूर्ण विषयका ज्ञाता नै थिए र प्रवचन पनि यिनै विषयहरूमा हुन्थे । त्यसैमा नाचगान आदि हुन्थ्यो । भारतका कृष्णमूर्तिजस्ता धार्मिक विद्वान् ओशोको प्रवचनलाई समर्थन गर्दैनथे । ओशोका पश्चिमी युवा अनुयायी हुँदा, एसियाली पनि युरोपियन विचारतर्फ आकर्षित भएको अवस्था हुँदा, स्वतन्त्र यौन जस्ता विषय र हाँस, रमाऊ र मोजमस्ती गर - यही नै जिन्दगी हो भन्ने मान्यतामा रमाउने नै भए । करिब डी.एच. लरेन्सको विचारसँग मिल्दोजुल्दो हुँदा र आकर्षित योगको प्रयोगले धेरै अनुयायी हुन पुगे ।

ओशो मनुष्यको मन र अहम् भावनाका सम्बन्धमा भन्दछन् कि प्रत्येक मानिसमा बुद्धकै जस्तो ज्ञान प्राप्त गर्ने शक्ति हुन्छ तर उसलाई उसको अहम् भावनामा समाजको विरोधाभास विचार र अर्कैतर्फ मोडिदिने धेरै घटनाहरू आइपर्दछन् र स्वप्नको जस्तै अवस्थामा कल्पनामा पुगेको जस्तो मनमा लाग्दछ अन्यथा मनुष्य वातावरण र समाजलाई फूलको सुगन्धजस्तो ज्योति दिन सक्छ । मनुष्यको मन सुरुदेखि अन्त्यसम्म नै जीवित रहने सङ्घर्षमा लागेको हुन्छ र भविष्यको सफलताका लागि नै कार्य गर्न उद्यत रहन्छ । बितेका घटना सम्झँदै भविष्य निर्माणको विचार गर्दछ र विचार साकार गराउन लागिपर्दा आनन्द प्राप्त गर्न सक्दैन । मनुष्यको मन नै असुरक्षा र अर्काको कार्यको डाहा गर्दागर्दै मानसिक पागलपनमा पुग्न सक्छ । मन धर्मविरुद्धमा पनि जान सक्दछ । चिताएको नपुग्दा नराम्रो काममा पनि प्रवृत्त हुन सक्दछ । डर बढ्दै जाँदा यौनको आनन्द लिन सक्दैन र यस्तो अवस्थाको सुधार खाली एक मात्र योग हो ।

योग

ओशो भन्दछन्- योग मात्र एक क्रिया हो जसबाट मानिस सचेत हुन सक्दछ । सुषुप्त मनको विकासलाई योगको आवश्यकता देखाउँदै मानसिक थेरापीको मार्गबाट मानसिक उत्तेजक सञ्चेतना जगाउन सकिन्छ । योगका सयौँ विधिहरू छन् । आफ्नै प्रकारको आकर्षक योगबाट मात्र मनस्थितिको सुधार हुन्छ । सबैभन्दा आकर्षक योग पौराणिक आदर्श जस्तो लाग्दछ । हामी आँखा बन्द गरी पाँच प्रकारबाट तुलना गर्न सक्छौँ र यसमा चौथो स्थान सङ्गीतबाट गरिने योग पर्न आउँदछ । पहिलो दस मिनेट लामो श्वास नाकबाट

लिँदै छाडिन्छ । दोस्रो दस मिनेट अर्कालाई आकर्षण गर्न जस्तै घटना भए पनि हाँस्दै, कराउँदै, उफ्रँदै स्वेच्छाले गर्ने र तेस्रो दस मिनेट तल-माथि चलेर उफ्रने र कराउँदै थचारिने चौथो पटक पन्ध्रौं मिनेटसम्म माथि भनेझैं आनन्दले रहनुपर्दछ । अर्को प्रकारको कुण्डलिनी योग, त्यस्तै मौरीको भुनभुनाइ जस्तै स्वर निकाली गर्ने र अन्तिम योग धेरै दिन र समयको गर्नुपर्ने बताउँदै एक हप्तामा तीन घण्टा हाँस्ने, दोस्रो हप्तामा तीन घण्टा रुने तेस्रो हप्तामा तीन घण्टा मौन धारणा गर्ने । आजका नवयुवकलाई यो एकै ठाउँमा रही गर्न कठिन हुन्छ । यसैले **ओशो** विना कठिनाइ गर्ने योग छोटो र छिटो गर्ने योग उल्लेख गर्दछन् - सम्भोग । संन्यास बारेमा ओशो भन्दछन्– आफ्ना गुरु आफै सरह हुन् भन्न सक्नुपर्दछ । उनको सिद्धान्तभन्दा सच्चाइमा गुरु शिष्यको सम्बन्ध रहन्छ । आफ्ना अनुयायीलाई कहिल्यै केही भन्दैनन् । यसको आशय नै सच्चा अनुयायी सबै विषयमा निसङ्कोच विचार विमर्श गर्न सक्दछ । यही नै सबभन्दा ठूलो विचार आदान-प्रदान हो । यसले गर्दा मौन अवस्थामा पनि एकले अर्कालाई जान्न र बुझ्न सक्दछ । एकको सच्चाइ दोस्रोमा मिल्दछ । यसरी ओशो आफू खास गुरु नभई आपसमा ख्याल ठट्टा गर्दछन् । यो ओशो आफै अस्वीकार प्रकट गर्दछन्- नवआगन्तुक संन्यासी (अनुयायी) पहिला सम्पूर्ण किसिमका आज्ञापालक भए पनि आफ्नै अस्तित्व स्थापनार्थ पछि बिर्सन्छन् । हिन्दू संन्यासीहरूमा सुरुदेखि चल्दै आएका प्रथामा रहन नसकी इमानदारीका साथ सामाजिक सिद्धान्तबाट विमुख हुन्छन् । यसैले ओशो आफै आफ्नो मनको जिम्मेवारी स्वतन्त्रतापूर्वक निश्चित गर्नुपर्दछ र आफ्नो अस्तित्वमा परिवर्तन होइन रमाउन जोड दिन्छन् । इच्छाहरू पूर्ति गर्दै जानुपर्दछ, कहिल्यै इच्छालाई लत्याउनु हुँदैन । एक पटक मनभित्र फक्रेको

इच्छा कायमै रहन्छ र यौनक्रिया जस्तै पूर्ण भएपछि स्वत: सो कार्यबाट फर्कन्छ । ओशो आफै धनाढ्य व्यक्तिहरूको गुरु भएको स्वीकार्दछन् र गरिबी अवस्थामा धर्मबारे सोच्नै सकिँदैन भन्दछन् । उनी बहुमूल्य कपडा, घडी आदि लगाएर तस्बिर खिचाउँदथे । जब उनी संयुक्त राज्य अमेरिकाको ओरेगन राज्यमा थिए विभिन्न किसिमका अत्याधुनिक रोल्स-वायस कारमा सयर गर्दथे र उनका चेलाहरू वर्षैभरि प्रतिदिन छुट्टाछुट्टै कारमा सयर गर्न ३६५ वटा त्यस्ता कार किन्न उद्यत थिए । यस्तो तडकभडक मिडियाद्वारा प्रचारप्रसार गरिन्थे र उनी भारतकै खानदानी परिवारका हुन् भनी अमेरिकीलाई प्रभाव पार्न चाहन्थे । ओशो आफू गौतम बुद्धजस्तै उच्च परिवारको नवयुवक हुँ भन्ने दर्साउन बहुतै इच्छुक रहन्थे र ग्रिकका पौराणिक धनीवर्ग जस्तै छु भन्थे । उनी सम्पूर्ण विषय जस्तै कवि, कलाकार, वैज्ञानिक आदिमा आफू पोख्त रही स्त्री जातिको आकर्षक हुन उत्तिकै रूचाउँदथे । ग्रिकका जोरबा र बुद्ध मात्रै नभई दुवै हुँ भन्दथे । ओशो संसारको जनसङ्ख्या वृद्धिसँगै यसको नाश जैविक हातहतियार या पीडादायक रोग एड्सबाट हुनेमा निश्चिन्त थिए । त्यसैले उनी आफ्नो संस्थामा धनी वर्ग, राजनीतिज्ञ र विद्वान्हरू मात्र राख्न रुचाउँथे । इथुनियाका अन्धा, बहिरा, लाटा आदि जन्मसिद्ध अपाङ्गहरूको उद्धार गर्न उनीहरूलाई जीवन मुक्ति दिनु नै कल्याण हो भन्दथे ।

उनी समलिङ्गी यौनक्रिया त्यसमा रमाउनेहरूको मात्र क्षेत्र हुनुपर्दछ र त्यस्ता व्यक्ति समाजका अन्यसँग सहवास हुँदा संसारमा भयावह स्थिति उत्पन्न हुन्छ भनी सतर्क गराउँथे । सुरुका दिनहरूमा ओशो जब आचार्य रजनीश थिए एक व्यक्तिले उनलाई तपाईंका दस उपदेश केके हुन सक्छन् ? भनी प्रश्न सोध्दा यसमा रजनीशले आफू

कसैलाई पनि लक्षित गरी उपदेश नगर्ने र यस्तो कठिन प्रश्नको उत्तर मजाक पूर्ण ढङ्गले दिए– १. कहिल्यै पनि कसैको आदेश नमान्नू, यदि तिमी पनि अरूलाई आदेश दिँदैनौ भने, २. आफ्नो प्राण बाहेक अर्को ईश्वर छैन, ३. सत्य तिम्रै आत्मामा छ, अन्यत्र खोजेर पाइने छैन, ४. प्रेम नै प्रार्थना हो, ५. सत्यको द्वारमा केही पनि हुँदैन, शून्य नै यो संसार र केही पाउनु हो ६. जीवनै वर्तमान र यहाँ हो, ७. जागृत नै जीवन हो, ८. तैरेर पौडी नखेल, ९. प्रत्येक क्षण मृत्यु छ र तिमी पनि कुनै क्षण नयाँ हुनेछौ, १०. केही पनि नखोज, त्यो यहीं छ र देखिइरहेछ । यसमा मुख्यतया नं. ३, ७, ९ र १० का आदेशलाई नै उनका चेलाहरू जीवन पथप्रदर्शक मान्दछन् ।

ओशो जीवित रहुञ्जेल आफ्नै जन्मभूमि भारतमा नै विवादमा परे भने मृत्युपश्चात् समाजमा राम्रो छाप रहन गयो । यो संसारकै रीति हो । सन् १९९१ पछि उनी भारत र नेपालका प्रमुख व्यक्तित्व जस्तै गौतम बुद्ध, महात्मा गान्धी जस्तै प्रमुख दस व्यक्तित्वभित्रको गणनामा रहे र भारतीयको जीवनशैलीमा नै नयाँ आयाम र धर्म थपे । ओशोको विचार र प्रवचनले नवयुवकमा विवाहपूर्व आपसमा आनन्द लिने र एकले अर्कालाई बुझ्न सरल बनायो । ओशोको मृत्युपछि नै उनले गरेका कामकारवाही प्रवचन आदिले स्थान पाउन थाल्यो । भारतीय पत्रिका इन्डियन एक्सप्रेसमा तनवर आलमले त ओशोलाई मूर्ख जनमानसलाई सचेतना दिलाउने समाजका मुख्य प्रवचनकर्ता नै हुन् भन्दै सम्पादकीय लेखे ।

ओशोको प्लेटिनम जयन्ती सन् २००६ को समारोहमा भारतीय गायक बसिफुदिन दगरसैयदलले ओशोका प्रवचनहरूको गुणगान गर्दै उनी समाजका एक अत्यावश्यक व्यक्ति र भारतीय समाजको परिवेशमा अत्यावश्यक त्यस्तो व्यक्ति उही एक मात्र हुन् सम्म

भने । सन् २००८ मा नै नेपालमा साठीवटा ओशो केन्द्र र ४५ हजार अनुयायी थिए भनिन्छ ।

आजभन्दा पैंतालीस वर्ष अघि अर्थात् संवत् २०२५ सालमा नै सोल्टी होटल, कालीमाटी, काठमाडौंको उत्तरतर्फको घरमा ओशोको योग तथा साधना केन्द्र खुलिसकेको थियो । त्यस स्थलमा स्वयम् पनि आठ-दस पटक सम्मिलित भएको छु । नेपालका कर्मचारी र अन्य शिक्षित व्यक्तिको निकै भीड हुन्थ्यो । बेलुकाको ६ बजेतिर कम्पाउन्डमा धेरै व्यक्ति हुन्थे । ओशो अनुयायीहरूको सङ्ख्या वृद्धि हुँदै जाँदा स्वामी आनन्दअरुणकै प्रयासबाट मुडिखु, काठमाडौंको नजिक रानीवनको सिमानामा नै सयौं रोपनी जमिन खरिद गरी त्यहाँ पूर्वाधार विकास गरी कालीमाटीबाट ओशो केन्द्र त्यहाँ सञ्चालन हुन थाल्यो । हाल आएर सो तपोवन केन्द्र नेपालको प्रमुख योग केन्द्र र साधना केन्द्र बन्न पुगेको छ । स्वामी आनन्द अरुण नागार्जुनकै तपोपन केन्द्रमा रहन्छन् । उनको 'सन्त-दर्शन' नामक तृतीय संस्करण समय समयमा कान्तिपुर दैनिक र समय साप्ताहिकमा प्रकाशित रचनाहरू हुन् । यस सँगालोमा हामी ओशो, बुद्ध, यशोधरा, श्रीकृष्ण, नागार्जुन, परमहंश योगानन्द, श्री अरविन्द, गुरुनानक, कबीर, पतञ्जलीसहित वैज्ञानिक आइन्सटाइन, कार्ल मार्क्स र फ्रायड आदि सहित ६२ वटा लेखहरू पाउँदछौं । जुन अध्ययनका लागि ज्यादै उपयोगी छन् । यसै सँगालोमा स्वामी आनन्द अरुण आफूले ३७ वर्ष ओशोसँग नै बिताएको कुरा उल्लेख गर्दै अमेरिकी सरकार आफ्ना देशका सम्पूर्ण नागरिक हिन्दू धर्ममा लाग्न सक्ने डरले नचाहिँदा कुरा आरोप लगाई अमेरिकाको ओरिगन राज्यबाट ओशोलाई निकालेका हुन् भन्दछन् । साथै ओशोका सात सय किताबहरूमध्ये कुनै पनि एउटा मात्र किताब राम्रोसँग पवित्र आत्माले अध्ययन गर्ने हो भने

ओशो कामुक नभई सच्चा भगवान् हुन् भन्न पुग्दछन् । स्वामी आनन्द अरुणको 'सन्त-दर्शन' किताब मात्र राम्रोसँग बुझेर अध्ययन गर्ने हो भने इतिहासका गर्भमा लुकेका धेरै विद्वान्, विदूषिको जीवनी बुझी जीवन सार्थक बनाउन मद्दत मिल्नेछ । उक्त किताबमा उनी लेख्दछन्– "ओशोलाई सर्वप्रथम स्वीकार गर्ने वर्गमा कवि, लेखक र कलाकारहरू पर्दछन् । कारण यिनीहरूको स्वभाव नै विद्रोही र संवेदनशील हुन्छ ।" ओशोको ज्यादै आलोचना भएको समयमा पनि उनको जोडदार समर्थन गर्नेमा भारतका श्री हरिवंश राय बच्चन, अमृता प्रीतम, खुशवन्त सिंह, प्रीति सनन्दी, विनोद खन्ना, विजया आनन्द, मनोज कुमार, कल्याणजी आनन्दजी इत्यादि थिए ।

भारतीय राष्ट्रिय पार्लियामेन्ट पुस्तकालयमा समेत ओशोका सम्पूर्ण प्रवचनका किताबहरू पाउन सकिन्छ । भारतका ख्याती प्राप्त लेखक खुशवन्त सिंहले ओशोको व्यक्तित्वमाथि प्रकाश पारे भने बलिउड अभिनेता विनोद खन्नाले ओशोको रजनीशपुरमको बगैंचामा स्वयंसेवक भै काम गर्दथे । ओशोका करिब ६५० किताबहरू विश्वका विभिन्न ५५ भाषामा अध्ययन गर्न सकिन्छ । इटली र दक्षिण कोरियामा त सबभन्दा बढी बिक्री हुने किताब बन्न पुगेको छ ।

अन्तर्राष्ट्रिय क्षेत्रमा नै दुई दशकसम्म विवादित रहन गएका ओशो पछिल्लो दशकमा एक नयाँ धर्मपथका पुरुष हुन पुगेका छन् । ओशोका अनुयायीहरूले उनका उत्कृष्ट प्रवचन आदिको प्रचारप्रसार गरे भने युरोप र अमेरिकाका अनुयायीले उनको योग साधना र प्रवचनलाई आफ्नो समाजमा स्थापना गरे । आईबीएम, बीएमडब्ल्यू जस्ता कम्पनीहरूले ओशोको अन्तर्राष्ट्रिय संस्थालाई मद्दत गरेका छन् । भारतको पुनेस्थित ओशो आश्रम विश्वका अनुयायीको केन्द्र र योग साधना गर्ने स्थल हुन पुगेको छ । प्रत्येक

वर्ष समुद्र पारका दुई लाख जति पर्यटकको आवातजावत हुन्छ । देशका उच्च व्यक्तित्व र दलाई लामासमेत त्यहाँ पुग्दछन् । आश्रममा प्रवेशको लागि रोग र एचआईभी परीक्षण गरिन्छ ।

भागलपुरको मानकुबार बई कलेजका दर्शन विभागका महिलावर्गले २०११ मा ओशोको प्रवचनको दार्शनिक सेमिनार गर्दा भोपालको ग्रान्ट कमिसन विश्वविद्यालयले आर्थिक सहयोग गरेको थियो । ओशो, जोरबा, बुद्ध विषयमा छलफल भएको थियो । बीसौं शताब्दीमा ओशो साँच्चै विवादित धार्मिक प्रवक्ताका रूपमा थिए । उनको यौनसम्बन्धी, उत्तेजक र आश्रमको स्वतन्त्र क्रियाकलापले गर्दा उनको जीवन नै विवादित विषयले घेरिएको थियो । उनी भारतमा यौन गुरु र संयुक्त राज्य अमेरिकामा रोल्सच्वायस गुरुबाट चिनिन्थे । उनले भारतीय पूर्वी समाजको धार्मिक, सांस्कृतिक जीवनको धज्जी उडाएका थिए भने राजनीतिज्ञ र पूर्वी धर्म-दर्शनका स्वामी, ऋषिमुनिको पनि निन्दाका पात्र भएका थिए । संसारभरि नै उनको यौन, वैवाहिक जीवन र परिवारकै विषयमा विवादित विचारले गर्दा सबैजसो उनीसँग चिडिएका थिए । उनका अनुयायीहरूलाई पनि समाजमा घुलमिल हुन र ओशोको सहायतार्थ कुनै पनि कारवाही गर्न कठिन अवस्था थियो ।

धार्मिक छात्रवृत्तिको मूल्याङ्कन

सन् १९९३ मा ओशोका सम्पूर्ण प्रवचन र किताबको अध्ययन गर्दै युनिभर्सिटी अफ इस्ट आएन्जेलियाका बब मुलियन भन्दछन्– "सत्यबाट छानिएका केही तथ्य स्वीकार गर्न पनि सकिन्छ र केही प्रचलित मूल्य मान्यतामा विरोधाभास पनि देखिन्छ ।" उनी ओशोको सम्पूर्ण आयाममध्ये दोस्रोलाई बुझ्न कठिन पर्दछ । उनका धेरै उक्ति

प्रवचन, लेख आदि बुझ्न सकिने छन् तर समाजका धेरै वर्गका लागि मन नपर्ने भए तापनि आनन्दी जीवन व्यतित गर्न उनले आफ्नै दृष्टिकोणमा अहम् भावनासहित डर र दोष भरेको पाउँदछौं । उदय मेहताका अनुसार भने ओशोको विचार औसत भारतीयका लागि सुन्दा धार्मिक अनुभूति भए तापनि स्कुल शिक्षामा समावेश गर्न कठिन छ । महायान बुद्धमार्गीका लक्षणहरू छन् तापनि ज्यादै विवादास्पद अन्य विषय हुँदा यसमा पूर्वीय धार्मिक गुरुहरूका दर्शन र पश्चिमी सभ्यतालाई मिलाउन खोजिएको देखिन्छ ।

सन् १९९६ मा अमेरिकाको ओहिओ (OHIO) विश्वविद्यालयका Hugh B Urban जो धार्मिक दर्शनका सहायक प्रोफेसर हुन्, उनका अनुसार ओशोको सिद्धान्त, प्रवचन, विचार आदि सम्पूर्ण पूर्वीय दर्शन र पश्चिमी दर्शनको मिसावट मात्र हो र नयाँ केही छैन । खालि व्यापारिक उद्देश्यले बजार लिन खोज्दै गरेको देखिन्छ । दर्शनीय अर्थात् श्रोताको ध्यान उनीतर्फ तान्ने प्रयत्नका प्रवचन आदि हुन् भन्दछन् । जब उनी भारत फर्के तब मान्न लायक असल व्यक्ति भए र वास्तवमा उनको मृत्युपछि उनका धेरै अनुयायी भए । आधुनिक संसार सँगसँगै जान पश्चिमी सभ्यता, विचार आदि पूर्वीय समाजले पनि खोजे अनुसार सम्पूर्ण कुराको स्वतन्त्र रूपले प्रयोग गर्न ओशोका अनुयायीलाई सुअवसर प्राप्त छ ।

ओशोको ठूलो खान्दानी व्यक्तित्वबारे मूल्याङ्कन

धेरै मूल्याङ्कन गर्ने व्यक्तिहरूले ओशोलाई Gurdjieff सँग दाँजेका छन् । ओशोको व्यक्तित्व ज्यादै आकर्षक र प्रथम भेटमा नै ज्यादै मिल्न सक्ने, पुराना मित्रवत बताइन्छ र ओशोको मूल्याङ्कन गर्नुभन्दा पहिले नै उनको उज्ज्वल कान्तिले गर्दा नै सङ्गत गर्न

लायक सम्झन्छन् भनी Anthony Storr भन्दछन् । धेरै व्यक्तिहरू प्रवचन सुन्नासाथ नै अनुयायी बन्दछन् र उनलाई प्रेम गर्न चाहन्छन् । धेरै अमेरिकी र युरोपियन बुद्धिजीवीहरूले ओशोको रोल्स-रोयस कारको सयर उनको क्षमता, आकर्षक व्यक्तित्व, खान्दानी, लवाइखवाइ देखेर ओशोले मानिसलाई हात लिएको देख्दा उनलाई चिन्ने जान्ने सबले धनी खान्दानीकै सन्तान सम्झन्छन् ।

ओशोका विचार तथा प्रवचनको मूल्याङ्कन

ओशो एक महान् विचारक र वक्ता थिए । हिन्दुस्तानका प्रख्यात लेखक, इतिहासकार तथा हिन्दुस्तान टाइम्स पत्रिकाका पूर्व सम्पादक खुशवन्त सिंह ओशोलाई भारतका एक महान् चिन्तक, महान् शिक्षक, महान् विचारक र महान् प्रवचनदाता भनी उल्लेख गर्दछन् । ओशो स्वतन्त्र किसिमले साधारण शब्दमा धर्मको व्याख्या गरी समस्या हल गर्न सक्ने पुरुष हुन् । जो साधारण भाषामा इमानदार ख्यालठट्टा गर्दै ईश्वर, भविष्य, धार्मिक विषय र समाजको सम्बन्धमा पूर्णरूपले नयाँ किसिमको धारणा राख्दथे । जर्मन दार्शनिक Peter Slolerdik को विचारमा ओशो बीसौँ शताब्दीका एक महान् इमानदार धार्मिक व्यक्ति भन्दै ओशोले साँच्चै नै विश्वमा नयाँ धर्म-दर्शन प्रदान गरेका छन् भन्दछन् । १९८० को दशकमा ओशोका विषयमा बोल्ने प्रवक्ताले ओशोको छवि नै बिगारे । अस्ट्रेलियन समालोचक Clive Jems ले त ओशोको प्रवचनलाई 'वकवास' संज्ञा दिएका छन् । कपडा धुने ठाउँमा एक जना पुरुषले ओशोको प्रवचन सुन्दा अण्डरवेयर भिजाई पानीका थोपा नै जमिनमा खसाल्न पुगे । ओशोमा पुरुषहरूलाई आकर्षण गर्ने, प्रभाव पार्ने व्यक्तिका रूपमा रहेका छन् ।

सन् १९९० मा अमेरिकी लेखक टम रविन्सले ओशोका किताबहरू अध्ययन गरी बीसौँ शताब्दीका महान् धर्मगुरु भनेका छन् । रविन्सले उनको बदनाम, नचाहिँदो होहल्ला र मिडियाको कुरा सुनेर नै ओशोका बारेमा किताबहरू अध्ययन गरेका थिए । भारतका पूर्व राष्ट्रपति ज्ञानी जैल सिंहले ओशोवादमा शिख धर्मको जपजी सुनेर ज्यादै राम्रो प्रभाव परेको बताउँछन् । सन् २०११ मा लेखक फारूख धोण्डीले भारतीय सिनेमाका नायक कविर वेदी ओशोको अनुयायी भनी लेखेका छन् र ओशोको गुणगान सुनेर उनी भेट्न पुगे । धोण्डीका अनुसार ओशोलाई ज्यादै चलाख, विद्वान् र मोहनी व्यक्तित्वमा नै गणना गरेका छन् । नयाँ पिँढीका लागि ओशोको पश्चिमीशैली मनमोहक हुन पुगेको छ ।

अमेरिकी फिल्म निर्माता रोबर्ट हिल म्यानले सन् १९७८ मा 'भगवान्' भनी डकुमेन्ट्री निर्माण गरेका छन् । सन् १९८१ मा बीबीसीका बृटिश अमेरिकी पत्रकार क्रिस्टोफर हिचेनले The God that Fled भन्ने डकुमेन्ट्री बनाएका छन् ।

सन् १९८७ मा विदेशीले रजनीश आश्रममा नै गएर र सन् १९८९ मा अस्ट्रेलियन सिनेमा निर्माताले Rajaneesh : Spritual Terroist नामक डकुमेन्ट्री निर्माण गरेका छन् भने सन् २०१० मा ओशोका सचिव र अङ्गरक्षकले 'गुरु भगवान्' भनी निर्माण गरेका छन् । त्यस्तै १५ किसिमका धर्मग्रन्थ र तिनका गुरुहरूबारे र उनले विशिष्ट व्यक्तिहरूलाई दर्शनसम्बन्धी दिएका १६ वटा अन्तर्वार्ताको किताब बनाई जनसमक्ष पुऱ्याएका छन् ।■

जिसस क्राइस्ट

जिसस क्राइस्टको जन्म २०१३ वर्ष अगाडि हालको इजरायलको नासरित प्रान्तको बेथलहेममा भएको हो । जबकि जिसस क्राइस्ट जन्मँदा इजरायल भन्ने देश नै थिएन । क्राइस्टका उपदेशको ग्रन्थलाई पवित्र बाइबल (New Testaments) भन्दछन् । उनकी माता मेरी मरियम हुन् । बाइबलको भनाइअनुसार ईश्वरबाट मरियमलाई कुमारी अवस्थामा नै तिमीबाट म क्राइस्टको नामबाट यस संसारमा सम्पूर्ण मानव जातिको कल्याणको लागि जन्म लिनेछु भने अनुसार जन्म भएको बताइन्छ । यद्यपि मरियमले पछि जोसेफसँग बिहे गरिन् । त्यसैले कसैकसैले क्राइस्टका पिता हुन् भनी जोसेफको उल्लेख गर्दछन् । यसरी जन्म भएका बालकलाई कुनै धर्मशालामा पनि बस्न नदिएकाले बडो दुःखसाथ बच्चालाई गाई गोठमा राखियो । आठौँ दिनमा उनको नाम यहुदीका गुरुबाट जिसस क्राइस्ट (येशु) राखियो । उनलाई वर्षैपिच्छे जेरूसेलम लगिन्थ्यो । वास्तवमा उनको जन्म नै घुमन्ते गोठाला परिवारमा भएको थियो ।

जिसस क्राइस्टको बाल्यकाल गरिबीमा बित्यो । जेरूसेलमका यहुदीहरू सुरुदेखि नै व्यापारीहरू हुन् । चौध वर्षको उमेरमा उनी घरबाट भागेर व्यापारीहरूका साथ भारत आए । धेरै वर्ष भारत,

नेपाल, ल्हासा आदि स्थानमा रही सनातन वैदिक धर्म तथा बुद्धधर्मको शिक्षा लिई घर फर्किए र आफूले प्राप्त गरेको धार्मिक ज्ञानको प्रचार-प्रसार सुरु गरे । यहुदीहरूलाई यी धार्मिक विचार, सरल, राम्रा र बन्धुत्व कायम राख्ने किसिमको भए पनि आयातित धर्म मन परेन । त्यस समय अरब नै रोमन राज्यको अधिनमा हुँदा जेरूसेलम पनि यसैमा पर्दथ्यो । इजरायलमा रोमको इटालीबाट गभर्नर प्लुटिनस पाइलट थिए । यहुदीहरूले जिसस क्राइस्टले एसियाली धर्म प्रचार गरिरहेछ भनी गभर्नर समक्ष कुरा पुऱ्याए । यहुदीहरूको बहुचर्चित साइनाज मन्दिरका मुख्य पुरोहित ज्यादै शक्तिशाली थिए । उनले आफ्नो धर्ममा प्रभाव पारी आफूलाई शक्तिहीन बनाउने भयले जिसस क्राइस्टलाई सैनिकहरूको मद्दतले समाती गभर्नर प्लुटिनस समक्ष लगे र यसलाई क्रसमा किला ठोकी हत्या गर्नुपर्दछ किनकि यो साइनाज धर्म विरोधी हो भनी पेश गरे । गभर्नर विद्वान्वर्गका हुँदा यिनलाई यस किसिमले मार्नुपर्ने ठूलो गल्ती देखेको छैन भने । तर पुरोहितले लगेका यहुदीहरूको बीचमा शक्तिशाली पुरोहितले येशुले आफूलाई यहुदीहरूको राजा हुँ समेत भन्दछ, यसकारण यसलाई क्रसमा टाँगेर नै मार्नुपर्दछ भनी विरोध गर्न थाले । अब गभर्नरलाई पनि जन आकाङ्क्षा विरुद्ध जाँदा पुरोहित समेतले रोम सरकार समक्ष यो कुरा पुऱ्याएमा आफै पदबाट हट्नुपर्ने देखी जनताको माग अनुसार आदेश दिन करै लाग्यो । जिसस क्राइस्टलाई क्रसमा टाँग्दा ठूलो आँधीबेरी आएको थियो । सैनिक र जनताको भागाभाग नै भएको थियो । उनलाई मार्नुपूर्व नै उनका चेलाहरूले लासको माग गरेका थिए । सबैको भागाभाग हुँदा चेलाहरूले चिहानमा लगी बडो जतनका साथ ढोकामा ढुङ्गाले छोपी फर्केका थिए । ठूलाबडा चित्रकारहरूले क्रसमा टाँगेको चित्रहरू पनि बनाएका छन् । तीन

दिनपछि चिहानमा गई हेर्दा जिसस क्राइस्टको लास देखिएन । उनले पूर्वीय दर्शनको योग विद्याको ज्ञान हासिल गरेको हुँदा भुन्ड्याउँदा नै योग समाधिमा पुगेका थिए । त्यसैले उनलाई आफ्ना चेलाहरूले लगेर गोप्य रूपमा राखेको विश्वास गरिन्छ । साथै क्रसमा टाँगेको धेरैपछिसम्म पनि आफ्ना चेलाहरूसँग बसी खाना खान्थे भन्ने पनि वाइबलमा उल्लेख छ । चेलाहरूले जेरूसेलममा उनको ज्यानको सुरक्षा नहुनेदेखि गोप्य रूपमा भगाई भारतमा नै ल्याइपुऱ्याए र कश्मीरको पहाडी भेगमा छाप्रो बनाई बाँकी जीवन व्यतित गरी त्यहीं नै देहान्त भयो भनिन्छ र काश्मीरमा हालसम्म पनि येशुको समाधिस्थल रहेको छ ।

भारतमा रहँदा जिसस क्राइस्टले वेदको अध्ययन र बौद्ध धर्मको अध्ययन गरेको कुरा धेरै प्रमाणबाट पाइन्छ । बुद्धको जन्म जिसस क्राइस्टको भन्दा ५०० वर्ष अघि भएको थियो । बुद्धको महापरिनिर्वाणको ३६३ वर्षपछि भारतका महायोद्धा शासक अशोकले बुद्धधर्मको प्रचार-प्रसार श्रीलङ्का र पूर्वी एसियाका देशहरूमा पनि गरिसकेका थिए ।

यहाँ अलिकति अशोकको बारेमा उल्लेख गरौं । उनी भारतका विभिन्न राज्यहरूमा हमला गरी विजय प्राप्त गर्दै कलिङ्को युद्धमा पुगेका थिए । त्यहाँ उनको जित भइसकेको अवस्थामा रगतको खोलो नै बगेको देखे जो भारतको भुवनेश्वर राज्यभित्र भएको थियो र यसकै डाँडो धवलगिरिमा जापानीहरूले निर्माण गरेको शान्ति बुद्ध स्तुप छ ।

उक्त समयमा जिज्ञासु, धर्मानुरागी जिसस क्राइस्टले बुद्धधर्मको राम्रो ज्ञान पाएकोमा सन्देह गर्नुपर्ने ठाउँ नै छैन । पाश्चात्य लेखक 'होलगर क्रिस्टन'ले 'जिसस लिभ्ड इन इन्डिया' नामक किताबमा

उनीबारे लेखेका छन् । यस किताबको पहिलो अध्यायमा 'द अन्नोन लाइफ अफ जिसस'मा रसियन विद्वान् निकोलाइ नाटोभिच सन् १८८७ मा दक्षिण एसियाको काश्मीर भन्ने देशमा पुगे । त्यहाँबाट उनी घुम्दै लद्दाखको राजधानी लिमा पुगे । त्यहाँबाट तिब्बतको ज्यादै महत्त्वपूर्ण गुम्बा हेमिसमा पुगे । त्यहाँ उनले तिब्बती भाषामा जिसस क्राइस्ट बारेमा हस्तलिखित किताब भेट्टाए । जसमा एउटा दिव्य शिशुको जन्म इजरायलमा भएको थियो जसको नाम इसा दिइएको थियो । उनी करिब १४ वर्षको उमेरमा व्यापारीहरूको साथमा सिन्ध क्षेत्र भारतमा आइपुगे । भगवान्को प्रिय देशमा आर्यहरूसँग बस्न थालेका जिससले बुद्धको शिक्षाबाट आफ्नो जीवन सफल गराउने उद्देश्य राखेका थिए । युवक इसाले पाँचवटा नदीको भूमि सिन्ध र पन्जाब हुँदै केही समय जैनहरूसँग पनि बिताए । त्यसपछि उनी जगन्नाथपुरी आइपुगे । त्यहाँ ब्राह्मणहरूसँग उनीहरूकै आज्ञाले वेद अध्ययन गर्न थाले । तर उनले त्यहाँका तल्ला जातिलाई वेदको ज्ञान दिएको थाहा पाई ब्राह्मणहरूले लखेटे । जगन्नाथपुरीमा ६ वर्ष बिताएर येशुले राजगृह, बनारस र अन्य तीर्थको भ्रमण गरे । निकोलाइ नाटोभिचको ग्रन्थमा येशु हिमालयको शृङ्खलाभित्र रहेको नेपाल नामक देशमा पुगेर ६ वर्षसम्म बुद्धशास्त्रको अध्ययन गरे । यो कुरा होल्गर क्रिस्टनको **जिसस लिभ्ड इन इन्डिया** नामक किताबको पेज नं. ८, ९ र १० मा उल्लेख गरिएको छ । भारतका पूर्व राष्ट्रपति सर्वपल्ली राधाकृष्णन्ले आफ्नो किताब 'इस्टर्न रिलिजियन्स एन्ड वेस्टर्न थट' मा येशुको जन्मपूर्व १०० वर्षदेखि रोममा हिन्दू दर्शन र विचारले निकै प्रभाव पारेको थियो । त्यस समय जेरूसेलम पनि रोमनकै उपनिवेश थियो । जेरूसेलमका व्यापारीहरू भारतमा व्यापार गर्न आउने हुँदा उनीहरूसँगै भारत

प्रवेश गरेका धार्मिक मानव येशुमाथि सनातन वैदिक धर्म तथा बुद्धधर्मले प्रभाव परेको कुरा उल्लेख गरेका छन् । (सुरुदेखि यहाँसम्म प्राज्ञ मदनमणि दीक्षितको 'जिसस क्राइस्ट भारत र नेपालमा आएका थिए' भन्ने सोधखोजपूर्ण लेख **'ज्ञानविन्दु'** पूर्णाङ्क-५, २०६८ बाट उद्धृत गरिएको हो । -ले.)

यसरी चौध वर्षदेखि तीस वर्षसम्मका दिनहरूमा येशुबाट भएका कुनै पनि कार्य बाइबलमा उल्लेख नगर्नुले पनि यो सोह्र वर्षको अवधिमा उनी जेरूसेलम बाहिर रहेको पुष्टि हुन्छ । येशु करिब तीस वर्षको हुँदा जोर्डन नदी छेउ जङ्गलमा एक जना युहन्ना नाम गरेका महात्मा रहन्छन् र उनको उपदेश ग्रहण गर्न धेरै श्रद्धालु जान्छन् भनी थाहा पाई त्यहाँ पुगे । युहन्नाबाट अब यस संसारमा प्रभुको आगमन हुने समय भयो । प्रभुको अगाडि सम्पूर्ण मनुष्य बराबर हुन् । गरिब तथा धनी अथवा रोगी, फकिर, सब उनको अगाडि बराबर छन् र प्रभु सबैमा समभाव राख्नुहुन्छ । समाजका सम्पूर्ण मानिस एकै मिलापमा बस्नुपर्दछ । कसैसँग झगडा गर्न हुँदैन, आपसमा राम्रो वार्तालाप गर्नुपर्दछ । सबैले दुष्कर्म छाडी सत्मार्गमा लाग्नुपर्दछ । धनी व्यक्तिले गरिबलाई मद्दत गर्नुपर्दछ । कसैलाई पनि शोषण गर्नु हुँदैन । अन्यथा त्यस्ता व्यक्तिका लागि स्वर्गको ढोका खुला हुँदैन र नरकको बास हुनेछ भन्ने शिक्षा पाए । जब धनी, व्यापारी, शोषक आदि व्यक्ति युहन्नाका अगाडि पुग्दथे । उनले शोषण नगर, सबको उद्दार गर, भोका नाङ्गालाई खान लगाउन देऊ, असहाय र रोगीको सेवा गर भनी उपदेश दिन्थे । उनले जोर्डन नदीमा नुहाई पवित्र हुनुपर्दछ भन्दै सब आगन्तुकलाई पवित्र जल छर्केर प्रभुले तिमीहरूको आत्मामा बास गरी सबैलाई सत्मार्गमा लाग्ने बनाउनुहुन्छ भन्दथे ।

उनको प्रवचनबाट येशुमा आत्मज्ञान विकास भयो र ठाउँ ठाउँमा यिनै प्रवचन दिँदै घुम्न थाले । प्रभु खोज्न भौंतारिनुपर्दैन, तिम्रै आत्मामा विराजमान छन् भन्ने उपदेश दिँदै हिँड्न थाले ।

हामी आफ्ना खराब बानी र कुसङ्गत छाडी छिट्टै प्रभु प्राप्त गर्न सक्दछौं तर हामीले सबसँग प्रेम भाव राख्नुपर्दछ । अरूहरूको सुखमा आफूले पनि सुख मान्नुपर्दछ र अन्यको पीरमर्का, दुःखमा सहानुभूति प्रकट गर्दै सक्दो सहयोग र सेवा गर्नुपर्दछ । प्रभुको अगाडि अहङ्कार, घमण्ड, क्रोध, घृणाको स्थान छैन । प्रभुले धनी व्यापारीलाई स्वर्गमा प्रवेश दिनुहुन्न र उनीहरूले नाजायज तरिकाले कमाएको सम्पत्ति प्रभुसँग माफ मागदै सम्पूर्ण गरिब, असहाय, रोगीमा बाँडी दिनुपर्दछ अनि उनीहरू पनि स्वर्ग पुग्न सक्दछन् । यसरी सत्मार्गमा जीवन प्रवेश गराउनु नै स्वर्गको द्वार खुल्नु हो ।

जिसस क्राइस्टका पाँच प्रकारका आदेश

१. पुरानो धर्मले कसैको पनि हत्या नगर्नु भन्दछ । हत्या गर्नु अपराध हो र ऊ अपराधको सजाय भागी बन्दछ । जिसस क्राइस्ट भन्दछन्- सहोदर दाजुभाइमा पनि रिसराग नगर्नू । यो पनि प्रभुको दृष्टिमा अपराध हो । जुन व्यक्ति आफ्ना दाजुभाइसँग झगडा गर्दछ, गालीगलौज गर्दछ, त्यो ठूलो अपराध हो । आफ्ना भाइहरूप्रति राग, द्वेश, गालीगलौज गर्ने कार्य मनैबाट हटाऊ । मनमा नै मित्रभाव उत्पन्न गराऊ ।

२. पुरानो धर्मग्रन्थ अनुसार व्यभिचार नगर्नू । आफ्नी पत्नीसँग अलग बस्नुभन्दा उनलाई तलाक (छोडपत्र, सम्बन्धविच्छेद) दिनू । जिसस क्राइस्ट भन्दछन्– परस्त्रीमा व्यभिचार त के मनमा समेत यस्तो भावना नलेऊ । कुनै परस्त्री माथि मनले मात्र कुभावना

सम्झनु र उनीमाथि खराब दृष्टि पर्नु नै ठूलो अपराध हो । जो व्यक्ति आफ्नी धर्मपत्नीलाई तलाक दिन्छ ऊ अवश्य पनि व्यभिचारमा लागेको हुन्छ । पत्नी पनि यस्तो अवस्थामा व्यभिचारी हुन सक्दछिन् । तसर्थ जो व्यक्ति दोस्रो तेस्रो विवाह गर्दछ उसैले नै स्त्रीलाई व्यभिचारी बनाउन पुग्दछ ।

३. प्रभु येशु भन्दछन्– तिमी किरिया नखाऊ, सपथ नलेऊ । आफूले देखे सुनेका कुरा प्रस्ट भनी देऊ । सपथ खानुको सट्टा हो या होइन र हुन्छ या हुँदैन प्रस्टसँग भन । धर्मको सपथ नलिनू र आफ्नो प्रतिज्ञा सधैँ पालन गर्नू ।

४. पुरानो धर्ममा कसैले कसैको आँखा फुटाइदियो वा जुन अङ्गभङ्ग र जुन प्रकारको दु:ख दिएको छ त्यस्ता अपराधीलाई पनि त्यस्तै सजाय देऊ भनिएको छ तर येशु भन्दछन्– तिमीलाई कसैले विनाकसुर एक गालामा थप्पड हान्यो भने पुन: थप्पड हान्न अर्को गाला थापिदेऊ ।

५. पुरानो धर्मले आफ्ना दाजुभाइ, नातेदार, इष्टमित्र आफ्नै सन्तानमा मात्र नरम भाव राख प्रेम गर तर त्यसो नगर यस ब्रह्माण्डका सम्पूर्ण प्राणीमाथि दया गर । जसले तिमीलाई शत्रु सम्झन्छ त्यसमाथि पनि दया भाव राख र तिमी मित्रवत् व्यवहार गर । यस ब्रह्माण्डका यावत चराचर एकै परमात्माका सन्तान हुन् भन्ने सम्झ ।

पवित्र जीवन बिताऊ :

सत्यमय जीवन बिताऊ । तिमी सम्पूर्ण प्राणीमाथि कल्याण गर । कर्म, मन, वचनले कसैमाथि नराम्रो नगर । रिस, द्वेष, घृणा, अहम् आदि कुभावना हृदयबाट नै हटाऊ । लोभ, लालच, व्यभिचार

गर्दै नगर । अपराधीलाई पनि क्षमा देऊ । पाप गर्दै नगर । सत्य वचन बोल । कसैमाथि पनि अन्याय, अत्याचार नगर । म यस्तो धर्मात्मा छु भनेर पनि भन्दै नहिँड । आत्मसंयमी होऊ । ईश्वरमाथि विश्वास गर । आफ्नो जीवनलाई पवित्र बनाउने कार्यमा मात्र लाग । यही नै येशुको पवित्र जीवन सन्देश हो । यस किसिमका प्रवचन, शिक्षा आदेश दिँदै हिँड्दा येशुका उपदेशपालक सच्चा चेला पनि बाह्रजना सँगै हिँड्न थाले ।

यता यहुदीहरू व्यापारीहरू प्रशस्त धनीमानी व्यक्ति थिए । यस्ता धनाढ्यका सन्तानमा अहम् भाव आदि उठ्नु कुनै नौलो कुरा होइन । येशुको प्रत्येक कार्य धनीमानी, स्वार्थी, व्यभिचारी, फटाहा, चोरको लागि असह्य हुँदै गयो । यस्तै वर्गबाट शासकहरू रजाइँ गर्ने हुँदा यस्ता व्यक्तिहरू उनी विरुद्ध उत्रिए । उता पुराना धार्मिक विचार ग्रन्थमा जनता उठ्न लागे । यस संसारमा बदमासकै ठूलो जमात र शक्ति पनि धेरै हुँदा शासक समक्ष उनको बदनामी कार्यको व्याख्या सुनाई उनलाई प्राणदण्ड दिन सरकार मञ्जुर हुन पऱ्यो । त्यस बखत इटलीको अधिनमा रहेको जेरूसलमका गभर्नर प्लुटिनस पाइलटको इच्छा विरुद्ध जस्तै स्थितिमा येशु क्रुसमा टाँगिए । त्यस समयमा येशुले आफूलाई टाँग्न लगाउने जनमानस र सरकारलाई पनि प्रभुसमक्ष उनीहरूले किन यस्तो काम गर्दैछन् यिनीहरूलाई माफ गरिदिनू भनी पुकार्न पुगे ।

येशुका सन्देश

येशुले आफू टाँगिइरहेको अवस्थामा होस सम्हाल्दै विचार गर्नुभयो कि यहुदी समाजमा ज्यादै नराम्रो मान्यता छ । त्यो हटोस् र समाजमा राम्रो बुद्धि फिरोस् । त्यस बेलाको समाज ज्यादै नीच,

पापी, नराधम र अपवित्र थियो । येशुमाथि समाजको यस्तो आचरणमा खेद प्रकट गर्दै तिनीहरू पनि प्रभुकै सन्तान हुँदा समाजलाई नै आफ्नो आत्मसम्मान स्वीकार गर्न र सबै प्रभुका अगाडि नीच, दुष्ट, खराब नहुन् सुधियून् भनी प्रार्थना गरे ।

क्रोध नगर्नु : क्रोध नै सम्पूर्ण नकारात्मक सोचको बीउ हो । समाज नै क्रोधले भरिएको छ । यसैले यसलाई हटाउन जरूरी छ । संसारभरको झैझगडा, लडाइँ आदि क्रोध, लोभ, अहङ्कारबाट उत्पन्न भएकाले यसलाई समाल्नुपर्दछ । येशु भन्दछन्– "जो आफ्ना भाइभाइमा झगडा, रिस, इबि, क्रोध आदि कार्य गर्दछन् यिनले प्रभुको अगाडि दण्ड सहनै पर्दछ । त्यसैले यस्ता दुष्कर्ममा रहने व्यक्ति समाजप्रति असल कार्य गर्लान् भनी इच्छा नगर । हो उनीहरूको चरित्रदेखि तिमीमा पनि क्रोध उत्पन्न हुनसक्छ, यसलाई रोक । क्रोधको अगाडि नम्रता देखाऊ, शत्रुलाई पनि मित्र सम्झ ।"

सत्य बोल : दुनियाँ झूटो बोल्दछन्, झूटै वचनबाट विश्वास दिलाउँछन् । नसके यही नै सत्य हो भनी सपथ खान्छन् । यस्तो बानी, संस्कार ठीक होइन । हो होइन भन्नेमा ठीक हो भने हो भन होइन भने होइन भन । ज्यादै बोली रहँदा नै तिम्रा गल्ती दुष्ट्याइँ निस्कन्छन् । कसैमाथि पनि राग, द्वेष, घृणा, कुदृष्टि नराख । उनी पवित्र हुन धेरै सुझाव दिने येशुले मनबाट मात्र पनि कसैको कुभलो नसम्झनु भनी कुमार्गमा जानबाट मानिसलाई रोक्न चाहन्छन् ।

चरित्र : येशुमा जिसस क्राइस्ट मनुष्यलाई सच्चरित्रवान् बन्न निर्देशन गर्दछन् । कुसंस्कार, इच्छा, दुस्चरित्र सबलाई त्यागेर सच्चरित्रवान् तथा इमानदार बन । समाजमा आदर्शवान् भई काम गर तथा चरित्रहीनलाई पनि माफ देऊ भन्दछन् ।

ईश्वरमा विश्वास गर : यसै शब्दलाई आत्मसात् गर्दै अमेरिकी

डलरमा हामी ईश्वरमा विश्वास गर्दछौं (We trust in God) शब्द सुरुमा प्रयोग भएको हुनुपर्दछ । यी शब्द हामी मुखले मात्र भन्दछौं अथवा डलरमा मात्र लेख्दछौं ? यस विषयमा सन्देह नै नलिई विश्वास गर भनी येशु भन्दछन् । तिम्रा अगाडि पछाडि नै ईश्वर छन् र तिमी बीचमा छौ । तिमी ईश्वरसँग सत् कुरा माग पाउँछौ । ईश्वरको द्वार घचघच्याऊ, अवश्य खुल्दछ । यसरी येशु सत्य, प्रेम तथा करुणाबाट ओतप्रोत छन् । जुन मनुष्य ईश्वरमा विश्वास गर्दछ, उहाँले इच्छा पूरा गरिदिनुहुन्छ । यसको लागि तिमी सच्चरित्रवान्, इमानदार र आत्मादेखि नै सत्मार्गमा लाग्नुपर्दछ भन्दछन् ।

धर्मप्रचार : तीस वर्षकै उमेरमा जिसस क्राइस्टले जेरूसेलममा यहुदी धर्ममा एक नयाँ अध्याय थपेका थिए । यस ब्रह्माण्डमा खालि एक मात्र ईश्वर छ । यसको रूप नै प्रेममय, पवित्र, सच्चरित्र र इमानदार छ । त्यस समयमा इजरायलमा बली प्रथा थियो र कर्मकाण्डमा विश्वास थिएन । यहुदीहरू भगवान्का सच्चा सन्तान थिएनन् । ईश्वर त ब्रह्माण्डका प्राणी मात्रमा प्रेम गर्नुहुन्छ । प्राणीलाई क्रोधको मार्गमा हिँडाउन र हिँड्न दिनु हुँदैन । तिमी क्षमा दिन सिक । इसा मसिह प्रस्ट शब्दमा भन्दछन् कि– "हे प्रभु ! हामी सबै ईश्वरका सन्तान हौं, सबै बराबर छौं ।" यहुदीहरू त्यस समय कुनै पनि सच्चा धर्ममा आस्था राख्दैनथे । त्यस समयमा इसा मसिहले उनीहरूलाई आह्वान गर्दै मुक्तिको मार्ग देखाउँदै धर्मात्मा स्वर्ग जान्छन् र पापीहरू नर्कमा पर्दछन् भनी धेरै चमत्कारी कार्यहरू गरेका कुरा बाइबलमा लेखिएको छ ।

विरोध, मृत्यु र पुनर्उत्थान : कट्टरपन्थी यहुदीहरूले सच्चा, पवित्र नयाँ धर्मको घोर विरोध गरे । उनीहरूलाई इसा मसिहमाथि

खासै विश्वास भएन । यहुदीहरूलाई उनीहरूकै पुरोहित माथि मात्र विश्वास थियो । इसा मसिहलाई ईश्वरका दूत र पुत्र सकार्न उनीहरूलाई पुरोहितले नै रोकेका थिए । त्यो तथ्यलाई पापको संज्ञा दिइयो । यस्तै ऊ आफूलाई ईश्वर भन्दछ, राजा हुन चाहन्छ आदि भ्रामक कुराबाट र उनीहरूको पहुँच इटाली (रोम) का सरकारसमक्ष हुँदा आफ्नो पद जोगाउन बाध्यतावश गभर्नरले इसा मसिहलाई क्रसमा टाँग्न आदेश दिए ।

बाइबलका अनुसार इसा मसिहलाई क्रसमा टाँग्नु अगाडि रोमका सैनिकहरूले कोर्रा बर्साए । उनीहरूले मृत्युदण्ड दिँदा लगाउनुपर्ने सरकारी कपडा लगाइदिए । इसा मसिहको शिरमा फलामका किलाको टोपी लगाइदिए र उनलाई सबै सैनिकहरूले थुक्न थाले । क्रसको काठले उनलाई दर्दनाक तरिकाले पिटे र मृत्युको समय अगाडि नै बेहोस बनाउन विष मिसावट गरिएको रक्सी पिउन कर गरे । त्यो पिलाउनुको अर्थ मृत्युको समयमा नकराओस् भन्ने थियो । येशुले त्यो रक्सी पिउन इन्कार गरे । बाइबलका अनुसार उनलाई क्रसमा टाँग्न दुई पटक प्रयास गर्नुपऱ्यो । इसाइ धर्मावलम्बीहरूका अनुसार उनलाई क्रसमा टाँग्नु अघि सबै जनमानसको पाप आफूले बहन गरे । त्यसैकारण जो उनीमाथि विश्वास गर्दछ, मृत्युपछि स्वर्ग पुग्दछ । मृत्युको तीन दिनपछि इसा मसिह उठे र त्यसको चालीस दिनमा सोझै स्वर्ग गए । उनका बाह्र जना शिष्यहरूले यस संसारमा येशुको नयाँ धर्म प्रचारप्रसार गरे जसलाई **इसाइ धर्म** भन्दछन् । *(हिन्दी भाषामा लेखिएको इसामसिहको जीवनीमा आधारित)* ।

अब जिसस क्राइस्टको बारेमा केही ऐतिहासिक पक्ष वर्णन गरौँ । इसाइ धर्म आउनुभन्दा पहिले यहुदी आदि त्यस समयका

मानिसहरू पनि प्राकृतिक वस्तुहरूको पूजाआजा गर्दथे । आफूलाई अन्धकारबाट हटाउने सूर्य, शीतलता प्रदान गर्ने चन्द्रमा जस्तै, आफूलाई डर लाग्ने र भयङ्कर किसिमका सिंह, बाघ, सर्प आदिबाट सुरक्षित हुन तिनीहरूको पूजाआजा गरिन्थ्यो । प्रकृतिपूजक धर्म जुन धेरै अघिबाट सुरु भएको थियो । त्यसलाई पश्चिमाहरूले पनि अपनाएका थिए । कारण पूर्वीय धर्मदर्शनभन्दा बढी नौलो कुरा इसाइ धर्ममा थिएन । अझै भन्नुपर्दा यहुदी, मिश्रेली आदि त्यस समयमा प्रचलित धर्महरूमा पूर्वीय हिन्दू बौद्ध सोचका राम्रा राम्रा कुराहरू समावेश भएका थिए । इसाइ धर्मबारे मार्क्सवादका विद्वान् एङ्गेल्सले धेरै अध्ययन गरेर व्याख्या गरेका छन् । इसाइ धर्मको उत्पत्तिको ऐतिहासिक विषयलाई समेटेर उनले ब्रुनो बाबेर र इसाइ धर्म १८८२ मा त्यस्तै एक वर्षपछि १८८३ मा दिव्य ज्ञानको किताब र एक वर्षपछि त्यस समयमा इसाइ धर्मको पृष्ठभूमि र सामाजिक मूल्य मान्यताका सम्पूर्ण बेहोरा राखेर पुस्तक तयार गरे ।

पहिला यस धर्मलाई इसाइ र गैर इसाइ गरी दुइ भागमा बाँडिन्छ भने पछि गएर बाइबलको नयाँ संस्करण निकालियो । यसका चार सुसमाचारहरू म्याथु, मार्क, ल्यूक र जोनले रचना गरे । वास्तवमा भारत, नेपाल र तिब्बतमा गरी बाह्र वर्ष पूर्वीय धर्मदर्शन अध्ययन गरी त्यसै धर्मलाई पश्चिमी मुलुकमा प्रचारप्रचार गर्दा त्यहाँका कट्टरपन्थी विचारधाराका धर्मगुरुहरूबाट जिससलाई क्रसमा टाँग्ने काम भएको थियो । माथिका चार सुसमाचारका विद्वान्हरूले क्राइस्टका चरित्र, आदेश, चमत्कारी कार्य आदिकै वर्णन गरेका छन् र यसलाई पवित्र बाइबलमा समावेश गरिएका छन् । यस्तै रोमका सम्राट निरोको मृत्युपछि नै लेखिएको 'प्रकाशन' सम्बन्धी पुस्तक र त्यो किताबमा जिसस बारेका कुनै कुरा पनि नराखी

रोमको शासनबाट मुक्त हुन यहुदीहरूबाट तयार गरिएको हुनाले निरोले नै रोममा आगलागी गराएको बताइन्छ । त्यस समयमा जिसस विरुद्धका गैर धर्मावलम्बीले रोममा धेरै इसाइहरूलाई समेत मारे भनिन्छ ।

एङ्गेल्सका अनुसार रोमनहरूले आफ्नो साम्राज्य विस्तार गर्दा धेरै ससाना राज्य माथि आफ्नै धर्मको आधिपत्य लाद्न सुरु गरे । यस्तै अत्याचारको बर्खिलापमा गरिब जनता, किसान, दासहरू आदिलाई हात लिई रोमनहरूमाथि विजय प्राप्त गर्न नै इसाइ धर्मको प्रादुर्भाव भएको हो भन्दछन् ।

इसाइ धर्मले सङ्गठनात्मक आधार निर्माण गर्न धेरै समय लियो । सुरु सुरुमा इसाइ धर्मका देवदूत (एपोस्टल) र पैगम्बर मात्र हुन्छन् । उनीहरू विभिन्न ठाउँमा (नगर, गाउँ, बस्ती) जाँदै आफ्नो धर्मको प्रचारप्रसार गर्दथे । एकै स्थानमा धेरै दिन रहँदैनथे । दोस्रो शताब्दीमा त्यसै धर्मका निपुण व्यक्तिहरूबाट प्रचार-प्रसार हुन थाल्यो । उनीहरू आफूलाई नै इसा मसिहका दूत हुँ भन्दथे र शिक्षा दिने, धर्मको प्रचार-प्रसार गर्ने गर्दथे । तर उनीहरू आफू कुनै औपचारिक पद ग्रहण गर्दैनथे ।

धेरै वर्षपछिका आलेख आदिबाट यस्ता धार्मिक प्रचारकहरू स्थायी रूपमा डेकन र विशप पदाधिकारीमा नियुक्त हुन पुगे । डेकन समुदायहरूले दैनिक कार्य सञ्चालन गर्दथे भने विशपहरू भने धन, पैसाका कामकाज गर्ने खजाञ्ची जस्ता भए । तेस्रो शताब्दीमा गिर्जाघरको रेखदेख सरसफाइ गर्ने व्यक्तिहरू नियुक्त गरिए । महानगरपालिकाका प्रमुख गिर्जाघर (इसाइ धार्मिक सङ्घ)का सञ्चालक भए भने चौथो र पाँचौं शताब्दीमा पेट्रियार्क-प्रादेशिक इसाइ धार्मिक सङ्गठनका प्रमुख हुन पुगे । विभिन्न देश र

स्थानहरूका विशपहरूले सङ्गठनबाट धार्मिक सुधार गर्न थाले । उनीहरूसँग धन दौलत हुँदा राम्रा कार्य गर्न पनि सक्थे । यिनीहरूका आफन्तमा बेला बेलामा झैझगडा हुन थाल्यो । इसाइ मतमा पनि विभिन्न सम्प्रदाय जन्मिए ।

इसाइ धर्ममा त्रिपक्षीय रूप सम्बन्धी तार्किक प्रचार भएको पाउँदछौं । पिताले आफ्नो पवित्र भावना संसारमा फैलाउन दूतको रूपमा पुत्र पठाउँछन् र त्यही पवित्र आत्मा नै ईश्वर हो भनिन्छ । यहाँ एकेश्वरवाद छ । परमपिता एक उनले पठाएको पुत्ररूपी पवित्र आत्माबाट कन्याकुमारी गर्भवती भई देवदूतको रूपमा इशुले जन्म लिएका हुन्छन् । पुत्रले परमब्रह्म पिताले अह्राएको काम गर्दछ नकि आफ्नो स्वविवेक । साथै आफूलाई मृत्युदण्ड सहन सक्ने शक्ति पिताबाट प्राप्त गरी क्रसमा टाँगिन्छ । त्यसमा यहुदीहरूलाई समेत जिन धर्मावलम्बीलाई समेत समेटेर त्रिमूर्ति उत्पन्न गरेका थिए । यो पनि सबै धर्मलाई समेट्न गरिएको हो ।

विभिन्न जातिपातीलाई एकताबद्ध गराउने उद्देश्यले यस इसाइ धर्ममा ईश्वरका अगाडि सबै एकै हुन् भनी जातिपातीको विभेद नगरी सबै सँगै बसेर, कीर्तन भजन गाएर, सँगै एकै स्थानमा बसी खान पनि थाले । यसले गर्दा सरकार सञ्चालन गर्नेलाई सुविधा पुगेको थियो तापनि आफ्नै धर्म फैलाउन खोज्ने धनीमानी समूहले विरोध गरिरहन्थे । मौका पाउनासाथ विरोधमा मानिस नै उतार्दथे । यसरी धर्मका विभिन्न सम्प्रदायमा प्रत्येक युगमा सङ्घर्ष भएको पाइन्छ । लेनिनले पनि सामूहिक किसिमले जातिपातीको विभेद अन्त्य गरी प्रार्थना, योग आदिको मुक्तकण्ठले 'जनवादी क्रान्तिकारी भावना' भनी प्रशंसा गरेको पाइन्छ ।

इसाइ धर्ममा कर्मकाण्डको पनि ठूलो स्थान छ । यस धर्ममा

आस्था राख्नेका लागि कर्मकाण्डले ज्यादै महत्त्व राख्दछ । सर्वप्रथम प्राचीन अनुष्ठान बपतिस्मा र युखारिस्त हुन् । युखारिस्तको अनुष्ठानमा धार्मिक मानिसहरूले रक्सी, रोटी र मासु इसाको प्रसादका रूपमा ग्रहण गर्दछन् । यो प्राचीन अवस्थाको बदलिँदो रूप मात्र हो । यसमा मिश्रेली र पूर्वीय धर्मसँग मिश्रित गरी पाठोको बली दिने, रक्सी खाने गरिन्थ्यो भने सुरुका समयमा नर बली र नर भक्षी कर्म पनि धर्म अन्तर्गत नै पर्दथे ।

युखारिस्त अनुष्ठानपछि बपतिस्माको अनुष्ठान सुरु भयो । यसमा दीक्षा लिनका लागि पानीमा सबै शरीर नुहाई शुद्ध हुनुपर्ने थियो र यो पूर्वीय दर्शनमा आधारित थियो । पछि तेह्रौँ शताब्दीमा अरू पनि धार्मिक अनुष्ठान सुरु गरे । यसरी गरिने धार्मिक अनुष्ठानहरूको सङ्घलाई लियोनमा सम्पन्न सभाबाट संहिता स्वीकृत गराएका थिए । तैपनि कालक्रममा यिनीहरूबीच सङ्घर्ष चल्ने गर्दथ्यो । पन्ध्रौँ-सोह्रौँ शताब्दीदेखि इसाइ धर्म विश्वका धेरै भागमा फैलियो । धर्म फैलाउन मिसन नै बनाइएको थियो । बीसौँ शताब्दीमा आइपुग्दा यो विश्वमा सबभन्दा बढी मानिसहरूले मान्ने धर्म हुन पुग्यो । रोमले धेरै मुलुकहरूमा एकछत्र शासन चलाउँदा आठौँ-नवौँ शताब्दीमा नै पूर्वी मुलुक र पश्चिमी मुलुकहरूमा भएका धार्मिक सङ्गठनहरू छुट्टाछुट्टै अवस्थामा देखा परिसकेका थिए । उता मूर्तिहरू हटाउने र ध्वंश गर्ने कार्य गर्दै मूर्ति पूजालाई प्रतिबन्ध लगाउँदा धेरै मानिस चिडिन पुगे । रोमका पोप शक्तिशाली थिए तापनि मठमन्दिर, गिर्जाघरको सम्पत्तिमा सरकारबाट हस्तक्षेप गर्दा सम्पूर्ण जनमानस नै सरकार विरोधी भएपछि सन् ८४२ मा मठमन्दिरको सम्पत्ति फिर्ता भयो तर इसाइहरूको सम्पत्ति फिर्ता नगरिँदा विशप आदिको स्वतन्त्रता करिब समाप्त नै भएको थियो ।

यद्यपि, पूर्वेली पेट्रियार्क माथि रोम सरकारको नियन्त्रण हुन सकेन । यसरी पूर्वीय र पश्चिमी धार्मिक सङ्गठनमा विभेद हुँदा दिनानुदिन वैमनस्य बढ्दै गई सन् १०५४ मा दुईतर्फका धार्मिक सङ्गठनहरूले औपचारिक रूपमा नै सम्बन्धविच्छेद गर्न पुगे ।

पश्चिमी रोमेनेलीहरू क्याथोलिक सम्प्रदाय हुन पुगे भने पूर्वीय युनानीहरू अर्थोडक्स सम्प्रदाय हुन पुगे । हालसम्म पनि यी दुई पक्षमा निम्न बमोजिम सैद्धान्तिक मतभेद पाइन्छ । क्याथोलिक मतानुसार पितारूपी ईश्वर र पुत्ररूपी ईश्वर दुवैबाट पवित्र आत्मा सृष्टि भएको मान्यता राख्दछन् भने अर्थोडक्स अर्थात् कट्टरपन्थीहरू पितारूपी ईश्वरबाट मात्र पवित्र आत्माको उत्पत्ति भएको मान्दछन् र यो नै सबैभन्दा ठूलो अन्तरविरोध हो, जो हालसम्म पनि कायमै छ । ईश्वर समक्ष सन्त, योगी आदिको सेवा नै प्रमुख धर्म हो भनी क्याथोलिकहरू आफ्नो आस्था क्राइस्टसँग हुनुपर्दछ, अन्य कार्यमा व्यक्ति स्वतन्त्र छ भन्ने सिद्धान्त राख्दछन् तर अर्थोडक्स मतमा पवित्र हुन मानिसलाई पानीमा डुबाइन्छ । क्याथोलिक सम्प्रदायमा जल सेचन गराएर पवित्र बनाइन्छ । अर्थोडक्स मतानुसार पापीहरू अग्निमा जलेर प्रायश्चित गरेपछि स्वर्गको बाटो खुल्दछ भन्दछन् भने क्याथोलिकहरू भने प्रार्थनाबाट पाप थपघट गर्न सकिन्छ र यदि आत्मदाह नै गर्ने हो भने नजिकका नातेदारलाई शुल्क बुझाउनुपर्दछ । क्याथोलिक मतानुसार मठाधीश, पादरीहरूलाई विवाहबारीमा प्रतिबन्ध छ भने अर्थोडक्स मतमा केवल मठाधीशहरूमा मात्र यो नियम लागू हुन्छ । धार्मिक पदजस्तै मठाधीश नत्याग्नु कार्डिनल, पोपको कार्य स्वीकार गर्नु सार्वभौम सभाहरूको सङ्ख्या २१ हुनुपर्ने नियम क्याथोलिक सम्प्रदायमा छ भने कट्टरपन्थी मतमा ७ भए पुग्दछ । सबै इसाइ धर्मावलम्बी एकै हौं भनी एकै मतमा ल्याउन रोमनका पोपहरूको

ठूला-ठूला प्रयत्न पछि सङ्घहरूको संयोजन स्थापित भएको थियो । सन् १४३९ को फ्लोरेन्स संयोजन र सन् १५९६ को व्रेस्त संयोजनबाट पनि पूर्वी युरोपेलीहरूलाई एकत्रित गर्न नसक्दा सङ्घर्ष अझै बढ्यो । मध्ययुगमा युरोपभरि नै धेरै सम्प्रदायहरू बने । यसमा सामन्ती र तल्ला उत्पीडित व्यक्तिबीच निकै सङ्घर्ष चल्यो । सन् १४८७ मा गएर गैर इसाइहरूलाई जिउँदै जलाउने र ज्यादै निन्दनीय सजाय दिने कार्य थाले ।

मध्ययुगीन इसाइ धर्मका सङ्घहरूले विज्ञानलाई ज्यादै हेयको दृष्टिले हेर्थे । विज्ञानवादीबाट आफ्नो धार्मिक सङ्घ संस्थाको मान्यतामा आँच आउन सक्ने सोचले तेह्रौं शताब्दीमा अङ्ग्रेज दार्शनिक विद्वान् रोजरलाई धेरै वर्षसम्म मठमा थुनेर राखे । कोपर्निकसको सिद्धान्तलाई प्रतिबन्ध लगाइयो भने इटालीका वैज्ञानिक ज्योर्दानो ब्रुनो र लुचिलियो बानिनीलाई मृत्युदण्ड दिइयो । सूर्यलाई पृथ्वीले परिक्रमा गर्दछ भन्ने महान् वैज्ञानिक खगोलशास्त्री ग्यालिलियोलाई सो सिद्धान्त परित्याग गर्न बाध्य गराइयो । यस्ता अनेकन दर्शनशास्त्री र वैज्ञानिकहरू धार्मिक पादरी सङ्गठनको दमनचक्रमा परेका थिए । सन् १५५९ देखि विज्ञान तथा दार्शनिक आदि किताबहरू प्रतिबन्धित सूचीमा राखियो । यस कार्यले गर्दा धेरै विद्वान् मण्डलीहरूले प्राणको आहुती नै दिए । यसरी इसाइ धर्म नमान्ने र विद्वान् आदिको हत्या गर्ने जस्तो ज्यादतीहरू अन्य धर्मले गरेको पाइन्न ।■

सिरडी साइबाबा

सिरडी साइबाबाको जन्म २८ सेप्टेम्बर १८३५ मा तत्कालीन हैदराबाद राज्यको पातरीनाउको एक गाउँमा भएको कुरा उनी स्वयम्ले बताएका छन् । उनी ब्राह्मण कुलका गङ्गा बाबडिया र आमा देवगिरीका पुत्र हुन् । सिरडी साइबाबाका आमा बाबु नै परम शिव भक्त थिए । सिरडी साइबाबाको जन्मको ४२ वर्षपछि जन्मेका ओमशान्ति धर्मका प्रवर्तक लेखराजमा पनि शिवभक्ति प्राप्त भएको वर्णन पाउँदछौं । सिरडी साइबाबा आमाको गर्भमा नै रहेको अवस्थामा उनका पिता गङ्गा बाबडियालाई जङ्गलमा गई शिवजीको तपस्या गर्ने इच्छा भयो । जङ्गल जाने निश्चय गरी आफ्नी स्त्री देवगिरी समक्ष कुरा राख्दा उनी पनि पतिसँगै वनवास जान तयार भइन् । जङ्गल पुग्नुअघि बाटोमा नै बालक जन्मिए । आफ्ना पतिको आदेशअनुसार एक रूखको छहारीमा बच्चालाई छाडी अगाडि बढे । नवजात पुत्रको स्नेहले फर्की फर्की बालकलाई हेर्दा एक जोडी मुसलमान परिवारले बच्चा उठाएकोसम्म देखिन् र बच्चाको रक्षा हुनेमा विश्वास लिइन् । त्यस मुसलमान परिवारको सन्तान थिएन । उनीहरू ज्यादै गरिब भए पनि अल्लाहले आफूलाई सन्तान दिएको सम्झी दुवैले बडो मायाका साथ हुर्काए । जब उनी बढ्दै गए तब ज्यादै

कडा स्वभावका हुँदै गए । एकजना साहुका छोरासँग गुच्चा खेल्दा सबै जितिदिए । उसले पनि गुच्चा हारेको झोंकमा घरमा पूजा गरी राखेको शिव लिङ्ग नै खेल्न ल्यायो । सिरडी साइबाबाले त्यसै शिवलिङ्गले उसलाई पिटे । ऊ रुँदै घरमा जाँदा उसको बाबुले सबै कुरा थाहा पाई मुसलमान परिवारसँग ठूलै झगडा गऱ्यो । सिरडी साइबाबा कहिले हिन्दूको मन्दिरमा त कहिले मस्जिदमा पस्दछन् । दुवै धर्मावलम्बीहरूले उनलाई मन पराउँदैनन् । यस्ता कार्यको उजुरी दिनहुँ आइरहँदा मुसलमान परिवारले उनलाई घरबाट निकालिदिए । उनी फकिरजस्तै घुम्दै औरङ्गावाद जिल्लाको आमवृक्षमुनि बसेर गाँजा तान्दै थिए, एकजना अति सज्जन धनाढ्य मुसलमान नजिक आएर उनको हराएको घोडाको हुलिया दिँदै– "देख्नुभयो कि बाबा ?" भनेर सोधे । बाबाले आँखा चिम्लँदै यसै इलाकाको एउटा गहिरो खालको जग्गामा जाने बाटो देखाउँदै त्यहाँ नै तिम्रो घोडा चरिरहेको छ भने । ती सज्जन चाँद पटिल सो ठाउँमा पुग्दछन् त फकिरले भनेकै स्थानमा घोडा चरिरहेको फेला पऱ्यो । ती सज्जन चाँद पटिल आफ्नो घोडाबाट पुनः त्यहीं आई अनुनय विनय गरी आफ्नो घरमा लिई गए । केही समयपछि चाँद पटिलको नातेदारको विवाह जन्ती सिरडी जाने भयो । फकिर बाबा पनि जन्ती सँगै गए । उनलाई त्यो स्थल ज्यादै मन पऱ्यो । त्यहाँकै पुरानो जीर्ण मन्दिरमा रहन थाले । त्यहाँका एकजना सज्जन व्यक्तिले ती फकिरको तेजस्वी आकर्षक मुद्रा देखेर यी अवश्य ठूला सन्त फकिर हुन् भनी साइबाबा नामले सम्बोधन गर्न थाले । यो कुरा त्यस इलाकामा धेरै व्यक्तिमा फैलियो । धेरै व्यक्तिहरूसँग सङ्गत भयो । उनको मिजासिलो बानीले गर्दा सम्पूर्ण जसो साधुसन्तसँग सम्पर्क हुन थाल्यो । उनी हिन्दू मुसलमानमा भेद

गर्दैनथे । दुवै जाति कहाँ आवतजावत विनासङ्कोच गर्दथे । त्यस क्षेत्रका सम्पूर्णजसो मानिसहरूले उनलाई सिरडी साइबाबाको नामले पुकार्न थाले । उनी साँच्चि नै चमत्कारी बाबा थिए र सबको उनमा विश्वास रहन गयो ।

बाबालाई रातभर तेलबाट दियोमा बत्ती बाल्ने बानी बसिसकेको थियो । उनले नजिकैको किराना पसलमा गई तेल मागेर ल्याई बत्ती बाल्दथे । पसले जतिसुकै महाजन भए पनि दिनहुँ विना रकम तेल दिन राजी भएन र एकदिन तेल नदिई फर्कायो । सिरडी साइबाबाले दियोभरि जल राखी बत्ती बाले । महाजनका मानिस "आज भने बाबा अँध्यारैमा रहे होलान्" भनी चियोचर्चो गर्न आउँदा तेलको सट्टा पानीबाट नै दियोमा बत्ती बलेको देखी उनीहरू छक्क परे । भोलिपल्ट महाजन माफी माग्न आए । बाबाले अब यस्तो कहिले पनि नगर्नू भने ।

बाबाको समयमा हिन्दू मुसलमानबीच नराम्रै झैझगडा थियो । यस्तो धर्म सङ्घर्षमा पनि बाबाले सबै धर्म एकै हो भनी हिन्दूहरूको चाड दसैं, तिहार, रामनवमी, कृष्णाष्टमी आदि भव्य रूपमा मनाउन उत्प्रेरित गर्दथे भने मुसलमानहरूको चाड बकरइद, रमजान आदि चाडपर्व भव्यरूपमा मनाउँथे । मुसलमानहरूले हिन्दू मन्दिर र हिन्दूले मस्जिद मर्मत सम्भार गरिरहेका हुन्थे । साथै बाबाको आश्रममा गीता, कुरान, भागवत आदि सम्पूर्ण किताबहरू हुन्थे भने आफ्ना शिष्यहरूलाई सबै धर्मको शिक्षा बालकहरूलाई दिलाउन प्रेरणा दिन्थे । हज गरी आएका आडम्बरी हाजी र सनातन धर्मका आडम्बरी साधु सन्त, पुजारी आदिका मनको कुरा बुझी त्यस्तो आडम्बरीलाई झपार्दा बाबाका अगाडि शरणागत हुन्थे । उनको सच्चा भक्तको मनका कुरा दुःख-कष्ट आदि थाहा पाई त्यो हल

गरिदिन्थे । तर उनी एक रूपियाँ पनि आफू सङ्कलन गर्दैनथे भने लाखौँलाख रूपियाँले सङ्कट परेको भक्तलाई कुनै पनि तरिकाले समस्या समाधान गरिदिन्थे । एक परिवारमा श्रीमान् श्रीमतीबीच ठूलो झगडा पर्दा श्रीमती आगाकै नजिक बच्चालाई छाडी रूँदै हिँडिन् । यत्तिकैमा बालक आगाको भुङ्ग्रोभित्र पस्न पुग्यो । यो घटना बाबाको अन्तरस्करणले थाहा पाई आफू अगाडिको भुङ्ग्रोमा आफ्नै हात घुसारे । नजिक रहेका सबै भक्त जन आत्तिए । बाबाले एक बालकलाई आगोबाट बचाउन मैले आफ्नो हात जलाउने काम गरेँ भने । केही बेरपछि नै बच्चा जलेको घटनाको बेहोरा बाबा समक्ष आइपुग्यो । दु:खी दरिद्रीको पुकार सुनी उसको उद्धार गर्नु र आफ्ना भक्त रोगीको रोग आफूले ग्रहण गरी भक्तको कल्याण गर्ने शक्ति बाबामा थियो । बाबा मानिसको मात्र नभएर हिंस्रक जीवजन्तुको पनि रक्षा गर्दथे । सम्पूर्ण प्राणीको आत्मा आफ्नै जस्तो ठान्दथे । यसरी सम्पूर्ण प्राणीको हित र समाज सुधारको कार्य गर्दै सन् १९१८ अक्टोबर १५ का दिन ८३ वर्षको उमेरमा उनको निधन भयो । उनको शवलाई हिन्दू या मुसलमान कुन विधिबाट अन्त्येष्टि गर्ने भन्ने विषयमा उनका शिष्यहरूको निर्णयानुसार उनी सिरडी रहनुभएको मन्दिर परिसरमा नै समाधिस्थ गरियो ।

सिरडी साइबाबा दिव्य महिमा किताबबाटै मैले बाबाको बारेमा लेख्दैछु । यस किताबका लेखक डा. गणपतिचन्द्र गुप्ता हुन् । उनले २०औँ वर्षदेखि बाबाको बारेमा सुने तापनि बाबाको दिव्य शक्तिका बारेमा थाहा थिएन तर उनमा दिनहुँजसो धेरै सम्झना बढ्दै गयो । सन् १९८४ मा उनले सत्य साइबाबाबारे किताब लेख्दा एक भाग सिरडी साइबाबाबारे पनि लेख्ने मनसुवा भयो । यस्तैमा उनलाई 'सिरडीका सन्त' भन्ने एक किताब मिल्यो । उक्त

किताब सात अध्यायको थियो । दिनहुँ पूजापाठको समय त्यो किताब पनि पाठ गर्दथे । केही समय पछि उनको आँखाको अपरेसन गर्नुपऱ्यो । त्यस समय उनी आगरामा रहन्थे । उनले यस विषयमा आफ्ना परम मित्र तथा साइभक्त प्रोफेसर तोलारामलाई आफ्नो आँखाको अपरेसनको सफलताको लागि साइबाबाको आशीर्वाद प्राप्त गराइदिन पत्र लेखे । तोलाराम भारतको विकानेरमा रहन्थे । गणपतिचन्द्र गुप्तालाई पत्रको जवाफमा सत्य साइवाबा र सिरडी साइबाबा दुवैबाट तिम्रो अपरेसन सफल हुने सन्देश प्राप्त भएको पत्र पाए र उनी चकित भए, कारण उनी दुवैका भक्त भइसकेका थिए । साथै साथीकै ध्यानबाट मैले आफ्नो नजिक सिरडी साइबाबालाई देखें । डा. गणपतिचन्द्र सिरडी बाबाबाट ज्यादै मोहित भई भक्ति बढ्दै गयो । उनी सिरडी साइबाबालाई शिव भगवान् सरह र दयाका सागर हुनुहुन्छ भन्दछन् । आँखाको अपरेसनको घटनापछि उनका जेठा छोरा अभिताभको पढाइमा परेको झमेला तथा नोकरीमा परेको झमेला समेत बाबाको कृपाबाट सफल भएको बताउँछन् र साइबाबाकै भक्ति गरेर एकजना साथीको श्रीमतीको क्यान्सर रोग बाबाले आफूमा सारी उनलाई स्वस्थ बनाएको वर्णन गर्दछन् । यस्तै यस्तै चमत्कारिक घटनाहरू उनैको जीवनमा भएको अनुभव उल्लेख गर्दछन् ।

बाबाको तस्बिरबाट विभूति निस्कने गर्दछ । एकपटक बालक पालनपोषण गरी राखेको बालाजु टोलकै घरमा बाबाको तस्बिरबाट विभूति आएको हल्ला सुनी हेर्न जाँदा तस्बिर विभूतिले छोपिएको मैले पनि देखेको छु । बाबाको दिव्य महिमा किताबमा बाबाका भक्तहरूले विभिन्न समयमा सपनामा दर्शन पाई आफ्ना समस्या हल भएको दृष्टान्त दिइएको छ । साथै बाबाका भक्तले अर्पण गर्न लिई गएका धूप, भेटी, नैवेद्य आदि चीज लिई जाने भक्तलाई तिमीले यो यो

सामान र नगद यति दिन ल्याएछौ देऊ मलाई भनी लिई नगद तेल पसलेकहाँ पठाइदिनु, खानेकुरा लिँनासाथ सबैलाई बाँडी आफूले पनि खाने र धूप त्यहीं सल्काउन लगाउने गर्दथे र कुनै सामान या नगद भरेभोलिलाई भनी साँच्दैनथे । उनका भक्तहरूले चमत्कारिक तरिकाबाट आफूहरू प्रत्येक दु:ख, कष्ट, समस्या आदिबाट मुक्त भए भनी व्यक्तिका नाम, थर, वतन दिई, श्री गणपतिचन्द्र गुप्ताले किताब तयार गरेका छन् । सिरडी साइबाबाको अध्ययन गर्दा उहाँ समाजसेवी, जातपात विरोधी, निडर, ईश्वर भक्त र भगवान्कै अवतारका थिए भन्न सकिन्छ ।

यसै किताबमा बाबासँग साक्षात्कार गरी मन्त्र समेत पाई दीक्षित भएकी शिवम्माताई नाम गरेकी नारीले भनेका केही कुरा यहाँ उद्धृत गर्दछु । शिवम्माताईको जन्म १७ मई १८९१ शनिबारका दिन तमिलनाडु प्रदेशको कोमम्बदुर जिल्लाको एक गाउँमा भएको थियो । उनले १९०६ मा बाबासँग दीक्षा ग्रहण गरिन् । बाबा जीवित रहेसम्म बाबासँग उनी धेरैजसो दर्शनार्थ गइरहन्थिन् । उनको तेह्र वर्षकै उमेरमा विवाह भएको थियो । विवाहको दुई वर्षपश्चात् उनका काकाले शिवम्माताईलाई सिरडी साइबाबाकहाँ पुऱ्याए । त्यस समय त्यहाँ हज्जारौँ भक्तजन र उनीहरूका छोराछोरी आदि थिए । त्यत्रो हुलमा बाबाले शिवम्माताईलाई छानी दीक्षा दिनुभयो । भोलिपल्ट नै बाबाले सुनाउनुभएको गायत्री मन्त्र बिर्सिइन् । बाबाले पुन: मन्त्र सुनाई नबिर्सनु भनी कागजमा लेखेर समेत दिनुभयो । दिनभर घरको कामकाज गर्नुपर्ने बुहारी केटी फेरि मन्त्र बिर्सिइन् साथै बाबाले दिएको मन्त्र लेखिएको कागज राखेको ठाउँ समेत बिर्सिइन् । उनी ज्यादै पश्चात्तापमा परिरहेकी थिइन् । राति सपनामा मन्त्र लेखिएको कागज उनले चलन गरिरहेको

चामलको भाँडोमा राखेको कुरा बाबाले बताइदिनुभयो । उनले अब त्यो गायत्री मन्त्र सधैँजसो जप्ताजप्दै कण्ठस्थ भयो । बाबाको निधनपछि उनी बैङ्गलोर नजिक रूपन अग्रहारा, मण्डीबालामा सिरडी साइबाबा आश्रम स्थापित गरी बस्न थालिन् ।

शिवम्माताई भन्छिन्– "एकपटक सन् १९१५ तिर रातको ९ बजे बाबाकहाँ जान लाग्दा बाटैमा एक जना मानिसले आफूलाई काटिरहेको देखिन् । डरले काम्दै यसो लुकेर हेरेको उनलाई ती व्यक्ति साइबाबाजस्तै लाग्यो । डरले घरमा आई रातभर रोइरहिन् । निदाउनै सकिनन् । बिहान सबेरै झ्यालबाट हेर्छिन् त बाबा चिलिम पिइरहेको देखिन् । पछि उनले बाबालाई भेटी सो घटनाबारे भनिन् । बाबाले हो भने र अझै मैले तिमीलाई देखिरहेको थिएँ तापनि बोल्न सक्ने अवस्थामा थिइनँ भने । तिमी आफ्नो सम्पूर्ण शरीर अङ्गभङ्ग गर्ने मन्त्र सिक्न चाहन्छ्यौ ? भनी सोद्धा डराउँदै म त्यस्तो मन्त्र लिन सक्दिनँ भनिन् ।

बाबाका यस्ता अनेक योग साधना देखेको कुरा भन्थिन् । उनले नै बाबाले मानिस अर्थात् भक्तहरूलाई आर्थिक सहायता गरेको समेत देखेको बताउँदै आफ्नो भक्तको मनको कुरा भन्न सक्दथे, उनी सर्वशक्तिमान थिए, भारतमा बोलिने सबैजसो भाषासहित अन्य भाषासमेत बोल्न सक्दथे । बाबा अहिले जीवित नभए पनि बारम्बार सपनामा निर्देशन पाइरहन्छु भन्छिन् । त्यस आश्रममा उनले बाबाका धेरै मूर्तिहरू राखेको तर बाबाको टिनको भिक्षापात्र नराखेकोमा बाबाले सपनामा उहाँको त्यो भिखारी मूर्ति राख्न आज्ञा भएको र उत्तरतर्फको ढोकाबाट आवतजावत गर्दा त्यहाँ रहने गरेको सर्पले डस्ने हुँदा त्यहाँबाट नहिँड्न निर्देशन दिनुभएको छ भन्दै धेरैजसो आश्रमबाट बाहिर निस्कँदा बाबाको निर्देशनबाट नै निस्कने गरेको बताउँछिन् ।

शिवम्माताई बाबाको व्यक्तित्वबारे भन्दछिन्- सिरडी साइबाबा छरितो शरीरको अग्लो र गोरोखालका थिए । उनका दुवै हात लामा-लामा, उभिँदा घुँडासम्म पुग्दथे । आँखा नीला र ज्यादै तेजिला देखिन्थे । अन्धकार रात्रिमा पनि बाबाका आँखा सिंह, चितुवा या बिरालोको जस्तो टल्केको देखिन्थ्यो भन्दछिन् । बाबा आफ्ना भक्तलाई आफै खाना पकाएर खुवाउँथे र खाना पकाउँदा हातैले चलाउँदा पनि बाबाको हातमा फोका उठ्दैनथ्यो भन्दछिन् । उनको नाम शिवम्मा माताई बाबाले राखिदिनुभएको हो र बाबाकै निर्देशनमा उनी बैङ्गलोर आएकी हुन् । सुरु-सुरुमा उनी पनि बाबाले झैं भिक्षाटन गरी निर्वाह गर्दथिन् । सन् १९४४ मा एक धर्मात्मा व्यक्ति नारायण रेड्डीले आश्रमको लागि जग्गा दिए । उनी बाबालाई शाश्वत शिवको रूपमा अवतरित हुनुभएको हो भन्दछिन् । शिवम्माताईले बाह्र वर्षसम्म निराहार व्रत गरिन् र भक्तहरूको आग्रहमा बाह्र वर्षपछि अन्न खाइन् । त्यही आश्रम नजिक उनले स्थापना गरेको प्राइमरी स्कुल हाल उनी १०२ वर्षकी हुँदा हाईस्कुलमा परिणत भई सञ्चालनमा छ ।

सिरडी साइबाबाका शिक्षा तथा दिव्यवचन यस प्रकारका छन् : भगवान् सर्वत्र जतातै हुनुहुन्छ । यो संसार नै उहाँको रचना हो । यस संसारको सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता भगवान् नै हुनुहुन्छ । भगवान्को बास सबै प्राणीभित्र छ । भगवान्को इच्छाले नै यो संसार चलेको छ । यो मानव शरीर ज्यादै दुर्लभ हो । यो शरीर भगवान्बाट प्राप्त भएकोले भगवान्मै मन लगाई सदुपयोग गर । समय व्यर्थ नबिताई सम्पूर्ण इन्द्रियहरू नै भगवान्मा लगाऊ । अर्थात् तन मन धन सबै सत्कार्यमा लगाऊ । तिमी आफूमाथि अर्काको जस्तो व्यवहार चाहन्छौ, तिमी अर्कामाथि पनि त्यस्तै व्यवहार

गर । अरूलाई दु:ख दिनु महापाप हो भने अरूमाथि दया, सहायता गर्नु नै धर्म गर्नु हो । तिमी सुख, शान्ति र आनन्द चाहन्छौ भने पाप कर्मबाट बच । आफू अर्कासँग दाँजिनु सट्टा आफू जस्तो छौ उस्तै रहू । अर्काको उन्नतिमा खुसी होऊ । तिमी अरूको दृष्टिमा आदर्श नै रहू । अर्कालाई दया, माया गर, गरिबलाई खान, आश्रय देऊ । कुनै पनि गरिब भिक्षाटन गर्न आएकालाई सक्दो दान गर र उसमाथि नम्रभाव राख । अर्काको दोष देखाउनुभन्दा आफू पवित्र बन । अर्काको नराम्रो कामको खोजीनीति नगर, जसले पाप गर्छ उसैले भोग्दछ । तिमी आफू सज्जन होऊ । तिमीलाई गाली बेइज्जती गर्न खोजे पनि तिमी चुप रह्यौ भने नचाहिँदो आरोप लगाउने आफै फस्दछन् । आफ्नो प्रारब्धको भोग दु:ख-सुख आफै भोग्नुपर्दछ । यसैले सुखमा प्रसन्नता प्रकट गर्नु र दु:खमा दु:खी हुनु निरर्थक छ । धेरै अथवा ज्यादै थोरै नखाई ठिक्कसँग खाऊ । सत्य नै मानिसको मित्र हो । यसैले तिमीलाई सुखी, आनन्दी र प्रसन्न गराउँछ । सत्यको रक्षा भगवान्ले गर्दछन् ।

यसरी सिरडी साइबाबाले पनि श्रीमद्भागवत गीतामा कृष्णले अर्जुनलाई भनेझैं सम्पूर्ण कर्म समर्पण गर म तिम्रो सम्पूर्ण पाप माफ गरी तिमीलाई मोक्ष प्रदान गर्नेछु भनेको पाइन्छ र आफूलाई नै भगवान् घोषणा गरेको देखिन्छ ।

म आफै पनि २०६६ साल पुस २२ गते सिरडीमा बीस-बीस यात्रीसहित पुगेको छु । आश्रममा नै बस्न स्थानाभावले सकेनौं । नजिकै लजमा बसी सिरडी साइबाबाको घरमा भा.रू.१०।- प्रतिव्यक्ति टिकट लिई तीन-चार छाक खाएको छु । प्रबन्ध एकदम राम्रो छ । एकैपटक एकै भान्छामा सात-आठ सय भक्तले खाना खान सक्दारहेछन् । बेलुका दर्शनार्थ जाँदा साइबाबालाई सुनको सिंहासनमा

राखेको देखें । उहाँ रहनुभएको अगलबगल र भित्री भागमा सुनका बुट्टेदार पाताले ढाकिएको छ । यसको एक वर्ष अगावै एकजना महाजनले सत्ताइस धार्नी सुन चढाएको थाहा भयो । मन्दिर पूरै सुनको देखिन्छ । अझ भनौं, हाम्रो पशुपतिनाथको मन्दिर जस्तो । यहाँका प्रत्येक, होटल लज, अन्य पसल आदिको नाम अगाडि साइ जोडिएकै देखिन्छ भने फर्कंदा घण्टौंसम्मका होटल, लज, पसल आदिको नाम अगाडि साइ शब्द जोडिएको देखियो ।■

पुट्टपर्ती साइबाबा

साइबाबाको जन्म सन् १९२६ नोभेम्बरमा भारतको आन्ध्रप्रदेश राज्य, अनन्तपुर जिल्ला पुट्टपर्ती गाउँमा भएको हो । उनी क्षेत्रीय कुलका थिए । उनका हजुरबुबाभन्दा माथिल्लो पुस्ताका एक जना पूर्वज श्री बैंकटाधूत निकै धार्मिक व्यक्ति थिए । उनकै सन्तान साइबाबाका हजुरबुबा पनि धार्मिक प्रवृत्तिका साधारण किसान थिए । साइबाबाका पिता बैंकटा राजु र माता ईश्वारम्भाको गर्भबाट प्रथम पुत्र शेष्मा राजु त्यसपछि दुइवटी पुत्रीहरू क्रमशः बैंकम्मा र पर्वथम्माको जन्मपछि चौथो सन्तानका रूपमा सत्यनारायण राजुको जन्म भयो । सत्यनारायण राजु नै हाल साइबाबाको नामबाट प्रसिद्ध भएका व्यक्ति हुन् । पुट्टपर्तीको मतलब खण्डहर ढुङ्गे कमिलै कमिला भएको क्षेत्र हुन्छ । यस्तो क्षेत्रको मध्यम किसान परिवारको एक सानो घरमा उनको जन्म भएको हो । उनी माताकै गर्भमा हुँदा उनको घरमा रहेका भजन गर्दा बजाउने वाद्यवादनहरू मध्यरातमा आफै बज्ने र घर परिवारमा अनेकौं शुभलक्षण देखिनुको साथै माता ईश्वारम्भाले बालकको जन्मपछि पनि बालकको अनुहार र हातमा पवित्र विभूति ढाकिएको देखिन् । उनले चौध वर्षको उमेरमा आफ्नो परिवार र आफन्त भएको स्थानमा आफू सिरडी साइबाबाकै पुनर्जन्म

भएको बताए । सिरडी साइबाबाले पनि आठ वर्षपछि जन्म हुने कुरा बताएका थिए । साइबाबाको जन्म सिरडी निर्वाण भएको ठीक आठ वर्षपछि भएको हो ।

श्री साइबाबाले सन् १९६८ मा भारतको समुद्री टापु गोवामा प्रवचन दिँदा उनी आफू भारद्वाज ऋषीकुलको भएको खुलासा गरे । उनको यो दोस्रो अवतार हो । उनी यस रूपमा अर्धनारीश्वरको अवतार हुन् । उनले सन् २०२२ मा ९६ वर्षको उमेरमा यो शरीर त्यागी तेस्रो जन्म भारत, कर्नाटक राज्यको मन्दरा जिल्लामा 'प्रेम'को नामबाट जन्म लिने जानकारी दिनुभए तापनि गत साल उनको मृत्यु भयो । त्यसै साल मे महिनाको १७ तारिखका दिन सुसम्पन्न भएको सत्यसाइ सेवा सङ्घको पहिलो विश्व महाअधिवेशनमा यस धर्तीका मानवले सर्व दैवत्व स्वरूपको दर्शन पाएर जीवनमा परमानन्द लिने सुअवसर पाएका छौं भनेका छन् ।

उनको बाल्यकाल विभिन्न चमत्कारिक कार्यमा नै बित्यो । स्कुलमा अध्ययन गर्दा साथीभाइहरूलाई हावामा हात हल्लाई मिठाइ निकाली खुवाउँथे । साथीभाइसँग पेन्सिल, कलम र त्यस्तै स्कुलमा आवश्यक पर्ने सामान नपाएर खिन्न हुनेलाई चमत्कारिक तरिकाबाट सृष्टि गरिदिन्थे । त्यस अवस्थामा सुन्दर शान्त, बडा मिहिनेती र सबैसँग मिलनसार, तीक्ष्ण बुद्धिका विद्यार्थीमा पर्दथे । सबैले सत्यनारायण राजुको व्यक्तित्वको प्रशंसा गर्दथे । लेखपढ, गायन, नाटक, वाद्यवादन आदि सम्पूर्ण कुरामा दक्ष थिए र प्रत्येक कार्यमा संलग्न हुने बानी थियो । सत्यनारायण राजु घरायसी सामाजिक कार्यमा पनि ज्यादै रुचि लिन्थे । स्वादिष्ट खाना बनाएर परिवारलाई चकित नै पार्दथे । साथै धार्मिक भजनहरू पनि लेख्थे । उनी अध्ययन गर्ने स्कुलमा सहोदर दाजु शेष्मा राजु शिक्षक थिए ।

आफ्ना भाइको क्रियाकलापवाट बडो आश्चर्यमा पर्दथे र कता न कता मेरो भाइ सन्काहा जादुकार त हुँदैन भन्ने पीर पनि लिन्थे । सन् १९४० को मे महिनामा नै आफ्ना मातापिता, दाजु-भाउजू आदि घर परिवारसँग म भारद्वाज ऋषिकुलको ब्राह्मण पुत्र सिरडी साइबाबाको अर्को जन्मको रूप हुँ र यस परिवारसँग पनि अब छुट्टिने अवस्था भयो । तपाईंहरूको आर्थिक स्थिति सुधार गर्न र भगवान्मा मनचित्त लगाउन यस कुलमा अवतरित भएको हुँ भने । छोराको अवस्था सुधार्न घरपरिवार औषधोपचारमा समेत लागे । तर यसको पाँच महिनापछि अर्थात् सन् १९४० अक्टोबर २० तारिखका दिन स्कुलका किताबजति घरमा राखी स्कुलमा अब अध्ययनार्थ नजाने र आफू साइबाबा भएको घोषणा नै गरे । भाउजूले सत्यनारायण राजुको अनुहारमा हेर्दा निधारमा दिव्यज्योति देखेर डरले जोडसँग कराइन् । मातापिता र दाजुले पुनः औषधोपचार गराउन खोज्दा अब तपाईंहरूसँग मेरो नाता समाप्त भइसक्यो, म यो घर त्याग्दै छु भनी आफ्नो बाटो लागे । यत्तिकैमा नजिक छिमेकीको बगैंचामा गई ध्यानदृष्टिमा रहन थाले । तीन दिनपछि पुनः घरपरिवार उनलाई घरमा नै ल्याउन जाँदा फर्कन नमानेकाले त्यसै फर्किए । अब उनलाई कुनै नराम्रो वचन, ठट्टा, उपहास र पारिवारिक जीवनमा आउन कोसिस नगर्ने साथै उनका भक्त र श्रद्धालुहरूलाई भेट गर्न आउन दिने वचन दिएर मातापिताले घरमा ल्याए । केही दिनपछि नै त्यसै पुट्टपर्ती गाउँका छिमेकी ब्राह्मण श्रीमती सुबम्माको घरमा निकै वर्ष बिताए । यी ब्राह्मणीले पनि विभिन्न भागबाट आएका भक्तजनहरूलाई उच्चस्तरको स्वागत सत्कार गर्न लागिन् । सत्यनारायण राजु साँच्चै साइबाबा नै हुन् भनी भेट गर्न आउने श्रद्धालु र छिमेकीहरू छुट्टै आश्रम बनाइदिने निर्णयमा पुगे । त्यस

निर्णयलाई बाबाले समर्थन गर्दै आशीर्वाद समेत दिए । पुट्टपर्तीबाट एक माइल टाढा फराकिलो क्षेत्रमा निर्माण कार्य सुरु भयो । साइबाबा आफैले आश्रम क्षेत्रको नक्सा बनाई आफ्नो ठूलोखालको पूजा कोठा, विश्रान्तीगृह आदिको नक्सा तयार पारे ।

बाबाले आफ्नो तेइसौँ जन्म दिवस सन् १९५० नोभेम्बर २३ तारिखका दिन समुद्घाटन समेत गरे । यस पुट्टपर्ती (खण्डहर क्षेत्र) मा निर्माण भएको आश्रमको नाम शान्ति आश्रम नामकरण गरियो । शान्ति आश्रमबाट नै बाबाका सम्पूर्ण क्रियाकलाप सञ्चालन भएका छन् र हाल उनको जीवनपर्यन्त पनि राम्रैसँग सञ्चालन भइरहेको छ । बैङ्गलोरको ह्वाइट फिल्डमा गृष्मकालीन आश्रम छ ।

साइबाबा सम्पूर्ण मानवलाई भगवान्सम्म पुग्ने राजमार्ग निर्माण गर्न आफ्नो जन्म भएको बताउँछन् । धर्मको रक्षा गर्नु आफ्नो कर्तव्य हो । वेद पुराण आदि सहित सम्पूर्ण धर्म र भक्त तथा आफूलाई मन नपराउने व्यक्ति समेतको कल्याण गर्नु र विश्वभरकै मानवमा बन्धुत्व, सुमधुर सम्बन्ध, एकअर्कामा सहयोग सहअस्तित्व कायम गराउन आफू यस पृथ्वीमा आएको बताए । १४ वर्षको उमेरदेखि चमत्कारिक कार्य गर्दै आएका बाबा आफ्नो आश्रममा आउने रोगी, दुःखी, पीडित र आफ्नो सहयोगको आवश्यकता महसुस गरी आउने भक्तहरूको औषधोपचारको उपाय सहित चमत्कारिक तरिकाबाट सुनको औँठी, सिक्री, लकेट, क्रसचिह्न भएका लकेट आदि प्रदान गरी सफलताको आशीर्वाद दिन्छन् । साथै नैतिक चरित्र उत्थान गर्न विभिन्न क्रियाकलाप गर्दछन् । उनको आश्रममा भजन कीर्तन सहित विशेष पर्व श्रीकृष्णाष्टमी, रामनवमी, आफ्नै जन्मदिन र अन्य विभिन्न सबै समूहका धर्मावलम्बीहरूको चाडबाड

मनाउने कार्य गर्दछन् । उनको उपस्थितिमा भक्तहरूबाट धार्मिक नाटक मञ्चन भएको म स्वयम्ले पनि हेर्ने मौका पाएँ । कुनै जादुगर होइन र भगवान्बाट प्राप्त विभूति कुमकुम, अमृत, गङ्गाजल, मिठाइ, चकलेट, गीताका अन्य धार्मिक ग्रन्थ, नक्सा, डलर, बाबाले सही गर्नुभएको भारतीय मुद्रा, बाबाका तस्विर आदि सामग्रीहरू भक्तहरूलाई उपहार स्वरूप प्राप्त हुन्छ । आफ्ना भक्तहरूलाई विभिन्न रूपमा दर्शन दिने सङ्केत समेत पाइन्छ भनी उहाँका अवतारको किताब लेख्नुहुने सन्तोषकुमार चुँडाल भन्दछन् । चुँडालको घर निर्माण कार्यक्रममा बाबा आउन सक्ने बताए अनुसार जगपूजाको विधिविधान नसकुञ्जेल साँपको रूपमा नजिकै देखा परेको र कार्यसम्पादन पछि अलप भएको घटना किताबमा वर्णन गर्दछन् । बाबाको जीवनी लेखक प्राध्यापक एन. कस्तुरीका अनुसार यस विश्वका विभिन्न रूप, क्रियाकलाप आदि साक्षात्कार गर्ने भक्तहरूको घटना विवरण आदि उल्लेख गरी किताब तयार गर्ने हो भने बृहत् किसिमको ठूला किताबका ठेलीहरू नै हुने बताउँछन् । विश्वका हरेक कुनाबाट हरेक धर्मावलम्बीहरू पुट्टपर्ती धाउँदछन् । उनका भक्तहरूमा भारतीय मुसलमानहरू भने ज्यादै थोरै मात्रामा छन् ।

साइबाबाले सामाजिक कार्यहरू प्रशस्त गरेको उदाहरण पुट्टवर्ती भ्रमणपछि स्पष्ट देखिन्छ । यस क्षेत्रमा विशाल पुस्तकालयसँगै सङ्ग्रहालय पनि छ । पुस्तकालयमा वेद पुराण, बाबाले लेखेका धार्मिक किताब, कुरान, बाइबलसहित सम्पूर्णजसो धार्मिक किताबहरू छन् । साथै सङ्ग्रहालयमा पशुपतिनाथको भव्य मन्दिर, बौद्धको गुम्बा, क्रिस्चियन धर्मको चर्च र मुसलमान धर्मावलम्बीको मस्जिद देख्न सकिन्छ । यसै परिसरमा विश्वविद्यालय, शिक्षण अस्पताल

सहित छ । शैक्षिक संस्था र अन्य सार्वजनिक घरहरू पनि ज्यादै सफा छन् । उच्च शिक्षाका विद्यार्थीहरूको छनौट बाबा आफैले गर्दथे । साइभक्तका धेरै बालबालिकाले यहाँ उच्च शिक्षा हासिल गर्ने मौका पाएका छन् भने जेहेन्दार अन्य विद्यार्थीले पनि मौका पाउँदछन् । यो खण्डहर ढुङ्गे क्षेत्रमा हाल मृगहरू चरिरहेको दृश्य देख्न सक्छौं । यस क्षेत्रमा बस्न चाहनेले सस्तो मूल्यमा चाहेअनुसारको फ्ल्याट पनि किन्न सक्दछन् । सस्तो मूल्यमा जग्गा, निर्माण सामग्री र अन्य आवश्यक सहयोग सहित घर निर्माण गरी बस्न सक्ने व्यवस्था पनि छ । डाँडामा हनुमानजीको हातमा गदा लिएको ठूलो मूर्ति छ भने प्रत्येक कक्षमा अध्ययनार्थ जाने ढोका नजिक गणेश मन्दिर छन् । जतातै फूल फुलेका र नचलाउन सूचना पाटी राखिएको छ । यो क्षेत्र एउटा नवनिर्मित सहरजस्तै देखिन्छ भने खानेपानी धेरै माथि डाँडाबाट पाइपद्वारा आपूर्ति भइरहेको छ । ललितकला उच्च शिक्षा भवनको प्राङ्गणमा विशाल तबला देख्न सकिन्छ । यस्तो खण्डहर क्षेत्रमा बाबाबाट भएको प्रगति हेर्दा बाबामा ईश्वरीय शक्ति अवश्य रहेको र उनलाई महामानव भन्दै म हृदयदेखि नै उनको प्रशंसा र स्मरण गर्दछु ।

बालबालिकालाई धार्मिक, नैतिक तथा चारित्रिक उत्थान गराई सम्पन्न, सत्चरित्रवान समाजको सृजना गर्ने लक्ष्यले बाबाले अनन्तपुरमा स्नातकोत्तर महाविद्यालयसमेत स्थापना गरेका छन् । बाबाको महान् लक्ष्य पूरा गर्न अध्ययन संस्थानहरूमा विभिन्न सङ्घ संस्था र व्यक्तिहरूबाट निरन्तर सहयोग प्राप्त भइरहेछ । आध्यात्मिक, चारित्रिक र नैतिक ज्ञानबारे बाबा आफै पनि छात्रछात्राहरूलाई शिक्षा दिन्थे भने विभिन्न क्षेत्रका जस्तै डाक्टर, इन्जिनीयर, न्यायाधीश, राजनीतिज्ञ, प्राध्यापक आदि उच्च व्यक्तिहरूलाई निमन्त्रणा गरी

प्रवचन, क्लास, सेमिनार आदि समेत गराइन्थे । सरकारबाट हुने सामाजिक योजना, देशभरका बालबालिकाको शिक्षा, स्वास्थ्य आदि कार्यमा बाबाको उल्लेख्य सहायता गर्ने बानी थियो । उनलाई मानवतावादी पनि भनिन्छ र पुट्टपर्ती क्षेत्रका प्रत्येक व्यक्तिहरू नैतिकवान् र बाबाको सम्पूर्ण क्रियाकलापमा सहयोगीका रूपमा रहेका छन् । भारत वर्षभरि नै आध्यात्मिक भजन कीर्तनका लागि सहयोग खोज्ने सङ्घसंस्था र समाजलाई बाबाबाट सहयोग हुने गर्दथ्यो भने समाजको उत्थानको लागि मार्गदर्शक नै थिए ।

साइबाबा ज्यादै नम्र, मिजासिला, सत्कार्य मात्र गर्ने नभई परोपकारी र ईश्वरीय शक्तिकै माध्यमबाट चमत्कारिक तरिकाबाट औषधी गर्ने आदि कार्य गर्दथे । सादा जीवन र खानापिनमा समेत दूध, घिउ, मिठाई आदिको प्रयोग गर्दैनथे । उनको पुट्टपर्ती आश्रममा धेरैजसो एउटै डसनामा बस्ने र सयन गर्ने, आफ्ना भक्तहरूबाट लिनेभन्दा बढी दिने र उनका समक्ष पुग्न धर्म परिवर्तन आवश्यक छैन भन्ने गर्दथे । सबै धर्मका अनुयायी बाबाका आश्रममा आवतजावत गर्न सक्दथे । उनले भक्त सज्जन र आगन्तुकको बडो ख्याल गर्दथे । आश्रमको कक्षमा पुरुष र महिलाको लागि छुट्टाछुट्टै बस्ने व्यवस्था छ । पहिला पहिला प्रत्येक दर्शनाभिलाषीलाई घुमेर नै दर्शन दिने चलन रहेछ । म पुगेको अवस्थामा भने वृद्धावस्थाको कारण हिँडेर भक्तजनहरू समक्ष आउँदैनथे । उनी आफ्नो नामको जपतप र प्रशंसा गर्न लगाउँदैनन् । कुनै पनि कठिन धार्मिक यज्ञ, व्रत आदि गर्न गराउन चाहन्नन् र ठूलै बिघ्नबाधाको अवस्थामा पनि प्राङ्गणमा रहेका श्री गणेशमा फूल अर्पण र धूप जलाउन मनाही गर्दथे । उनी राम, कृष्ण, सिरडी साइबाबा, गुरु नानक आदि र साइ नाममा कुनै अन्तर छैन भन्दथे । म मात्र भगवान् होइन, समस्त

प्राणी नै भगवान् हुन् भन्दै राम्रो नैतिकवान, परोपकारी, धार्मिक, अहिंसावादी बन र पूर्वजन्मका नराम्रा काम भोग्दै यस जीवनलाई सुधार भनी प्रेरणा दिन्थे र उनको आश्रममा साइ गायत्री मन्त्र जपिन्छ । जस्तै : "ॐ साइश्वराय विदभहे सत्य देवाय धीमहि तन्नो सर्व प्रचोदयात" - गीतामा भने झैं संसारमा ज्यादै पाप बढेको र धर्मको विनाश भएकाले मानवहरूको आर्तनादबाट मलाई बोलाइरहेको हुँदा मैले यो अवतार लिएको भन्दथे । पहिले बितेका युगहरूमा झैं अहिले कलियुगमा धेरै धर्मात्मा छैनन् । अधिकांशजसो पापी, दुराचारी, भ्रष्ट भेटिन्छन् । मेरो कर्तव्य वेद, पुराणको व्याख्या रक्षा गर्दै मानवमा नयाँ भावना जगाई समाजको कल्याण गर्नु हो भन्दथे । मलाई जुन रूपमा सम्झन्छन् म त्यसै रूपको हुनेछु । यदि म माथि पूरा विश्वासका साथ मेरो पुकारा गर्दछौ भने हरतरहले म संरक्षण प्रदान गर्दछु । मेरो बारेमा जान्न सबभन्दा ठूलो कुरा विश्वास नै हो र यसमा मानव गुण र मनको नियन्त्रण आवश्यक छ । मैले विभिन्न उपायले मनमा सुधार, शान्ति र धर्ममा उत्प्रेरित गराउन यो अवतार लिएको हुँ भन्दै उनका यस पृथ्वी मण्डलका प्रमुख चार कामहरू छन् भन्दथे । ती काम सत्य, धर्म, शान्ति र प्रेम बताउँथे । यसको विनाश भएकाले म मार्ग देखाउन आएको हुँ । यदि विश्वासका साथ यो मार्ग समात्न सके तिम्रो उद्धार हुनेछ अन्यथा पछि पर्ने छौ भन्दथे । यस समाज, गाउँ, बस्ती, सहरबाट लोप भएका चार कामहरूलाई नै यहाँ स्थापना गर्नुपरेको छ । यसैमा मुनष्य प्रवेश गर्दै गएपछि अवश्य एकदिन यो पृथ्वी स्वर्ग हुनेछ । आऊ सँगै बस, छलफल गर, आध्यात्मिक अभ्यास र साधनाबाट आफ्नो आत्मा पवित्र गरी सबैमा शान्तिको सुगन्ध देऊ भन्दथे ।

साइबाबाका दिव्य उपदेशहरू :

काम, क्रोध, लोभ, मोह, द्वेष, घृणा मनबाट हटाऊ यी छ प्रकारका शत्रु हटेपछि तिम्रो दिव्य चक्षु खुल्नेछ । कर्म गर, संसारमा प्रेम गरेर बाँच, असल, चरित्रवान, अनुशासित बन । कसैलाई पनि नठग । सबै प्राणी एकै हुन् । जातभात आदि द्वेष फैलाउने कुरा हुन् । यस्ता कार्य छाडी शुद्ध आत्मा राख । यस किसिमका मेरा उपदेशहरू पालना गर्दै जाऊ म तिम्रो रक्षा गर्दछु भनी सयौँ उपदेश दिएका छन् । अहिंसा, सत्य र ब्रह्मचर्य महत्त्वपूर्ण साधना हुन् भन्दै इच्छा, आसक्ति, अहङ्कार हटाउनुपर्छ । सांसारिक दुःखबाट बँच्न ईश्वरको सम्झना गर्नुपर्छ र तीन चीज- जिब्रो, क्रोध र चञ्चल मनलाई नियन्त्रण गर्नुपर्छ भन्दथे ।■

पैगम्बर मुहम्मद

इस्लाम धर्मका गुरु मुहम्मदको जन्म करिब सन् ५७० मा भएको हो । उनी हालको साउदी अरबको मक्कामा पिता अब्बा अल्लाह इब्न अल्लाह अब्बा मुतालिब र आमा अमिनाह बिन वाहबका सन्तान हुन् । उनीहरू बानु हसिम जातिका मक्काका घुमन्ते परिवारका हुन् । बालक मुहम्मदलाई यस किसिमका होनहार होलान् भन्ने कसैले अनुमान गरेका थिएनन् । अक्सुमिताका राजा अतराहको हात्तीसहितका फौजले मक्कामा ठूलो क्षति पुऱ्याएका वर्ष अर्थात् ५५८ या ५६९ इ.सं. हो भनी विद्वान्हरूको भनाइ रहेको छ । मुहम्मदका पिताको निधन उनी जन्मनुभन्दा ६ महिना अगाडि भएको थियो । इस्लामिक परम्पराअनुसार मुहम्मदको जन्म नै दाउनी परिवारमा मरूभूमि क्षेत्रमा भएको हो र मरूभूमिमा जन्म हुने बालक निरोगी हुन्छ भन्ने प्रचलन थियो । उनलाई हजुरआमा हालिम्हाले हुर्काइन् भन्ने पनि पाइन्छ । तर पश्चिमा विद्वान्हरू यस किसिमको परम्परागत कुरालाई स्वीकार गर्दैनन् । उनी ६ वर्षको हुँदा आमाको मृत्यु भएकोले टुहुरा भएका हुन् । उनलाई दुई वर्षसम्म मामाघरका बाजेले रेखदेख गरे भने त्यसै अवस्थामा हजुरबाको पनि मृत्यु भयो । त्यसपछि उनी बानु हसिमका नयाँ नायक आफ्ना

काकाको संरक्षकत्वमा रहन थाले । इस्लामिक इतिहासकार विलियम मोन्टगोमेरीवाटको भनाइ अनुसार छैटौँ शताब्दीका घुमन्ते परिवारको आर्थिक अवस्थामा उनको पालनपोषण हुन नसके तापनि मुहम्मद भोकमरीको मारमा परेनन् ।

मुहम्मद काकाको व्यापारको सिलसिलामा सिरियामा पनि पुग्दथे । उनी त्यस्तै ९ या ११ वर्षको उमेरमा व्यापारी समूहसँग सिरिया पुग्दा एकजना क्रिस्चियन पादरी बाहिराले मुहम्मदको अनुहार देख्दैमा उनमा देवदूतको झलक पाएको घोषणा गरेका थिए । पहिलेका इतिहास तथा पुरानो भनाइको आधारमा मुहम्मद कलिलै उमेरमा भूमध्यसागर र हिन्दसागरको बीच भागमा व्यापारिक महाजन भइसकेका थिए । उनको सुध्रँदो आर्थिक अवस्थाले गर्दा उनले आफ्नो उपनाम अल अमिन राखे जसको अरेबियन भाषाको अर्थ विश्वासिलो, सत्यवादी हुन्छ । त्यस्तै १५ वर्षकै उमेरमा उनको आकर्षक व्यक्तित्व देखी ४० वर्षिया विधवा रबादिजाहाले विवाह प्रस्ताव राख्दा उनी सहमत भए । सन् ६०५ मा कावाको काला ढुङ्गाको पर्खाल मुहम्मदले नै बनाएका थिए भन्ने कुरा धेरै वर्षपछि इतिहासकार इवान इसाकले वयान गरेका छन् । ती काला पत्थरले पवित्र धार्मिक आस्था राख्दथे । मक्काका प्रमुखलाई यस विषयमा विश्वास थिएन कि यी पत्थर पवित्रताका सङ्केत हुन् । त्यस्तै छलफल भएको अवस्थामा त्यतै आउँदै गरेका व्यक्तिसँग यसबारेमा राय लिँदा यो काम गर्ने ३५ वर्षीय मुहम्मद नै थिए र उनले एउटा कपडा मागेर कपडाको छेउमा त्यस्तै ढुङ्गा राखिदिए तब उनीहरूलाई मुहम्मदले नै यो कार्य गरेको भन्ने विश्वास भयो ।

मुहम्मद पैगम्बरका वैधानिक स्त्रीहरू तेह्र वटी थिए भने साठी वर्षको उमेरमा पनि मारिया अलक्युब्टिया नामकी श्रीमती भित्र्याएका

थिए । ६२ वर्षको उमेरमा उनको मृत्यु भएको हो । यसरी उनका १३ वटी श्रीमती भए पनि सन्तानमा अल कवासिम, अब्द अल्हा र इब्राहिम जेसस तीन छोरा र जनाब, इकवाह, उमकुल्थुम र फतिमा ज्हारा गरी ४ छोरी सहित जम्मा ७ सन्तान थिए । मक्कामा जन्मिएका उनले अरब मुलुकहरूलाई नै इस्लाम धर्मावलम्बी बनाई संयुक्त इस्लाम सङ्घ बनाएका थिए । मुस्लिम समुदायहरू मानिसको उद्धारका लागि भगवान्ले उनलाई दूत बनाई पठाएको विश्वास गर्दछन् र स्वयम् उनले पनि त्यसै भनेका थिए । गैरमुस्लिमहरू उनलाई इस्लाम धर्मका प्रवर्तकको उपमा दिन्छन् । मुस्लिम समुदाय मुहम्मदलाई दयावान्, साक्षात् ईश्वर, नोहा, अब्राहम, मुसा, जिसस र अन्य धार्मिक ईश्वरकै अवतार मान्दछन् । पहिला उनले भँडा गोठालाको पनि काम गरे । त्यसै अवस्थामा उनी पहाडको अन्तराल गुफामा एक्लै बसेर रातभर ध्यान गर्दथे । त्यस्तैमा ४० वर्षको उमेरमा उनले भगवान् प्राप्त गरेको प्रवचन दिए र आफूलाई भगवान्ले सम्पूर्ण मानवको उद्धार गर्न दूतको रूपमा पठाएको भन्ने प्रवचन दिए र अरूका कुरा नसुन्न आदेशै दिए । उनीमाथि मक्काका धेरैजसो घुमन्ते जातिले विश्वास नगरी झूटा प्रचार भनी होहल्ला गर्दा आफ्ना केही अनुयायीहरू लिई मदिनातर्फ लागे । सन् ६२२ मा उनलाई त्यहाँको फिरन्ते समाजले साथ दियो । त्यस्तै मुहम्मदका अनुयायीहरूले अबेसिनीयामा पनि त्यहाँका जातिलाई हात लिई सबै मिलेर मक्कामाथि हमला गरी विजय प्राप्त गरे । त्यहाँ रहेका अन्य जातिका मठमन्दिरहरू भत्काउन लगाई सम्पूर्ण मानिसलाई इस्लाम धर्मावलम्बी बनाए । पूर्वी अरबको केही भागमा विजय प्राप्त गर्नु अगावै ८ जुन ६३२ मा उनको मृत्यु भयो । यसरी अरबलाई एकछत्र रूपमा इस्लामिक राज्य बनाए । मुहम्मद

मक्का नजिक हिरा नामक पहाडको गुफामा गएर धेरै पछिसम्म ध्यानमग्न रहन्थे ।

सबै धर्ममध्ये पछि प्रादुर्भाव भएको इस्लाम धर्म जनसङ्ख्याको हिसाबले हालसम्म तेस्रो स्थानमा पर्दछ तापनि १९८५ मा यसका अनुयायी करिब असी करोड थिए । मुहम्मदकै पालामा सम्पूर्ण अरब मुलुकमा फैलिएको इस्लाम धर्म पछि अफ्रिका, टर्की, इरान, अफगानिस्तान, पाकिस्तानसम्म फैलियो । भारतमा पनि आधाआधी जनता इस्लाम धर्मावलम्बी छन् भने एसिया महादेशको पूर्वी खण्ड मलेसियामा पनि धेरै प्रतिशत मुस्लिम छन् । इन्डोनेसियामा त बाली टापु बाहेक सम्पूर्ण भागका जनता नै इस्लाम धर्मका अनुयायी भएका छन् । लिखित रूपमा रहेकाले यो धर्ममा धेरै विवाद छैन । इस्लाम धर्मको अद्योपान्त कुरानबाट प्राप्त गरिन्छ । मुहम्मद पैगम्बर लेखापढी गर्न जान्दैनथे भन्ने भनाइ छ । उनले प्रवर्द्धन गरेको इस्लाम धर्म उनीपछिका तेस्रो पुस्ताका खलिफाले उनका पौराणिक धर्मसम्बन्धी टिपोटहरू र तीन पुस्ता माथिका व्यक्ति विशेषबाट सुनेका कुरा संलग्न गरेका थिए । यिनै कुराको सङ्कलनबाट कुरान तयार गरिएको थियो । पछि ईश्वरको सन्देशवाहक पैगम्बरको आदेश भन्दै जिब्रिलबाट तयार गरिएको कुरानमा तेस्रो पुस्ताका खलिफाले त्यस्तो कष्टका साथ तयार पारिएका सबै आदेश र वचनलाई नष्ट गर्न लगाए ।

कुरान जम्मा ११४ अध्याय (सूरत)मा विभाजन गरिएको छ । लामा लामा अध्यायहरूलाई माथि र क्रमबद्ध रूपमा सबभन्दा साना अध्यायलाई पछि राखिएको छ । प्रत्येक अध्यायमा छुट्टाछुट्टै विषय राख्न प्रयत्न हुँदाहुँदै पनि धेरै कुराहरू ठाउँ ठाउँमा दोहोरिन गएका छन् । यसमा मुहम्मद सुरुमा मक्कामा रहेका र त्यहींको गुफाबाट

ईश्वर प्राप्त गरेकाले यस सम्बन्धी कुरानका अध्याय र उनी मक्काबाट भागेर मदिनामा रहँदाको समयका अध्यायहरू छासमिस पारिएका छन् । लामा लामा अध्यायहरूमा अल्लाहको स्तुति, पाठ, गायन, उपदेशहरू पर्दछन् भने पछिका अध्यायहरूमा पापीहरू जो कुरानका प्रत्येक आदेश आचरण मान्दैनन् ती नर्कमा र सच्चा इस्लाम स्वर्ग पुग्दछन् भन्ने पाइन्छ । इस्लाम धर्मग्रन्थ कुरानले पनि पुनर्जन्मलाई मान्यता दिएको पाइन्छ । कुरान प्रस्ट र सरल भाषामा लेखिएको छ ।

नवौँ शताब्दीमा बुखारी, इब्न अल इज्जा आदि उलमाहरूले मुहम्मद पैगम्बरका चमत्कारी कुराहरू, शिक्षा, अनुश्रुति आदि समावेश गरी सुन्नी सम्प्रदायको कुरान तयार पारे र यसमा आस्था राख्नेहरू सुन्नी सम्प्रदाय हुन गई इस्लाम धर्म पनि सिया र सुन्नी गरी दुई भागमा विभाजित भए । हाल पछिल्लो सुन्नी समुदायका धेरै छन् । मुहम्मद पैगम्बरले मदिनामा रहँदा धेरै घुमन्ते जातिलाई हात लिई अनुयायी बनाए र उनीहरूलाई स्थायी रूपले रहन जग्गा समेत प्राप्त गराउने आशय दिलाएका हुँदा तिनैका अनुयायीको मद्दतले मक्का विजय गरेर त्यहाँका राजा अर्थात् कुरैसी सरदार पनि इस्लाम धर्मका समर्थक भए । त्यसको कारण प्राण, प्रतिष्ठा रक्षार्थ थियो ।

सोभियत विद्वान्हरूको भनाइमा घुमन्ते जाति र ससाना व्यापारिक समूह मिली ठूला घरानाका व्यापारी र कृषकहरूमाथि विजय प्राप्त गर्ने मुहम्मदको इच्छा पूरा गर्नु थियो । अरब भूमिका ससाना राज्य पनि बाध्यतावश संलग्न हुँदै एकै धर्म मान्ने समुदाय हुन पुगे । धनी, गरिबबीचको युद्ध र अरब प्रायद्विपको एकीकरणको लक्ष्य हासिल गर्नु नै इस्लामिक अभियानको ध्येय थियो, एङ्गेल्सको निष्कर्ष पनि त्यही थियो ।

मुहम्मद पैगम्बरको निधनपछि नै इस्लाम धर्मको बढोत्तरी भएको देखिन्छ । सुरुमा मुख्य कुराहरू मात्र कुरानबाट ज्ञात हुन्थ्यो । पछि यसै समूहका विद्वान्हरूबाट परिस्कृत गर्दै भगवान् एक मात्र अल्लाह हुन् भनी एकेश्वरवादको आधारबाट मुहम्मद पैगम्बर मात्र एक देवदूत हुन् भन्ने प्रस्ट पारे । मुहम्मदभन्दा पहिला अल्लाहले संसारका मानिसको उद्धार गर्न आदम, इब्राहम, नूह, मुसा, इसामसिह आदि जस्ता धेरै दूतहरू पठाए तापनि यी सबभन्दा पछिका मुहम्मद पैगम्बर नै सबभन्दा ठूला हुन् । उनैबाट यस संसारमा दुष्ट आत्मा, धर्मात्मा, पापी आदिको सृष्टि भएको छ । पापीलाई नरक, धार्मिकलाई स्वर्ग, दुष्टात्माहरूको नाश आदि मुहम्मदबाट नै हुन्छ । उनकै कृपाबाट कोही स्वर्गको सुख भोग गर्दछन् त कसैले नरकमा बास गर्नुपर्छ । सांसारिक प्रपञ्चमा धर्मात्मा ठूलो कुलमा जन्मने र पापीले तुच्छ योनीमा फर्कनुपर्ने व्यवस्था छ र कुनै पनि सन्देह नलिई एक मात्र अल्लाहका देवदूत मुहम्मद पैगम्बरलाई मान्नुपर्दछ ।

कुरान अनुसार इस्लाम धर्मका अनुयायीले मद्यपान गर्न वर्जित छ । सुँगुरको मासु नखानु, छुन पनि नछुनु, सक्कली अनुयायीहरू कुकुर पनि पाल्दैनन् । मूर्ति पूजा नगर्नु, दिनमा अनिवार्य रूपमा पाँचपटक नमाज पढ्नु, नमाज पढ्नु अगाडि शुद्ध हुन हात, पाउ, मुख धुनु, गरिबलाई दान दिनु । जीवनमा एकपटक भए पन हज (मक्का तीर्थ) जानु । आफन्त दुःखी, गरिब भएमा उसको उद्धार गरी, आफ्ना बालबच्चाहरूको इस्लाम धर्मानुसार विवाहवारी आदि नैतिक कार्य गरी अऋणी भएपछि मात्र हजको मार्ग खुल्ने कुरा उल्लेख छ । रमजानको महिनामा नित्य नियम पालना गरी सूर्यास्तपछि मात्र अन्न आदि ग्रहण गर्नुपर्दछ तर बालबच्चा, वृद्ध र रोगीलाई यो व्रत अनिवार्य छैन तापनि रोगी ठीक भएपछि कुनै पनि

महिनामा रोजा बस्न सक्दछ । मुसलमानका छोराहरूले अनिवार्य खतना (लिङ्गको माथिल्लो भागको छाला काट्ने) गर्नुपर्दछ तर इसाइहरूले यो कार्य जन्मेकै समयमा गर्दछन् । मूर्तिहरू नबनाउने कुरा यहुदी धर्मसँग समान पाइन्छ ।

इस्लाम धर्मले मूर्तिपूजकलाई मान्दैनन् र उनीहरूसँग सङ्घर्ष नै गर्नुपर्दछ भनी कुरानमा उल्लेख भए तापनि पछिपछिका इस्लाम धर्मका विद्वान्हरूले इस्लाम धर्मको राम्रो प्रभाव पारेर आफ्नो धर्ममा समाहित गर्न सकिन्छ भन्ने मान्यता राख्दै आएका छन् । तर इसाइ र यहुदीहरूप्रति इस्लाम धर्मका अनुयायीहरूले मित्रभाव नै देखाउँदछन् । हुन पनि यिनै धर्मको उदयको समयमा नै इस्लाम धर्मको पनि प्रारम्भ भएको र यिनै धर्मावलम्बी छिमेकी र शक्तिमान पनि थिए ।

इस्लाम धर्मको नैतिक शिक्षा, ऐन, कानुन सरल किसिमको छ । ज्यानमारालाई मृत्युदण्ड दिनु, चोरको हात काटिदिनु, भलाई गर्नेको भलाई नै गर्नु आदि । व्यापारलाई प्रोत्साहन दिइन्छ तर धेरै नाफाखोर एवं ब्याज लिनेलाई हराम भन्दछन् । किसानहरूलाई ज्यादै थोरै कर लगाउनु, खेती गर्न प्रोत्साहन गर्नु भन्ने छ । कमाइको केही भाग दान गर्ने नियमले समाजमा धनी गरिबको खाडल कम हुन्छ भन्ने धारणा छ । इस्लाम धर्म पनि पितृसत्तात्मक विश्वास हो । ईश्वर (अल्लाह) को अगाडि सबै बराबर हुन् भन्ने छ । यही नियमले गर्दा गरिब, किसानलाई मद्दत मिल्न गयो र नोकर राख्न मनाही गर्दा धेरै समूह यस धर्ममा प्रवेश गराउन सजिलो भयो । अन्य देशहरूका सर्वसाधारण समेतलाई फाइदाजनक नियम कानुन हुँदा मुहम्मदका उत्तराधिकारीहरूले अन्य सामन्ती ससाना राज्यलाई जित्दै सम्पूर्णजसो अरब मुलुक एकै समूहमा आयो । सातौँ शताब्दीमा

प्रादुर्भाव भएको इस्लाम धर्म सोह्रौं शताब्दीमा आइपुग्दा मध्य पूर्वी एसिया र सुदूर पूर्व इन्डोनेसियासम्म नै बहुसङ्ख्यक मुसलमान राज्य कायम हुँदै गयो ।

जुनसुकै सिद्धान्त, धर्म, जात, सम्प्रदायमा जातीय एवं धार्मिक विरोधका आवाज आउनु कुनै नौलो कुरा होइन । साथै मुहम्मद र उनका सन्तान उत्तराधिकारी त्यस्तै नातागोताका व्यक्तिहरू सिया सम्प्रदाय भए भने अन्य जातजाति र यस सम्प्रदायबाट आएकाहरू सुन्नी सम्प्रदाय कहलाउन लागे । अब सिया मत मान्नेहरू सुन्नी मत मान्नेलाई मान्दैनन् । यसरी दुई समूह हुँदा आपसमा झैझगडा र राज्य-राज्यमा पनि युद्ध हुन थाल्यो । सिया मत पनि एकै हुन नसकी मुख्य मतमा एघारवटा वैध इमाम (अलीका वंशज) र बाह्रौं इमाम अहिलेसम्म नै लुकिरहेको र युगको अन्त्यमा विश्वलाई उद्धार गर्न महदीको रूप लिई प्रकट हुने विश्वास गरिन्छ ।

इस्लाम धर्मका जतिसुकै शाखाहरू अर्थात् सम्प्रदायहरू भए तापनि कुरानलाई पूर्ण विश्वास र धार्मिक ग्रन्थ भनी मान गरिँदै आएको छ । सुन्नी मतमा आठौं नवौं शताब्दीमा मुतजला सम्प्रदाय उत्पन्न भयो । यस सम्प्रदायले कुरानलाई बुद्धिवादी सिद्धान्तले हेर्दै यो अल्लाहद्वारा रचना गरेको नभई मानिसले नै रचेका कुरा हो भन्ने कोसिस गर्न लागे । नवौं शताब्दीमा आफ्नो सत्ता कमजोर हुँदै गएको अवस्थामा केही खलिफाहरूले यो सम्प्रदायलाई उचाली स्वार्थ सिद्ध गर्न खोजेका थिए तापनि धर्मान्ध, मुल्ला, मौलवीहरूको समूह ठूलो हुँदा मुतजला सम्प्रदायले हार खानु पऱ्यो । हरेक समयका राजा, महाराजा, बादशाह आदिले देश सञ्चालन गर्न ऐन, कानुन, नियम आदि बनाउँदा आआफ्नै धर्मग्रन्थबाट लिने गरेको हामी पाउँदछौं । त्यस्तै ती शासकहरू पनि आफू अल्लाह र भगवान्‌कै

रूपमा रहन चाहन्थे र जनसमुदायले पनि मान्दै आएकै थियो । तर अब युरोप, अमेरिका आदि देशको छाप र समाज विकसित हुँदै जाँदा वंश परम्परागतका राजा महाराजाहरू सबैजसो समाप्त भइसके । तर मानिसमा धर्मग्रन्थ आस्था विश्वास हुँदा इस्लाम धर्मका कुरानका धेरै वचनहरू शासन सञ्चालन गर्ने ऐन, नियम, कानुनमा रहेकै पाउँदछौं । धार्मिक राज्य बाहेक अन्यत्र भने धेरै आधुनिक समाजको चाहना अनुसारका नियम कानुन पास हुँदै राज्य सञ्चालन भएका छन् ।

सियाहरूको यसै समूहले सोह्रौं शताब्दीसम्म इरानमा राजकीय धार्मिक शासन गरेका थिए । सिया सम्प्रदायमा अर्को एक इस्लामिक सम्प्रदाय छ । यस सम्प्रदायभित्रका समुदाय अफगानिस्तान र भारतको बम्बई र गुजरातमा पनि छन् । उनीहरू इमामलाई विश्वात्माको अवतार मान्दछन् । उनैलाई आगाखां पनि भन्दछन् । यसको पदपरम्परा सर्दै जान्छ । यी सम्प्रदायका सम्पूर्णजसो धनी र आरामदायी जीवन व्यतित गर्दछन् । तर सुन्नी समुदायमा धेरै इस्लाम धर्मावलम्बी छन् र यिनीहरू परम्परावादी रूढिवादमा विश्वास राख्दछन् । यसमा पनि आठौं-नवौं शताब्दीमा सुन्नी समुदायमा पनि चार सम्प्रदाय हनफी, साफइ, मालिकिय र हम्बलिया बन्यो तर उनीहरूबीच मतमतान्तर र शत्रुता थिएन । यसै अवधिमा सुफी सम्प्रदायको समेत उदय भएको थियो । सुफी शब्दको अर्थ ऊनी कपडाको जीउदेखि तलैसम्म ढाक्ने बाक्लो कपडा हो । यो सियामतबाट उत्पत्ति भए पनि सुन्नी सम्प्रदायले लगाउँथे । सुफीहरूको सिद्धान्तमा बौद्ध मत पनि मिसिएको थियो । वास्तवमा पोशाक पनि बौद्ध भिक्षुको जस्तो र यो सम्प्रदाय घुमन्ते खालको हुँदा सिया तथा सुन्नी दुवै सम्प्रदायले यिनीहरूलाई मान्दथे । पछि कालान्तरमा यिनीहरूमा अहम् भावना र ढोंगी ढर्रा पैदा हुन पुग्यो । त्यस्तै

अठारौं शताब्दीमा गएर अरबका बद्दुहरूले बहाबी सम्प्रदाय निकाले । यिनीहरू ऐसआराम गर्ने धनी वर्गको विरोधमा थिए भने कुरानका सम्पूर्ण नीति नियमको पूर्ण पालना गर्दथे । यसले सङ्घर्ष गरी मक्का, मदिना पनि कब्जा गरेको थियो । त्यस्तै इरानमा पनि उन्नाइसौं शताब्दीमा धार्मिक आन्दोलन भई सैयद अली मुहम्मदले बाबी आन्दोलन मच्चाए तर पछि धनी वर्गहरूले यो समुदायलाई निर्ममतापूर्वक दमन गरे । यो समूह निर्मूल नभई पछि मिर्जा हुसेन अलीले यसको शिक्षा पुनः प्रचार गरे । यो समूह पूर्ण रूपले क्रान्ति नगरी संयम, आपसी हित, मेलमिलाप र इसाइ धर्मजस्तै सहनशीलमार्गका अनुयायी थियो ।

'इस्लाम तथा हिन्दू धर्मको एक समीक्षात्मक अध्ययन' नामक किताबका लेखिका सोफिया परबिनले आफ्नो किताबको भूमिकामा लेख्छिन्– "'एक ईश्वर' जन्म र मृत्युभन्दा माथि छन् । यिनैले यो ब्रह्माण्डको रचना गरी मनुष्य सृष्टि गरे । यसलाई कुनै उद्देश्य विना रचना गरिएको होइन र सम्पूर्ण मानव यस संसारमा जन्मनु कुनै न कुनै उद्देश्य अवश्य छ । मानिसको जन्मको उद्देश्य बताउन नै विभिन्न युग र कालमा ईशदूतहरू यहाँ अवतरित हुन्छन्, जस्तै- आदम, नूह, इब्राहिम, आले इमरानलाई संसारका मानवहरूबाट चयन गरियो ।" (कुरान, ३.३३) । विश्वको प्रथम मानव ईशदूत आदम थिए । उनैले आफ्ना सन्तानहरूलाई इस्लामको शिक्षा दिने गर्दथे । उनी एक मात्र अल्लाह (ईश्वर) हुन् । त्यसपछिका सबै ईशदूत मध्येका हजरत नूह (अ) हजरत इब्राहिम (अ) हजरत दाउद (अ), हजरत मूसा (अ), हजरत इसा (अ) हजरत मुहम्मद (स) लगायत विभिन्न ईशदूतहरूले विभिन्न शिक्षाहरू दिए, जसको मूल शिक्षा नै एकेश्वरवाद रहेको कुरा कुरानले प्रस्ट पार्दछ र उनै एक

ईश्वर अल्लाह हुन् । वेदान्तको ब्रह्मसूत्रले पनि भन्दछ– "ब्रह्म एक मात्र छन्, दोस्रा छैनन्, छँदै छैनन्, कण बराबरी पनि छैनन् ।" यसले पनि एकेश्वरवादलाई पुष्टि गर्दछ । एक राष्ट्रमा एक मात्र शासक हुन्छ भने यो एक ब्रह्माण्डमा पनि एक मात्र प्रभु छन् भन्दछ । त्यस्तै हिन्दू धर्म इन्डस नदी किनारमा बस्ने मानिसले पैदा गरेका हुन् भनी जवाहरलाल नेहरूद्वारा लिखित पुस्तक 'डिस्कभरी अफ इन्डिया' को पाना नं. ७४-७५ मा उल्लेख छ । हिन्दू शब्दको अर्थ एक तान्त्रिकसँग रहेको थियो । यसले धर्मावलम्बीलाई नभई एक व्यक्तिलाई सम्बोधन गरेको देखिन्छ भन्दछन् र हिन्दू धर्मको परिभाषा गर्दा स्वामी विवेकानन्द पनि सनातन धर्म अथवा वैदिक धर्म भनी सम्बोधन गरिनुपर्दछ भन्दछन् । जसको अर्थ समाजले मानेर ल्याएको भन्ने हुन्छ । त्यस्तै इस्लाम धर्मको परिभाषामा यो कुनै धर्म विशेषबाट जस्तै 'इसा मसीह' बाट इसाइ धर्म, गौतम बुद्धबाट 'बुद्धधर्म' भए जस्तो नभई 'इस्लाम' अरबी शब्द 'सलाम'बाट उत्पत्ति भएको हो र यसको अर्थ शान्ति हुन्छ भन्दछन् र सारांशमा इस्लाम भनेको एक यस्तो 'शान्ति' हो जुन अल्लाहप्रति आफूलाई समर्पण गरे पश्चात् प्राप्त हुन्छ । त्यस्तै मुस्लिमको परिभाषामा- मुस्लिम एक व्यक्ति हो जसले आफूलाई केवल अल्लाहप्रति समर्पित गरेको हुन्छ । यसर्थ ईश्वरको आज्ञापालन गर्ने व्यक्तिलाई मुस्लिम भनिन्छ भन्दछन् ।

सनातन वैदिक धर्मका श्रुति, स्मृति, वेद, उपनिषद्, भागवत् गीता, पुराण आदि यति यति छन् भनी वर्णन गर्दै भविष्य पुराणलाई प्रमुख मान्दै सम्पूर्ण पुराणहरू महाऋषि व्यासले सङ्कलन गरेका हुन् र वास्तविक रचनाकार त स्वयम् ईश्वर हुन् भन्दछन् । त्यस्तै इस्लाम धर्मका ग्रन्थ, पवित्र कुरानको वर्णन गर्दै कुरानलाई सम्पूर्ण

कुराले परिपूर्ण इस्लामको कानुन सरिअत र मुहम्मदका वाणी उपदेश, अभ्यास आदिलाई हदीस भनिन्छ भन्दै अल्लाह मात्र एक ईश्वर हुन् भनी बताइएको छ । वास्तवमा उनले भनेझैं विश्वमा मानव बस्ती धेरै ठाउँमा, समूहमा विभाजित रहेर बेग्लाबेग्लै धर्म समाज निर्माण भएका छन् । सम्पूर्ण धर्महरूलाई आदर गर्दै आफ्ना वंशज, परम्परा अनुसार अवलम्बन गर्दै आएका धर्म अनुशरण गर्नु नै सबै समाज, देश र विश्वकै कल्याण हुनु हो ।

अर्का विद्वान् डा. एम.ए. श्रीवास्तवको 'मुहम्मद (सल्ल) धर्मग्रन्थको हकमा' भन्ने किताब इस्लामी सङ्घ नेपालले अनुवाद गरी प्रकाशन गरिएको छ । उक्त पुस्तकमा उनले अल्लाह अत्यन्त कृपाशील, दयावान्, उदार अनुग्रही र करुणाको गणना गर्न कठिन बताउँदै मानव मात्रका लागि उचित मार्ग देखाउन नै अल्लाहका पछिल्ला सन्देशवाहक दूत हुन् भनी मुहम्मदलाई उल्लेख गर्दछन् । अवतार शब्दको वर्णनमा नै ईश्वर सशरीर पृथ्वीमा आउने नभई मनुष्यको उद्धारका लागि ईश्वरका दूत आउने उल्लेख गर्दै विवेकानन्द, गुरु नानक, डा. वेदप्रकाश उपाध्याय, डा. पी.एन.चौबे, पं.सुन्दरलाल आदि वरिष्ठ विद्वान्हरूबाट पनि मुहम्मद सल्ललाहु, अलैहि, वसल्लम नै कल्कि रूप धारण गरी यस संसारमा जन्म लिनुभएको कुरा उल्लेख गरेका छन् । साथै इसा मसिहको क्रिस्चियन धर्म र सनातन वैदिक धर्म, बौद्ध, जैन, आदि धर्मका अनुयायीहरूमा र इस्लाम धर्ममा पनि विकृति आइसकेकाले मौलिक रूपमा इस्लाम धर्मबाट यस ब्रह्माण्डका प्राणीको उद्धार गर्न महाप्रलय अघिका अन्तिम देवदूत यिनै एकेश्वरवादी मुहम्मद हुन् भनी लेखेको पाइन्छ ।

श्रीवास्तवको किताबमा उनले पुराणहरूको संस्कृत श्लोकहरूको अध्याय र श्लोक नै उल्लेख गरेका छन् । उनले

भविष्य पुराण, सङ्ग्राम पुराण, गोस्वामी तुलसी दासको काग भुसुण्डी र गरुडको कुरा र संवाद समेत राखेका छन् । साथै डा. वेदप्रकाश उपाध्यायका भनाइसँगै प्रणामी सम्प्रदायका प्राणनाथ आदिको भनाइ राख्दै कल्कि अवतारको वर्णन अनुसार नै मुहम्मद सल्ल छन् । त्यस्तै डा. श्रीवास्तवले भागवत महापुराणमा कल्कि अवतार हुने, अवतारका श्लोकहरू, महाभारत, चारै वेदहरू र तिनका ऋचाहरूबाट कल्कि अवतार पुष्टि हुने कुरा उल्लेख गरेका छन् । उनले वेद, पुराण, श्रुति, स्मृति, उपनिषद् आदि र संस्कृत व्याकरणको पूर्ण ज्ञान प्राप्त गरेको कुरा त्यस किताबमा पाउँदछौं । कल्कि अवतार हुने समय, स्थान र कल्कि अवतारका यावत् कुराहरू मुहम्मद सल्लमा रहेको बताउँछन् । त्यस्तै ऋग्वेद संहिताको ५।५।२ को मूलमन्त्र नराशंसः को अर्थ मानिसद्वारा प्रशंसा गरिएको भन्ने हुन्छ भन्दै 'मुहम्मद' शब्दको अर्थ पनि प्रशंसित हुन्छ । मुहम्मद शब्द हम्द धातुबाट बनेको छ जसको अर्थ प्रशंसा गर्नुहुन्छ । मुहम्मद 'नवी' थिए भन्दै नवी शब्द 'नवा' शब्दबाट बनेको शब्द हो जसको अर्थ 'सन्देश दिने' हुन्छ । मुहम्मद नै ईश्वरको सन्देशवाहक हुन् भने आचार्य रजनीशका शब्दहरूमा 'उनी ईश्वरसम्म पुग्ने मुरली हुन् जसमा फुकाइ कुनै अरूको हुन्छ' भन्ने उदाहरण दिएका छन् ।

श्रीवास्तवले मुहम्मदको जन्म इ.सं. ५७० उल्लेख गर्दै निधन ६२ वर्षको उमेरमा भएको उल्लेख गरी पूर्ण आयु बिताएको बताएका छन् र 'गुगल्स'मा उल्लेख तेह्रवटी श्रीमतीलाई बाह्र मात्र हुन् भनेको पाइन्छ ।

श्रीवास्तवले आफ्नो किताबमा सम्पूर्ण धर्मको प्रशंसा गरेका छन् । मेरो विचारमा पनि सम्पूर्ण मानवको कल्याण गर्नु सबै मनुष्यहरूको धर्म, संस्कृति, भाषा आदिको सौहार्दपूर्ण आदर गर्नु नै

मनुष्यत्व हो । यसरी धेरै सम्प्रदायका धर्म, संस्कृति, अध्ययन गर्दा सम्पूर्णकै लक्ष्य उनै ईश्वर प्राप्त गरी उनैमा मिल्नु हो । म आफै पनि मुस्लिम मुलुकहरूमा पुगें । प्रत्येकजसो शुक्रवार म इजिप्टको कायरोस्थित मुहम्मद अली अलआबास्टर मस्जिदमा जान्थें । नेपाल अधिराज्यभर इस्लाम धर्मावलम्बीहरू वि.सं. २०६८ को जनगणनाअनुसार ४.३९ प्रतिशत देखिन्छ ।■

बहाई मत

मलाई नेपालका जुनसुकै भागमा पुग्दा पनि भरसक त्यस इलाकाको रमणीय स्थल, देवी-देवताका मन्दिर, मठ, गुम्बामा पुग्न मन लाग्दछ । सम्पूर्ण मानवतामा भातृत्व भावना राख्न, सबैको धर्म, संस्कृति, रीतिरिवाज, लवाइ-खवाइको जानकारी लिन र जुन स्थानमा पुगिएको छ त्यहाँकै चालचलन र खानामा रमाउन पनि मलाई राम्रो लाग्दछ । आफ्ना दाजुभाइ शेर्पा जातिसँग, हिमालय आरोहणको कार्यमा जाँदा दसौँ दिन बेलुकाको खानामा उसिनेको आलु र नुन खुर्सानी खाएको छु । महिनौँ दिनसम्म टिम्बुर हालेको सिस्नोको तरकारीसँग चम्पा खाएको छु । त्यस्तै समय समयमा विदेश पुग्दा पनि त्यहाँको खानामा रमाइन्थ्यो । भुटानको राष्ट्रिय खानामा खुर्सानीको तरकारी खाँदा धेरै विदेशीले आँसु नै बगाए । श्रीलङ्काको खानामा धेरै गरम मसलाको स्वादले गर्दा तेस्रो दिनदेखि नै चार-पाँच पटक ट्वाइलेट जानुपर्थ्यो । इजिप्टको खानासँगै सलादको रूपमा कागती निचोरेको मुलाको साग भैँसीले घाँस खाएझैँ खाइन्थ्यो भने गेडागुडी, चामल र खोर्सानीको धूलो राखी पकाएको कुसौरीमा रहेको कागतीको अमिलो स्वाद निकै मीठो लाग्दथ्यो । कायरोको मस्जिदभित्र मुसलमानी टोपी र माला जप्दै

परिक्रमा गरिन्थ्यो । अक्सर राति सडकमा डुल्दा पनि टोपी र माला हुन्थ्यो नै ।

यस्तै वि.सं. २०३५ सालमा अस्ट्रेलियाको सिड्नी सहरमा रहँदा त्यहाँको टेक्निकल कलेजका प्राध्यापक जोन टेगार्ट असल मित्र भए । एकपटक उनले मलाई सिड्नीको राष्ट्रिय बगैंचा (नेसनल पार्क) घुमाउन लगे । जङ्गलभित्रका सडकहरू र स्थान पत्ता लगाउन नक्सा नै चाहिन्छ । त्यहाँ उनले मलाई 'वाह' मन्दिर पुऱ्याए । जङ्गलको बीचमा ज्यादै सफा सुग्घर मन्दिर छ । जानकारीको लागि त्यहाँका व्यक्तिले मलाई सानो तीनपाने पुस्तिका दिए । अहिले पनि त्यो पुस्तिका मेरो साथमा रहेकाले यसरी दुई चार किसिमका धर्म संस्कृति सम्बन्धी लेख तयार गर्दा यसको इतिहास र धार्मिक पक्ष समावेश गर्ने भावना मनमा जाग्यो । म बस्ने ठाउँ बालाजु वनस्थलीमा अधिकांश छिमेकीहरू पनि आफै जस्ता नयाँ व्यक्तिहरू हुनुहुन्छ । पर्वत जिल्लाका दाजुभाइ धेरै हुनुहुन्छ । उहाँहरूमध्ये न्यायाधीश कोमलनाथ घिमिरेका भतिजा प्रकाश घिमिरे पनि यहीं रहने हुँदा स्वाभाविक रूपले परिचय भयो । उहाँ अङ्ग्रेजी साहित्यका प्राध्यापक हुनुहुन्छ । उहाँ सामाखुसी, काठमाडौंको लिङ्कन क्याम्पस र काठमाडौंको फुटुङस्थित लिङ्कन स्कुलमा समेत अध्यापन कार्य गर्नुहुन्छ । मेरो साधारण अङ्ग्रेजी भन्दा उहाँको लेखाइले यस 'The Baha'i Faith' को राम्रो अनुवाद हुने निश्चय गरी पहिलो परिचयमा नै यो कार्य उनलाई सुम्पें । उनले गर्नुभएको अनुवाद जस्ताको तस्तै यहाँ राख्न चाहन्छु ।

'बहाई' भन्ने शब्द ईश्वरीय विश्वासको संस्थापकबाट आएको हो । वाहउलाह भनेको ईश्वरीय महानता हो । त्यसैले 'वाह ! वाह' भनेको वाहउलाहको अनुयायी भन्ने हो ।

वाह भन्दछन्– "मानवीय संवेदनामा जसले अचेल आफूलाई समाहित गराउँछ- ऊ नै सच्चा मानव ठहरिन्छ ।"

यो सारा संसारमा ईश्वरीय शक्ति जीवित छ । 'बहाई'हरू पनि मानवहरू नै हुन् जो विभिन्न धार्मिक तथा सैद्धान्तिक द्वन्द्वबाट माथि उठेका छन् । तिनीहरू विभिन्न रूपमा जस्तै बुद्धिष्ट, मुस्लिम, क्रिस्चियन, हिन्दू, ज्युजलगायत सम्बन्धित धर्मसँग सरोकार नभएका मानिसहरू पनि देवताको रूपमा रहन्छन् भन्ने मानसिकताबाट प्रेरित छन् । यी सबै धर्मावलम्बीहरू तथा निकट धर्मसँग सरोकार नभएका व्यक्तिहरू 'बहाई'को विश्वासमा पाइन्छ । 'बहाई'सँग विभिन्न तहका सामाजिक तथा आर्थिक हैसियत भएका व्यक्तिहरू नजिक हुन्छन् । मानिसको साझा प्रतिबद्धताबाट मात्र यस संसारका धनी तथा गरिब पुरुष तथा महिलाहरूको उत्थान गर्न सम्भव छ । मानिसहरू विभिन्न जात तथा थरलाई 'बहाई'ले सम्पूर्ण रूपमा मानवीयतासँग जोडेको हुन्छ । यो धार्मिक विश्वासमा विभिन्न जात तथा क्षेत्रबाट आएका हुन्छन् र देवताको अगाडि समान हुन्छन् भन्ने कुरा 'बहाई' अर्थात् ईश्वरीय महानताले देखाउँदछ ।

'बहाई'को शब्दमा यो संसारको मूलमन्त्र भनेकै न्याय हो । यसबाट कोही पनि पछाडि फर्किनु हुँदैन र यसलाई नजरअन्दाज पनि गर्नु हुँदैन । न्यायलाई आफ्नै भित्री आँखाले देख्नुपर्दछ न कि अरूको सहयोगले र यसलाई आफ्नै ज्ञानले आत्मसात् गर्न सक्नुपर्दछ । 'बहाई'को विश्वासले सांसारिक प्रक्रियालाई प्रस्टसँग मार्गनिर्देश गर्दछ र यससँग कुनै रहस्यात्मक धार्मिक सिद्धान्तहरू, रूढिवादी पुजारीहरू तथा निकट धर्मसँग सम्बन्धित व्यक्तिहरू हुँदैनन् । 'बहाई' धर्मले मानिसलाई एकत्रित गर्ने कुरा नगर्ने होइन जसले संसारको संरचनामा महत्त्वपूर्ण भूमिका खेल्ने कुरा बताउँछन् र उनी यसमा

पनि थप जोड दिन्छन् । न्याय नै त्यस्तो असल कुरा हो जसलाई देवताको तर्फबाट विशेष ध्यान दिने गरिन्छ । प्रत्येक मानिससँग आफ्नो नैतिकता हुनुपर्दछ जसले संसारमा मानिस भएर बाँच्नमा टेवा पुऱ्याउँदछ ।

'बहाई'ले एउटा देवतामा मात्र विश्वास गर्दछन् तर मानिसहरूले उनका लागि विभिन्न नामहरू दिएका हुन्छन् । 'बहाई'ले देवताको महत्त्व र सर्वव्यापकताका बारेमा खुलेर कुरा गर्दछन् र उनी भन्दछन् कि देवताको इच्छा र उद्देश्य सबै क्षेत्रमा एकनाशको हुन्छ । विभिन्न मानिसका देवताहरू एउटै 'बहाई' भन्ने देवताका अनुयायी भएको मानिन्छ । 'बहाई'को विचारमा धर्ममा जब सत्यता आउँदछ तब मानिस आधुनिक जीवन बिताउँछ । संसारमा एक मात्र देवता छन् र उनले एउटै मात्र धार्मिक विश्वास दिलाउँछन् । इतिहासले पनि मानिसका इच्छा र आवश्यकता देवताले पुऱ्याउँदछन् भन्ने देखिन्छ । धर्म एक शताब्दीदेखि अर्को शताब्दीका मानिसहरूमा जानु भनेको धार्मिक ज्ञानको प्रवर्धन हुनु हो । एक देवताले एक मात्र धार्मिक विश्वास दिलाउँदछन् त्यो पनि ज्ञानको ज्योतिमार्फत । 'बहाई'को विश्वासमा धर्मले एकरूपता ल्याउँदछ र मानिसलाई एक ठाउँमा उभ्याउन सहयोग गर्दछ ।

'बहाई'का अनुसार पुरुष तथा महिला विभिन्न जातजातिका भए पनि एकै हुन् र सबैलाई एकै रूपको अवसर दिनुपर्दछ । यिनीहरूको रहनसहन पनि एकै किसिमको हुनुपर्दछ र सबै जनाको उत्तरदायित्व पनि समान हुनुपर्दछ । 'बहाई'को विचारमा कुनै सर्वश्रेष्ठ जाति पनि छैन र राष्ट्र पनि छैन ।

सन् १८४४ मा यस्तो किसिमको धार्मिक विश्वास र यसप्रतिको चेतावनीका कुराहरू पर्सियाबाट देखापरेका हुन् । त्यो समयमा

देवता भनेका यस्ता साक्षात् जवान मानिसहरू हुन् जसले आफैलाई देवता भएको विश्वास गर्दछन् र यसले संसारमा शान्ति फैलाउने विश्वास पनि गर्दछन् । 'बहाई'ले पर्सियामा आफ्ना अनुयायीहरूलाई सन्तुष्ट बनाएपछि त्यहाँको सरकार तथा इस्लाम धर्मावलम्बीहरूले उनलाई र उनका अनुयायीहरूलाई मार्नसम्म पछि नपर्ने धम्कीको उद्घोष गरे ।

सन् १८६३ मा 'बहाई' एक देवताको रूपमा परिचित भए र त्यो समयको लागि देवताका साक्षात् रूपमा रहे । उनलाई इस्लाम धर्मावलम्बीहरूले घृणा र हेयको दृष्टिले हेरे । उनलाई देश निकाला गरी इराकको बगदाद तथा अन्य ठाउँहरू हुँदै प्यालेस्टाइन पठाए । त्यहाँ 'बहाई' सन् १८९२ मा देश निकाला बन्दीका रूपमा मृत्युवरण गरे । 'बहाई'को मन्दिर सबैका लागि खुला गरिएको छ जसमा कुनै प्रकारका धर्मगुरुहरू तथा रोकतोक कसैलाई हुने छैन ।■

सन्दर्भग्रन्थसूची

आज्ञादास, **बीजक ग्रन्थ**, (२०४१), काठमाडौँ : सचेतदास सत्संग केन्द्र ।

आदर्शदास, **कबिरपन्थको यात्रा** (२०६९), काठमाडौँ : सचेत साहेब ।

आचार्य तुलसी, **भगवान् महावीर** (ई.२००२), काठमाडौँ : गोल्छा ज्ञानमन्दिर ।

आनन्द अरुण, **सन्त दर्शन** (ई. २००८), काठमाडौँ : ओशो तपोवन ।

ओशो रजनीश, **कबिर और गुरुनानक** (तरङ्ग सञ्जालबाट) ।

कुलशेखर शर्मा, **हिन्दूधर्मको क ख ग** (अनुवाद, २०५९), काठमाडौँ : गीता समुदाय प्रकाशन ।

कमलनाथ शर्मा, **श्रीमद्भागवत गीता** (नेपाली, २०३५), काठमाडौँ : स्वयं ।

केदारनाथ आचार्य, **रामगीता** (अनुवाद, २०५८), काठमाडौँ : स्वयं ।

केदारनाथ उपाध्याय, **रुद्राष्टाध्यायी** (नेपाली, २०४४), काठमाडौँ : स्वयं ।

कृपालुजी महाराज, **प्रेमरस सिद्धान्त** (नेपाली अनुवाद, ई. २००६), गोलोकधाम : राधागोविन्द समिति ।

कृष्णप्रसाद सापकोटा, **बृहत् तत्त्वबोध सङ्ग्रह** (२०५८), काठमाडौँ : स्वयं ।

खेमराज केशवशरण, **वेदस्तुति : एक परिशीलन** (२०४७), काठमाडौँ : सनातन धर्म सेवा समिति ।

गणपतिचन्द्र गुप्ता, **शिरडी साईबाबा** (ई.२००८), इलाहावाद : लोकभारती प्रकाशन ।

तोकारेभ, **धर्मको इतिहास** (अनुवाद : युवराज पन्थी, २०६३), काठमाडौँ : मालिका प्रकाशन ।

नारायणदत्त श्रीमाली, **गुरुगीता** (ई.२००२), राजस्थान : वैदिक विद्याश्रम ।

निषेशानन्द, **रुद्राष्टाध्यामी टीका** (२०६३), पोखरा : विन्ध्यावासिनी ।

बाइबल, काठमाडौँ : बाइबल सोसाइटी (सन् २०१२)

भूचन्द्र वैद्य, **श्रीभगवत् गीता** (२०६७), भक्तपुर : सनातन फाउन्डेसन ।

मङ्गलकुमार नेपाल, **आर्यजगत्का महाविभूतिहरू** (२०५५), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

मदनप्रसाद अर्याल, **रुद्रीको पुस्तक** (२०५९), काठमाडौँ : रमादेवी ।
महीश्वरराज वज्राचार्य, **बुद्धवादको सारांश** (२०५२), काठमाडौँ : श्रीमती वज्राचार्य ।
राधारमण उपाध्याय, **पत्रं पुष्पम् प्रस्तुति** (२०५६), काठमाडौँ : गीता समुदाय ।
रामचन्द्र पौडेल, **विष्णुसहस्रनाम** (२०६८), काठमाडौँ : शीतलचन्द्र ।
_____, **वेदस्तुति** (सारसङ्ग्रह) (२०६७), तनहुँ : रम्घाली मञ्जु पौडेल ।
_____, **भागवत् महापुराणको अवतरणिका** (२०७०), काठमाडौँ : सतिशचन्द्र ।
रेवतीरमणानन्द श्रेष्ठ वैद्य, **भगवान् शङ्कर** (२०४५), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
रामानन्द गिरी, **रामगीता** (२०५३), देवघाट : महेश सन्यास आश्रम ।
रामतीर्थजी, **गुरुग्रन्थ साहेब** (ई. २००७), शिख्ख रहत मर्यादा (२००७), अमृतसर : धर्म प्रचार कमिटी, शिरोमणि गुरुद्वारा प्रवन्ध समिति ।
वासुदेव भट्टराई, श्रीमद्भागवत (२०१७), काठमाडौँ : ने.भा.प्र.स. ।
_____, **श्रीमद्भागवत् महापुराण** (२०२०), ललितपुर : साझा प्रकाशन ।
वासुदेवप्रसाद अधिकारी, **आत्मबोध तथा तत्त्वबोध** (२०४८), काठमाडौँ : विमला अधिकारी ।
विष्णु प्रभात, **दर्शनावली** (भाग १ र २) (२०६८, २०६९), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।
_____, **ज्ञानविन्दु** (अङ्क १-६), काठमाडौँ : दण्डपाणि अर्ज्याल स्मृति केन्द्र ।
_____, **संस्कृतिमा विकल्पवाद** (ई. १९९५), काठमाडौँ : कल्पवृक्ष प्रकाशन ।
_____, 'कृष्णप्रणामी दर्शन र महामती प्राणनाथबारे केही कुरा' (**दर्शन दृष्टि**, अङ्क ४) ।
श्रीवास्तव एम.ए., **कुरान** (अनुवाद) (२०६३), काठमाडौँ : इस्लामी सङ्घ ।
सन्तोषकुमार चुँडाल, **साई अवतार भनेको के हो ?** (२०६८), काठमाडौँ : स्वयं ।
सुरेन्द्रप्रसाद पौडेल, **वेदान्त शास्त्रको निचोड** (२०५७), काठमाडौँ : मञ्जु पौडेल ।
सोफिया परवीन, **इस्लाम तथा हिन्दूधर्म एक समीक्षात्मक अध्ययन** (२०६५), काठमाडौँ : मेसेज पब्लिकेसन, घण्टाघर ।
हरदयाल सिंह, **नियमित नियम** (अनुवाद, २०५९), ललितपुर : गुरुनानक सङ्घ, कुपन्डोल ।
हरिप्रसाद उपाध्याय खनाल, **निखिलेश्वरम्** (२०५९), पाल्पा : सिद्धाश्रम साधना केन्द्र ।

तुलसीनाथ घिमिरे

जन्म : वि.सं. १९९५ जेठ २६, बालाजु, काठमाडौँ
माता : नेत्रकुमारी घिमिरे
पिता : विष्णुप्रसाद घिमिरे
शिक्षा : एम.ए. (पर्यटन)
कृति/सृजना :
- इटाली र अस्ट्रेलियाका रमाइला सम्झना (नियात्रा, २०६७)
- स्मृतिको आवर्तमा (नियात्रा, २०६७),
- सत्तरी वर्षपछि फर्केर हेर्दा (संस्मरण, २०६९)
- विविध धर्म (२०७०)

हाल : वनस्थली, काठमाडौँ
सम्पर्क : ०१-४३५२०९५, मो. ९८४१२०५६६३

मानिसका विश्वासहरू आचार तथा संस्कारबद्ध हुँदा अलौकिकतातर्फ ढल्कँदै धर्मको रूप लिँदा रहेछन् । त्यही विश्वासलाई मानिसले आआफ्नो जाति र क्षेत्रमा स्थापित गरी विविध धर्मको नाम दिँदा रहेछन् । वैदिक-अवैदिक, आस्तिक-नास्तिक, इसाई-इस्लामिक, हिन्दू-बौद्ध जुन नामबाट अँगाले पनि काल्पनिक लोकको महावली सर्वज्ञानी स्रष्टा हर्ता मानिएको ईश्वरसँग सबै जोडिएकै देखिन्छन् । प्रकृतिको यथार्थबोध नहुँदा अबोधको आस्था उब्जिनु स्वाभाविक भए पनि मान्छेले मान्छेको कल्पनाशील भावुकतालाई सन्तुलित गर्न परोपकारलाई पुण्य मान्दै आएको परिप्रेक्ष्यमा भने विविध धार्मिक विश्वासहरूमा सकारात्मकता पनि छ । त्यसैले धर्महरूका बारेमा तुलनात्मक अध्ययन हुनु र त्यसका राम्रा मानवीय पक्षलाई जगत् कल्याणमा लगाउनु राम्रो काम हो । तुलसीनाथ घिमिरेज्यूले पनि विविध धर्मको जानकारी दिने क्रममा जनकल्याणलाई स्विकार्नुभएको छ । विविध धर्मले ती आस्थागत सम्प्रदायका बारेमा सङ्क्षिप्त जानकारी दिएको छ र पुस्तकलाई सूचना र ज्ञानको अन्वीतिमा पठनीय बनाउनुभएको छ ।

प्रा. विष्णु प्रभात

9 789937 277204